कुमुदिनी परिवार

अङ्क : ५

प्रकाशन वर्ष :२०२०

HOTEL TRES

PRIMTAM ROAD, KALIMPONG

कुमुदिनी परिवार

(कुमुदिनी विद्याश्रमका पूर्व विद्यार्थीहरूको मुखपत्र)

अङ्क ५

फरवरी २०२०

सम्पादन / प्रकाशन समिति

सम्पादक

ज्ञान सुतार

सहसम्पादक

नयन रिजाल, दिनेश खाती, रोशन विष्ट,
टेकेन्द्र भण्डारी, सीताराम काफ्ले, पेम्बा लेप्चा

सिक्किमका निम्ति प्रतिनिधि सम्पादक

राज के. श्रेष्ठ

संयोजक

नयन रिजाल

विज्ञापन सङ्कलन

किरण प्रधान

उमेश खवास अनि साथीहरू

फोटो सङ्कलन

सज्जय दियाली

'कुमुदिनी परिवार'–को पक्षमा परिवारका सचिव प्रवीण राईद्वारा प्रकाशित

विषय सूची

क्रम.सं.	विषय		पृष्ठ.सं.
१.	मुखपत्र किन ? (सम्पादकीय)		
२.	कालेबुङमा हावाई जहाज उड़ाउने चुइँसे (जीवनी)	- नर बहादुर दाहाल	- ३
३.	लेखक बन्न खोज्दा (लेख)	- राजेन्द्र भण्डारी	- ७
४.	अहिलेको युवा जमात अनि भविष्य (चिन्तन)	- बी.आर. छेत्री	- १०
५.	पुरुषार्थका एक अध्याय - भुवनसिंह थापा (व्यक्ति-व्यक्तित्व)	- टी.एन. सुवेदी	- १२
६.	हाम्रा पथ प्रदर्शकहरू (संस्मरण)	- सुधीर छेत्री	- १६
७.	सम्झनाको तरेलीमा घिसिङ सर र 'कुमुदिनी होम्स' (संस्मरण)	- प्रा. देवचन्द्र सुब्बा	- १९
८.	राष्ट्रिय स्तरका फुटबलर नादोंग भोटिया - अन्तर्वार्ता	- दिनेश खाती	- २३
९.	राम्रो मान्छे (लेख)	- देव भण्डारी	- २६
१०.	इच्छाशक्ति आपूर्ति सेन्टर (लेख)	- कृष्ण बुढ़ाथोकी (कृबु संयमी)	- २८
११.	गन्नानाइटिस (नाटक)	- दिनेश खाती	- ३१
१२.	Visit to Kumudini Homes - Present Experiences and...	- Matrika Prasad Sharma	- ३८
१३.	तिता औषधिको सम्झना (लेख)	- रोशन दाहाल	- ४०
१४.	आदिकवि भानुभक्त आचार्यको सकल नकल (लेख)	- डा. एच.पी. छेत्री	- ४२
१५.	विद्यार्थी छँदाका सम्झनाहरू	- राज के श्रेष्ठ	- ४३
१६.	खन्दै खोदल्दै जाँदा : सम्झनाका गाड़धनहरू	- कमल काफ्ले	- ४४
१७.	सेल ! सेल !! सेल !!! (व्यङ्ग्य लेख)	- ज्ञान सुतार	- ५४
१८.	छात्र जीवनका सम्झनाहरू	- नयन कुमार रिजाल	- ५७
१९.	आजको युगमा नेपाली (कविता)	- विजय नारायण प्रधान	- ६०
२०.	सम्झनाका लहरहरू	- मणि कुमार रसाइली	- ६१
२१.	अर्गेली (DAPHNE) को खेती	- सोनाम छिरिङ भोटिया	- ६५
२२.	कुमुदिनी परिवार: केही टिपोट (सभापतिको प्रतिवेदन)	- डा. इस्माएल मंग्राती	- ६७
२३.	योग - एक जीवनशैली	- हर्कमान तामाङ	- ७२
२४.	विषय : 'चरित्रं हि बलम्'	- तारानाथ सिंह	- ७५
२५.	लेखल भावी, मेटल को ?	- सी.के. प्रधान	- ७८
२६	दिवङ्गत भएका परिवारका सदस्यहरूप्रति शोक प्रकट		- ८३
२७.	सचिवको प्रतिवेदन	- प्रवीण राई	- ८४
२८.	परिवारको बार्षिक आय-व्ययको विवरण (२०१८-२०१९)		- ८६
२९.	कुमुदिनी परिवारको वर्ष १९६१ को मुखपत्र		- ८९

नरबहादुर दाहाल

कालेबुङमा हवाई जहाज उड़ाउने चुइँसे

श्री नरबहादुर दाहाल : सङ्क्षिप्त परिचय

नब्बे वर्षको वयावस्थाको नजिक पुगिसकेका श्री नरबहादुर दाहाल 'कुमुदिनी परिवार'-का संस्थापक सदस्यहरूमध्ये एक हुन्। पचासको दशकदेखि नै साहित्यमा लागिपरेका श्री दाहालका प्रकाशित पुस्तकाकार कृतिहरूमा उन्माद (कविता संग्रह), 'तिम्रो प्रीत नै मेरो गीत' (कविता संग्रह), 'मध्यरातको तारा' (उपन्यास), 'डम्बरसिंह गुरुङ' (जीवनी) प्रमुख हुन् भने उनले 'गोर्खा', 'संगम', 'कुमुदिनी परिवार', 'सेलपापा च्वाँइ च्वाँइ' इ. पत्र-पत्रिका र सङ्कलनको सम्पादक गरेका छन्।

नेपाली साहित्य र समाजसँग सम्बन्ध रहेका अनेकौं 'भित्री कुराहरू'-को अशेष भण्डार छ उनीसित। साहित्यको आड़मा गरिने कतिपय दुच्छरपनसम्बन्धी 'चना जोर गरम' जस्ता अनेकौं रसिला र रोचक किस्साका जीवित कोश हुन् उनी।

कालेबुङका भूमिपुत्र दाहालज्यू हाल सुकुनामा सपरिवार बसोबासो गर्दैछन्। साहित्यमा अद्यापि सक्रिय रहेका श्री नरबहादुर दाहालको सुस्वास्थ्यको हार्दिक कामना गर्दै उनको यो लेख प्रस्तुत गरेका छौं।

आजभन्दा ५० वर्षअघि कुनै नेपालीले कालेबुङमा हवाई जहाज बनाएर उड़ाएका थिए 'रे भन्ने कुरो कसलाई पत्यार लाग्ला? तर चुइँसे शरणसिंह थापा अचम्मको प्रतिभा भएका व्यक्ति थिए। कालेबुङको मेलाटारमा उनले सन् १९५४-मा एउटा सानो हवाईजहाजको मोडल बनाएर हजारौं मानिसहरूको उपस्थितिमा आकाशमा उड़ाउन सफल भएका थिए। कुनै सरकारी अनुमतिबिना यस्तो कार्य गरेकोले पुलिसले उनलाई थानामा सोधपुछको निम्ति लगेको थियो। स्कुलको आँगननै टेक्न नपाएका र आकाशमा उड़ेको हवाई जहाजबाहेक नजिकबाट कहिले हवाई जहाज नै नदेखेका चुइँसेले कसरी हवाई जहाज बनाउन सके भन्ने कुरो थोरै चाखलाग्दो छैन।

शरणसिंह थापाका पूर्वजहरू बिसौं शताब्दीको पूर्वार्द्धमा कालेबुङको कफेरमा आएर बसेका थिए। त्यहीं उनको जन्म भएको थियो। उनको घरको अवस्था राम्रो थिएन। यसैले कुनै दिन कुनै स्कुलमा उनले शिक्षा पाएनन्। एक दिन ९ वर्षको उमेरमा शरणसिंह थापा आफ्ना बाबुसँग मेला लागेकोले बजार घुम्न आएका थिए। त्यसबेला कालेबुङ मेला ग्राउन्डमा मेला लागेकोले मानिसहरूको निक्कै चहलपहल थियो। उनले जीवनमा यति ठुलो बजार र यति बिघ्न मानिसहरूको जमघट पहिलोपल्ट देखेका थिए। उनले मेलामा रोटेपिङ र घोड़ेपिङ देखे। पुलिसको व्यान्ड बाजा देखे अनि बाबुसँग मिठाई दोकानमा मिठो मिठो खाए। उनी कफेर फर्केर आएपछि कालेबुङको आकर्षण उनको मनबाट गएन। उनले कालेबुङमा देखेका कुराहरूको वर्णन बढ़ाई-चढ़ाई गाउँका आफ्ना साथीहरूसँग गरे। त्यहाँ देखेका तीनवटा कुरा भने उनले कहिल्यै बिर्सन सकेनन्। ती तीनवटा चिजहरू थिए - ग्रामोफोन बाजा, मोटर गाड़ी र पर्दामा देखाइने सिनेमा। त्यसबेला ग्रामोफोन बाजा, ठुलो बक्साको बाहिर कुकुरको नक्सा भएको

'हिज मास्टर्स भोयस' लेखिएको र बेला बेलामा चाबी दिइरहनुपर्ने, ठुलो ध्वनि प्रसारण यन्त्र भएको खुबै प्रचलित थियो। यसमा मास्टर मित्रसेन, मेलवा देवीका नेपाली र सहगल, नूरजहाँ र समसाद बेगमका हिन्दी गीतहरू ठुला ठुला थालजस्ता रेकर्डहरूमा बज्थ्यो। फोर्ड कम्पनीको लामो 'बडी' भएका केही गाड़ीहरू पनि बजारमा दौड़न्थे। मेला ग्राउन्डको मुन्तिर टिनै टिनले बनिएको हलमा विशेष टार्जन र चार्ली च्यापलिनका फिल्महरू देखाइन्थे।

यसरी कालेबुङबाट फर्केर कफेर गएपछि उनी गाउँले परिवेशमा अरू धेरै बस्न सकेनन्। उनी दिनरात गाड़ी कुदाएको, सिनेमा हलमा काम गरेको इत्यादि सपना देख्न थाले। त्यसबेला भारत स्वतन्त्र भएको थिएन। कालेबुङमा अङ्ग्रेजहरूको जगजगी थियो। कालेबुङको दुर्बिनमा राम्रा राम्रा घर–कोठीहरू थिए। कमानको अवकाशमा अङ्ग्रेज म्यानेजरहरू साथै अङ्ग्रेज फौजी अधिकारीहरूले ढाकेका थिए। होम्स्को रमाइलो पाखामा स्कटल्यान्डबाटै आएका पादरी डा. जोहन एन्डर्सन ग्राहमले विशेष एङ्गलो इन्डियन अनाथ बालक बालिकाहरूको निम्ति स्कुल खोलेका थिए। उनकी धर्मपत्नी क्याथरिनले यहाँका नेपाली, भोटे र लाप्चेहरूको आर्थिक अवस्थामा सुधार ल्याउन अहिलेको डम्बर चौक पछाड़ि एउटा औद्योगिक केन्द्र खोलिन्। जसलाई पहाड़वासीहरू इन्डस्ट्रियल स्कुल भन्थे। पछि यो आर्टस् एन्ड क्राफ्टको नाउँले भारतमा मात्र होइन विदेशमा समेत विख्यात भयो। यो इन्डस्ट्रियल स्कुललाई पछि डा. ग्राहमकी छोरी ज्वाइँ बन्टी र नर्मन अडिलिङले अघि बढ़ाएर लगे। यस केन्द्रमा तानमा लुगा बुनिन्थ्यो। सिलाइ–बुनाइको काम हुन्थ्यो। काठको काम गर्ने अलगै विभाग थियो। त्यसताका इन्डस्ट्रियल स्कुलले फुटबलमा पनि निकै नाम कमाएको थियो। फुटबलका त्यसबेलाका नाम चलेका खेलाड़ीहरू नन्दलाल मास्टर, सनमान, माकबीरहरू यस स्कुलका विभिन्न विभागहरूमा काम गर्थे। कालेबुङको आकर्षणले शरणसिंह थापा पनि सानै उमेरमा यहाँ आएर कामको खोजीमा लागे। तर यहाँ न कोही उनका परिचितहरू थिए, न स्कुल कलेज पढ़ेको उनीसित प्रमाण–पत्र थियो। उनले सोचेका थिए, अलिक दिन गाड़ीको क्लिनर भएर गाड़ी सँगसँगै कुदेर एक दिन ड्राइभर त हुन सकिन्छ तर त्यसबेला त्यो पनि सम्भव भएन किनभने त्यसबेला आज जति धेरै गाड़ीहरू पनि थिएनन्।

उनी धेरै दिन कामको खोजीमा यताउता घुमिरहे। तर धेरै दिन भइसक्दा पनि उनले कतै काम पाउन सकेनन्। यी सबै उनका दुःखका दिनहरू थिए तर यो सङ्घर्षमा जीवनका धेरै अनुभवहरू उनले बटुल्दै गए। मोटर स्ट्यान्डको वरिपरि, मुर्गीहट्टा, हरिजन रोडतिरका धेरै घरहरूमा उनको आवत–जावत बढ़्यो। धेरै ड्राइभर र इन्डस्ट्रियल स्कुलमा काम गर्नेहरूसँग उनको परिचय भयो। उनी सानैदेखि कर्मशील र परिश्रमी थिए– यसैले उनी सबैको प्रिय पात्र भए। दिउँसो उनी मोटर स्ट्यान्डका छेउछाउका ग्यारेजहरूतिर गएर काम सघाउँदै गाड़ी बनाएको हेर्न लागे। गाड़ीहरूका विभिन्न पुर्जाहरूको पनि उनले जानकारी लिन लागे। यसले उनलाई नियमित आमदानी नभए पनि पेटपालोको दुःख भने भएन। त्यसबेला गाड़ीका विषयमा प्रशस्त व्यावहारिक अध्ययन उनले गरे। उनी अशिक्षित भए पनि उनमा एउटा खुबी थियो। कुनै पनि गाड़ीको इन्जिन एकपल्ट हेरेपछि त्यसबारेमा उनलाई यथेष्ट जानकारी हुन्थ्यो। पछि त, उनमा भएको यो खुबीले गर्दा सिनेमाको प्रोजेक्टर, मूल्यवान घड़ी, क्यामेरा इत्यादि कुनै पनि मेसिनरी चीजहरू एकपल्ट हेरेपछि त्यसबारेमा उनलाई जानकारी हुनथाल्यो।

उनलाई मोटर स्ट्यान्डको ग्यारेजबाट पेटपालो त भइरहेको थियो तर नियमित आय भने भएन। यसैले नियमित आय नभएकाले गर्दा उनले दसैंमा न ता राम्रो लुगा जुत्ता लगाउन पाए, न बाबुको हातको टिका नै लगाउन पाए। उनलाई ज्यादै खल्लो लागेर आयो। यसैले दसैंपछि नियमित आयका निम्ति यहीं काम गर्ने साथीहरूको सहयोगले इन्डस्ट्रियल स्कुलमा मासिक २० रुपियाँको नोकरीमा लागे। तर यो काम उनको रुचिअनुकूल भएन। उनी यस्तो कामको खोजीमा लागे, जहाँ मासिक तलब पनि पाइयोस् अनि काम पनि आफ्नो रुचिअनुकूल होस्।

यस्तैमा एकदिन उनले नोभेल्टी सिनेमा हलमा टिकट बिक्री गर्ने काम पाए। उनलाई इन्डस्ट्रियल स्कुलको नोकरीभन्दा सिनेमा हलको नोकरी केही रुचिकर लाग्यो, किनभने टिकटको काउन्टर बन्द भएपछि अपरेटर रुममा गएर उनले प्रोजेक्टबारे धेरै ज्ञान हासिल गर्ने अवसर पाउँथे। यसरी नोभेल्टी सिनेमा हलमा एक वर्ष काम गरेपछि उनलाई सिनेमाको प्रोजेक्टरबारे राम्रो ज्ञान भयो।

एक दिनको घटनाले शरणसिंह थापालाई उनको सफल जीवनबारे सङ्केत दियो। त्यस दिन नोभेल्टी सिनेमा हलमा प्रथम नेपाली चलचित्र 'हरिश्चन्द्र' लागेकोले हल खचाखच भरिएको थियो। शरणसिंह थापा पनि त्यस दिन चलचित्र हेरिरहेका थिए। अचानक सिनेमाको प्रोजेक्टर बिग्रेर फिल्म रोकिएकोले मानिसहरू हल्ला मचाउन लागे। सिनेमा हलका मालिक ए. बोस आत्तिएर चारैतिर फोन गर्न लागे। कतिपय इन्जिनियरहरू आएर एक घन्टा प्रयास गर्दा पनि प्रोजेक्टर बनिएन। सिनेमाको टिकट फर्काउनुपर्ने स्थिति आइसकेकोले गर्दा शरणसिंह थापालाई मालिकले काउन्टरमा जाने आदेश दिए। यस्तैमा उनले मालिकसित भने– 'बोस् बाबु, म एकपल्ट प्रोजेक्टर हेरूँ?'

मानिसहरूको हल्लाले बोस् बाबु एकदमै आत्तिइसकेका थिए। उनले झोंक्किएर भने– 'तैंले हेरेर के गर्छस्?'

शरणसिंहले विनम्र भएर भने – 'बोस् बाबु, पैसा फर्काउँदा अरू झमेला हुन्छ, मलाई एकपल्ट प्रोजेक्टर हेर्ने अनुमति दिनुहोस्।'

बोस् बाबु एक शब्द बोलेनन्। उनको अनुहार निलो–कालो भइसकेको थियो। उनी पसिनै पसिना भइसकेका थिए। कसैलाई केही नभनी शरणसिंह अपरेटर रुममा पसेर दैलो लगाए। अपरेटर झोक्राएर एक कुनामा बसिरहेको थियो। कसैलाई केही नभनी थापा प्रोजेक्टर निरीक्षण गर्नलागे। त्यसदिन सिनेमा हलका मालिक र सिनेमा हेर्न आएका सयकड़ौं दर्शकहरू छक्कै परे, जब उनी अपरेटर रुममा पसेको दस मिनट नबित्दै सिनेमा फेरि चालु भयो।

बोस् बाबु छक्क परेर शान्तिको सास फेरे। उनको आँखा भरिभरि खुसीको आँसु थियो। उनले थापालाई एक सय रुपियाँ बक्सिस् दिँदै भने– 'थापा आज तैले मेरो इज्जत बचाइस्। भोलिदेखि टिकट काउन्टरमा होइन, तँ प्रोजेक्टर रुममा बस्नू।' उनले नोभेल्टी सिनेमा हलमा अझ एक वर्ष काम गरे अनि आफ्नै ग्यारेज बनाएपछि काम छोड़े। तर नोभेल्टी सिनेमा हलसँगको उनको सम्बन्ध आजीवन रह्यो। जति जति बेला यो सिनेमा हलको प्रोजेक्टर बिग्रेर हल्ला हुन्थ्यो थापालाई लिन गाड़ी पुग्थ्यो। उनी गएर प्रोजेक्टर बनाएपछि सिनेमा फेरि चालु हुन्थ्यो।

यसरी नोभेल्टी सिनेमा हलमा अपरेटरको रूपमा एकवर्ष काम गरेपछि उनले हरिजन रोडमा एउटा गाड़ी मर्मती गर्ने ग्यारेज सुरू गरे। यसका निम्ति त्यहाँ उनले घर भाड़ामा लिएका थिए। एकेक गर्दै बिग्रेका भत्केका गाड़ीहरू मर्मतीको निम्ति त्यहाँ आउन थाले। उनको घर आँगनमा भत्केका बिग्रिएका गाड़ीहरूको रास लाग्न थाल्यो। अरूतिर बनिन नसकेका कुनै पनि गाड़ीहरू उनीकहाँ आएपछि बनिएर नै जान्थे। हरिजन रोडमा त्यसबेला ओहोर दोहोर गर्ने कुनै पनि व्यक्तिले बिग्रेका गाड़ी बनाउँदै गरेको यस कारिगरलाई देखेको हुनुपर्छ। ड्राइभरहरूबिच त उनी अझ प्रसिद्ध थिए। को हुन् यी शरणसिंह थापा? आजकाले उनलाई चिन्दैनन्। हिजोकाले यो नाउँले चिन्दैनन्। उनको प्रचलित नाउँ चुइँसे थापा थियो। उनका कथाहरू आज किंवदन्ती हुन लागेका छन्।

चुइँसे थापा गाड़ीको मर्मतीपछि आफ्नै विभिन्न प्रयोग पनि गरिरहन्थे। उनले सन् १९५३ मा एउटा सिनेमा प्रोजेक्टर बनाए अनि टुक्राटाक्री फिल्महरू जोड़ेर आफ्नो घर अघिल्तिर गाउँका केटाकेटीहरूलाई दसैं र तिहारमा फिल्म देखाए।

कालेबुङ मेलाटारमा उनले सन् १९५४ मा एउटा सानो हवाई जहाजको मोडल बनाएर आकाशमा उड़ाउन सफल भएका थिए। यसबाहेक गाड़ीका विभिन्न भागहरू बिग्रेको नबिग्रेको जाँच गर्ने एउटा 'टेस्टर' पनि उनले बनाएका थिए। कालेबुङमा भएको अखिल भारतीय

गोर्खालिगको नवौं अधिवेशनको प्रदर्शनीमा यस लेखकले चुइँसे थापासित भेटी उनका हवाई जहाजलगायत जम्मै आविष्कारहरू प्रदर्शित गरी फर्काई दिएको थियो।

एक दिन कालेबुङका एकजना उद्योगपति ओमकार मल मिन्त्रीको घरमा बम्बईबाट एकजना करोड़पति पाहुना आएका थिए। उनीसित उनकी स्वर्गवासी पत्नीले उपहार दिएकी एउटा बहुमूल्य क्यामेरा थियो। जसको कुनै एउटा पुर्जा भाँचिएकोले यो निष्क्रिय भएको पाँच वर्ष भइसकेको थियो। उनी योभन्दा अर्को दामी क्यामेरा पनि किन्नसक्थे तर बिग्रेको क्यामेरा उनकी स्वर्गवासी पत्नीको चिनो भएकाले यससँग उनको भावनात्मक सम्बन्ध थियो। उनी जहाँ गए पनि यो क्यामेरा सँगसँगै लिएर जान्थे। भारतका धेरै प्रमुख सहरमा क्यामेरा बनाउने कारिगरहरूलाई उनले यसलाई देखाइसकेका थिए तर भाँचिएको पार्टस् नपाइएकोले यो बनिनसकेको थिएन। कालेबुङमा ओमकार मल मिन्त्रीले यो क्यामेरा चुइँसेलाई बोलाएर देखाउने सल्लाह दिए। चुइँसेलाई यो क्यामेरा देखाइयो। उनले फर्काइ–फर्काइ हेरेर एक रातको समय मागे। यसलाई घरमा लिएर गए। यसप्रकारको क्यामेरा उनले जीवनमा कहिले देखेका थिएनन्। उनले क्यामेरा रातभरिमा बनाएर भोलिपल्ट बिहान लगेर बुझाए। क्यामेरा जस्ताको तस्तै भयो। बनाएको कति भयो भन्दा 'दस रुपियाँ दिनू नि' भने। क्यामेराको मालिकले खुसी भएर दुई हजार रुपियाँ बक्सिस दिए। तर क्यामेराले पहिले जस्तै नक्सा खिच्नसक्छ कि सक्दैन यसमा शङ्का थियो। त्यो व्यक्ति तीन दिनपछि कालेबुङ आउँदा ओमकार मल मिन्त्रीको घरमा बसे। उनले चुइँसेलाई बोलाई पठाएर भने – 'यो क्यामेरा तिमीले बनाएपछि मैले अनेकौं फोटो खिचें। फोटो पहिलेजस्तै निस्कियो। कहिले नदेखेको क्यामेरा तिमीले जस्ताको तस्तै बनाई दियौ। तिम्रो मगज विलक्षणको रहेछ।' पछि ओमकार मल मिन्त्रीले एक दिन बोलाएर चुइँसे थापासित सोधे– 'केको पार्टस् बनाएर क्यामेरामा लगाइस्?।' उनले हाँस्दै भने – 'केको लगाउनु र अब? हरिजन् रोडमा घर छ, त्यहाँ भैंसीको सिङ त पाइन्छ, त्यही सिङको पार्टस् बनाएर लगाएँ।' चुइँसे थापाको सारा जीवन सरलतामा बित्यो। उनी सधैं साधारण पहिरनमा हरिजन रोडको आफ्नो घरअघि कुनै न कुनै गाड़ी बनाइरहेका हुन्थे। जस्तै बिग्रेको गाड़ी पनि उनको हात परेपछि बनिएर मात्र त्यहाँबाट निस्कन्थ्यो। कालेबुङ डा. ग्राहाम्स् होम्स्को टावर घड़ी बिग्रेपछि यसलाई बनाउने चुइँसे थापाबाहेक अरूको सामर्थ्य थिएन। चुइँसे थापाले यसलाई अनेकौंपल्ट बनाएका थिए। उनको मृत्युपछि बर्सौं यो निष्क्रिय रह्यो। यसबाट घन्टीको कुनै आवाजसम्म आएन।

आज चुइँसे थापा यस संसारमा छैनन्, उनमा भएको दक्षता र योग्यता देख्नेहरूको सङ्ख्या पनि नगण्य छ। समयको गर्भमा विलीन भएर गइसकेका चुइँसे थापा अब एउटा दन्त्यकथाका एकजना नायक मात्र भएर रहेका छन्। नेपाली समाजलाई गौरव प्रदान गर्ने कालेबुङका एकजना बेजोड़ व्यक्तिको मृत्यु भएको लगभग ४० वर्षपछि लेखिएको यो प्रथम लेख हो। यसअघि यस लेखकले नै कालेबुङको 'प्रवाह' पत्रिकामा चुइँसे थापाको बारेमा केही टिप्पणी गरेको थियो तर यस प्रसङ्गलाई कसैले अघि बढ़ाएनन्। उनको हामीले थाहा नपाएका अरू कति कुराहरू होलान्। जान्ने सुन्नेले लेखिदिए हुन्थ्यो।

(कलमकारको अनुमति लिएर 'नयाँ सिक्किम'-को अप्रेल २००६ को अङ्कबाट साभार उद्धृत - सं.म.)

■

कुमुदिनी परिवारप्रति शुभकामना



प्रमोद छेत्री

कालेबुङ

थुकचुक लाचुङ्पा
पूर्व मन्त्री, सिक्किम सरकार,
(वरिष्ठ समाज सेवक, एवं योग-गुरु)
एम.जी. मार्ग गान्तोक, सिक्किम।

शुभकामना सन्देश

सेवामा,
अध्यक्ष एवं सम्पूर्ण सदस्यगण,
कुमुदिनी परिवार,
कालेबुङ।

कुमुदिनी परिवारले "कुमुदिनी परिवार"-को पाचौँ अङ्क प्रकाशनमा ल्याउने शुभ सन्देश सुनेर अत्यन्तै खुशी लागेको छ।

परिवारको एकजना सदस्य भएकोले गर्दा यसले गरेको प्रत्येक रचनात्मक कार्यले मलाई पनि गर्वान्वित र गौरवान्वित तुल्याउँदछ। प्रत्येक वर्ष आयोजन हुने 'हाफ म्याराथन दौड़' खेलकुद प्रतियोगिताले कालेबुङ जिल्ला भरिका विद्यार्थीहरूलाई आफ्नो प्रतिभा देखाउन र जिल्लाबाट राज्य स्तर हुँदै राष्ट्रिय अनि अन्तर्राष्ट्रिय स्तरसम्म पुग्ने अवसर प्रदान गरिरहेको छ।

अन्तमा यस मुखपत्रको प्रकाशनसित सम्वद्ध कुमुदिनी विद्याश्रमका पूर्व विद्यार्थीवर्ग, परिवारका सम्पूर्ण कर्मठ, उत्साही र लगनशील सदस्यहरू र अन्य सबैलाई धन्यवाद दिँदै कुमुदिनी परिवार अजर र अमर रही समाजोपयोगी कार्यहरू गरिरहोस् भन्ने शुभकामना व्यक्त गर्दछु र यसले गर्ने कार्यहरूमा मलाई पनि सहभागी बनाउने छ भन्ने कुरोमा आश्वस्त छु।

इति शुभम्।

भवदीय
थुकचुक लाचुङ्पा

मिति : जनवरी २०२०
स्थान : गान्तोक, सिक्किम

सम्पादकीय.....



मुखपत्र किन?

'इतिहास लेख्ने काम हाम्रा पुर्खाले गरेनन्' भनेर दोस्याँछौ हामी उनीहरूलाई। हामीले इतिहास कति लेख्यौं– स्वयंलाई सोध्नुपर्छ। उन्नाइस सय छियासी यताकै इतिहास लेखेर राख्ने पनि जाँगर चलेन हामीलाई। यसैले गर्दा सदा सर्वदा हामी हेपियौं र हेप्न अवसर पाउनेले हामीलाई हेपिरहे, हेपिरहने छन् - व्यतीत समयले हामीलाई व्यथित बनाइरहने छ। हाम्रो इतिहास अरूले लेखे, अब हाम्रो इतिहास हामी स्वयंले लेख्नुपर्छ। अरूले लेखेका इतिहासमा हामी हेपिएका छौं किनभने आफूलाई टुप्पोमा र हामीलाई फेदीमा राखेर लेखेका छन् उनीहरूले। यस्तै सोच राखेर 'कुमुदिनी परिवार'–को मुखपत्र निकाल्ने धृष्टता गरेका हामीले। यसैले 'कुमुदिनी परिवार'–को मुखपत्र हाम्रो इतिहास बोक्ने र बक्ने पत्रिका पनि हो।

यस अङ्कमा परेका रचनाहरू उच्च स्तरीय छैनन्– भाषिक र साहित्यिक दृष्टिकोणले। किनभने इतिहास लेख्दा भाषा–साहित्य होइन, तथ्यको सत्यता महत्त्वपूर्ण हुँदछ। कतिपय रचनाको स्तर हामीले भाषा र साहित्यको दृष्टिकोणले नहेरेर ऐतिहासिक महत्त्वको चस्मा लगाएर हेरेका छौं। विषयवस्तु एकैप्रकारको जस्तो लागे तापनि कालखण्डले धेरै कुरामा पार्थक्य बोकेको हामी सहज अनुभव गर्दछौँ।

यस अङ्कमा परेका कतिपय रचनाका सर्जकहरू सिद्धहस्त साहित्यकार होइनन् तथापि हाम्रो अनुरोध टार्न नसकी कनी कुथी लेखिएका हुन् भन्ने कुरालाई ध्यानमा राखी स्थान दिइएकै भए तापनि भाषिक त्रुटिलाई सच्याई अनावश्यक रूपमा लामा र प्रसङ्गहीन वाक्यहरूलाई काँटछाँट गर्नेकार्य भने गरेका छौं वाध्यतावश।

यस अङ्कमा प्रयोग गरिएको लेखनशैलीबारे पाठकहरूमा कतिपय शङ्का र संशय उत्पन्न हुनु स्वाभाविक नै हो। भाषिक एकरूपताको समस्या हाम्रो पुरानो समस्या हो र यसबारे आजभोलि धेरै काम भइरहेको छ र यसमा प्रयोग गरिएका वर्ण विन्यास भारतीय भाषा संस्थान, मैसूरद्वारा अनुमोदित नियमको आधारमा गरिएको छ।

यस मुखपत्रलाई साहित्यिक दृष्टिकोणले नहेरिदिने अनुरोधसहित यसको प्रकाशनमा सहयोग पुऱ्याउने सम्पूर्ण कलमकार, विज्ञापनदाता एवं मित्रगणमा धन्यवाद टक्र्याउँदछौं।

–सम्पादक मण्डली

लेखक बन्न खोज्दा

■ राजेन्द्र भण्डारी,
एघारौं श्रेणी 'कला'

डा. राजेन्द्र भण्डारी : छोटो परिचय

विद्यार्थीकालदेखि नै साहित्य साधनामा लागिपरेका कवि राजेन्द्र भण्डारी आधुनिक भारतीय नेपाली साहित्यको सर्वपरिचित नाउँ हो। उनका अनेकौं कविताहरू बहुचर्चित र विभिन्न अन्तर्राष्ट्रिय भाषामा अनुदित भई प्रकाशित भइसकेका छन् तथा कतिपय अन्तर्राष्ट्रिय साहित्यिक भेलामा कवि स्वयं उपस्थित भई भारतीय नेपाली साहित्यको प्रतिनिधित्व गरिसकेका छन्।

उनका कतिपय प्रकाशित पुस्तकाकार काव्यकृतिहरूमा 'हिउँदे यी चिसा रातका पर्दाहरूमा' (१९७९), 'यी शब्दहरू : यी हरफहरू' (१९८६), 'शब्दहरूको पुनर्वास' (२०१०), र 'इतिहासको बाडुली' (२०१९) प्रमुख हुन्।

पुस्ताकाकार कृतिका रूपमा उनले हामीलाई काव्यकृतिहरू मात्र दिएका भए तापनि विद्यार्थी छँदा उनले गद्य लेखनमा पनि कलम चलाएका हुन् भन्ने जानकारी पाठकसमक्ष पुऱ्याउने उद्देश्यले मात्र उनको 'लेखक बन्न खोज्दा' लेख आभारसहित यहाँ जस्ताको तस्तै प्रस्तुत गरेका छौं।

सबैले बुझ्न सक्ने सरल शब्दको प्रयोग गर्छन् उनी, विषय वस्तु आफ्नै वरिपरिबाट टिप्छन् र निर्माण गर्छन् - ताजमहलजस्ता कविताहरू।

अनेकौं पुरस्कारले सम्मानित भइसकेका डा. भण्डारी 'कुमुदिनी परिवार'-को मात्र नभई सम्पूर्ण भारतीय नेपालीहरूका गौरव पुरुष हुन्।

लेखक बन्न सबैलाई मन लाग्छ। लेखक भएर विश्वमा नाउँ कमाउन मन लाग्छ, तर त्यो कुरा सजिलै हुन सक्तैन। दुनियाँलाई केही न केही त लेखेर देखाऊँ। तर त्यो कसरी सम्भव गर्ने?

कोही गान्धीजीको अंग्रेजप्रतिको "Quit India" जस्ता वचनले संसार थर्काउन चाहन्छन् त कोही भयंकर क्रान्तिकारी लेख लेखेर जनताको हृदय आकर्षित पार्ने ध्येयमा हुन्छन्। कोही बोल्न हिच्किचाउँछन् त कोही लेखेर सेखी झारूँ भन्छन्। लेख्न त लेख्नु तर कसरी? यही प्रश्न सबका अघाड़ि तेर्सिन्छ, तगारो बनेर।

मुटुभित्रबाट रुमलिएर आउँछन् भावनाहरू। सबै अरूका अघि राखिदिन मन लाग्छ लेखनीको माध्यमद्वारा। लेख्न बस्छ, कलम लिन्छ, खाता लिन्छ, हात अघि बढ्न मान्दैन र पनि लेखिहेर्छ, जबर्जस्ती केही। लेखिसकेर हेर्छ एकपल्ट। मनमा अलिक संकोचको भावना जागृत हुन्छ कतै दुनियाँको सामू उसको लेख..., हार खान्छ। मनमा अझ लेखूँला भन्ने दृढ़ता मेटिएर जाँदैन। मनमा भावनाहरू अटाइ नअटाई बसेका छन्। के गर्नु र! व्यक्त गर्न सक्तैन!! कथा लेखेर उ प्रत्येकको हृदय उसका बहहरूले भरिदिन चाहन्छ, जसरी उसलाई हिन्दी, नेपाली साथै अंग्रेजी लेखकहरूले पारेका छन्। घोरिन्छ उ, सोच्छ, निराश हुन्छ उत्तर पाउँदैन। के उसको यो उत्कट इच्छालाई दबाएर राख्ने?

हिन्दीका गुलशन नन्दा, प्रेमचन्द, शरतचन्द्र र रसीद, अंग्रेजीका डेनिस रबिन्स, फ्लेमिङ्ग, पर्ल्स र शेली अनि नेपालीका निबन्धकार रामकृष्ण शर्मा, नाटककार गोपाल रिमाल, बिजय मल्ल र कथाकार मैनाली, भिक्षु र कोइरालाजीले उसलाई जसरी प्रभाव पारेका छन् र उ अरूलाई त्यत्तिकै प्रभाव पार्न चाहन्छ, अरूका हृदयमाथि विजयप्राप्त गर्न चाहन्छ। जासूसी महल लेखेर 'कर्णल

रञ्जीत' हुन उसलाई साह्रै इच्छा छ।

तर यी सब कुराहरूबाट उसले वञ्चित हुनुपरेको छ। किनभने उसमा लेखन–शक्ति पर्याप्त मात्रामा प्रस्फुटित भएको छैन। त्यो कसरी प्राप्त हुन्छ? यसको लागि फेरि एउटा उपन्यास पढ्हिहेर्छ। गरीबको विषयमा केही कोरिदिउँ भनेर सम्झन्छ तब कुनै गरीबीको चित्रण गर्ने सम्झनाले उसलाई घेर्छ। रोमाण्टिक कथा पो लेखिदिनु पर्‍यो भनेर बस्छ तब 'टल्सटोय'–को प्रतिमूर्ति उसको अघि खड़ा हुन्छ। विषय पाउँदैन। विलखबन्द हुन्छ।

यी सब कुराहरू स्वाभाविक हुन्। लेखक हुन खोज्नेहरूका जीवनमा यस्ता घटना घट्नु स्वाभाविक ठहरिन्छ। तर यसलाई यस्तो रूप लिन नदिनु प्रत्येकको कर्तव्य हो। यी झमेलाहरू हटाउने कतिवटा असल उपायहरू खोजेर यस्ता सामान्य विषयवस्तुलाई अवरोध हुन नदिनु नै असल लेखकको ध्येय हुनुपर्छ। यसो हुनाले तिनीहरूलाई आफ्नो भाव प्रकट गर्न उस्तो आपद पर्दैन। यी सब झेउला झमेलाहरू किन आइलागेका? यी प्रश्नको उपयुक्त उत्तर हुन्छ – अभ्यास अनि अध्ययनको कमी। रातो र हरियो रंगको सम्मिश्रणमा बैगुणी रंगको सृष्टि हुन्छ, पहेंलो र बैगुनी मिसाएर गुलाबी अनि कालो र पहेंलो मिसाए फुस्रो रंग बनिन्छ। त्यसै गरेर प्रचुर अध्ययन र आफ्नो भावनाको सम्मिलनमा अर्को सुनौलो विचारधाराको प्रादुर्भाव हुन्छ। त्यसैलाई भन्छन् भावना जसलाई लेखकले आफ्नो अनौठो अभिव्यञ्जना र शैलीको माध्यमद्वारा दुनियाँको अघि प्रस्तुत गर्छ। एउटा बस्तीवाला जो रातदिन खेतमा काम गर्न तल्लीन हुन्छ, त्यसलाई जबर्जस्ती फुटबल खेल्न लाउँदा त्यसले केही जान्दैन, दुनियाँको सामू हाँसोको पात्र मात्र बन्छ। एउटा फुटबलरलाई असल गीत गाउन लाउँदा त्यसले एउटा सङ्गीतज्ञ जत्तिको मेलो ल्याउँदैन। त्यसै गरी एउटा सिकारुलाई असल लेखक बन्नका लागि पनि अभ्यासको प्रयोजनीयता पर्छ। तर अभ्यासले मात्र पनि हुँदैन; लेखक बन्न खोजेर मात्र पनि हुँदैन। उसको आफ्नो पनि झुकाउ हुनुपर्छ। एउटा मानिसले जन्मदेखि नै एक–एकवटा प्रवृत्ति र झुकाउ लिएर आएको हुन्छ जसलाई बनाउँदा बनिँदैन। आफ्नो इच्छा नै छैन भने मानिसले केही काम पनि असलसँग गर्न सक्दैन। यसकारण जो मानिस आफ्नो झुकाउद्वारा काम गर्दैन त्यसका उद्देश्य पूर्णरूपले सफल हुन सक्तैन। झुकाउ र प्रवृत्ति जन्मदेखि नलिएसम्म मानिसको लक्ष्य पूर्ण हुनसक्दैन। लक्ष्मी प्रसाद देवकोटाको सानैदिखि कविता गर्ने सौख थियो। यस्तो उत्कट इच्छा विरूद्ध साहित्यपट्टि नलागेर उनी विज्ञानपट्टि लागे। तर उनको त्यस्तो सलबलाउँदा इच्छा हराएर जानसकेन र अन्त्यमा उनलाई साहित्य लिन करै लाग्यो। उनले आफ्नो बढ्ता झुकाउअनुसार काम गरे, फलस्वरूप उनी नेपाली संसारमा कस्ता महान् कवि भएर निस्किए। यस्ता अन्य कतिपय उदाहरणहरू हेरीकन हामी थाह पाउन सक्छौं कि एउटा मानिसमा लेखक बन्ने इच्छा मात्र भएर हुँदैन तर उसमा भित्री हृदयदेखि उठेर आएको जिज्ञासा अनि झुकाउ हुनुपर्छ। एउटा चीजको बीउ छ भने त्यसलाई रोपे, मलजल गरे ठूलो अवश्यै हुन्छ तर आफ्नोमा त्यो चीजको बीउ नै छैन भने, आँप रोपेर सुन्तला फलाउँछु भन्ने धारणा मात्र लिएर कदापि सफल हुइदैन। त्यसैले त बंगाली भाषाका लब्ध प्रतिष्ठ लेखक 'बंकिमचन्द्र च्याटर्जी'–ले भनेका छन् – ''जसलाई जुन विषयपट्टि झुकाउ छैन उसले सो विषयमा हात नहाल्नु असल हो। यो एउटा सामान्य कुरा हो तापनि सामयिक साहित्यमा यो नियमको पालना धेरैले गर्दैनन्।'' कुनै पनि कथा, उपन्यास, कविता, निबन्ध आदि लेख्दा आफूलाई त्यसको मूलहेतु अर्थात् सारांश थाह भएको हुनुपर्छ। लेखकसित उसले लेख्न आँटेको लेखको उद्देश्य हुनुपर्छ र मात्र पाठकवर्गले पनि त्यसको रहस्य, गौण कुरा थाह पाउँछन्। लेख छोटो होस्– रसिलो होस्। आफ्नो शैली मात्र ढल्काएर लेख गतिलो हुन्छ भन्नु सरासर भूल हो। हामीले जान्नुपर्ने र ध्यान राख्नुपर्ने कुरा त अर्कै छ। त्यो हो आफ्नो लेखको मिठास अनि आकर्षण। उसका लेखका पाठकवर्गको स्थिति बुझ्नु लेखकको बहुतै ठूलो गुण हो। लेखकले 'देश गुणाको भेष, कपाल गुणाको केश' हुन जान्नुपर्छ। आफ्नो समाज, देश र जातिका बीचमा तिनीहरूको वर्तमान स्थितिमा

कस्तो रचनाले प्रभाव पार्छ? तिनीहरूको उन्नति कसरी हुन्छ? नीतिवान् पो लेख्नु पर्ने हो कि? यी सब कुराहरू असल लेखकलाई भनिरहनु पर्ने कुरा होइन। लेखक हुन खोज्नेहरूलाई यसले ठूलो मदत गर्न सक्छ। देश, समाज र जातिको वर्तमान स्थितिको साथ–साथै हामीहरूले आफ्नै अवस्था पनि नियाल्नुपर्छ। आफ्नो स्थिति र प्रवृत्तिबाट नै लेखकको विषयवस्तु अर्थात् उसको लेखको शीर्षक ढल्किदिन्छ।

हाम्रो नेपाली जाति गरीब छ। प्रत्येक नेपालीले गरीबीलाई चिनेको छ। हाम्रो जातिले गरीबीका तीता अनुभवहरू चाखेको छ। एउटा धनी व्यक्ति छ – उपन्यासकार बन्न सक्छ। त्यो एकदमै संभाव्य छ। तर यो प्रायः असम्भव छ उसले एक गरीब आत्माको असल चरित्रचित्रण गर्न सक्तैन जति एक गरीबले सक्छ। यसका साथै उसलाई कतिपय गरीबीबाट पिल्सिएका लेखकका गरीबी–चित्रण मन पर्दैन– जसले गरीबीको परिभाषा नै जानेको हुँदैन।

आफ्नो अनुभवले मानिसलाई ठूलोभन्दा ठूलो शिक्षा दिन सक्छ किनभने अनुभव नै मानिसको असल शिक्षक हो। यस्ता लेखकहरू थोरैभन्दा थोरै पाइन्छन् जसले आफू धनी भएर गरीबको अनि आफू गरीब भएर राजकीय घरानाको चित्रण गर्नसक्छ। हुनसक्छ उसका आमा–बाबु पनि गरीबीको फन्दाबाट उन्मुक्ति नपाई मृत्युका मुखमा परेका होलान्। दारिद्र्यको कुप्रभावले उसका अन्तर्दिल रोइरहेको होला। उसलाई गरीबीकै विषयमा आफ्नो मनको बह पोख्ने निहुँले के–के कोरूँ जस्तो लाग्छ। तब त उसलाई गरीबी चित्रण भएको लेख मन पर्छ। तर उसको जासूसी उपन्यासमाथि ध्यानै हुँदैन अनि ध्यान दिनु लाभदायक पनि ठहर्दैन। उसले जासूसी उपन्यास लेख्न खोज्नु पनि मूर्खता ठहर्छ। लेखक बन्न खोज्दा आउने यी सब कुराहरू लेख्नभन्दा पहिल्यै जानिराख्नु लाभदायक छ।

वास्तवमा भावना के हो? कहाँबाट सृष्टि हुन्छ? प्रचुर अध्ययनको प्रभाव जब आफ्नो मनका अनेकौं तरंगहरूसित सम्मिलित हुन्छ तब त्यसबाट एकप्रकारको नौलो विचारधारा प्रस्फुटित हुन्छ। त्यसैलाई भावना भन्दछन्। यो प्रायः सबैका मनमा उत्पन्न हुन्छ तर थोरैले असल रूपमा व्यक्त गर्न जान्दछन्। कुनै पनि विचारधारालाई प्रकट गर्दा आफ्नो असल शैली, अभिव्यञ्जना र विषयवस्तुलाई अघि राखेर जब कलम चलाउन थाल्छौं तब हामीले भरमग्दूर सहायता गर्ने उपयुक्त उखानादि प्रयोग गरे वेश हुन्छ। हामीले कुनै पनि विषयवस्तुलाई अघि राखेर लेख्दा हाम्रो लेखाइ शीघ्र हुनु हुँदैन। सोचेर, विचार गरेर मात्र हामीले लेख्नुपर्छ। भन्न चाहेका कुराहरू क्रमैसित रोचक शैलीमा मिलाएर राख्ने क्षमता लेखकसित हुनु अत्यावश्यक छ।

लेखिसक्ने बित्तिकै त्यसलाई प्रकाशनमा ल्याउनु हुँदैन। त्यसलाई एकपल्ट पढ़िहेर्नुपर्छ। संशोधनकालागि अलिक जान्ने व्यक्तिलाई देखाउनु उचित छ। लेखिसकेर त्यसलाई थपक्क राख। एकवर्ष–दुइवर्ष पश्चात् फेरि हेर। त्यसमा थुप्रै सामान्य त्रुटिहरू देखा पर्नेछन्। त्यसपछि मात्र प्रकाशनमा ल्याए हुन्छ। तब मात्र असल लेख ठहरिन्छ। हामीले आफ्नो लेख 'नेगेटिभ' विचारधारामा हेर्नुपर्छ। यसो गर्नाले लेखकले आफ्नो भूल थाह पाउने छ। समालोचना गर्ने ल्याकत प्रत्येक लेखकमा हुनुपर्छ तब मात्र उसले आफ्नो रचना उचित तरिकाले निर्माण गर्नसक्छ।

मनमा तरंगहरूलाई बिलाएर जानदिनु कुनै पनि सिकारू लेखकको दुर्गुण हो। उसले जानी नजानी भए पनि लेख्ने अभ्यास गर्नुपर्छ। भावनाको श्रोत जल–प्रपातको जल–प्रवाह झैं हुन्छ, भन्नुमा अत्युक्ति नहोला। उदाहरणसित व्यक्त गरिएको उद्देश्यपूर्ण भावनालाई कथा भने हुन्छ। कथाको लामो रूप, जहाँ बहुसंख्यक पात्र–पात्राहरू हुन्छन्, अनि जहाँ एउटै ठोस उद्देश्लाई मध्यनजर दिई पूर्ण चित्रण गरिन्छ त्यसलाई उपन्यास भनिन्छ। एउटा विषयवस्तुलाई अघि राखेर त्यसको असलभन्दा असल परिभाषा बुझाएर प्रस्तुत गरे त्यो निबन्ध बनिन्छ।

■

अहिलेको युवा जमात अनि भविष्य : एक चिन्तन

बी.आर. छेत्री, कालेबुङ

नवीन पिँढ़ीका युवावर्गलाई सकारात्मक आधार मान्नु पर्ने सोचमा हामी प्रौढ़हरू गम्ने गर्छौं। देशको सरकार अनि सामाजिक सङ्गठनहरूले युवा शक्ति, युवा जोश, युवा उत्साह अनि युवा गतिविधिहरूलाई तिनीहरूको आत्मनिपुणता जस्ता वैशिष्ट्यलाई मार्ग दर्शन गर्ने दिशातिर अग्रसर गराउने अनेक सोच र प्रकल्प प्रान्तीय तथा राष्ट्रिय स्तरमा सञ्चालित र आयोजन गर्दै आइरहेको सुन्न अनि देख्न पाइन्छ। प्रत्येक प्रान्तका सरकारी तथा गैर सरकारी निकायहरूले आफ्ना प्रान्तका युवावर्गलाई प्रेरणा र प्रोत्साहन दिई युवा मानव संसाधनलाई आफ्नो प्रान्तको सामाजिक र आर्थिक विकासको मेरुदण्ड नै मान्ने बिचार लिई योजनाहरू कार्यान्वित गरिरहेका छन्।

संयुक्त राष्ट्र संघको सर्वेक्षणअनुसार यो स्पष्ट भएको छ कि वर्तमान शताब्दीमा युवा जमातको संख्या अघिका शताब्दीमा भन्दा अधिक रहेको छ। यस जमातले विश्वको सामाजिक अनि आर्थिक विकासमा महत् तथा अहम् भूमिका निभाइरहेका छन्। विश्वभरिका दस वर्षदेखि चौबिस वर्ष उमेरका एक अरब आठ करोड़ युवा जमात विकास उन्मुख देशहरूमा पाइन्छ। विश्व जनसङ्ख्या गणनामा संलग्न सङ्गठनको २०१४ को विवरणअनुसार ती विकास उन्मुख देशहरूले युवा जमातका शिक्षा, स्वास्थ्य, मानव अधिकार अनि युवा कल्याण आदि क्षेत्रमा गर्दै आएको निवेश (खर्च) नगण्य छ भन्ने आफ्नो सर्वेक्षण प्रतिवेदनमा संयुक्त राष्ट्र संघसमक्ष पेस गरेको छ। संलग्न "संयुक्त राष्ट्र जनसङ्ख्या कोष" (United Nations Population Fund) द्वारा सिफारिस गरेअनुसार युवा जमातको विकासका निम्ति गरिने अधिकतम खर्च उनीहरूको अवसर विकास गर्नमा निवेश गर्नुपर्छ जसद्वारा मानव अधिकार संरक्षण, स्वास्थ्य-रक्षा क्षेत्रका विकास अनि युवा शक्ति र सामर्थ्य विकासमा सहयोग पुग्न सकोस्।

युवाशक्ति तथा युवा जमातको भूमिका महत् र अहम् छ भन्ने अवधारणा भए पनि यसलाई प्रोत्साहित गर्ने काममा सायदै प्राथमिकता दिइन्छ। विगतमा यस्तो समय पनि थियो कि युवा जमात समाजमा अहम् र महत् हुन् भन्ने धारणा समाजमा व्याप्त भए पनि यिनीहरूलाई हतोत्साहित, तिरस्कृत तथा उपेक्षित गरिन्थ्यो। यो जमात प्रायः नै भोगविलास र मनोरञ्जनमुखी हुन्छ भनी उनीहरूका यस्ता गतिविधिलाई रोकथाम गर्ने पारिवारिक, सामाजिक अनि प्रशासनिक काम हुन्थ्यो र आज पनि हुन्छ साथै सौन्दर्य र व्यक्तित्वसम्बन्धी आकर्षणजस्ता प्रदर्शनमाथि वर्जन र नकारात्मक पहल तथा चेष्टाहरू प्रौढ़ अनि बुजुर्गहरूले गर्ने गर्थे, अझै गर्दै पनि छन्। त्यस समय

युवामा गणना गरिएकाहरू यस दृष्टिका सिकार थिए भने समय परिवर्त्तन अनि विश्व परिस्थितिको बहाउमा फस्टाउन चाहने यी युवा जमात आफ्नो सोच, इच्छा र आकाङ्क्षा – उद्देश्यका प्रतिकूल स्थितिमा बेरोजगार, असन्तुष्टि, हिंसा, कुण्ठा र नैराश्यमा आफूलाई विसङ्गति तथा पथभ्रष्ट मार्गमा होमिने मानसिकताका सिकार बनाउन वाध्य हुँदैछन्। यसरी यो जमात देश र समाजमा अहम् र महत्त्वपूर्ण मानिए पनि विसङ्गतिवादी र पथभ्रष्ट बन्दै जाँदैछन्। यी सबका लागि जिम्मेवार को छ त?? प्रश्न ठाड़ो छ अर्थात् प्रश्न यो हाम्रोअघि प्रष्ट छ– जनसङ्ख्याको यो युवा जमात धेरै सङ्ख्याका प्रौढ़हरूअघि किन समस्या बन्न पुगेका छन्? यस प्रश्नको उत्तरमा युवाहरू समस्या भएका धेरै कारणहरू यहाँ जोख्न आवश्यक हुन्छ–

विश्वका अनेक देशका अधिकाङ्श सङ्ख्याका युवाहरू गरिबीका सिकार भएका छन् साथै शिक्षा अनि जीवन–यापनको साधनबाट वञ्चित छन्। बढ्दो जनसंख्या अनि आर्थिक स्खलनले उब्जाएको स्थितिले गर्दा सीमित नोकरीको निम्ति चाँहिदो भन्दा बढ़ी संख्यामा युवाहरू प्रतिस्पर्धा र छनौटमा सामेल हुन्छन्। यस अतिरिक्त प्राविधिक प्रगतिको कारणले युवावर्गमा उच्च शिक्षा र युगानुकूल तालिमको कमीले तिनीहरूलाई बेरोजगारीको कटु स्थितितिर हुत्याइरहेछ। प्राविधिक प्रगतिले मानव श्रमको सट्टा यान्त्रिक कार्य प्रणालीले उच्च शिक्षा र तालिम लिएको भए पनि युवा पिँढ़ीलाई न्यूनतम आर्जनमा कार्य गर्नुपर्ने वाध्यताले घचेटिरहेछ, जसले गर्दा जीवन धान्नमा हम्मे हम्मे परिरहेछ। फलस्वरूप कुण्ठित र असहाय बनी ती युवावर्ग विसङ्गतिका मार्ग अपनाउन वाध्य छन्। ■

Best wishes to Kumudini Pariwar

Edward Lepcha

Kalimpong

Best wishes to Kumudini Pariwar

Tilak Jindal

Tax Consultant, Kalimpong

Best wishes to Kumudini Pariwar

Ashok Kumar Agarwal

Kalimpong

Best wishes to Kumudini Pariwar

P. D. Bhutia

Kalimpong

पुरुषार्थका एक अध्याय : भुवनसिंह थापा

टी.एन. (तारानाथ) सुवेदी
भूतपूर्व विद्यार्थी

सान्दर्भिक कुरो, स्वार्थ, अहंकार, भ्रष्टाचार, पक्षपात, अनैतिकता, अर्थ, कीर्ति प्रशंसा–लोलुपता, पारूष्य (कठोरता) एवं मत्सरता (ईर्ष्या–भाव) जर्जरित यस कलिकालजनित तमोमय परिवेशमा कोही यस्ता व्यक्तिहरू पनि हामीमाझ विद्यमान थिए, जो दहमा फुल्ने पद्म–पुष्पसरह थिए। वाह्यदृष्टिमा यस्ता पुरुषहरू सामान्य देखिए पनि खरानीभित्र लुकेको आगोको भुंग्रोजस्ता हुने गर्छन्। अर्कोतर्फ यस कोटिका व्यक्ति विशेषहरू उसै पनि फल लागेको हाँगासरह विनम्रताका प्रतीक हुन्छन् भने अनुशासनमा अडिग भई समाजसमक्ष उभिएका हुन्छन् नै।

यस्ता पुरुष विशेषहरूका जमातमा स्व. भुवनसिंह थापा एकजना अविस्मरणीय व्यक्तित्व हुन्। स्व. तेजबहादुर थापा एवं स्व. मनमाया थापाका प्रिय सुपुत्र भुवनसिंह बाल्यकालदेखि नै ''हुने बिरुवाको चिल्लो पात'' थिए। अलगड़ाअन्तर्गत पैंय्यु बस्तीमा १३ दिसम्बर, १९३६ को दिन जन्म ग्रहण गरेका भुवनसिंह मुमाको न्यानो वात्सल्यमय छत्रछायामा गाउँको स्वच्छ परिवेशभित्र हुर्के अनि बढ़े। उनी नौ वर्षका बालक छँदा नै पितृ–सुखबाट वञ्चित रहनुपरेको थियो।

उनको शैक्षिक यात्राअन्तर्गत उनको प्रारम्भिक शिक्षा गाउँकै पाठशाला शारदेश्वरी प्राथमिक पाठशालाबाट आरम्भ भई कुमुदिनी विद्यालयबाट उनले म्याट्रिक परीक्षा उत्तीर्ण गरे। तदुप्रान्त वाह्य परीक्षार्थीका रूपमा स्नातक परीक्षा उत्तीर्ण गरे। तर उनले यतिमा नै मौन भई बसेनन्, उनले सन् १९५५–५६ को सत्रमा सरकारी निम्न बुनियादी प्रशिक्षण संस्थानबाट बुनियादी (B.T.) परीक्षा उत्तीर्ण गरी स्वयंलाई कर्म क्षेत्रको निम्ति समर्थवान तुल्याए।

शैक्षिक योग्यता हासिल गरेउप्रान्त कर्मक्षेत्रमा उत्रने स्थिति आइपर्नु स्वाभाविक कुरो हो किनकि कर्मक्षेत्र नै सुनौलो भविष्यको आधार हुने गर्दछ, यति मात्र होइन उन्नति र समृद्धिको कुञ्जी पनि ठहर्न जान्छ। यसअनुरूप भुवनसिंह सर्वप्रथम पागाङ निम्न उच्च विद्यालय (Junior High School) अनि मनसङ उच्च विद्यालयमा क्रमैले शिक्षक पदमा संलग्न रहे। यति मात्र किन र! सन् १९५५ देखि १९६१ सम्म स्व. थापाले

गणेश निम्नोच्च विद्यालयमा शिक्षण सेवामा संलिप्त रहे। यस अतिरिक्त उनले सरकारी मान्यता हासिल गर्न नसकिरहेको गित डाब्लिङस्थित सीताराम गोयल उच्च विद्यालय (High School)-लाई सरकारी मान्यता दिलाउनमा ठुलो योगदान पुऱ्याएका थिए। हिजआज यो विद्यालय गित डाब्लिङ उच्च विद्यालयको नामले परिचालित छ। फेरि भएन, दार्जिलिङको जिल्ला पाठशाला परिषद्को अध्यक्ष पदमा आसीन कमरेड स्व. टी.एस. गुरुङको संलग्नतामा उनले कतिपय प्राथमिक पाठशालाहरूलाई सरकारी मान्यता दिलाउनमा पनि अहम् भूमिका वहन नगरेका होइनन्।

समयले पल्टा खाएसरह उनको शिक्षक-कर्मले पनि रङ्ग फेऱ्यो। भनौं, उनले समयको रफ्तारसँगै बहँदै शिक्षक वृत्तिलाई तिलाञ्जली दिए, एउटा नयाँ कर्मको अध्यायको सूत्रपात गर्नकै निम्ति। नभन्दै स्व. थापा सन् १९६१ मा दार्जीलिङको प.ब. सरकार अधीनस्थ कृषि विभागमा आफ्नो दायित्व वहन गर्ने क्रममा लागिपरे। पुनश्चः सन् १९६५ कै छेकमा भनौं, उनी सुकेपोखरी, दार्जिलिङको ब्लक अफिसमा भी.एल.डब्ल्यू. (V.L.W.) पदमा कार्यरत रहे। यसअतिरिक्त पनि, सुकेपोखरीबाट पुनः सरुवा भई उनले अलगढ़ा ब्लक न. २ स्थित गित डाब्लिङ अञ्चलमा V.L.W. को अभिभारा ग्रहण गरे।

एवंरीतले उपरोक्त पदमा संलग्न रहेकै अवधिमा भुवनसिंह थापालाई भी.एल.डब्ल्यू. कर्मीवर्गको संयोजक पदमा आसीन गराइयो भने अर्कोतर्फ उनलाई प.ब. सरकारद्वारा राज्य स्तरीय मनोनीत सदस्यता प्रदान गरियो। तर सन् १९८६-८८ मा सुवास घिसिङद्वारा थालिएको गोर्खाल्यान्ड आन्दोलनमा आफ्नो माटो प्रेमको कारण प.ब. राज्य सरकारद्वारा प्रदत्त राज्य स्तरीय सदस्यतालाई मन-प्राणले परित्याग गरे। यो थियो उनको माटो प्रेमको सानु नमुना।

कुरो यति नै होइन, एकबाजि कलकत्तामा आयोजित भी.एल.डब्ल्यू. को महाअधिवेशनमा उनले बङ्ग-बन्धुहरूको जमातमा नेपाली भाषाको प्रयोग गरी नेपाली भाषाको गरिमालाई शिखर उन्मुख गराउँदै आफ्नो मातृभाषा प्रेमको विजयपताका फहराउन सफलीभूत भए। उनको यस निर्भीकतामा बङ्ग-बन्धुगण बिलखबन्द परे। अतः उनको ओजपूर्ण वक्तव्य र आचरण देखेर बङ्गीय नेताहरूले उनलाई सांसद अथवा विधायकको निम्ति चुनाव लड्ने परामर्श त दिए तर उनले उनीहरूको परामर्शलाई अस्वीकार गरिदिए। कारण वास्तवमा नै स्व. थापा राजनीति भन्ने जन्जालप्रति पूर्णतः विरागी थिए। यो थियो उनको प्रलोभनमाथिको गौरवपूर्ण विजय।

स्व. भुवनसिंह थापाको एउटा विशेषता यो थियो कि जब कोही कर्म-आकाङ्क्षी युवा जागिर प्राप्तिका उद्देश्य लिएर उनीकहाँ आउँथे, तब उनी यस्ता आशावादी युवा जमातलाई सहयोग गर्न चुक्तैनथे तर उनीहरूको पाउमा उभ्याइदिन्थे, कसैबाट केही नलिइकनै। यस्ता स्वार्थत्यागी व्यक्ति थिए उनी, मानो उनी मानवताका देवता नै थिए। यसैक्रममा उनको मानवतावादी भावनाको चर्चा गर्नुपर्ने एउटा प्रसङ्ग यस्तो पनि छ कि एकबाजि एकजना लोहार बन्धु आफ्नो जीविकाको साधन जुटाउने कुरा लिएर स्व. थापाकहाँ मदतका निम्ति गएछन्। लोहार बन्धुको दुखेसो सुनेपछि हतियार बनाउने आरनको निम्ति ऋणको रूपमा रकमको प्रबन्ध गरिदिएछन् उनै थापाले। तर उनीमार्फत प्राप्त ऋणको राशिको सही उपयोग भएको ठोस प्रमाण प्रस्तुत गर्नुपर्ने सर्तअनुसार उनी कार्य सिद्ध भएको - नभएको जाँच गर्न लोहारको आरन भए ठाउँमा पुगेका थिए किनभने उनीद्वारा दिइएको मदतको दुरुपयोग भएको रुचाउँदैन्थे। गुण लगाएकै परिप्रेक्ष्यमा लोहार बन्धुले केही फाल्तु रकम बी.एस. थापालाई थमाउने धृष्टता गरेछन् तर सो रकम लिन चाहेनन् उनले। अरू भए हतार-हतार थापिहाल्ने थिए। तथापि स्व. थापालाई ती लोहारले उपहारस्वरूप खुकुरी प्रदान गरेका थिए।

विदित रहोस्- स्व. बी.एस. थापा केवल सरकारी नोकरीमा मात्र सीमित बसेनन्, प्रत्युत उनको

सामाजिक सेवातर्फ पनि झुकाउ थियो नै भन्नुपर्छ। संलग्नताको दृष्टिले हेर्नु हो भने उनको धेरैवटा संघ-संस्थाहरूसँग सम्बन्ध थियो। यति मात्र के र! उनी नेपाली साहित्य अध्ययन समिति, कालेबुङका एक कर्मठ सदस्य त थिए नै साहित्य प्रकाशन परिषद्का सल्लाहकार सदस्य रहेका पनि हुन्। एवंरीतले उनले उक्त दुवै संस्थाहरूसँग सम्वद्ध रहेर भाषा-साहित्यको प्रचारमा पनि ठुलो योगदान पुऱ्याएका थिए एक साहित्य-प्रेमीको हैसियतले।

यति मात्र होइन, उनको सामाजिक सेवाको अर्को उदाहरण उनी गोर्खा संस्कृति संरक्षण समितिको एक प्रबल स्तम्भको रूपमा संलग्न थिए। विज्ञजनलाई सम्झना अवश्य छ कि कालेबुङ मेलाटारमा आयोजित कोटि होम अनुष्ठान उनकै अध्यक्षतामा सफलतापूर्वक सम्पन्न भएको थियो। यसै सन्दर्भमा भन्नुपर्दा प्रजापिता ब्रह्मकुमारी ईश्वरीय विश्व-विद्यालयसंग पनि उनको संलग्नता रहेको कुरो थाहा लाग्छ। यसबाट उनको धर्मप्रतिको आस्था अनि अध्यात्मवादप्रतिको श्रद्धा रहेको देखा पर्दछ। अर्को पक्षमा भनौं, गोर्खा विद्यापीठसंग सम्प्रीति राख्दै दुःख निवारक सम्मेलनमा पनि उनी कोषाध्यक्षको अभिभारा वहन गर्नमा पनि अग्रणी देखिन्थे।

दिवङ्गत भुवनसिंह थापाका अरू केही सामाजिक कार्यकलापबारे चर्चा गर्नु हो भने सन् १९८९ मा उनी पार्वत्य कर्मचारी सङ्गठन, कालेबुङको अध्यक्ष छँदा सङ्गठनमा आइपरेको विभाजन नीतिअन्तर्गत अमर गुट र भीम थापा गुटलाई एकीकृत गराउने उद्देश्यमा तत्कालीन दार्जीलिङ गोर्खा पार्वतीय परिषद् अध्यक्ष सुवास घिसिङसमक्ष सिफारिस गर्नमा उनले अहम् भूमिका निभाएको घटनालाई अस्वीकार गर्न सकिँ दैन।

यहाँ अझ थप कुरा यो पनि छ कि सन् २००२-०३ को २२ र २३ दिसम्बरमा विद्या भारती अखिल भारतीय शिक्षा संस्थान अधीनस्थ विद्वत् परिषद् शिक्षा सम्मेलनको तत्त्वावधानमा गुवाहाटीमा आयोजित स्वर्ण जयन्तीमा कालेबुङको पक्षमा प्रतिनिधित्व गर्न पनि चुकेनन्। यस अतिरिक्त, अल इन्डिया विद्या भारती शिक्षा संस्थानको आयोजनामा चन्डीगढ़मा सम्पन्न भएको सन् २००५ को शिक्षा अधिवेशनमा बी.एस. थापाले कालेबुङको पक्षबाट प्रतिनिधित्व गरेका थिए, जसको सराहना हामीले गर्नैपर्छ।

यस अतिरिक्त, उनै बी.एस. थापाको कालेबुङ उपभोक्ता सङ्गठनसंगको सम्बन्धलाई पनि नकार्न सकिंदैन। त्यसमाथि उनी अखिल बङ्गाल विद्युत उपभोक्ता सङ्घको उपाध्यक्षको पदमा पनि उतिकै सक्रिय थिए। यस्तै-यस्तै सामाजिक सेवामा रत रहे पनि उनको सेवामा अझ निरन्तरता कायम थियो। तब भन्नुपर्छ, सन् २००४ मा गोर्खा राष्ट्रिय मुक्ति मोर्चाद्वारा आयोजित सहिद दिवस - २७ जुलाई समारोहको अध्यक्षता पनि उनले गरेका थिए। यति मात्र के र! गोर्खाल्यान्ड आन्दोलनको आगो निभेपछि गोर्खाजनको उत्साह शिथिल भएको देखेर आफ्नो डाइरीमा उनले आफ्नो उद्गार यसरी पोखेका छन्-

"जब गोर्खाको रगत तातिन्छ तब बुद्धि भ्रष्ट हुन्छ अनि जब गोर्खाको बुद्धि पलाउँछ तब उसको रगत सेलाएको हुन्छ।"

तर जे होस्, उनले पुऱ्याएको सेवा फेरि पनि मरेको छैन, उनको उत्साहको दीप अझ निभेको छैन। भन्नुपर्छ, एकबाजि उनै थापा महाशय पञ्चशील सेवा आश्रमको आयोजनामा सम्पन्न निःशुल्क चिकित्सा शिविरमा पनि सदस्यता ग्रहण गरी निर्धक्क भई आफ्नो योगदान पुऱ्याएका नै थिए।

पुनश्चः उनका अन्य सत्कर्मकै सन्दर्भमा भन्नु हो भने थापा दाइ ग्राम युगल सङ्घ समाजको हितार्थ तेस्रो पल्टसम्म अध्यक्ष पदमा आसीन रहेर यस सङ्घको पञ्जीकरण गराउनमा उनको अहम् योगदान रहेको घटना असत्य होइन। अर्कोतिर विद्या भारती शैक्षिक संस्थानको छत्रछायामा हुर्किरहेको 'सरस्वती शिशु मन्दिर'-का उनी संस्थापक अध्यक्षको पदमा आसीन

रहे केही कालसम्मको निम्ति। यसोप्रान्त पनि भारतीय तागाधारी सम्मेलनमा केन्द्रीय प्रतिनिधिको ओहोदामा प्रतिष्ठित भई तागाधारी गोष्ठीको हक र अधिकारको निम्ति पूर्ण मनोयोगले सेवा गरेका थिए।

आफूले शिक्षा प्राप्त गरेको विद्यालयलाई माया मार्न नसक्ने र माया गर्न नबिर्सने कुमुदिनी विद्याश्रमका उनी एक आदर्श विद्यार्थी थिए। अतः कुमुदिनी परिवार (भूतपूर्व विद्यार्थी संगठन) मार्फत विद्यालयप्रति सहयोग प्रदान गर्न कथित परिवारका एक अब्बल अध्यक्ष बन्न गए। यसै क्रममा 'कुमुदिनी परिवार' नामक पत्रिकाको प्रकाशन गर्ने जमर्कोमा साहित्यकार नरबहादुर दाहाल र महानन्द पौड्यालसँग काँधमा काँध मिलाउँदै थापा दाइले सहयोगको हात बढ़ाएका थिए। यो थियो १९५८ को कुरा। केही कालको अन्तरालपछि पुनः 'कुमुदिनी परिवार' पत्रिकाका अझ दुइ अङ्क प्रकाशित भइसकेका छन्। एवंरीतले सामाजिक एवं राजनैतिक सेवामा रत रहे उप्रान्त उनी सरकारी सेवाबाट निवृत्त भए अनि फेरि दागोपाप कालेबुङ शाखाको कार्यालयमा पी.ए. को पदभार सम्हाल्ने अवसर पाए।

अझ थप कुरो, उनको धार्मिक सेवाको चर्चा गर्नु हो भने कालेबुङ डुङग्रा बस्ती स्थित सिद्धेश्वर शिवालय मन्दिरको एक सशक्त आजीवन कार्यकारी सदस्य रहेका थापा दाइ धार्मिक आत्मा त थिए नै, उनी भगवान साई बाबाप्रति पनि पूर्ण समर्पित भक्त थिए।

अब ज्ञातव्य कुरो यो पनि छ कि सन् १९८८-८९ मा थापा दाइ पार्वतीय कर्मचारी सङ्गठनका महकुमा सभाधिपति छँदा उनले नेउरा जल परियोजनाको नाममा ज्योति बसु (तत्कालीन मुख्यमंत्री, प.ब.) द्वारा धौला खोलाको जल सर्वराहको उद्घाटन गरिएकोमा चित्त नबुझ्दा क्षुब्ध भई त्यस धौला खोलाको जल आपूर्ति गरिएको मिथ्या कार्यकलापका चित्रहरू थाना डाँड़ास्थित त्रिकोण पार्कमा प्रदर्शन गर्नमा पनि उनले अदम्य साहसको परिचय दिएका थिए।

तर कसलाई थाहा थियो समाजका एक वरिष्ठ सेवक, समाजका एक अग्रज मित्र, कुमुदिनी विद्याश्रमका पूर्व एवं वर्तमान विद्यार्थीहरूका निम्ति प्रेरणाका एक प्रणेतालाई कालको क्रूर हातले हामीबाट चुँड़ाई लान्छ भन्ने कुरो। नौ वर्षको कलिलो उमेरमा पिताको वात्सल्यमय स्नेहबाट वञ्चित भुवनसिंह थापा समाजको उत्थान र साहित्यिक विकास साथै समृद्धिको निम्ति समर्पित छँदा-छँदै रोग-शय्यामा परी २० अप्रेल २००८ का दिन ७२ वर्षको उमेरमा आफ्नो नश्वर देह त्यागी परलोकवासी भए।

रोग शय्यामा आफू छँदा पनि सेवा-सदनमा उनलाई भेट-दर्शन गर्न गएको समय निधन हुनअघि थापा दाइले यस कलमकारलाई एउटा अर्ती भनौं वा आशिष, प्रोत्साहनको रूपमा भनेका थिए यसरी - "सुवेदी भाइ! मेरो चोला उठे पनि तिम्रो कलममा निरन्तरता छाइरहोस्, तिम्रो कलम तिखारिएर जावोस् है!" त्यसपछि उफ्! उनलाई अब कहिले पनि कसैले भेट्न नपाउने भए। यो कस्तो विडम्बना! त्यसैले यो कलमकार थापा दाइको परलोक गमनले हाम्रो समाजलाई अपूरणीय क्षति पुगेको अनुभव गर्दछ।

अन्तवोगत्वा स्व. बी.एस. थापाद्वारा आफ्नो जीवनकालमा रचित सन्देशमूलक कविता जुन उनकै डायरीको एक पानाबाट प्राप्त भएथ्यो, सोही कविता पाठकवर्गको जानकारीहेतु प्रस्तुत गरिन्छ -

पखाल्छौ पाप पूर्वजको कसरी
होमादि गर्ने समिधा न ता
आँगन नै तिम्रो छ।
दाह संस्कार हरेक सन्तानको
गर्छौ कसरी?
तिम्रै नद-नदी न ता
पखाल्ने जल नै तिम्रो छ
हे सूत्रधार! सचेत होऊ
दिव्य रत्न हाम्रो भारतभित्र
गोर्खा जातिको दीप्त गौरव
शान्तिमय भूमि सजाऊ।।बस्!!!

■

हाम्रा पथ प्रदर्शकहरू

सुधीर छेत्री, (भूतपूर्व विद्यार्थी),
सहशिक्षक, एसयुएमआई, कालेबुङ

सङ्क्षिप्त परिचय

नाउँ – कमलकुमार छेत्री
जन्म – १२ दिसम्बर १९७१ (अलाहाबाद)
पेसा – शिक्षक, एस.यु.एम.आई, कालेबुङ
साहित्यिक नाउँ – सुधीर छेत्री
शिक्षा – एम एस्सी, बी एड
प्रकाशित कृति –शिल्पका पखेटाहरू (कविता सङ्ग्रह, २००८)
फेरि अर्को अनुष्टुप (कविता सङ्ग्रह, २०१५)
सम्पादक – विचलन (समसामयिक साहित्यिक पत्रिका, २००७ देखि)
साहित्यिक संलग्नता – कविताविधामा नवीनताको आग्रह लिएर विचलन लेखनसित सम्बन्धित
सम्मान – १. नेपाली साहित्य अध्ययन समिति, कालेबुङबाट अभिनन्दित, २. चरित्र प्रकाशन, कालेबुङबाट अभिनन्दित, ३. भाइचन्द प्रधान स्मृति पुरस्कार (२००९)

१९८१ सालमा फरवरी महिनाको पहिलो सातातिर हुनुपर्छ सायद, हिउँदे चिसो हावा बहिरहेको समय थियो, पिताज्यूले डोहोऱ्याउँदै मलाई कुमुदिनी होम्स्को विशाल र आकर्षक प्रवेशद्वारसम्म पुऱ्याउनुभयो। त्यहाँ पुगेपछि भन्नुभयो– 'जा, क्लास फोर ए खोजेर बस्, भरै सिधा घर आउनू अघिकै बाटो भएर।'

सुनदह र जोरबङ्गलाको बिचतिर पर्ने सानो ठाउँ रङ्बुलको जोरखोला प्राथमिक पाठशालामा तेस्रो श्रेणीसम्म पढ़ेर आएको सानो ठिटोलाई कुमुदिनी होम्स्को विशालकाय परिवेशले तर्सायो। वरिपरि हेर्छु ठुला बिल्डिङको नजिकमा विस्तृत मैदान छ। कहीँ घाँस, कहीँ माटो। पहेंलो रङ्गले सजिएको तीनतले लामो बिल्डिङको एक कुनामा आकाशलाई चुनौती दिँदै उभिएको छ भीमकाय घड़ी। म अनकन्टार जङ्गलमा हराएको पाठोझैं भएँ।

पिताज्यू त्यति भनेर फर्किहाल्नु भयो। म अल्मलिँदै तल्लोपट्टि स्थित क्लास फोर ए–मा सोध्दै खोज्दै पुगेँ। कक्षामा पसेपछि सरम मान्दै पछिल्लो पङ्क्तिमा गई बसेँ। मलाई नयाँ देखेर अनेक कुरा सोधे साथीहरूले। म धेरजसो लजाई नै बसे हुँला।

कल्पना गुरुमाले कक्षामा आएपछि मलाई देखेर कराउनु भयो– 'एई फुच्चे, तँ त्यहाँ ढाड़ेहरूसित पछि के गर्दैछस्, याँ अगाड़ि आएर बस्।'

म लुरुलुरु अगाड़ि बेन्चमा आई नयाँ अनुहारका साथीहरूसित खाँदिएर बसेँ। मेरो कुमुदिनीको यात्रा त्यसरी सुरू भयो।

अब समय निकै बितिसकेको छ। जीवनका क्यालेन्डरमा नयाँ नयाँ पानाहरू थपिएका छन् अनि

पुराना धेरै मेटिसकेका छन्। यस्ता बेलामा आफ्ना विद्यार्थीकालका कुरा, मिठा स्मृतिहरूलाई बल्झाउनु आफैंलाई रमाइलो लाग्छ। अनि यसरी सम्झनु ती निष्ठावान, कर्तव्यपरायण र समर्पित शिक्षक/शिक्षिकाहरूलाई मनमनै श्रद्धा व्यक्त गर्नु पनि हो जसका अथक र सतत प्रयासबाट हामीले केही सोच्न सक्ने, केही बोल्न सक्ने, केही गर्न सक्ने मान्छे बन्न सक्यौं।

एकपल्ट स्कुलका प्रधानाध्यापक स्व. सिबी राणाले स्कुल-प्रवेशद्वारका छेउमा रहेको भित्तामा बाहिर र भित्र सिँढ़ी बनाइदिनुभएको थियो। विद्यार्थीहरूलाई आवत-जावत सजिलो होस् भन्ने सम्भवतः उहाँको सोच थियो होला। ठुलो गेट त पहिल्यै थियो। मान्छे र गाड़ी अलग अलग छिर्न सक्ने 'चरित्रं हि बलम्' लेखिएको त्यति ठुलो स्कुल-गेट हुँदा हुँदै पनि फेरि छेवैको भित्तामा सिँढ़ी थप्नु पीएल सर (पीएल सुब्बा)-लाई भने अद्भुत लागेछ। पीएल सरले स्कुलकै मुखपत्र 'कुमुदिनी'-मा व्यङ्ग्य गर्दै आईजक न्युटन प्रसङ्ग ल्याएर सानो कथा लेख्नुभएको थियो। आइजक न्युटनले आफ्नो दैलोमा ठुलो बिरालो र साना बिरालाहरूलाई छिर्ने भिन्नाभिन्नै प्वाल बनाएको हास्यास्पद सन्दर्भसित स्कुलमा बनिएको सिँढ़ीलाई जोड्नुभएको थियो। यस्तै कथा आइन्स्टाइनको पनि थियो भन्ने किंवदन्ती छ।

यसबाट बुझ्नै सकिन्छ कि वाक्-स्वतन्त्रता कुमुदिनीको विशेषता हो। भन्न मन लागेका कुरा भन्न सक्नु वा व्यङ्ग्य कस्नु वा विमर्श गर्नु विचारको मुक्ततातिर बग्नु हो। त्यस्ता कुरालाई सहन गर्नसक्ने परिवेशमै ज्ञानका बाटाहरू खोलिन्छन्। गणतन्त्र र देशत्वबोध कुमुदिनी होम्सका मूलभूत मन्त्रहरू हुन्। राष्ट्रिय विभूतिहरू जस्तै गान्धी, नेहरू, राधाकृष्ण आदिका नाममा 'आश्रम'-हरूका नाम राखिनुले पनि यस्ता उद्देश्यतिर इङ्गित गर्दछ।

उनै पीएल सरले छैटौँ कक्षामा हामीलाई अङ्ग्रेजी व्याकरण पढ़ाउनुभयो। कुटाइ र भकुन्याइसित मिसिएको उहाँको अभूतपूर्व शिक्षणशैलीले हामी थर्कमान् थियौं। पहिलो पिरियडमा उहाँको स्कुटरको विचित्र आवाज स्कुलतिर झर्दा कतिको हृदयगति रोकिएला झैं हुन्थ्यो। प्रश्न सोद्धा उत्तर ठिक मात्र भएर नहुने, छिटो पनि भनिनुपर्थ्यो। जति नै तयारीका साथ आउँदा पनि बाँच्न गाह्रो, हाफपेन्ट खोलेर चाकमा एकदुई बेत त अवश्यम्भावी थियो। लौरोको चर्चराउँदा प्रहारको रमरम एकदुइ चैं मैले पनि अनुभव गर्न पाएँ।

अहिले सम्झन्छु, उहाँको उद्देश्य कति निर्मल र कार्य कति निरन्तर। उहाँकै भगीरथ कोसिसका कारणले हामी, छैटौं श्रेणीदेखि मात्र अङ्ग्रेजी माध्यममा पढ्न सुरू गरेकाहरूलाई जीवनमा कहिल्यै अङ्ग्रेजी लिएर दुःख भएन।

यस्तै प्रसङ्गमा खगेन्द्र सर (खगेन्द्र सोङ्पाङ्बे)-लाई पनि सम्झनु उपयुक्त हुन्छ। सात कक्षादेखि आठमा चढ़ेको पहिलो दिन एउटा पिरियडमा खगेन्द्र सर आउनु भयो। ब्ल्याकबोर्ड अघिल्लो पिरियडकै कुराहरूले भरिएको थियो। त्यसलाई नमेटी त्यसैमाथि ससाना अक्षरमा ड्याम्मै लेख्नुभयो खगेन्द्र सरले। कसरी सार्नु अब त्यो ? नेपाली पटक्कै बोल्नुहुन्न। अङ्ग्रेजीको उच्चारण र जिब्रो बेलाइती छ। गतिला शरीरका खगेन्द्र सरले लेखिसकेर अङ्ग्रेजीमै भन्नुभयो – 'मेरो कुरा बुझिनस् भने फेरि सेभेनमै जा।' हामी अक्क न बक्क भयौं।

खगेन्द्र सरले रेन एण्ड मार्टिनका सबै अभ्यासहरू घरमा गरेर ल्याउन प्रेरित गर्नुहुन्थ्यो। हामी केहीले गरेर ल्याउँथ्यौं पनि, झिंजो नमानी जम्मै एक एकवटा हेर्दै, संशोधन गरिदिनु हुन्थ्यो। टिप्पणी लेखिदिनुहुन्थ्यो। अनि अन्त्यमा उहाँको प्रसिद्ध ठुलो हस्ताक्षर, पानाको एक कुनादेखि अर्को कुनासम्म फैलिएको, अङ्कित गरिदिनु हुन्थ्यो। सायद मसित उहाँको हस्ताक्षर भएको एउटा-दुइटा खाता त अझै पनि सुरक्षितै होलान्।

कुमुदिनीमा हामी पढ्दा हप्तामा एउटा कि दुईवटा नियमित लाइब्रेरी कक्षा हुन्थ्यो। मलाई खुबै मन पर्ने बेला हुन्थ्यो त्यो। हामी एक एक गर्दै लाइब्रेरीमा छिर्थ्यौं। भित्र रूपराम देवान सर बसिरहनुभएको हुन्थ्यो। प्रायः

उहाँकै इच्छामा वा कहिलेकाहीँ हाम्रो इच्छामा किताब घर लान पाइन्थ्यो। किताब भनेपछि दिक्क मान्ने साथीहरूलाई मैले चिनेकै थिएँ। उनीहरूलाई फकाउँथे र मेरो रूचिका किताबहरू उनीहरूका नाममा टिप्न लगाउँथे। एकभन्दा अधिक किताब घर भित्र्याउने मेरो त्यो उपाय पछिसम्म चल्यो। पुस्तकालयमा नेपाली साहित्यका धेरै पुस्तक थिए। रूपराम सरले मलाई अच्छा राई 'रसिक'-को 'लगन' दिँदै 'यो लगेर पढ्' भन्नुभएको अझै पनि मेरो कानमा घन्किरहेकै छ। प्रकाश राणा, अच्छा राई, प्रकाश कोविद, जय धमाला आदि मैले जीवनमा प्रथमपल्ट त्यही पुस्तकालयबाट पढ़ेको हुँ। कुमुदिनीका छात्रहरू साहित्य-कलातिर उन्मुख बन्नुमा त्यस पुस्तकालयको गतिलै भूमिका छ भन्ने मलाई लाग्छ। हामी स्कुलमै छँदा स्कुलका ताजा भूतपूर्व विद्यार्थीहरू गोपाल धिताल र भूषण शर्माले उपन्यास प्रकाशित गरिसकेका थिए, चुनिलाल घिमिरे धमाधम कथा लेख्दै थिए। हीरा छेत्री, सहदेव गिरीहरू साहित्यमा सक्रिय बनिसकेका थिए। मोतीप्रसाद शर्मा स्थापित भइसकेका थिए। कुमुदिनीले जन्माएका साहित्यिकहरूको सूची पनि लामै छ। कालेबुङमा कलाकारहरू फस्टाउनमा 'धर्म हल'-को भूमिका पनि कम छैन।

स्कुलको वार्षिक पत्रिका 'कुमुदिनी'-का तत्कालीन प्रधान सम्पादक रूपराम सरले नै मेरो जीवनको प्रथम रचना कुमुदिनीमा छापिदिनु भएको थियो। जानी नजानी एउटा कथा लेखेको थिएँ, उहाँले सच्याएर छापिदिनु भयो। आफूमा साहित्यप्रतिको अभिरूचि अङ्कुरित हुनुमा रूपराम सरको प्रेरणा नै ठुलो कारण हो भन्ने मलाई बोध हुन्छ।

प्रान्त परिषद्ले छुट्टै प्रान्तको आन्दोलन गर्दा हामी अलि सानै थियौं। हाम्रा सरहरूमा विशेष भरत सर (भरत थापा) अनि टीबी सर (टीबी राई) आदि अत्यन्त सक्रिय थिए भन्ने थाहा पाउँछौं। कालेबुङमा ५ मई १९८२ का दिन प्रान्त परिषद्को सभा हुँदा अरू धेरै प्रबुद्ध व्यक्तिहरूका साथसाथै हाम्रा यी दुई सरहरूलाई पुलिसले लाल गल्लीमा बर्बरतापूर्वक प्रताड़ित गरेका थिए अनि महिना दिनसम्म उनीहरू स्कुलमा उपस्थित हुन सकेनन्। ८ अगस्त १९८० का दिन सुकेपोखरीमा इन्द्रबहादुर राईको अध्यक्षतामा स्थापित हुने 'प्रान्त परिषद्'-को पहिलो सभामा पनि भरत सर उपस्थित थिए भन्ने कुरो मैले कहीँ पढ़ेको छु। उनले १९८१ को सुरुदेखि बङ्गाल सरकार विरूद्ध सहिद कृष्ण सुब्बाको समाधिछेउमा आमरण अनसन गरेर पाँच दिनपछि मात्र अन्न ग्रहण गरेको कुरा पनि कहीँ पढ़ेको छु।

भरत सरले विद्यार्थीहरू अघि आफ्नो राजनैतिक छवि कहिल्यै देखाउनु भएन। कक्षा दसमा विश्वेश्वर कोइरालाको कथा 'कर्णेलको घोड़ा' पढ़ाउनु हुँदा उनी पूर्ण साहित्य-समालोचकझैं देखिनु हुन्थ्यो। कर्णेलकी पत्नीमा निहीत यौनिक असन्तुष्टि अनि उसको घोड़ासितको नजिक्याइँ देखेर ईर्ष्यावश कर्णेलले घोड़ालाई गोली हानी मारेको कुरा हिन्दी सिनेमामा नायकले नायिकालाई जुरुक्क बोकेर आफ्नो पुरुषत्व देखाएको कुरासित तुलना गर्दै कक्षामा बताउनु हुन्थ्यो। एकपल्ट गुरुप्रसाद मैनालीको कथा 'विदा'-को सारांश लेखेर घरबाट ल्याउने काम दिनुभएको थियो। मेरो सारांश श्रेष्ठ भएको घोषणा गर्दै मसित सोझै हात मिलाएर बधाई दिनु भएको घटना म कहिले बिर्सिन्थें र!

टी.बी. सर भने हाम्रो पिँढ़ीका युवाहरू निष्क्रिय भएको देखेर क्रोधित बन्नु हुन्थ्यो अनि भन्नु हुन्थ्यो - 'तँ पानीमरुवाहरू, मणिपुर-मिजोरामका केटाहरू हेर्, आफ्नो हक चिन्छ उनारले। तँहरू पानीमरुवा।'

केसिबी मिस (के सी भुटिया)- को ममतापूर्ण शिक्षण अनि जीवविज्ञान, साह सर (एम के साह)-को बङ्ला, पासङ सर (पासङ भुटिया), ब्लोन सर (बीबी ब्लोन), तिवारी सर (पी एन तिवारी)-का भौतिक विज्ञान र हिसाब, अग्रवाल सर (पी सी अग्रवाल)-का अङ्ग्रेजी अनि भूगोल... अझै कति छन् कति छन् सम्झनेपर्ने कुराहरू हाम्रा गुरु/गुरुमा अर्थात् हाम्रा पथ प्रदर्शकहरूका!

■

ATHLETIC MEET 2013 ORGANISED BY KUMUDINI PARIWAR

MEMBERS OF KUMUDINI PARIWAR DURING 16th KPG HALF MARARTHON AT MELA GROUND ,20.09.2018

KUMUDINI PARIWAR MEMBERS DURING KALIMPONG HALF MARATHON 2003

STATING POINT HALF MARATHON AT P.W.D FATAK 2009

सम्झनाको तरेलीमा घिसिङ सर र 'कुमुदिनी होम्स्'

प्रा. देवचन्द्र सुब्बा
नेपाली विभाग, सिक्किम विश्वविद्यालय

सन् २000 तिर माध्यमिक परीक्षा पास गरेर अब कता पढ्ने भन्ने झुकझुक थियो। टिस्टा भेल्ली दार्जीलिङ जिल्लाअन्तर्गत पर्ने चियाबारी भए तापनि कालेबुङ साह्रै नजिक उहिलेदेखि...। गाउँका साथी भाइहरू पनि कालेबुङ नै पढ्थे। मलाई पनि उतै जाने रहर थियो मनभित्र...। तर घरमा बताउन सकेको थिइनँ। आमाले भन्दा बाबाले मलाई कालेबुङ जाने उत्साह दिनुभयो र म कालेबुङ आएँ। चियाबारीबाट बजारमा पढ्न पाउनुको एउटा अर्कै अनुभव हुँदो रहेछ। जुन अनुभवको व्याख्या अब गर्न सकिँदैन। कालेबुङमा थुप्रै स्कुलहरू रहेछन् राम्रा राम्रा अनि सबैले सबै स्कुलबाट फरम निकाल्दा रहेछन्। मलाई भने याद भएकै स्कुल थियो 'कुमुदिनी होम्स्'। मेरो सानैदेखिका साथी सागर राई त्यहीँ पढेका र मलाई पनि त्यहीँ जाने रहर थियो। कतिले एसयुएमआई राम्रो हो भने, कतिले एस.ए.एस. राम्रो। मेरो प्रेम भने 'कुमुदिनी होम्स'-सँग परिसकेको थियो- अन्जानमै। पढ्नमा म उति राम्रो होइन तर सरहरूले पढाउनु भएको म राम्ररी बुझ्थें। त्यसैले माध्यमिक दिनेहरू अस्सी जनामध्ये म मात्रै दोस्रो आएको थिएँ र अरू चारजना तेस्रो भएका थिए भने बाँकीले कहिले पनि दोस्रोचोटि माध्यमिक दिएनन्। नेपालीबाट माध्यमिक दिएको 'कुमुदिनी होम्स्'-मा अङ्ग्रेजीमा पढ्नुपर्दा मेरो नाक र दाँत दुवै ठाउँबाट पसिना निस्केको थियो। मलाई पोलिटिकल साइन्स र इकोनमिक्सले सधैँ तारा देखाउँथ्यो। अग्रवाल सरले 'के पढ्छस् केटा हो इकोनमिक्स... तेल र आँटा त हो' भन्दै ठट्टा गर्नु भएको हिजोजस्तै लाग्छ।

मेरा गाउँका आदरणीय सर श्री मधुप राईले आदरणीय याङदेन घिसिङ सरको कुरा गर्नुभएको थियो। उहाँले 'घिसिङ सरलाई भेट्नू' पनि भन्नुभएको थियो। मैले 'कुमुदिनी होम्स्'-को प्रवेश परीक्षामा बस्नअघि डरसरि घिसिङ सरलाई भेटेँ। सरलाई देखेपछि मेरो सातो गएको थियो...। 'के छ'- बाट कुरा सुरू गर्नुहुन्छ घिसिङ सर...। केही छैन भने के छ भन्नु...। मैले मधुप सरले दिनुभएको एउटा खाम उहाँलाई दिएँ र सरले पठाउनु भएको भनेर टाप लागेँ। परीक्षा बसेँ... मेरो छेउमा सन्तवीर लिम्बू भन्ने एकजना भुटानको शरणार्थी साथी थियो। तर उसले कहिले आफूलाई नेपालको मानेन, म भूटानकै हूँ भन्थ्यो। केटो अङ्ग्रेजीमा राम्रो थियो। मेरो त उसैले गरिदियो सबै। बदलामा मैले उसलाई

मर्नुभन्दा साहसी भई बाँच्नु महानता हो। - नेपोलियन

भारतीय इतिहासबारे सिकाएको थिएँ। त्यसपछि मौखिक परीक्षा भयो। प्रश्न सोध्नका लागि दुईजना सरहरू अलग अलग बस्नुभएको थियो। त्यसमा एकजना हुनुहुन्थ्यो घिसिङ सर... म थर् थर् थिएँ। 'नपरोस् त्यहाँ' भन्दा भन्दै म सरकैमा परेँ। नाम के हो ? सोधेपछि 'सुगौली सन्धि' कहिले भएको थियो ?' सोध्नुभयो। मलाई थाहा थियो हर्कका साथ सन् १९१४ भनेँ... सरले 'गुड' 'तर' सन् १९१४-१६ सम्म भन्नुपर्छ, भन्नुभयो र कुन्नि के लेख्नुभयो। जाने सङ्केत पाएपछि म निस्केँ। मलाई लाग्यो अब म पनि 'कुमुदिनी होम्स्'– मा पढ्न पाउँछु। मन मनै कालेबुङ बस्ने सपना देखेर म घर फर्केँ। ... केही दिनपछि मेरो नाम निस्कियो। गाउँभरि म कालेबुङ पढ्ने भएको हल्ला फैलियो। यो कमानको नियम हो। कसैले पत्याएका थिएनन्, म पनि कालेबुङ पढ्छु भन्ने। तर म कालेबुङ पढ्ने भएँ। एडमिसन लिएपछि 'अब कहाँ बस्ने' त्यो थियो ठुलो कुरा। एडमिसन सकेर स्कुलकै आँगनमा बसरहेका थियौँ बाबा र म। बाबाको साथी पनि त्यहाँ स्कुलमा पढाउनु हुँदोरहेछ। एकदिन ट्रेनमा भेट्नु भएको अरे बाबाले...। पछि गएर चिन्दा उहाँ दिलमान सर हुनुहुँदोरहेछ। उहाँले नै घिसिङ सरको दाज्युको हस्टेल छ भन्ने बताउनुभयो र बाबाले मलाई त्यहीँ राख्ने निश्चय गर्नुभयो। घिसिङ सरको साथ चाहिँ नछुट्ने रहेछ भन्ने लागिरह्यो तर म आज्ञाकारी छोरो परेँ र 'रेन्टमा बस्छु' भन्न सकिनँ। मिसन कम्पाउन्डमा गएर होस्टेल हेर्‍यौं, बाबालाई त मन पर्‍यो। बाबालाई मन परेपछि मलाई मन पर्नैपर्ने हुन्छ। यो एकजना आज्ञाकारी छोरोको वाध्यता पनि हो।

जीवनमा प्रथमपल्ट हस्टेलको अनुभव पनि गजब। हस्टेलको सबै कुरा राम्रो थियो। त्यसमा सबैभन्दा राम्रो थियो खाना। मलाई आन्टीले बनाउनु भएको दाल, भात सब्जीको स्वाद अझै पनि याद छ। बुधबार र शनिबार कालेबुङ हाट। साथीहरू दिउँसैदेखि दाँत तिखो पारेर बस्थे। त्यस दिन केटाहरूले भनेजस्तै मासु आउँथ्यो। म परे शाकाहारी...। तर आन्टीले मज्जाले घ्यु भात दिनुहुन्थ्यो। मलाई त्यति भए पुग्थ्यो। नागाल्यान्ड, नेपाल, डुवर्स, दार्जिलिङका केटाहरू...। रमाइलो हस्टेल। हामीले अङ्कलको नाममा 'लाडेन होस्टेल' नाम दिएका थियौं। मैले खाँदै आएका चिजबिजहरू होस्टलमै छाड़ेँ र खाइँन तर नखाँदै आएका चिजबिजहरू होस्टलबाटै सिकेँ र धेरैपछि छाडेँ। यस चक्रको पनि मेरो जीवनमा एउटा कथा नै छ। लुकी चारी गरेको बदमासी, आदत परे जीवन नै बर्बाद हुँदो रहेछ तर समयमा नै त्यस बाटोदेखि टाढ़ा हुन सके जीवन रमाइलो हुँदोरहेछ। यसका लागि आफूमा इच्छाशक्तिको आवश्यकता पर्दछ। घिसिङ सर घरमा र स्कुलमा अर्कै...। यो देखेर म छक्क पर्थे। आमा-बाबाको निर्देशबाट टाढ़ा रहँदा छोराछोरीहरू अवश्यै बिग्रन्छन्। तर हाम्रो टाउकामा त आमा बाबाभन्दा पनि ठुलो घिसिङ सर हुनुहुन्थ्यो, बिग्रने त कुरै थिएन। स्कुलबाट आएपछि सोझै ट्युसन...। समीर, महेन्द्र अनि छेडुप यी तीनजना मेरो कोठाको साथी। सबै पढ्न्ते। अङ्ग्रेजी पढ़ेर आएका सबै...। महेन्द्र पढ़िरहने... समीर गाइरहने... सुरबिनाको अङ्ग्रेजी गीत... छेडुप हराएको हराकै...। म भने डिक्सनेरी हेर्दै अङ्ग्रेजी सिक्नुपट्टि...। तर पहिलो टेस्ट पास गरेँ। त्यो पनि अङ्ग्रेजीको। धमला मिसले पढ़ाउनु भएको 'जेरम के जेरम' र उसको पछाड़ि घ्यु टाँसिएको कथा...। म त मिसले अङ्ग्रेजी बोल्नुभएको हेरिरहन्थे। कहिले म पनि यसरी नै बोल्नु अङ्ग्रेजी, लाग्थ्यो। माला मिसले नेपाली पढ़ाउनुहुँदा हामी पढ़ाइमा भन्दा बेसी मिसलाई हेर्थ्यौं। नेपालीको स्पष्ट उच्चारण स्कुलमा माला मिस र कलेजमा सुजाता रानी मिसबाट नै सिकेको हुँ। अङ्ग्रेजी पढ़ाउनका लागि एक दिन भुटिया मिस आउनुभयो। मेरो अङ्ग्रेजी कस्तो थियो भने मिसले ग्रामर पढ़ाउनुहुन्थ्यो र एक दिन उहाँले Pronoun लगाएर वाक्य बनाउनू भन्नुभयो र वाक्य दिनुभयो र खाली ठाउँमा put a dash

भन्नुहुन्थ्यो। म भने dash चिह्न लगाउनाको साटो put a dash नै लेख्थें। 'कुमुदिनी होम्स्'-मा पढ्न आएपछि मेरो मनमा आत्मविश्वास भरिएको हो। यो मेरो जीवनको एउटा सत्य हो। मलाई स्कुलले धेरै सिकायो। मैले जीवनको प्रथम गीत पनि 'कुमुदिनी होम्स'-मा नै गाएको हुँ। २४ मई स्कुलको स्थापना दिवस। सबैले मलाई पनि 'गीत गाउनू' भने। म फुरुक्क हुँदै त्यस बेलाको हिट फिल्म 'धडकन'-को 'तुम दिल की धडकन में रहते हो, रहते हो' भन्ने गीत गाएँ। गीत गाउनका लागि अभ्यास गरिन्थ्यो। मैले गाएको देखेर सबैले सर्काउन थाले। मान्छे सर्काउँदा सर्किने जात...। म सर्किएर अभ्यासको क्षणमा धेरैपल्ट गीत बिगार्न थालें। 'होस् लाज भयो म गाउँदिनँ' भनें। एक दिन दिलमान सरले मलाई भन्नुभयो, 'तिमी राम्रो गाउँछौ तर एउटा कुरो भन्छु मनमा नलिनू, तिम्रै लागि हो... तिमी 'ओभर कन्फिडेन्ट' हुँदैछौ...।' हो, म त्यस्तै हुँदैथिएँ। मैले आफैलाई बिचार गरें... म अब त्यस्तो गर्दिनँ, म जस्तो जान्दछु त्यही गाउँछु...। २४ मई सकियो। घिसिङ सरले हस्टेलमा 'स्याबास' भन्नुभयो। म कति खुसी थिएँ। साथीहरूले पनि 'दामी गाइस्' भने। सेन्ट फिलोमिनाबाट पनि बधाई आयो। खबर ल्याउने साथी अर्जुन छेत्री हामी त्यसलाई 'हड्डी' भन्थ्यौं। त्यसपछि शिक्षक दिवसमा पनि गाएँ... 'जुमसुमे बजारमा... ए हजुर घर हाम्रो पोखरा'। मैले थुप्रै हिरो र भिलेनहरूको आवाज पनि निकाल्थें...। २४ मई कै दिन धमला मिसले मलाई त्यसै गर्ने निर्देश दिनुभयो। मैले मिथुन चक्रवर्ती, नाना पाटेकर, अमिताभ बच्चन, अमजद खान आदिको स्वर निकालेर वाह वाह बटुलें।

यी थिए 'कुमुदिनी होम्स'-का रमाइला पलहरू...। तर केही उपयोगी काम पनि हामीले गर्‍यौं। कक्षा बाह्रमा पुगेपछि मेरो बेन्चको अघिपट्टि मङ्पूका एकजना साथी र कालेबुङकै एकजना साथी बस्थे। निमा निची शेर्पा अनि उमेश तामाङ। दुई भाइ साहित्यप्रति निकै रुचि राख्ने। निमाले त एउटा कथा सङ्ग्रह पनि प्रकाशित गर्नेभएको थियो। मलाई पाण्डुलिपि पढ्न दिएको थियो राम्रो कथा लेख्ने। उमेशले कविता लेख्ने। पत्रिकाका लागि सबै भाग दौड गरिरहेका थिए। मैले केही गरिँन। म कविता लेख्थें तर त्यहाँ लेखिँन। यति हो निमाले 'यो पत्रिकाको नाम के राख्नु?' भनेर प्रश्न मलाई गरेको थियो। उसलाई विश्वास थियो म यसको समाधान गर्नसक्छु भनेर। मैले भने 'यो हाम्रो पहिलो प्रयास हो त्यसैले यस पत्रिकाको नाम 'प्रयास' राखौं। निमा मान्यो। ऊ मानेपछि सबैले माने। पत्रिका निस्कियो 'प्रयास'। प्रयास पत्रिकाको पछाड़िपट्टि सबैको नक्सा थियो नाम पनि... मेरो थिएन। एक किसिमले दुःख लागेको हो तर मैले त्यो पत्रिका निकाल्नमा न त सहयोग गरें न त कविता वा लेख नै दिएँ, तब मेरो नक्सा किन त्यहाँ हुनु? मान्छे प्रशंसाको भोगी हुँदोरहेछ भन्ने मैले त्यहीँ सिकेको हुँ। आफ्नो जय जय होस्। सबैले राम्रो भनोस् भन्ने लाग्दोरहेछ। तर पछि बुझें, अति प्रशंसा पनि एक प्रकारको निन्दा नै रहेछ। त्यसैले मैले कहिले पनि त्यहाँ केही आपत्ति जनाइँन किनभने म त्यस काममा परोक्षरूपमा मात्र सहयोगी थिएँ। तर म त्यस पत्रिकाको नाममा छु अझै पनि...। स्वर्गीय भाइचन्द प्रधानको अगाड़ि कविता भन्ने अवसर मैले कुमुदिनी पढ्दा नै पाएको हुँ। तर अभाग्यवश काफ्ले सरले मलाई, तिमी प्रतियोगितामा होइन कविताको पठन चाहिँ गर्नू भन्नुभयो। गुरुआज्ञा पालन गर्नैपर्‍यो। कविता पाठ मात्रै गरें। बाहिर आएर सबैभन्दा पहिलो बाग्राकोट हाइस्कुलबाट आएका राजीव विश्वकर्मले 'साथीको कविता राम्रो थियो' भन्यो। मैले धन्यवाद भनें... एकछिनबाट एउटा

अरूको भनाईअनुसार सधैं नचल। आफ्नो निर्णयलाई गुरु मान। अरूको बाटोमा हिँड्ने मानिस कहिल्यै उच्च स्थानमा पुग्नसक्तैन। - शेक्सपियर

कालो टोपी लगाएको ठुलो स्वरमा बोल्ने मान्छे आएको देखेँ। मैले देखेको थिएँ उनी मञ्चमा बसिरहेका थिए। मलाई आएर सोझै ठुलो स्वरमा भनेर गएर... 'भाइको कविता राम्रो थियो।' 'हजुर'... मात्रै भन्न पाएँ। पछि थाहा पाएँ डा. हर्कबहादुर छेत्री उनी नै रहेछन्। पछि म पनि कविताको प्रतियोगितामा बस्न पाएको भए हुनेथियो भन्ने लागिरह्यो। तर कुरा बितेपछि बितेको बितेकै हुन्छ।

कालेबुङको स्वतन्त्रता दिवस सबैभन्दा रमाइलो हुन्छ भन्ने सानैमा सुनेको। मान्छेहरू तिन चार बजीदेखि नै मेला ग्राउन्डमा आएर बस्छन् अरे भन्ने पनि सुनेको...। मैले सुनेकोजस्तै हुँदोरहेछ। फरक यति थियो तीनवटा रङ्ग भएको भारतको झन्डा स्वतन्त्रता दिवसमा मैले बोकेको थिएँ। यसमा पनि घिसिङ सरले प्रोत्साहन दिनुभएको थियो। कसरी कसरी सरले मलाई अघि बढ्नका लागि अप्रत्यक्ष रूपमा ढकेलिरहनुहुन्थ्यो। मैले यो कुरा पछिपछि बुझ्दै गएँ। गुरुहरू सधैं अघि आएर मात्र होइन, पछि बसेर पनि हाम्रा लागि केही गरिरहेकै हुँदारहेछन्। अहिले म पनि मेरा विद्यार्थीहरूलाई उस्तै गरिरहन्छु। मलाई घिसिङ सरको सम्झना आउँछ। हामी पढ्दा भानु बराल सर प्राचार्य हुनुहुन्थ्यो तर म उहाँसँग कहिले बोलिनँ। बोल्ने अवसर नि पाइँन अनि काम पनि परेन। अफिसको केही काम परे राजु सर र छिरिङ दाजुले सबै गरिदिनु हुन्थ्यो। छिरिङ दाजुले बेला बेला स्कुलको खाता पनि माया गरेर लुकाएर दिनुहुन्थ्यो। म छिटो बोल्ने... र सबैसित बोल्ने मान्छे। साथी बनाउनु, परिचय साट्नु छिटो थिएँ...। त्यसैले मैले दुःख कहिले पाइँन। राजु सरको अझै सम्झना आउँछ।

कुमुदिनी होम्स्मा पढ्न पाउनु भनेको मेरा लागि जीवनको नयाँ जोस थियो भने घिसिङ सर प्रेरणा। सधैं डर भइरहने भए तापनि सरले पछि बसेर धेरै कुरा सिकाउनु भयो। आज पनि जब मलाई कुनै कुराले दोधारमा पर्छ म याङदेन घिसिङ सरलाई फोन गरेर सोध्छु। कति बाइबलका कति राजनीति विज्ञानका...। अन्य पेसामा काम गर्नेहरू समय सकिएपछि अवकाश लिन्छन् तर गुरु वा शिक्षकको कहिले पनि अवकाश हुँदैन। मैले घिसिङ सरबाट सिकेको सबैभन्दा ठूलो कुरो हो 'अनुशासन'। अहिले म मेरा विद्यार्थीहरूलाई पाठ्यपुस्तकका ज्ञानसँगै जीवनमा काम लाग्ने कुराहरू सुनाउँछु। जुन मैले मेरो स्कूलमा अनुभव गरेको थिएँ। कुमुदिनी होम्स् पढ्नु भनेको मेरा लागि कमानको सानो कुवाबाट टिस्टामा मिल्न पुगेजस्तो थियो। मैले दुनियाँ देखेँ, जीवनको नयाँ सपना बुनेँ, रमाइलो कुरा के छ भने मैले जीवनमा टाई लगाउन सिकेकै कुमुदिनी पढ्दा हो। हामी विद्यालय, महाविद्यालय र विश्वविद्यालयमा जति पढ्छौं त्यसभन्दा धेर जीवनले पढाउँदोरहेछ तर जीवनको पुस्तकमा रहेका अक्षरहरू चिन्नलाई विद्यालयको ज्ञानको आवश्यकता पर्दछ। म जब जब कालेबुङ आउँछु एकछिन भए पनि बाहिरबाट सुटुक्क आफ्नो स्कुल 'कुमुदिनी होम्स्'-लाई हेर्न पुग्छु...। ■

हँस्यौली...

शिक्षक - (दोस्रो श्रेणीको छात्रसँग) सचिन, तँ भन् ईश्वरले आँखा केकालागि बनाएका हुन्?

छात्र - हेर्नका लागि सर।

शिक्षक (अर्को छात्रसँग)-ए रितेश, तँ भन् त, ईश्वरले कान केका लागि बनाए?

छात्र - सर, समातेर उठ्-बस् गर्नलाई।

Congratulation Pariwar

A big Congralutation to Kumudani Pariwar for bringing out this magazine. Let me also Congratulate the Pariwar for the name and fame earned by them for good deeds being done by them in Kalimpong. Keep it up. My best Wishes are always with the Pariwar.

As an ex-student, I feel pround of the fact that school has, over the years, achieved much fame both in academic and other associated fields. I extend my very best wishes to the management, staff and others who have contributed towards the amazing success. May God bless you all.

Tseten Tashi Bhutia

Gangtok (Sikkim)

With best compliments from :

HOTEL SERENE POINT

8th Mile, Kalimpong

With best compliments from :

KALIMPONG DISTRICT ATHLETICS ASSOCIATION

Estd. 2018
Regd. No. S0001126 OF 2018-2019

West Bengal Govt. Society Act
Member of District Sports Association

West Bengal Govt. Society Act
Affiliated West Bengal Athletics Association
&
West Bengal Road Race Association

Office Address :

Govt. High School
Kalimpong
Email: kalimpongdistrictasso@gmail.com

राष्ट्रिय स्तरका फुटबलर नादोंग भोटिया : अन्तर्वार्ता

दिनेश खाती

दार्जिलिङ पार्वत्य शृङ्खलालाई विभिन्न क्षेत्रहरूमार्फत देशमा मात्र नभई सारा विश्वमा नै चिनाउने अनेकानेक प्रतिभाहरू कुमुदिनी विद्याश्रमले जन्माएको छ। त्यस्तै फुटबल क्षेत्रमार्फत हाम्रो भूमिको पहिचान गराउने एक व्यक्तित्व हुन् – श्री नादोंग भोटिया।

कालेबुङको एक सुदूर क्षेत्र मानिने साङ्से निवासी श्री निमाजी भोटिया एवं श्रीमती क्षिरीपुदा भोटियाका साइँला पुत्रको रूपमा २५ नोभेम्बर १९९३ को दिन नादोंग भोटियाको जन्म भएको हो।

प्राथमिक शिक्षा साङसेकै सन्त डोमिनिक प्राथमिक पाठशालाबाट ग्रहण गरेका नादोंगले पाँचौं श्रेणीबाट कुमुदिनी विद्याश्रममा प्रवेश गरेका हुन् तथा कुमुदिनी विद्याश्रमबाटै फुटबल खेलमा प्रवेश गरी आज राष्ट्रिय स्तरका फुटबल खेलाड़ी बन्न पुगेका छन्।

प्रस्तुत छ उनै राष्ट्रिय स्तरका फुटबल खेलाड़ी नादोंग भोटियासंगको छोटो कुराकानी।

अन्तरवार्ताकार : हाम्रो यो सा... नु क्षेत्रबाट राष्ट्रिय स्तरसम्म पुग्नु भनेको हजुर तथा हजुरको परिवारका लागि मात्र होइन तर सम्पूर्ण पहाड़कै निम्ति गर्वको कुरा हो। हजुरको फुटबल खेल क्षेत्रमा प्रवेशबारे क्यै बताउनु हुन्छ कि?

नादोंग : मेरो बाबाको फुटबल खेलमा साह्रै चासो थियो। उहाँले गाउँ-ठाउँमा धेरै खेल्नुभयो। त्यसैले घरमा फुटबलको कुरा खुब हुनेगर्थ्यो। अँ, यो कुरा अर्कै हो... उहाँको जितभन्दा हारकै बेसी चर्चा हुन्थ्यो किनकि उहाँले जितको मुहार बहुतै कम देख्न पाउनुभयो।

जे होस्! बाबाको फुटबल खेलप्रतिको रुचि एवं घरमा चल्ने फुटबलको चर्चाबाटै मेरो झुकाउ फुटबलतर्फ भएको हो।

अ. : अर्थात् घरको परिवेशले नै हजुरलाई फुटबलप्रति आकर्षित गरेको हो।

नादोंग : हजुर! तर म मेरो जीवनको अन्तिम क्षणसम्मै मेरो स्कुल कुमुदिनी विद्याश्रम तथा प्रणय सर र दावा सरलाई भुल्ने छैन। उनीहरूले पनि मलाई प्रेरणा र प्रोत्साहन दिएका हुन्।

अ. : कुमुदिनीबाट कहिलेदेखि खेल्न सुरू गर्नुभयो?

नादोंग : पाँचौं श्रेणीमा प्रवेश लिएकै वर्षदेखि म 'मिनी डिभिजन'-मा खेल्न थालें। ती दिनहरूमै स्वर्गीय प्रणय शिलाल सर र स्वर्गीय दावा सरको मार्गदर्शनले आफैलाई तिखार्दै लाने सौभाग्य पाएँ, जसको फलस्वरूप आठौं श्रेणीमै छँदा म 'आर्मी बोइज स्पोर्टिङ कम्पनी'-को आँखामा परें।

अ. : अच्छा यो 'आर्मी बोइज स्पोर्टिङ कम्पनी'-मा हजुरको प्रवेश र त्यहाँका केही कुराहरू बताउनुहुन्छ कि?

नादोंग : 'आर्मी बोइज स्पोर्टिङ कम्पनी' स्पोर्टस् अथोरिटी अफ् इन्डियाको अधीनमा छ। यसले भारतभरिका स-साना प्रतिभाशाली खेलाड़ीहरूको खेललाई दिशा निर्देश गरी तिखार्ने कार्य मात्र नगरी

उनीहरूका शिक्षालाई समेत अघि बढ़ाउने कार्य गर्दछ। म आठौं श्रेणीमा छँदा पटनामा भएको अन्तिम चयनसम्म पुग्ने अवसर पाएँ। भारतभरिबाट भेला भएकाहरूबाट १४ जनाको छनौट भयो जसमा म पनि एकजना थिएँ।

१४ फरवरी २००३ देखि मेरो आठौँ श्रेणी उँभोको पढ़ाइ र फुटबल कोचिङ 'आर्मी बोइज स्पोर्टिङ कम्पनी'-द्वारा सुरू भयो। कम्पनीमा प्रवेश गर्नअघि कालेबुङमा 'इन्टर स्कुल फुटबल टुर्नामेन्ट'को 'सी डिभीजन'-का खेलहरूमा मेरो प्रदर्शनीको कारण पाएको 'बेस्ट फुटबल प्लेयर' को उपाधिले गर्दा म आफैंले आफैलाई ठुलै खेलाड़ी मान्न थालेको थिएँ तर कम्पनीमा प्रवेश गर्न साथ मैले मेरो स्तर थाहा पाएँ। अरू खेलाड़ीहरूका सामु मेरो स्थिति एक कौड़ीको थिएन।

कम्पनीमा प्रवेश गरेको धेरै समयसम्म मैले 'म्याच' खेल्ने अवसर पाइँन। एक वर्षसम्म केवल बल पासिङ, रिसिभिङ, चिप एयर बल कन्ट्रोलिङ आदि सिक्नुपऱ्यो मैले। तर हार खाइँन। कम्पनीका ठुल्ठुला सूचना पटहरूमा भारतका लागि अन्तर्राष्ट्रिय स्तरमा खेल्ने फुटबल खेलाड़ीहरूका नाम देख्दा त्यहाँ आफ्नो नाम पनि थप्ने इच्छा हुन्थ्यो। तथा १३ वर्षको कलिलो उमेरमै आमा-बाबा, घर-परिवारबाट टाड़िएर भए तापनि पाएको त्यस मौकाको मूल्य बुझी समयले मलाई घच्घचाइरह्यो... घच्घचाइ रह्यो। अन्ततः एक वर्षपछि 'म्याच' नभए पनि 'अन्डर १४' का अभ्यास खेलहरूमा मलाई खेलाइन थालियो।

प्रथमपल्ट सुब्रतो कपमा आर्मी बोइज स्पोर्टिङ कम्पनीलाई प्रतिनिधित्व गर्दै नेपालमा खेल्न जाने मौका पाएँ। खेलें। बस्! खेल्दै गएँ... खेल्दै गएँ। स्याबासी र सुझाउहरूका साथ सिनियर दाइहरूबाट प्रेरणा पाएर फुटबल खेलका तकनिकहरू सिक्दै गएँ।

अ. : सिनियर टिममा हजुरको प्रवेश?

नादोंग : सन् २००८ बाट। २००८ को सेप्टेम्बर महिनामा ५८ जी.टी.सी.- अर्थात ५८ गोर्खा प्रशिक्षण केन्द्र, शिलङले मलाई भर्ना गऱ्यो।

अ. : रिक्रुट ... मतलब आर्मीमा भर्ना?

नादोंग : हजुर! तर मैले त्यहाँ ट्रेनिङ गर्नुपरेन। मलाई ५८ जी.टी.सी. मा फुटबल खेल्नकै निम्ति नोकरी दिइएको थियो। जी.टी.सी.-लाई प्रतिनिधित्व गर्दै धेरै सिनियर म्याचहरू खेलेँ। पछि सन् २०१२ मा भाइचुङ भोटियाको निम्तो पाई आर्मी छोड़ी 'युनाइटेड सिक्किम फुटबल क्लब' मा पसेँ।

अ. : हालसम्म कुन-कुन फुटबल क्लबहरूका निम्ति खेल्नुभयो?

नादोंग : थुप्रै क्लबहरूका निम्ति खेलेँ। जसमा... युनाइटेड सिक्किम, आइ.एम.जी. रिलायन्स, मुम्बई सी.टी.एफ.सी., रोयल वाहिडो शिलङ, ए.टी.के. कोलकाता अनि मिनार्भा पन्जाब प्रमुख छन्।

अ. : मैले सुनेअनुसार... हजुरले पेदोङ अनाथालयका नानीहरूलाई गहन प्रशिक्षण दिइरहनुभएको छ रे नि?

नादोंग : गहन त भन्न नमिल्ला तर कोसिस गरिराखेको छु। भविष्यमा एउटा अकादमी खोली यहाँका प्रतिभाशाली फुटबल खेलाड़ीहरूलाई अघि बढ़ाउने ठुलो सपना पालेको छु।

अ. : अकादमी त सुरू भइसकेको छ भनेको सुनेथैं।

नादोंग : अहिले नै सुरू भइसकेको छ भन्न नमिल्ला। अँ, यति हो कति 'स्पोन्सर्स'-हरूबाट र कति आफ्नै खल्तीबाट गरी 'होम'-का नानीहरूलाई फुटबलका निमित्त चाहिने सामग्रीहरू जुटाएको छु। प्रशिक्षित प्रशिक्षकको व्यवस्था मिलाउँदैछु किनकि फुटबल खेल्न जान्दछु भनेर जोसुकैले सिकाएर हुन्न। सिकाउने दक्षता, क्षमता र कला भने अर्कै कुरा हुँदा रहेछन्। म चाहन्छु, हाम्रा आउँदा खेलाड़ीहरूले प्रशिक्षित कोच र सिक्नलाई चाहिने सम्पूर्ण सामग्री पाऊन्।

पुरा सामग्री नभई सिक्नु कत्ति कठिन छ, त्यसको अनुभव मलाई छ। हामी त एउटै फुटबलले डल्लै फुटबल टिमको प्र्याक्टिसमा परेकाहरू हौं। साँच्चै खेल सिक्न

नै हो भने, अरू सामानहरूका कुरा छोड़ौं फुटबल नै पनि एकजना खेलाड़ीको निम्ति एउटा हुन अनिवार्य छ। त्यसैले अकादमीको सपना छ।

अ. : आउँदा खेलाड़ीहरूलाई केही भन्न चाहनुहुन्छ कि?

नादोंग : खेलाड़ीहरूलाई मात्र होइन। हुर्कँदै गरेका सम्पूर्ण बाल-बालिका एवं किशोर-किशोरीहरूलाई दुई हात जोड़ी मेरो निवेदन छ – 'भाइ-बहिनी हो! जे गर्छौं, मनले गर। नाच्छौ? मनले नाच, गाउँछौ? मनले गाऊ, खेल्छौ? मनले खेल, पढ्छौ? मनले पढ।' तर अरू कसैको डर तथा करमा परी कुनै काम नगर। किनकि डर र करमा परेर गर्नेहरू कहीं पुग्दैनन्। आफ्नै मन र रहरमा चढ्नेहरू शिखरमा पुग्छन्। आफूले चाहेको कुरा... पुरा मनभित्रबाट पूर्ण इमान्दारी, लगन, धैर्य, अनुशासन र मेहेनतसित गर। सफलता आफै-आफ तिम्रो पाउ चुम्न आइपुग्छ।'

■

कुमुदिनी परिवारप्रति शुभकामना

मदन राई

कालेबुङ

कुमुदिनी परिवारको उन्नतिका लागि हार्दिक शुभकामना

उमेश खवास

कालेबुङ

कुमुदिनी परिवारले अझ धेर उन्नति गरोस् भन्ने शुभकामना छ।

शरण छेत्री

कालेबुङ

कुमुदिनी परिवारप्रति हार्दिक शुभकामना

हर्कमान तामङ

कालेबुङ

हँस्यौली...

एक व्यक्ति (हजामसित) – भैया, मेरो टाउकोमा कपाल एकदमै कम्ती छ, त्यसैले केश काटेको पैसा पनि कम्ती नै दिन्छु है...।

हजाम – श्रीमान्, म तपाईंको केश काटेको पैसा चाहिँ लिन्न, तर केश खोजेको पैसा भने लिन्छु है...।

राम्रो मान्छे

देव भण्डारी, कालेबुङ

हामी सानामा उसलाई 'गुड बोय' भन्थ्यौं किनभने हाम्रो सरले पनि उसलाई 'गुड बोय' नै भन्थ्यो। ऊ सरको प्यारो थियो, होम वर्क देखाउन नसक्दा हामीलाई डेस्कमा उभ्याइन्थ्यो। ऊ देखाइवरि सब 'राइट' पारेर मज्जासित आफ्नो सिटमा बसेको हुन्थ्यो। हामी रिसले राता राता हुन्थ्यौं तर केही भन्न सक्दैनथ्यौं। के गर्नु! भुल हाम्रै नै थियो! भरे उसैको हतार हतार सारेर सरलाई देखाइदिन्थ्यौं। 'गुड बोय' उसको नाम धेरै दिनसम्म चल्यो।

अँ, उसैको कथा लेख्दैछु। म अहिले पनि उसलाई 'राम्रो मान्छे' भन्छु किनभने नराम्रो भन्ने कुरा त उसमा छँदै छैन। राम्रा नराम्रा सबैले एउटा न एउटा इलम लिनैपर्ने। एउटै गाउँका हामी, ऊ एउटा हाइ स्कुलको शिक्षक भयो। म एउटा ब्याङ्कको कर्मचारी भएँ।

कोही कोही बेला भेट हुन्छ हाम्रो। भलाकुसारी गर्छौं। तर धेर बेरसम्म बात गर्न भ्याउँदैन ऊ। ऊ सधैं हतारमा हुन्छ। कोही बेला बजारमा सौदा किन्न जाँदै गरेको हुन्छ। कोही बेला बुढ़ियाका लागि दबाइ किन्न गएको भन्दै हतारिँदै जाँदै गरेको हुन्छ। सिलगढ़ी गएको बेला पनि भेट हुन्छ। 'कालेबुङमा सबै थोक महँगो छ। सिलगढ़ी आको बेला मौका छोपेको नि' भन्दै एकातिर हिँड़िहाल्छ। सिलगढ़ीको गरममा उसित बसेर रिल्याक्स गर्ने मेरो धोको पनि धोकै रहेको छ।

ऊ मेरो घरमा आउँदैन। कारण ऊ गाउँतिर गएर बरालिएको उसकी बुढ़ियाले मन पराउँदिनन्। म पनि उसको घरमा जाँदिन कारण साथी-भाइ गएर उसलाई अलमल्याएको पनि उसकी श्रीमतीले मन पराउँदिनन्। चौबिसै घन्टा बुढ़ियाको कड़ा निगरानीमा बस्नुपर्छ उसले।

उसकी श्रीमतीको कुरा गर्दा एउटा कुरामा साह्रै अचम्म लाग्छ मलाई। जाँड़ रक्सी नखाने, सिगरेट बिड़ी नछुने, केटीको सङ्गतदेखि सधैं एक किलोमीटर टाड़ा बस्ने उसले कसरी बिहे गर्‍यो? भन्छ त्यो पनि 'लभ मेरेज' अरे! उसले कसरी लभ गर्‍यो? कसरी 'प्रपोज' गर्‍यो? कसरी 'डेटिङ' गर्‍यो? कसरी बिहेको कुरा चलायो? मेरो मनले सोच्न पनि सक्तैन। अँ, अभिभावकले मागेर गरिदिएको बिहेमा अर्कै कुरा!

मैले कुरा सुन्दा, एकदिन स्कुलको क्यान्टिनवाल्नी दिदीकहाँ एउटी केटी बसिरहेकी थिई अरे। देखादेख भएछ। त्यो केटी भोलिपल्ट पनि आएकी थिई अरे। क्यान्टिनवाल्नी दिदीले कुरा मिलाएर परिचय गराइदिइन् अरे। क्यान्टिनवाल्नी दिदीले भनिछन् "सर! तपाईंलाई त्यो मेरोमा आउने केटीले साह्रै मन पराउँछे। सरको कति बजी छुट्टी हुन्छ सोध्दै थिई। मन पराए जस्तो छ है..."

यसरी झ्यामिए उनीहरू। उसले घरमा बोलाई, ऊ गयो। केटीको घरका सबैले चिने उसलाई। 'पक्का नोकरी छ' भन्दा सबैले मन पराए। तर पनि ऊ भरसक सतर्क नै रह्यो किनभने उसको घरमा कसैले पनि अजात

बिहे गरेको थिएन। बाबु–आमाले अनुमति दिने कुरै थिएन। जे गरे पनि आफ्नै आँटले गर्नु थियो उसले। ऊ अल्याङटल्याङ गर्दै बस्यो। तर एकदिन उसले भनी ''सबैले कुरा गर्न थाले। मलाई अप्ठ्यारो परिसक्यो। अब हामीले चाँडै भागेर बिहे गर्नुपर्छ। उसले 'नाइँ' भन्न सकेन। अनि मन्दिर गएर उनीहरूले बिहे गरे।''

दसैँमा आफ्नो मूलघर गए उनीहरू। तर श्रीमती दुई दिनदेखि बेसी बस्न मानिनन्। फर्केर आफ्नो किराइको कोठामा आए। तर त्यसपछि एकदिन पनि उनीहरू फर्केर आफ्नो मूलघर गएनन्। आजसम्म पनि गएका छैनन्। ससुराली घरकाहरू आउँछन्, बस्छन्। उसले सक्दो सेवा गर्छ।

तलब पाएपछि पुरा तनखा श्रीमतीको हातमा दिन्छ। त्यसैबाट श्रीमतीले खाजा खाने पैसा छुट्याइदिन्छिन्। राम्रो मान्छेले रम–बियर खाने त कुरै आएन। सिगरेट ऊ खाँदैन। खबर कागत पनि 'दिनहुँ किन्नुपर्दैन' भन्छिन् श्रीमतीले। श्रीमतीले जे भने पनि मुख लाग्दैन। अलिअलि हाँसेरै टारिदिन्छ।

राम्रो मान्छेले बिहान चार बजी उठ्नुपर्छ। यो उसले सानैदेखि सुन्दै र पढ्दै पनि आएको हो। बिहान चारै बजी नउठे काम कसरी भियाइन्छ ? छोराको 'होम वर्क' गरिदिनुपर्‍यो। खाना खुवाउनुपर्‍यो, लुगा लाइदिनुपर्‍यो, आठ बजी नानीलाई स्कुल पुर्‍याउने गाड़ी आउँछ, छोरालाई तयार पारेर त्यहाँ लानुपर्‍यो। घरमा आएर फेरि अरू काम छँदैछ। आफू पनि काममा जान तयार हुनुपर्‍यो। समय निकालेर रामदेव बाबासँगै योगा पनि गर्नैपर्‍यो। अर्को ठुलो काम छ पूजा। किसिम किसिमका स्तोत्रहरू उसलाई मुखस्थ छन्। शङ्ख बजाउँछ, घन्टी बजाउँछ, चमर हल्लाउँछ। भाँति पारेर पूजा गर्छ। उसकी मुखेनीले यसलाई बड़बड़ाएको भन्छिन्।

नौ बजी तयार भएर घरबाट निस्कन्छ। ऊ गणितको शिक्षक। उसले बुझाएको कुरा विद्यार्थीहरूले बुझ्छन्–बुझ्दैनन् भन्न सकिन्नँ तर विद्यार्थीहरूले लामो स्वरले एकैचोटि भन्छन् 'बुझ्यौं।'

बेलुका साँढे तीनमा छुट्टी भएपछि सोझै घर आउँछ। चिया बनाउँछ, आफू खान्छ, श्रीमतीलाई दिन्छ। श्रीमती एकछिन टिभीमा आइरहेको सिरियल थन्काएर चियाको कप समात्छिन्।

अनि सुरु हुन्छ बेलुकाको धन्दा। छोरो यसबेला स्कुलबाट आइपुगेको हुन्छ। स्कुलको 'ड्रेस' फुकाएर घरको लुगा लाइदिनुपर्‍यो। खाजा खुवाउनुपर्‍यो। उसले मोबाइल हेर्दैन। उसलाई फोन पनि कतैबाट आउने होइन। श्रीमती फेसबुक हेर्छिन्।

राम्रो मान्छेले बेलुकाको धन्दा छिन्दा साँढ़े नौ वा दस बजेको हुन्छ। त्यसपछि के गर्छ, म जान्दिनँ। मेरो एउटा साथी यस्तो राम्रो छ र राम्रो भएरै ऊ विख्यात छ।

कोही बेला उसलाई देख्ता मलाई पो विस्मात लागेर आउँछ। म यस्तो राम्रो मान्छे हुन सकिनँ। कोही बेला पूर्वपट्टि फर्केर दुइ हात जोड़िवरि भगवानलाई प्रार्थना गर्छु,'भगवान! धन्यवाद तिमीलाई! मलाई अल्छे बनायौ। गट्ठे–गबुदले बनायौ। लोतो बनायौ तर राम्रो मान्छे बनाएनौ। मलाई राम्रो माछे नबनाउनू कहिले पनि। तिमीले मलाई 'म' बनायौ भगवान! तर राम्रो मान्छे बनाएनौ। यसैमा तिमीलाई लाख लाख धन्यवाद!'

■

सेवाको भावना नभएको मानिस भित्तामा टाँसेको चित्र जस्तै हो।

–शेख सादी

पैसा असल नोकर र खराब मालिक हो।

–बेकन

इच्छाशक्ति आपूर्ति सेन्टर

कृष्ण बुढ़ाथोकी (कृबु संयमी)

मन कसैको इच्छा र खटनमा चल्ने कुरो होइन। यसको मालिक व्यक्ति स्वयं हो। मनको सर्वेसर्वा आफै भएपछि आफ्नो वशको मनलाई रक्षा गर्न कुनै अर्को सुरक्षा कवच चाहिँदैन। यही मन जसको बलवान सञ्चालक हो– इच्छाशक्ति। मन सबल भए इच्छाशक्ति प्रबल हुन्छ। मन नै दुर्बल भए इच्छाशक्ति पनि उसै गरी निष्क्रिय र अचल बन्न पुग्छ। यसमा कुनै सन्देह छैन।

यहाँ लेखको विषय इच्छाशक्ति रहेछ भन्ने त बुझिएला तर यसको शीर्षक देखेर पो दङ्ग पर्नु बेर छैन कारण 'इच्छाशक्ति पनि कतै माथिबाट भर्ने, थप्ने र खन्याउने वस्तु हो र' भन्नुहुन्छ होला। यस प्रश्नको स्पष्टीकरण दिंदै गरौँला तर इच्छाशक्ति आपूर्ति गर्ने वा भर्ने (Refilling) केन्द्र स्थापित गरेपछि मात्र पूर्ण हुनेछ उक्त शीर्षकले इङ्गित गरेको विषयवस्तु। केन्द्र... होइन, होइन (माफ गर्नु होला) 'सेन्टर' स्थापित भइसकेपछि अझै यसको औचित्य पनि प्रष्ट नपारी छाड्ने छुइँन।

अहिलेको अत्याधुनिक युगमा अघि अघिका असम्भव कुराहरू सम्भव भएका छन्। पहिला सोच्दै नसोचिएका अथवा कल्पनातीत कुराहरू अहिले सोच्न बाध्य भएका छौं। भनौं सोच नै बटारिएको छ। सन्तानको रहर गर्नेहरूलाई मात्र होइन निःसन्तानको कारणवश कतिपय देशमा जनसंख्या पात्लिएको देखेर वैज्ञानिकहरूले प्रयोगशालामा शिशुहरू तयार गर्न थाले। 'टेस्ट ट्युब बेबी' हाम्रालागि कल्पनातीत थियो। देख्न त के त्यो सुन्ने सौभाग्य पनि पाएनन् बितेका पुस्ताहरूले तर आउने अर्को पुस्तालाई यो कुरा सामान्य लाग्नेछ। जस्तो कि भारतमा 'परिवार नियोजन'–को नीति जीवित हुँदाहुँदै पनि यहाँ जनसंख्या वृद्धिमा नियन्त्रण नहुँदा कुनै आश्चर्य लाग्दैन। जनसंख्या वृद्धि (विस्फोट) नहोस् पनि कसरी जब देशको संविधानअनुरूप सबै नागरिकलाई समान न्याय पालन गराउन असफल हुन्छ। संविधानको उल्लङ्घन हुनुमा 'भोट ब्याङ्क' नै मुख्य कारक बनेको देखिन्छ। यसकै लाभ उठाएर उनीहरू साम्प्रदायिक शक्ति बढ़ाउने ताकमा रहन्छन्। कसैलाई मान्छेको गन्ती सम्हालिनसक्नु भएर नियोजन नै गर्दा पनि चैन छैन औ कसैलाई चाहिं 'म्यान पावर' बढ़ाउन बेचैन!

असम्भवलाई सम्भव बनाउनु त हो तर सम्भवलाई पनि असम्भव बनाउँदा पो दुःख लाग्छ। कुनै पनि समस्याको समाधान तत्काल गरियो भने अनावश्यक विपद भविष्यमा झेल्नुपर्दैन तर कर्तृपक्षको इच्छाशक्ति नहुँदा एउटा समस्या सुल्झन नपाउँदै अन्य समस्याहरू भारीमाथि सुपारी थाक लाग्छ। तब समाधान होइन, समस्याकै नसुल्झने गाँठो र निकास नपाउने चक्रव्यूहमा जाकिनुपर्छ। हाम्रो वरिपरिका जटिल समस्याहरू देख्दा यस्तै लागेर आउँछ। अरू त के कुरा गर्नु, मान्छे बाँच्नलाई सजिलो गरी सास फेर्ने बुनियादी सुविधासमेत पाइन्न। कसैले भने पैसा लुकाउने ठाउँ नपाएर हो कि कर तिर्नु नपरोस् भनेर विदेशतिर कालो धन थुपार्न पुग्छन्। तर त्यही देशका धेरै नागरिकहरू पानीकै लागि तड़पिनुपर्छ काकाकुलीसरह। हाम्रोजस्तो

देशमा जहाँ दिन्हौं कुपोषणको कारणवश हजारौं शिशुहरू मर्छन् तथापि कालो धन भने पर्याप्त हुने गर्छ। एकातिर त्यस्तो अजीर्ण धन-सम्पत्ति अर्कोतिर पेयजल समेत नहुँदा मानवताको बेधड़क खिल्ली उड़ाइन्छ। यसबाहेक अर्को उदाहरण के खोज्नु? यहाँ पनि सम्भावना र असम्भावनाबिच तालमेल मिल्दैन। इच्छाशक्ति भए सम्भावनासँग गाँसिएका 'अ' उपसर्गहरूलाई पन्छाउन कुनै गाह्रो कुरा होइन तर यहाँ त विपरीत दिशामा उलटफेर भइसक्दा पनि कुनै सरकार बुझ पचाहटको निन्द्राबाट ब्यूँझन मान्दैन। समस्यामाथि समस्याको पहाड़ भइसक्दा मात्र बल्ल बल्ल होस खुल्छ। त्यो पनि अभावग्रस्तहरू असीम पीड़ामा आर्तनाद गर्दै खैलाबैला मच्चाउँदा मात्र।

उपरोक्त शीर्षककै सङ्केतस्वरूप मूल विषय त इच्छाशक्तिको आपूर्ति भन्ने थियो तर प्रसङ्गवश बिचमा सम्भावना र असम्भावनाको तानातान पर्दा मूल विषय अलि भङ्गालिनु गयो तथापि यसलाई उकेरा लगाउने काम भयो नै भन्ने कुरामा विश्वस्त छु।

अब लागौं, मूल विषयतिर। मनलाई ठिक दिशामा हाँक्नलाई मनभित्र अर्को एउटा शक्ति लुकेको हुन्छ र त्यसैलाई इच्छाशक्ति भनिदिंदा अत्युक्ति नहोला। अर्को शब्दमा इच्छाशक्ति हुनु भनेको मधौराले माड़ खानुजस्तै हो। मधौराले माड़ नै खान नचाहे उभित्रको बिमारीको समस्या बिसदेखि झरेर उन्नाइस्, हुनु त होइन बरु बिमारको पारा उँभै चढ्दै जान्छ र अन्तमा बिमारीले जिब्रो टोक्न पनि बेर छैन। आखिरमा कथनी र करनीकै कुरा आउँछ। कुरा गर्नु जति सजिलो छ, त्यसलाई कार्यरूपमा ढाल्नु फलामको चिउरा चपाउनु जत्तिकै कठिन हुन्छ। भन्नुको तात्पर्य कसैलाई 'तिम्रो इच्छाशक्तिको सलेदो उकास' भनेर सिकाउँदा हुने होइन। स्वेट मार्टिनको बहुमूल्य सुझाउदेखि लिएर पारसमणि प्रधानको गुलियो उपदेश र हीरा छेत्रीको कुपदेशमालासमेत प्रभावहीन ठहरिन्छ। यसर्थ, इच्छाशक्तिलाई उर्वर बनाइराख्न सदैव चाहिन्छ सकारात्मक सोच र स्वस्थ मानसिकता।

मधौराले माड़ै नखाए पनि उसलाई बचाउन वा प्राणतत्त्व भर्न असम्भव चाहिँ होइन। चिकित्सकहरूले केही न केही विकल्प निकालिहाल्छन्। तर इच्छाशक्ति जगाउन न कुनै तन्त्र-मन्त्र छ न सुइ लगाउँदा हुन्छ। अघि नै भनिहालियो, यसका लागि स्वस्थ मानसिकतासिवाय कुनै उपाय छैन। इच्छाशक्ति मनसँग सम्बन्धित भएको हुनाले यसको जिम्मा अहिलेलाई मनोचिकित्सकहरूकहाँ छोड़िदिऔं। यसबाट पनि सन्तुष्ट हुनुभएन भने तपाईंहरूका लागि खुसीको खबर छ। यसैले निराश नभइहाल्नोस्। हरेस पनि नखानुहोला कारण भर्खरै हाम्रो देशका केही जन्डा मनोवैज्ञानिकहरूले विश्वमा पहिलोपटक एउटा यस्तो साधन निकालेको जान्नमा आएको छ जसमा आपूर्ति (Refilling) गर्ने सेन्टर स्थापित गरिन्छ। यो उड़न्ते खबर भने होइन तर विश्वस्त सूत्रको पनि कुनै पत्तो पाइएको छैन। करनीभन्दा कथनीमा धेरै विश्वास गर्ने देशले इच्छाशक्ति रित्तिएका मानिसहरूलाई एउटा ठुलो कोसेली प्रदान गरेको होला। अचेल बजारमा विभिन्न कम्पनीहरूमाझ आफ्ना ग्राहकवर्गलाई लोभ्याउन तथा आफ्ना उत्पादित वस्तु आदि बिकाउन होड़ चलेको देखिन्छ। यो 'इच्छाशक्ति आपूर्ति सेन्टर' भन्ने पनि यसकै परिणामस्वरूप देखापरेको हो कि!... यसै किटेर भन्न सकिएन। यदि हो भने त अति उत्तम! तपाईंहरूमा कसैलाई इच्छाशक्ति भर्ने चाहना भए तुरन्त उक्त सेन्टर खोजेर सो पुरा गरिहाल्नु होला। सुनौलो मौका छ। सर्वसाधारणदेखि उच्च ओहोदा वा हेभिवेट नेताहरूसम्म यो छुट छ। यहाँ विडम्बना के देखिन्छ भने आफैलाई भयङ्कर ठान्नेहरू 'क्यु'-मा

मैले पिएकोमा रिस गर्नेहरू हो पिएर त हेर, पिउन कति गाह्रो छ। मरेर सहिद हुनेहरू हो जिएर त हेर, जिउन कति गाह्रो छ। - भूपि शेरचन

उभिएर सार्वजनिक अनुशासनलाई पालन गर्दै पालो पर्खिनु सम्भव छैन। यस्ता सम्भव र सहज प्रक्रियालाई पनि असम्भव र जटिल बनाउने यिनै ठुला भनाउँदाहरू नै हुन्छन्। 'इच्छाशक्ति आपूर्ति सेन्टर'–मा कुनै सङ्कोच नमानी स्वयं उपस्थित भएर के साधारण के असाधारण सबैले सहज रूपमा भर्ने काम गरिदिए कसैको टाउको दुख्दैन तर यसमा पनि लम्कीधम्की र 'ओवरटेक' गर्नथाले नदुखेको टाउको सबैको दुख्न थाल्छ। यसरी सरललाई कठिन अनि सहजै समाधान हुनेलाई जटिल बनाउन थाले हाम्रो हातबाट सम्भावनाहरू उम्केर जान्छन्। यसको श्रेय सबैभन्दा पहिला नेताहरूलाई नै जान्छ कारण उनीहरूद्वारा नै आचारसंहिताजस्ता सर्वहिताय नियमहरूको उल्लङ्घन हुन्छन्। समस्याहरूको नसुल्झने चक्रव्यूहमा हामी फँस्दै गएको कारण पनि एउटा यो हो।

जिम्मेवारीदेखि टाड़िनु एक विवेकशील मान्छेका लागि असम्भव हो। नेतालाई जनप्रतिनिधि मान्नु हो भने उसको जिम्मेवारी साधारण मान्छेको तुलनामा ठुलै हुन्छ। निहित स्वार्थलाईभन्दा आम मानिसको सेवालाई प्रमुखता दिएर काम गर्नलाई नेतामा प्रतिवद्धताको नितान्त खाँचो पर्छ। इच्छाशक्ति यही प्रतिवद्धताको ऊर्जा हो। सार्वजनिक कार्यक्रमतिर तोकिएको समयमा नआउनु र जनसाधारणलाई चाहिं त्यहाँ घन्टौं कष्टपूर्वक कुर्नु लगाएको उदाहरण यहाँ सामान्य भइसकेको छ। दुनो सोझ्याउने बेलामा जनता जनार्दन र काम सकेपछि त्यही जनतालाई नारकीय वातावरणमा बाँच्न बाध्य बनाउने नेताको साँचो परिचय त्यही होला।

तीनवटा शब्दहरू युक्त भएको शीर्षकमा 'सेन्टर' शब्द प्रयोग भएको प्रस्तुत लेखको कारण मैले बताउन चाहेको सम्पूर्ण शीर्षकको औचित्य अधुरो रहन जानेछ। अहिले घड़ी हाम्रो भाषालाई अङ्ग्रेजी शब्दको भरमार प्रयोगले धेरै उछिनिसक्यो र मैले पनि प्रयोग गर्न चुकिनँ। यसको तात्पर्य हाम्रो शब्द भण्डार दरिद्र छ भन्ने होइन तर लागेको बानी कथ्य रूपमा मात्र सीमित नहुँदो रहेछ। दैनिक जीवनमा हामी हिजोआज अङ्ग्रेजी भाषाका शब्दहरू मनपरि र आवश्यकताभन्दा अधिक नै प्रयोग गर्न थालेका छौं। साधारण बोलचालको भाषामा हामी आफ्ना ठेट र शुद्ध नेपाली शब्दहरू प्रयोग गर्नु परै छाड़ौं सरल र सुलभ शब्दहरू पनि प्रयोग गर्न छाड़िसक्यौं। त्यसकै फलस्वरूप यहाँ मैले पनि शीर्षकमा 'केन्द्र' शब्द (आफ्नो शब्द सम्पद् हुँदा हुँदै) 'सेन्टर' जोड़िदिएँ। भाषा अनुरागीहरूलाई यसले किञ्चित भावनात्मक चोट पुगे म क्षमा चाहन्छु। 'इच्छाशक्ति रिफिलिङ सेन्टर' नामक शीर्षकमा बाँचेको अब एउटा नेपाली शब्दलाई बिउ राखेको छु। आडम्बरप्रिय मानिसहरूको घुइँचोभित्र शुद्ध र ठेट नेपाली शब्दहरूको अनिकाल बढ़ेर जाने क्रमले हाम्रो भाषालाई नै सङ्कटको घेरोमा पार्दैछ। आफ्नै भाषा प्रयोग गरौं।

■

Best wishes to Kumudini Pariwar

Dinesh Chandra Paudyal

Advocate, Kalimpong

Best wishes to Kumudini Pariwar

Tekendra Bhandari

Kalimpong

गन्गनाइटिस

श्री दिनेश खाती,
(अभिकर्ता भा.जी.वि. निगम), कालेबुङ

सङ्क्षिप्त परिचय –

(स्मृतिको गर्भभित्र, जीवनपथ, विकल्प, आशाको महलभित्र, लभ इन मसानघाट जस्ता विभिन्न विधाका पुस्तकाकार कृतिका सर्जक श्री दिनेश खाती नाट्यकर्मी पनि हुन्। आकाशवाणी खरसाङबाट उनका अनेकौं रेडियो रुपकहरू प्रसारित भइसकेका छन्।)

(बजार र गाउँको दोसाँधमा बसेको एउटा ठाउँछेउको एक साधारण बिहानी। सरकारी शौचालय छेउको एउटा धारा। धारामा चहल-पहल सुरु भइसकेको छ। यस घरी सुरेन, आमोस र जीतेन गफ्फिँदै हात-मुख धोइरहेका छन्। एकाएक तिनैजना गलल हाँस्छन्...)

सुनेर : (हाँसो थाम्दै...) मानैं यार मानैं। जवानीको मज्जा लुट्नु चाहिँ तैँले मात्र जानेको रहेछस्। (अचानक केही सम्झेर) ए... अँ, साँची... हिज राति दस बजीतिर तेरी आमा तँलाई खोज्दै मेरो घरमा आएकी थिइन्।

आमोस : (रिसले मुर्मुरिँदै) यो आमा भन्नेसँग पनि सकिएन। (साथीहरूसित) साँच्चै यार, यी सङ्कीर्ण बिचार भएका थोत्रो मान्छेहरूसित जिउनु पनि... उफ! कहिलेकहीँ म त..., टोकरीभित्र निस्सासिएको साँपझैं हुन्छु।

जितेन : त्यै त ..., मान्छेहरू जुनमा 'हनिमुन' मनाउन पुगिसक्यो। हाम्रा आमा-बाबुहरू चैं १९४७ को १९४७ मै छ। हन त्यत्रो रात-दिन टी.भी. - सी.भी. हेरेर पनि कस्तो क्यै बुझ्न र सिक्न नसकेको।

(यस्तै बेला, धुनुपर्ने लुगा बोलमा बोकी धनुको प्रवेश हुन्छ।)

सुरेन : (धनुलाई) लुगा धुनु फुपू?

धनु : (धारामा बोल थाप्दै) अँ हौ नानी। खाली भएको बेला दाउ छोपिहालेको नि।

आमोस : एई केटा हो! भरे राती मरौमा रुङ्नु त आउने होइन, तिमीहरू पनि?

जितेन : किन नआउने र? ... आउनैपऱ्यो नि अब, आफ्नो गाउँ-घरको मामला। हामी नगै'दिए अरू को जान्छ त?

सुरेन : (व्यङ्ग्य कस्दै) ल... ल... अरूतिर र अर्काको गाउँतिर त जाँदै-जाँदैन बि...चा...रा...। 'मरेछ,' भनेको सुन्नासाथ आठ-दसवटा आठआने चकलेट र तासको दुइ बुङ गोजीमा हालेर दायाँ-बायाँ क्यै नहेरी मरौ घरतिर कुद्ने त... जितेन काँऽऽऽ हो र...? जितेनको भूऽऽऽ त पो हो त। भूत।

जितेन : (रिसाएको भावभङ्गिमा) भो, भो... त्यत्रो गरेर पनि के फायदा भएको छ र आफूलाई?... आफूहरूले त जत्ति नै गरे पनि आखिरमा... यो आमोसले तास खेल्दै गरेको ठाउँबाटै प...र चुह्लामा चिया बनाउँदै

गरेको ठाउँमै आफ्नो नेत्रवाणले हिर्काएर ठहरै पार्दिहाल्छ। आफूहरूलाई त त्यै उब्रेको–पाब्रेको नानीको आमाहरू त हो नि।

आमोस : भो! भो! बन्द गर तेरो बकवास। आज तैंहरूका लागि सप्पै छाड़िदिउँला। (फेरि रहस्यपूर्ण हाँसो हाँस्दै रहस्यमय ढङ्गमा) त्यो 'ओल्ड वाइन'–की छोरी 'पोर्ट वाइन' राधिकासिवाय...।

(अचानक गीतको धुनसँगै बी.टी. बड़ा, माथिबाट धारातर्फ झर्दा झर्दै बाटैबाट...)

बी.टी. बड़ा : (नेपाली चलचित्र 'देवता'–को 'के भन्ने हाम्रो समय'–को लयमा आफ्नै शब्दहरू गुनगुनाउँदै...)

के भन्ने हाम्रो समय... बिग्रेको... नास्सेको सबै हाम्रो समय साँच्चै, नराम्रो... हो... हाम्रो समय साँच्चै नराम्रो...

जितेन : (बड़ाको स्वर सुनी आमोसको कुरा काट्दै) शुः...चू...प लाग्। उः बी.टी. बुढ़ा आउँदैछ। सकिस् होइन, तँहरूले? भागौं।

आमोस : अब्बुईऽऽऽ भागौं! ऐ'ले यो बुढ़ाले अर्ती र उपदेशको झटारोले हिर्काएर हुरुक्क पार्छ फेरि।

सुरेन : जाऔं! जाऔं! एई जितेन, गाग्री बोक्। हिँड़।

जितेन : (गाग्री बोक्दै) आमोस, साबुन बोक् है। (तिनैजना हिँड्न थाल्छन्।)

बी.टी. बड़ा : (गीत रोकी, लेग्रो तान्दै) ल है... टट्टीमा को छ? छिटो गर।

सुरेन/आमोस/जितेन/ : (बी.टी. बड़ासित बाटोमा जम्का भेट हुँदा एकैचोटि) मर्निङ बड़ा।

बी.टी. बड़ा : ए... हिँड़ेको? यत्ति चाँड़ै? 'स्टाफ क्वाटर'–का ब्युटी क्विनहरू नआइकनै?

आमोस : छ्याः बड़ा पनि... एकाबिहानै ... हिँड्–हिँड् केटा हो, ढिलो भइसक्यो।

बी.टी. बड़ा : (पुनः गाउँदै धारातर्फ झर्न थाल्छन्) अचेलका केटा अचेलका केटी क्यै पनि जान्दैन, सिकाउन खोज्छ हामीलाई तर आफू चाहिँ चिल्लिम छ...

(यस्तैमा तमशा र झरनाको इत्रिँदै र छिल्लिँदै प्रवेश)

तमशा : (काखीमा गाग्री च्यापी..., झरनाको पछि–पछि कुद्दै... निरुपाय भाकामा) एई..., दे...त। दे न दे।... भन्दै छु है। ... दे नअ् आऽऽऽ (अचानक बजारिन्छे। गाग्री पुल्टुङ्ग–पुल्टुङ्ग पल्टिँदै जान्छ।)

बी.टी. बड़ा : ल... हेर यी ठिटीहरूलाई...। किन यसरी उम्लिएको? बैँसलाई वशमा राख्...।

तमशा : (रिसले चुर भई) हउड़ीको कुरा चाहिँ नगर्नुहोस् है बड़ा। याँ... आफूलाई चाहिँ कस्तो हुरुक्क पार्‍यो।... अइया! कस्तो रगतै भएछ। यो... यो...यो झरनाले गर्दा पो त।

झरना : नाच्न जान्दैन आँगन टेड़ो... भनेको चाहिँ नि... ईऽऽऽ यही हो।

तमशा : भो–भो, ज्यादा बाठी हुने दरकार छैन। ... एई झरना, गाग्री त टिपी दे न। (उठ्दै) आय्याऽऽऽ।

झरना : (गाग्री टिपेर) ए... अलिकति त कुच्चिहालेछ।

तमशा : धन्न सिल्बरको, गाग्री ल्या'की थिएँ र मात्रै। ताँबाको यसरी नै कुच्चिएको भए, तानेर तताइदिन्थे कान, बाबाले।

झरना : एई तमशा, पहिला शिखाकोमा गइहालौं न ल। ऐले त्यो फेरि स्कुल जान्छे।

तमशा : ल, त्यसै गरौं। ... त्यो गाग्री, त्यहीं डिलमा राखिदे।

झरना : (गाग्री राख्दै) लू, जाऔं। (दुवैको प्रस्थान। यता धारामा...)

बी.टी. बड़ा : खोइ–खोइ धनु बहिनी, यो बोल हटाऊ। म यो टट्टीको टोक्रे थापूँ?

धनु : (बोल हटाउँदै) लु थाप्नुहोस्, बड़ा। ती केटीहरू कता हिँड़े... गाग्री कुच्याइ राखेर?

बी.टी. बड़ा : कता जान्थे र?... त्यो... बेलुकी पर मरौघरमा रूङ्ने सल्लाह मिलाउन हिँड़ेकाहोलान् नि।

धनु : ए... आज यिनीहरू बस्ने होलान् नि त। ... तर बड़ा, मरौघरमा राती जानेहरू रुङ्न गएका हुन् कि रुङ्मािग्न गएका हुन्... खुट्याउनै पो सकिन छोड़ियो अचेल। ... अन्त बड़ा, आज घरै बस्नुहोला कि कतै...।

बी.टी. बड़ा : खोइ, कता जानु र बहिनी? एकाबिहानै यसरी खल्खली पसिना चुहाइ छ। झन् दिउँसो, हामीजस्तै लुते-लाड्ग्रेहरू त सूर्य-देवको प्रचण्ड कृपाले बाटैमा 'फेन्टै' भइएला।... हन गर्मी पनि यो साल त अच्चाकाली नै पो हुन थाल्यो त।

धनु : त्यै त बड़ा! खोइ... 'कली' आएकै रै'छ क्यारे।

बी.टी. बड़ा : (बुझाउँदै) अब हेर है बहिनी, वरिपरि भएको हरियो-परियो, रुख-पात... जताभावी काट्नु हुन्न यसले पर्यावरणको खति गर्छ भन्ने जान्दा-जान्दै पनि व्यक्तिगत स्वार्थसिद्धिको निम्ति डङडङ्ति रुख-पात मास्नु... के दुःख, रोग, कष्ट अर्थात्... 'कली' निम्ताउनु होइन त?

धनु : हो नि बड़ा, हो...। हन यो पर्यावरणसम्बन्धी त्यत्रो किसिम-किसिम भइरहन्छ र पनि मान्छेहरूले किन नबुझेका होलान् नि?

बी.टी. बड़ा : नबुझेको कहाँ हो र बहिनी... नबुझेको कहाँ हो? मान्छेले त सबै कुरा बुझेकै हो नि। र त इ... त्रु फुच्चेले पनि कति ठु...ल्ठु...लो भाषण छाँट्छ। नबुझी भाषण छाँट्न काँ सकिन्छ र? मान्छेले त सबै कुरा बुझेकै हो नि। नबुझ्ने त... मान्छेको यो मन पो हो त। मन... खोइ (ला...मो खुई काटेर) यो मन भन्ने पनि अचम्मकै छ। जहिले पनि..., कै'ले-कै'ले नभरिने, नअघाउने।

(यस्तैमा बिर्खेको प्रवेश...)

बिर्खे : ए... बी.टी. दाज्यू त, अघि चाहिँ हतार लगाउनु हुन्थ्यो... गफमा मस्त पो हुनुभएछ। गै'हाल्नुहोस् है। अर्को पसिदेला फेरि।

बी.टी. बड़ा : खै... यो 'ट्वाइलेट' र धाराले पनि गर्नसम्मै गरिसक्यो। नआऊँ भने पनि... खाएपछि पर्याँकनैपऱ्यो। आएर पनि यो... पालो पर्खाइ र ठेलम्ठेल्मा पर्नुपर्दा पो... झोँक चलेर आउँछ।

धनु : त्यै त दाज्यू, यता झरेपछि घरको क्यै काम भ्याइदैन। धन्न आज चाहिँ के भएर खाली रै'छ।

बिर्खे : त्यै र त... यो खाली भेटेकै बेला यसो पखालिन पऱ्यो भनेको...। बहिनीको कति छ, अझै?

धनु : (यस्तैमा धुँदै गरेकी लुगा देखाउँदै) यीः यै एउटा सिरकको खोल छ। सकिहाल्छु... एकै छिन्मा।

(यस्तैमा प...र शौचालयबाहिर बी.टी. बड़ा अग्नि शर्मा हुन्छन्)

बी.टी. बड़ा : (मुर्मुरिँदै) हन एई, च्याँखे, चतुरे, च्याक्से... चोट्टा, मेरो पालोमा के भनेर पसिस् हँ? निस्की। छिट्टो निस्की भनेको।

सिरकवाला : (शौचालयभित्रबाटै) भर्खरै तो पसेको छ नु। अब एथी.. एकछिन त पर्खिलिनुस् न बड़ा।

बी.टी. बड़ा : (रिसले मुर्मुरिँदै) भर्खरै तो पसेको छ नु... गुल्चे, गुइँठे, गैबर, गधा साला... छिटो गर्।

(यता धारामा)

बिर्खे : उः अघि भनेको ठ्याक्कै पुगेछ। बड़ा 'सेकेन' भएर स्याक्री फलाक्न थालेछन्।

धनु : (केही सम्झेजस्तो गरी) हन एई बिर्खे दाज्यू? यो नयाँ बनाइएको चारैवटा ट्वाइलेटमा ताला चाहिँ किन लगाएको?... हुन त यो पनि सरकारी नै होइन र?

बिर्खे : खोइ बहिनी, म त चार महीनापछि हिज राती त आ'को... तर अस्ति 'एम.पी. फन्ड' ले बनाइन्दैछ भनेको सुनेथेँ। अब लाटा हिसाबमा पनि एम.पी. फन्ड भनेको त सरकारी खजाना नै हुनुपर्ने तर

यो ताला झुन्डेको देख्दा चाहिँ नि... अलिक... कता-कता...।

सिरकवाला : (दुःखी बन्दै) के कर्नु हजुर? यस्तै छ। हम् गरिबको एथी... जहाँ गए पनि... गाली खानुको, मार खानुको न छ। अब एथी... त्यही चारठो टट्टी अगर हम् गावँले गरिबको मिल्थ्यो... तो दुःख ओर झमेला कहाँ हुन्थ्यो?... मन ओ तो एथी... सर और मेडमको भइगयो।

बिर्खे : (तर्सेर) सर-मेडमको?

धनु : अँ... माथिका त्यै बिल्डिङ्गकाहरूले लगाएका छन् आ-आफ्नो ताला।

बिर्खे : सरकारी टट्टीमा ताला लगाएर निजीकरण? यो त सरासर गुल्चे भयो।

सिरकवाला : अब एथी बिर्खे दाज्यू भी... हाम्रो देशमा कानुन त खाली गरिबको न सजाय दिन्छ। फेन पार्टीका एम.पी.-को फन्ड से न बनाएको छ।

धनु : अँ, त्यसै अरे हौ, बिर्खे दाइ। यी पाइखानाहरू एम.पी. फन्डकै पैसाले त बनाइएका हुन् रे तर एम.पी. चाहिँ उनको पार्टीका अरे नि त।

बिर्खे : ए... त्यसैले ताला उनीहरूका झुन्डिएको? खै! यो सरकारी सहुलियत, सरकारी कुरा... पार्टी-सार्टी भन्ने कुराहरू पनि दिन-दिनै बुझ्नै चर्को झन्-झनै चर्को पो हुँदै जानथाल्यो त। अघि अघि त यत्ति साह्रै भा'को जस्तो लाग्दैन।

धनु : त्यै त दाइ, दिन-दिनै गरिब, लाटा-सोझालाई त जिउनै साह्रो पर्न थाल्यो।

(केही क्षण सब आ-आफ्नै धुनमा अल्झन्छन् फेरि...)

धनु : (लुगा हालेको बोल बोकी हिँड्दै...) ल! है! बिस्तारै गरेर आउनुहोला।

सिरकवाला : ओ एथी... भइहाल्छ नु।

बिर्खे : अन्त भैया, काम-काज कस्तो चल्दैछ?

सिरकवाला : बहुत खराब छ बिर्खे दाज्यु। बहुत खराब। मान्छेको मान्छे पहिलेको जस्तो ढुकै से गावँ घुम्नु सक्तैन। एथी... मान्छे सरीफ और इमान्दार रहेन नु।

बिर्खे : त्यै त भैया... हेर्दा-हेर्दै... सब खतम हुन थाल्यो। खाइदेउ... र चम्चे खलकले देशै खाइसक्नु आँट्यो।

(त्यस्तैमा गाउँदै अजयको प्रवेश)

अजय : जिन्दगी पहेले कभी

इतनी हँसी कहाँ

ला... ला... ला...

जिन्द...

यश : (अजयलाई जिस्काउँदै प्रवेश) एई अजय सबैलाई अन्धो बनाउने सोच्दैछस् कि क्या हो?

अजय : एई कलियुगको नारद। के अरे? अन्धो बनाउने अरे? कसरी? किन?

यश : होइन, एकाबिहानै त्यो तेरो सुमधुर... बोरा फाटेकोजस्तो स्वरमा 'जिन्दगी पहेले कभी' भनेर लेघ्रो तान्दैछस्? प्रशान्त तामाङ हुन खोजेको? इन्डियन आइडल हुने सपनामा पनि नसोच्नु। बरु धारा आइडल कि नभए ट्वाइलेट आइडलमा चाहिँ ठ्याक्क मिल्छ होला। अनुहार हेर् त, आफै अल्छे भएरै हो कि जङ्गलमा खाने कुरा सकेर प्याराप्याटमा बसेकोजस्तो छ।

अजय : हेर न यदि म इन्डियन आइडलमा गएँ भने चाहिँ... आजतक र जी टिभीहरूमा वासभूमिको कुरा उठाउँछु। गीत गाउँदै जयऽऽ गोर्खा जयऽऽ गोर्खा... मेरै कम्पोज हो।

सत्यप्रकाश : (माझमा टक्क पुगेर) 'जिन्दगी पहेले कभी' त्यो पनि अजय दाज्युले...। त्यस्तो त नभन्नुहोस् है। फेरि-फेरि...

अजय : किन? किन...

सत्यप्रकाश : अब छर-छिमेकी दायाँ-बायाँ दुनियाँमा बम पड्कियोस् कि अनशनकारी होस्... अथवा प्रलय नै किन नहोस्... दाज्यूले कहिल्यै थाहा

पाउनुभएको छ र?

यश : (गिज्याउँदै) थाहा कसरी पाउने? यसका यी आँखाहरूले क्यै देख्ने नै भा पो! अजय, मेरो सजेसन कि तँलाई त थाहै छ है, अब भिरमा जाने गोरुलाई 'हल्लो' भन्न सकिन्छ तर 'माइ डियर' भनेर अँगाल्न सकिन्दैन। तर हेर, मेरो विचार नि अब फेरि-फेरि चाहिँ गाउँहरूलाई 'जिन्दगी पहेले कभी इतिनी हँसी कहा' भनेर नभन् न ल... फेरि सब गाउँकाहरू दुःखको जिन्दगी लिएर पनि तँजस्तो भइदिए भने फसाद हुन्छ नि होइन?

(सब हाँस्छन्...)

अजय : ल त ल, म नभन्ने भएँ। तर तँ देख्नेहरूले के गर्न सकेको छस्? गाली... लाञ्छना, तिरस्कार, धोका र धक्का खानुबाहेक। हँ, एई कलियगको नारद, तैंले त सब थोक देख्छस्। देखेर भोलिको शुद्ध समाज निर्माणको लागि खुब लेख्छस्? पच्चिसको उमेरमा पाँच किताब लेखिस् भयो केही?

यश : हुन्छ। हुन्छ। समय आएपछि सब थोक हुन्छ नि।

अजय : समय? तर कहिले? मरेको भोलिपल्ट खदा-माला र शोकसभामा? हँ... हेर यश... तैंले छपाएर घर-घर, ढोका-ढोका घुम्दै... लाञ्छना, तिरस्कार, धक्का खाँदै बेचेको किताबका पन्नाहरू सब पत्रुवालाले लगिसक्यो... खोइ त, तँ लेखकहरूको मूल्याङ्कन भएको? खोइ चर्चामा आएको?

यश : आउँछ। एकदिन अवश्य आउँछ।

अजय : आउँदैन, तँ जस्ताको त्यो एकदिन कहिल्यै आउँदैन। साथी, तेरो लेखहरू मैले पढ़ेको छु। ती सब यदि राम्रोसँग प्रचार र प्रसार हुन सके साँच्चै भोलिको समाज निर्माणमा त्यसले ठुलो काम गर्न सक्छ।

यश : अनि त्यो प्रचार-प्रसार पनि एकदिन अवश्य हुन्छ।

अजय : हुँदैन साथी, हुँदैन। प्रचार र प्रसारमा मिडियाको ठुलो भूमिका हुन्छ। तँ मान्छस् कि मान्दैनस्?

यश : मान्छु।

अजय : हुँ... मान्छस्... तर मिडियाले तँजस्ताको लेखहरूलाई प्रचार-प्रसार गर्दैन।

यश : गर्दैन? किन गर्दैन? गर्छ।

अजय : ए भाइ, आफैंले-आफैंलाई नढाँट् न। मैले तेरो सब क्रियाकलाप देखिरहेको छु। हाँसिरहेको छु तेरो मूर्खतामा।

सत्यप्रकाश : यश दाज्यूबाट मूर्खता? इम्पोसिबल।

अजय : ए भाइ तिमी चल्लै छौ... च्याँउ च्याँउ गर... तिमीलाई सुहाउँछ... तर बास्न तिमीलाई मिल्दैन। नहुने कुरा हुनजान्छ।

सत्यप्रकाश : कक् किन? जय दाज्यूको बारेमा म के जान्दिन र...

अजय : ल त... यो पनि जानिराख... एई जय! तैले तेरो किताबको समीक्षा लेखिदिनोस् भनेर किताबहरू क-कसलाई चढ़ाइस्, मलाई सब थाहा छ। ल भाइ लेख्दैछु - भनेर दिएका झुटा आश्वासनहरू पनि किताबको पनि समीक्षा निस्कँदैन कतै... त्यो पनि पक्का-पक्की सम्झेको, बुझेको छु।

यश : किन निस्किँदैन? निस्किन्छ।

अजय : निस्किँदैन भाइ। निस्किँदैन। हौउड़ीको लेखको पनि समीक्षा तब निस्कन्छ जब समीक्षा लेख्नेलाई कि त नाम र पदको प्रभाव पार्न सकिन्छ कि त पैसाले किन्न सकिन्छ। भाइ, ऐले हरेक क्षेत्रमा पैसा र पोस्टको प्रभाव पर्छ, ती बिना सबको समाज र साहित्य सेवा, मोलहीन र अर्थहीन छ।

यश : मोलहीन होला म मान्छु। साँच्चै मेरो गरिबीको कारण, मेरो पारिवारिक अवस्थाको कारण मेरा लेखहरूका मूल्याङ्कन नहोला, म मान्छु। तर अर्थहीन हुन्न। खोलामा ढुङ्गा हानेसरह खेरो जाँदैनन्

मेरा लेखहरू... त्यसले समाजलाई क्यै न क्यै अवश्य दिनेछ।

अजय : हा... (एक तमासले हाँस्न थाल्छ) हा-हा-हा-हा ए मूर्ख, किन ढाँट्छस् आफैलाई... तँ राम्ररी जान्दछस्... मलाई थाहा छ, ... तँ विद्वान् होस्। साँच्चै ठुलो साहित्यकार होस्। तैंले बोलेको प्रत्येक शब्द-शब्द मूल्यवान हुन्छ... तर कसले सुन्छ? कसले खान्छ तेरो कुरा...

सत्यप्रकाश : यश दाइ, मलाई पनि साँच्चै कताकता अभय दाज्यूको कुरामा विश्वास लाग्छ। हो त, हामीले सुधारका निमित्त फलाकेका शब्दहरू कसले पो सुनिदिएको छ र आजसम्म?

अजय : हो... साथी हो, यी पोस्टमा भएकाहरू... मान-सम्मान पाएर भाषण छाट्नेहरू केवल... केवल समाज र संस्कृतिको विकृतिका कुराहरू गर्न जान्दछन्। आफ्नो समाजलाई अन्य समाजसित तुलना गरेर भाषण छाँट्न जान्दछन् तर... तर आफ्नो समाज बचाउनलाई, साहित्य र संस्कृतिको जगेरा गर्नलाई... व्यावहारिक रूपमा केही गर्न जान्दैनन्... चाहँदैनन् पनि।

सत्यप्रकाश : हो दाइ, साँच्चै ठिक भन्नुभयो। ठुलाहरू सब आफ्नै घर भर्न र जोड्नमा व्यस्त छन्...।

अजय : हो भाइ, नत्र त ठुल्ठुलो भाषण छाट्ने पैसावालहरूले बिचरा यशजस्तोको बिस रुपियाँको किताब किनिदिएर नयाँ आउने साहित्यिकहरूमा प्रेरणा र जोस दिने काम गर्न सक्दैनन्? ४०-५० हजार तलब खानेले १०० रुपियाँको अङ्ग्रेजी पुस्तक पढ्नेले बिस रुपियाँको आफ्नो मातृभाषाको किताब किन्न सक्दैनन्? मातृभाषाको किताब बोक्नु लाज हुन्छ, अङ्ग्रेजी दैनिक हातमा भएमा मात्रै ठुला भन्छ कि कसो?

(त्यस्तैमा हल्ला गर्दै बी.टी. बड़ाको प्रवेश)

बी.टी बड़ा : अचेलको औरत, अचेलको मरद क्यै पनि जान्दैन। सिकाउन खोज्छ सबैलाई तर आफैले नाप्दैन भनेको चाहिँ नि... यी यही हो। नानी हो यै हो...

अजय : कस्तो यै हो? के र कुन विषयमा कुरा गर्नुहुँदैछ बड़ाले?

बी.टी. बड़ा : नानी हो, मैले तिमीहरूका सबकुरा टट्टीमा बसेर सुनिरहेथें।

अजय नानी, तिमीले त यश नानीका लेखहरूले प्रचार-प्रसार नपाएको देखिराखेकै रै'छौ। त... फेरि तिमीले नै उसका लेखकहरूको मूल्याङ्कन गरेर एउटा लेख समाचार-पत्रमा किन पठाइदिँदैनौ? तिमी पनि त केही वर्ष अघिसम्म कविता कोर्थ्यौं।

अजय : (अक्मकिँदै) त्यो त...

बी.टी. बड़ा : (कुरा काट्दै) त्यो त तिमीले सोच्दै सोचेनौ नि। तिमी मात्र होइन, हाम्रो समाजका कसैले पनि मबाट के हुन्छ के हुनसक्छ, त्यो सोच्दैनन्। र नै दुःख पाउँछन्।

यश : मतलब?

बी.टी. बड़ा : मतलब के भने... अघि म टट्टीको लागि तात्तिँए...। सिरकवाललाई झपारें। बाहिर बिर्खे, धनु र सिरकवालाले गन्गन् गऱ्यो... तर कसैले पनि चाबी-ताला लगाउनेहरूकहाँ गई कानुनी कुरा गरी ताला खोलाउने कोसिस गरेनन्। पर्यावरण दूषित भा'कोमा अघि भर्खरै मैले नै गन्गन् गरें... तर मैले आजसम्म एउटा बिरुवा रोपेको छैन...। मतलब हामी गन्गन् गर्नबाहेक क्यै जान्दैनौ...।

सत्यप्रकाश : गन्गन्?

बी.टी. बड़ा : हो नानी। के पैसावाल... के अफिसर के धनी के गरिब... के अधिकारी के हतभागी... के जवान, वृद्ध हामी सब... सबले मात्र गन्गनै गर्न सिक्यौं...। अर्कालाई दोस्याउन मात्र जान्यौं? आफ्नो दोष चिन्ने कोसिस गरेनौं। आफ्नो कर्तव्य कहिल्यै जानेनौं।

यश : त्यै त बड़ा। म मेरा प्रत्येक लेख, कथा, कविता र नाटकबाट... त्यै सब त भन्न खोजिरहेको छु। मेरा सब रचनाहरूमार्फत् म केवल मान्छेहरूलाई आफ्नो

कर्तव्य र धर्म बुझिदिने आग्रह गरिरहेको हुन्छु कि यहाँ समस्याको समाधान गन्‌गन्‌ गरेर होइन... भाषण जुलुसबाट पनि होइन... सभा–सेमिनारबाट पनि होइन... केवल, केवल मान्छेको आफ्नो कर्तव्यपालनबाट छ भनेर तर के गर्ने... म आफैलाई हार्दै गइरहेको अनुभव हुन्छ कहिलेकहीं...

बी.टी. बड़ा : हुन त नानी, मेरो बी.टी. नामको पुरा बीरमान तामाङलाई मेरो अर्ती दिने आदतसँग दाँजेर अचेल गाउँ–घरमा मलाई बिगट्रक बुढ़ो भन्दारहेछन्।

अजय : त्यसैले त बड़ा म सबथोक देखेर, जानेर, बुझेर पनि आफै–आफमा मस्त भई अन्धोसरह क्यै नदेखेको जस्तो भइ बस्छु।

बी.टी. बड़ा : नरिसाऊ अजय नानी। हाम्रो समाजमा यो गन्‌गन्‌ बढ़ेको मूल कारण बुद्धिजीवीहरू तिमीजस्तै अन्धा र लाटा भई बसिदिनाले पनि हो।

यश : गन्‌गन्‌भन्दा याद आयो... साँची भन्दा बड़ा, यो गन्‌गन्‌ भन्ने वस्तु अहिलेको मान्छेमा लागेको रोग हो भन्दै एउटा कविता लेखेको थिएँ सुन्ने?

बी.टी. बड़ा : सुनौँ न सुनौँ। किन नसुन्ने र आखिर यसरी कसैको कृति सुनिदिँदा पनि त... हाम्रो साहित्यको प्रगति हुन्छ... लेख्नेले आफ्नो रचना सुनाउनु पाउँदा पनि उसलाई सन्तोष लाग्छ। सुनाऊ नानी, सुनाऊ...

यश : ल त बड़ा... सुन्नुहोस्। अँ, यसको शीर्षक छ गन्गनाइटिस् सुन्नुहोस् है। मेरो कविता यस्तै छ। (कविको जस्तो गम्भीर भावमुद्रा बनाउँदै)

आठआने–चाराने, नयाँ पुरानो
बनको–जङ्गलको, रिसाको, खुसीको
रोगको नाममा यति
केवल यति जान्ने हामीमाझ
भयङ्कर राक्षसी रूप धरी भन्थ्यौं
टि. बी. आयो।
श्रमजीवी हतभागीको हाम्रो समाजमा
जब सामान्य, साधारण रोग बन्यो टि. बी.
हेर्दा–हेर्दै परिवर्तित युगसँगै
हाँस्दै–चित्कार्दै–कराउँदै
डायबिटिज, हेपाटाइटिस, निमोनाइटिस आदि
गनेर गन्नै नसकिने... रोगहरूका
रास आयो
क्यान्सर थोत्रियो।
एड्स आयो।
एड्स–ले साइनो राम्ररी गाँसिसकेपछि
अब आयो 'गन्गनाइटिस'।
हो! हजुर!!
भर्खरै आएको नयाँ रोग यो...
हुन त पुरानै थानको
चल्ती माल हो हजुर...
फेसन यसको टप–मा हुँदा पो
ऐले यो जाबोले चाल पायो...
अल्छे, स्वार्थी
कप्टी अधर्मी
भइकन अर्काको दोसैमात्र गाउने
रोगको लक्षण हो हजुर...
यो रोगको लक्षण हो हजुर...
प्रधान मन्त्रीको दफ्तरदेखि
चपरासीको चारपाइसम्म
मखमलको बिछ्यौनादेखि
मेलापातको भेलासम्ममा
गन्गनाइटिस गन्गनाइटिस
फैलिन्दैछ प्रचुर...
गन्‌गन्‌ गर्ने रोग यो–
गन्‌गनाइटिस!

■

VISIT TO KUMUDINI HOMES - PRESENT EXPERIENCES AND PAST MEMORIES

Matrika Prasad Sharma
Tendu, Samtse (BHUTAN)
ex-student
Kumidini Homes

The writer is an ex-student of the school from 1960-66/67, till his higher secondary examination. He then went to Allahabad (U.P.) for his graduation in Agriculture (1968-1973). After completing the said course in 1973, he returned to Bhutan to join Agriculture Department, later in 1985 he switched over to Education Department and served there as teacher till his retirement in April 2003. Since then he is enjoying a peaceful retired life in the beautiful Himalayan Land of Bhutan.

It was September 2007 when I received a call from Mr. Gayatri Prasad Sharma, C0-ordinator, Bhutan chapter, Kumudini Pariwar to visit Kalimpong on the invitation of the then Pariwar President Mr. Udai Kumai. Responding to the invitation, we four namely, Dasho Hemakanta Humagai, Mr. Gayatri Prasad Sharma, (Pariwar Coordinator), Bhutan chapter, Dr. Mani Kumar Rai, Dr. Sonam Dukpa and myself, all ex-students set out for our journey to Kalimpong from Phuentsholing (Bhutan). Passing through the plains of West Bengal, we reached Sevoke Bridge. Turning right and moving ahead along the bank of the river Teesta and passing through Rambi, Sattais mile comes the Teesta Bridge. Still ahead passing through sharp turning uphill comes our final destination - Kalimpong town. Here we were received by Kumudini Pariwar members, who escorted us to PWD guest house for our night stay.

In the evening we had a homely get together, a friendly atmosphere with the Pariwar President and members, sharing past experences and memories. I was delighted to meet my old classmate and a good singer in our school times - Mr. Bharat Mani Pradhan in the group. After the dinner we went to bed.

Next morning programme began at 8:00 am at Mela ground. As conducting the programme was assigned to us, Bhutan chapter, Dasho Hemakanta Humagai, as chief guest gave his short inaugural speech saying - "Good morning Kalimpong, Kumudini Pariwar, President and members" and thanked them making us the part of the programme. He further went to say - "Now in Bhutan also democracy has been instituted which is *purely a gift from the throne.*" Further Dasho Humagai commended the useful

and productive work undertaken by Kumudini Pariwar and expressed his happiness for Bhutanese delegation being a part of small contribution for the cause.

Varieties of entertaining programmes like games and sports of different disciplines displayed by the students were worth watching. In the mean time, I got an opportunity to meet my class mates. They were Ranjana Gajmere, (a very good singer) besides Bharat Mani Pradhan, James Tasho, again a good goalkeeper, Devi Prasad Bhandari, Krishna Prasad Newpane and few others.

Later we visited our old school - KUMUDINI HOMES with Pariwar President, Udai daju and other members. The school where I spent 7 (seven) glorious years of my life from 1960-66/67 (class VI-XI) in the same three storied yellow coloured building, tall clock tower, magnificent Dharma hall, Head master's office, still ahead the chemistry laboratory, physics classroom. A single storied cottage in the centre then residence of Tikaram Sharma, the venerable Head master and the "pioneer" of the school.

Looking at the Dharma hall, I recalled those days- the school day, on 24th May where we used to celebrate the day with great joy and enthusiasm, - various fund raising activities/games like food stall, funs, cultural programmes, plays and dramas - *Muna Madan, Amako pukar* among them. Joyous moments say "a mini festival." But now all gone, the only thing left is the - "sweet memories" of those events. Nevertheless, We came back to Bhutan with love and affections we received from our old friends and Kumidini Pariwar. ■

Best wishes to Kumudini Pariwar

Abiral Sundas

CUSTOMER SERVICE POINT

Kalimpong

Best wishes to My Almamater Kumudini Homes

Prabhu Narayan Basnet

Assistant Director

Soil Conservation

Darjeeling

यदि तिमी आफूले राम्रो काम गर्न सक्तैनौ भने नराम्रो काम चाहिँ नगरिदेऊ, त्यही नै तिम्रो समाज-प्रति सेवा हुनेछ।

-सत्य साई बाबा

योग्यता नै गरिबको सम्पत्ति हो।

-अब्राहम लिङ्कन

तिता औषधिको सम्झना

रोशन दाहाल, भूतपूर्व छात्र।

'भाइ! स्कुलको एनुअल म्यागजिन छापिँदैछ। तिम्रो पनि रचना आवोस्। एउटा राम्रो रचना लेख है', फोनमा कुमुदिनी परिवारका उमेश दाइले यसो भन्ने बित्तिकै म मेरो स्कुले जीवनमा फर्किसकेको थिएँ। फोनमा 'हुन्छ दाइ' भनेपछि म एकोहोरो हेरिरहेछु। घड़ी भएको स्कुल अनि त्यहाँ बिताइएका आठ वर्ष झलझली याद आयो।

श्याम दाजुले सयपल्टभन्दा बढ़ी घन्टी ठोकेपछि एसेम्बली सुरू हुन्थ्यो। म उनले घन्टी ठोकेको गन्थेँ। तर मलगायत मेरा गाउँका साथी–भाइहरू भने घन्टी लाग्न अघि प्रायः स्कुल पुग्न भने भ्याउँदैन थियौं। स्कुलको घन्टी लगभग घरसम्मै सुनिन्थ्यो। बिहानको पहिलो घन्टी स्कुलतर्फको बाटोमै बज्थ्यो। एक दिन होइन, जहिलेसुकै घन्टी बज्यो कि गियर बद्लिनु पर्थ्यो। पुगिएन भने फेरि प्रिफेक्ट इन–चार्ज प्रणय सरले ग्राउन्ड वरिपरि कुदाइहाल्ने।

जे होस्, घमन्ड लाग्थ्यो आफू कुमुदिनी विद्याश्रमको छात्र हुँ भन्नपाउँदा। अझै पनि गर्व गर्छु, 'म कुमुदिनीको एक्स् स्टुडेन्ट'। शिर उठाई बाँच्छु भन्ने स्कुलको टावरले आखिर हाम्रो शिर उच्चा जो गरिदिएको छ। हुन त, क्लास सिक्सदेखि मात्र कुमुदिनी पढ़ियो। तर कुमुदिनीको माया त्यसअघिदेखि नै लाग्थ्यो। खासमा बुवा पढ़ेको स्कुल थियो नि त!

प्राथमिक तहको शिक्षा 'ब्राइट लाइफ एकाडेमी'–मा लिइए तापनि, कुमुदिनीसित त्यसताक म नजोड़िएको भए तापनि पन्ध्र अगस्तमा फुटबल हेर्दा चाहिँ कुमुदिनीको पक्षमै चियर–अप गरिन्थ्यो। पछि सन् २००४ मा म कुमुदिनीमा लागेकै साल कुमुदिनीको फुटबल टिम नर्थ बेङ्गल च्याम्पियन पनि बन्यो। सुब्रोतो कपमा। आखिर प्रणय सर, राजु सर, दावा सरहरूले फुटबलका निम्ति खुब मेहनत जो गर्नुहुन्थ्यो। त्यसबेला खुसीले रात नपरेसम्म मेलाग्राउन्डमा नाचेका पनि छौं। हुन पनि, फुटबलले स्कुलको गरिमालाई गगन चुमाएको छ। यो सत्य हो, अझ पनि कालेबुङ उर्लिन्छ कुमुदिनीको फुटबल हेर्न। कुमुदिनी हार्लाहार्लाजस्तो हुँदा काम छुटेर आउने र जित्दा खुसी लाग्ने अझै गर्छ। स्कुल पढ़्दा मलाई पनि फुटबल खेल्न खुब रहर लाग्थ्यो। खेल्न नसके तापनि हाफ दाममा सेकेन्ड ह्यान्ड बुट पनि किनेको थिएँ। मिनी डिभिजनको 'बी' टिमका निम्ति प्र्याक्टिस पनि जान्थेँ। तर बुटको साटो हजुरबाको पुरानो गोल्ड स्टारको जुत्ता लाएर हाफ दामकै भए तापनि दुध बेच्न जाँदा साइड इन्कमको पैसा जम्मा गरेर किनेको बुट जो मलाई जोगाउनु थियो। त्यसको कथै अर्को छ।

फेरि चौबिस मई (स्कुल दिवस)–को महत्त्वै अलग। कालेबुङकै चाड़ मानिन्थ्यो चौबिस मई। थामेर थामिनसक्नु भिड़ हुन्थ्यो त्यस दिन। सुनिन्थ्यो, चौबिस मईका दिन अरू स्कुल खाली हुन्थ्यो रे। सबैजना कुमुदिनीमा स्कुल दिवसको कार्यक्रम हेर्न आएका हुन्थे।

पछिबाट कतिपय स्कुलले त चौबिस मईका दिन छुट्टी बस्ने विद्यार्थीहरूबाट फाइन पनि लिए अरे। हुन पनि, स्कुले जीवनमा साङ्गीतिक कार्यक्रम, कसलाई छोड्न मन पर्छ र? कुमुदिनीकै चौबिस मईले मलाई पनि त नाच्न सिकायो।

शिक्षाको क्षेत्रमा झन् समर्पित शिक्षक–शिक्षिकावर्गको ठुलो भूमिका रहेको पाइन्छ। अतिरिक्त क्रियाकलापमा पनि कुमुदिनी पछि थिएन। कुमुदिनीले स्काउटमार्फत राज्य पुरस्कार र राष्ट्रपति पुरस्कार कत्तिलाई दिलायो, दिलायो। एनसिसिमार्फत कत्ति विद्यार्थीले रिपब्लिक डे परेड (आरडीपी) दिल्लीमा सहभागी बन्ने अवसर प्राप्त गरे। अन्तरआश्रम खेलकुद र विभिन्न प्रतियोगिताले विद्यार्थीहरूलाई स्कुलले तिखारिरहन्थ्यो।

कुमुदिनी विद्याश्रमले थरीथरीका केटाहरू पनि चिनायो। कोही पढ्नमा जिरो, कोही हरेक क्षेत्रमा हिरो। म बिचको थिएँ, ठिक ठिकैको। पढ्न जिरै पनि होइन, सबै जान्ने पनि होइन। तर क्लासका केटाहरूलाई मनोरञ्जन दिलाउन कुनै कसर छोड्दिन थिएँ। खासमा मलाई चाहिँ प्रायः टिचरहरूको नकल गर्न आउँथ्यो। नाम नभनौं होला, अहिले पनि कतै साथी–भाइ भेटियो भने त्यही कुरा गर्छन्। टिचरको नक्कल गर्नबाहेक घोर्ले सोरमै भए तापनि डेस्क ठटाएर गीत गाउने अर्को कला थियो मसित। कमेडी गीतहरूमा नाच्थें अनि कमेडी गीत नै गाउँथे। केटाहरूलाई मज्जा लाग्ने भएर डेस्क ठोक्न साथ दिने। म विशेष ती कुरा चाहिँ अहिले असाध्यै 'मिस' गर्छु।

अँ! मैले यो पनि भन्नैपर्छ, स्कुलले हामीलाई कहिल्यै भोको पेट पनि राखेन। म दस क्लासमा हुँदा होला, मिड डे मिल सुरू भएको। ठुला क्लासकाले त्यो खान नपाउने हो। तर हामीलाई भने बाह्रौं क्लाससम्म मिड डे मिलको सौभाग्य मिल्यो। मैले त घरबाट थाल लगेर क्लासको डेस्कमुनि राखेको थिएँ। फिक्स्। लन्च ब्रेकमा थाल बोक्यो, मिड डे मिलको लाइनमा लागिहाल्ने। म भिन्डीको तरकारी नखानेलाई मिड डे मिलले नै भिन्डीको तरकारी खान सिकायो। कम्ती मिठो भाको थिएन, मुसुरी दाल र भिन्डीको तरकारी। अहिले पनि कोही बेला स्कुलमा कार्यक्रम हुँदा, त्यहाँ पुग्दा र भोजनको सौभाग्य मिल्यो भने त्यै पुरानो याद आलो बन्ने गर्छ।

माया लाग्छ स्कुलको।

आफू पढ़ेको स्कुलको माया त स्कुल पढ्दा जति लाग्थ्यो, त्यसको दोब्बर माया स्कुल छाडेपछि लाग्दो रहेछ। त्यो सबैले अनुभव गर्नुभएकै होला। अहिलेका विद्यार्थीहरूले पनि पछि पक्कै अनुभव गर्नेछन्। फेरि तितो औषधिले नै बिरामी निको हुन्छन् भन्ने कुरा पनि पछि स्पष्ट भयो। स्कुल पढ्दा मन पर्ने शिक्षकहरू पछि मन पर्लान्, नपर्लान् तर त्यसताक जो शिक्षकहरूदेखि डर लाग्थ्यो अनि मन पर्दैन थियो, पछि उही शिक्षकहरू धेरै प्यारा बन्दा रहेछन्। उनीहरू त त्यसताक बैंसको हावा लागेर बनेका बिरामीहरूको तिता औषधि रहेछन्। अहिले धेरै सर–गुरुमाहरू हामीमाझ संसारमै रहनुभएन। तर उहाँहरूका सम्झना आलो छ। सबैलाई मेरो हार्दिक श्रद्धाञ्जलि। अन्य तिता औषधिसरह शिक्षकगणलाई मेरो नमन। मेरो अशेष माया। घड़ी भएको स्कुलका विद्यार्थीहरू सबैलाई उज्ज्वल भविष्यको शुभकामना! ■

अर्ती दिन त सबैले सक्छन्, तर अर्तीको कुरा आफैले चाहिँ अनुसरण गर्दैनन्।

–शेक्सपियर

व्यक्तिको अनुहारभन्दा उसको पवित्र व्यवहार सुन्दर हुन्छ।

–रविशंकर

आदिकवि भानुभक्त आचार्यको सकलको नकल

डा. एच.पी. छेत्री

सन् १९७९ को जुलाई महिनाको पहिलो हप्तातिर स्वर्गवासी के.सी. खरेल टासिलिङमा मेरो कार्यालयमा आई, 'हामी आर.सी. पौड्याल र अरू साथीहरूसित सर-सल्लाह गरी तपाईंलाई निवेदन गर्न आएको उदेक नमान्नुहोला' भन्नुभयो, विषय थियो - भानु-जयन्ती मनाउने, सके भानुको मूर्ति पनि राख्ने।

म आफै साहित्यमा संलग्न नभएको अनि कुनै योगदान पनि नभएको व्यक्तिले 'तत्कालै हुन्छ' भन्न सकिँन मैले। हामी सबै मिलेर गरौं न, भइहाल्छ होला नि भनें। उनले भने, 'हुँदैन। कसैको आँट छैन, गर्दैनन्।'

'किन?'

'स्थिति त्यस्तै छ। कविज्यूलाई यहाँ विदेशी भन्छन्। तपाईं सिक्किमको थिचोमिचोमा नपरी बाहिर पढ़ेर आउनुभयो र तपाईंलाई थाहा छैन। यसर्थ तपाई गर्न सक्नुहुन्छ।' त्यसपछि तुरुन्तै हामी दुई भाइ (खरेल र म) दोर्जी छिरिङको कार्यालयमा गएर सहायताका लागि हात पसार्‍यौं र सबै कुरा खुलस्त पार्‍यौं। उहाँले पनि मान्नुभयो। दोर्जी छिरिङको अगुवाइमा भानु-जयन्ती मनाउने कार्यक्रममा १३.७.७९ का दिन अहिलेको टाइटनिक पार्कमा तत्कालीन मुख्यमन्त्री काजी ल्हेन्डुप दोर्जीको बाहुलीबाट कविको प्रतिमाको शिलान्यास गरेपछि २५.७.७९ का दिन स्वर्गवासी दोर्जी छिरिङको अध्यक्षतामा एउटा समितिको गठन गर्‍यौं अनि महासचिवको पदमा मलाई नै मनोनीत गरे। त्यसपछि सबैको संलग्नता र सहयोगमा भानुसालिग निर्माण कार्य सुरु भयो।

सालिग बनाउन अघि सालिगको चित्र बनाउने प्रयोजन भएकाले सुनादाका कुमार छिरिङ, नेपालका अमर चित्रकार र दार्जिलिङका हेमकुमार राईबाट प्राप्त गरिएका कविका चित्रहरूसँगै राखेर हेर्दा विभिन्न प्रकारका अनुहार पाइयो। त्यसपछि नेपालबाट प्रख्यात चित्रकार लैनसिंह बाङ्गदेल (जो तत्कालीन नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति पनि थिए)-सित सम्पर्क गरी ज्वाला समले बनाएको कविको तैलचित्र नै कविको सकलको साँचो नकल मानिन्छ भन्ने कुरा ज्ञात भयो।

त्यसबेला ज्वाला सम विदेशमा भएकी हुनाले कपी राइटको अनुमति पाउन गाह्रो पर्दा चित्रको नेगेटिभलाई उल्टा पारी कानुनी प्रक्रियालाई पन्साउने प्रयासले फोटो खिची प्रतिमा बनाउने काम भएको हो। यसरी नेपाल प्रज्ञा प्रतिष्ठानले पनि स्विकारेको कविको चित्रलाई नै हामीले पनि मानेर आदिकवि भानुभक्त आचार्यको पूर्णाङ्ग काँस्य प्रतिमाको निर्माण गर्‍यौं।

■

Taj Bakery
Live
Pastry Palace
Dambar Chowk, Kalimpong

With best compliments from :

M/s. Jan Kalyan Pharmacy

Near District Hospital (Eden)
Darjeeling
Contact : 98320-34087
(Available 50% discount in types of medicines)

Laxmi Devi Agarwal

LOTUS

(Deals in : Suiting, Shirting, Sarees, Dress Material, Kurtis, Leggings and authorized School Outfitters)

Main Road (Below SBI), Kalimpong-734 301
Contact : 9832548999 & 9800540392



MEDICINE CORNER

(Chemist & Druggist, Veterinary Medicines and Pathology))

Thanadara, Kalimpong-734 301
Contact : 03552-256164, 9832068514

GALAXY

(Exclusive Showroom of Readymade Garments)

Main Road, Kalimpong-734 301
Contact : 9800310990



ADARSH MEDICAL

(Chemist & Druggist, Veterinary Medicines and authorized SRL Ranbaxy Collection Centre for Pathological Test)

Main Road (Below HDFC Bank), Kalimpong-734 301
Contact : 03552-256962, 9475255932

With best Compliments from :

Upama Publication

UPAMA PUBLICATION

Maa Super Market, Thana Dara
Kalimpong-734301
Office : 03552-255156, Mob.: 8016434999/8207264422
Email Id-upamapublication@gmail.com

With best Compliments from :

M/S. CHHIBI INN

HIMALAYAN HOME STAY

CHHIBO BUSTY
KALIMPONG

With best Compliments from :

Thupden Sherpa

CHERESSEY CONSTRUCTION COMPANY

Dr. Zakir Hussain Road
Darjeeling
Ph. 7602055777/8670533342

With best Compliments from :

Use Only

कालेबुङमा बनिएको

कुसुमे रुमाल

BISU HANKEY

Hot PRESS (Iron)

Before Wash to Keep Colourfast

नकलीदेखि सावधान

LHASA TRADING CENTRE

Bisu Agarwal-9434049048
Vikash Bansal-9832377476

विद्यार्थी छँदाका केही सम्झनाहरू

राज के. श्रेष्ठ,
सिक्किम

शिक्षाभन्दा माथि अरू कुनै चिज छ भने त्यो हो शिक्षा। शिक्षा भएकोले शिक्षित/शिक्षित भएकोले ज्ञानी विद्वान् आदि। शिक्षाबाटै निर्मित यो जगत्। विकासको जड़। सभ्यताको स्रोत। शिक्षाकै आँगनमा खेलर, कुदेर, हुर्केर बढ़ेर जवानदेखि वृद्धसम्म हुने शिक्षित प्राणी। अरू प्राणीहरू पनि जन्मिन्छन् खेल्छन्, उफ्रिन्छन् पाफ्रिन्छन्, बुर्कुसी मार्छन्। जवान हुन्छन्। वृद्ध हुन्छन् र मर्छन् हामीजस्तै। तर मरणमा फरक छ। अरू जङ्गली पशु-पक्षीहरू जन्मिन्छन् र मर्छन् मात्रै। हामी मानव प्राणी कर्त्तव्य गरेर मर्ने हुनाले हाम्रो मरण अर्कै किसिमको छ। यसको मूल आधार हो शिक्षा। यो गुरु-शिक्षा हो मान्छेको। ब्रह्म, विष्णु र महेश मान्यता हो शिक्षाको।

शिक्षाबाट शिक्षितहरूको जन्म हुने हुनाले शिक्षा महत्त्वपूर्ण हुँदछ। त्यहाँबाट समाज शिक्षित। जाति शिक्षित र अन्त्यमा राष्ट्र नै शिक्षित बन्दछ। शिक्षाकै बिउ, बिरुवाबाट फुलेका फलेका विकास र सभ्यताका फल फूलहरू। त्यसैले विद्यालय भनेको विद्याको मन्दिर।

आमाको काख नै शिशुहरूको प्रथम पाठशाला मानिन्छ। त्यसमा पढ़ाउने पहिलो गुरुमा र गुरुबाहरू हुन् आमा-बाबा। त्यसपछि उनीहरूलाई अर्को पाठशालामा भर्ना गरिन्छ। मेरो पनि त्यो अर्को पाठशाला हो कुमुदिनी विद्याश्रम, कालेबुङ। विद्याश्रममा अध्ययनरत रहँदा गरिएका कामहरूमा चित्रकला, सङ्गीतकला, नाट्यकला र खेलतिर पनि भाग लिने काम गरियो। मुना-मदन नाटक मञ्चन गरी काठमाडौंसम्म प्रदर्शनका निम्ति लगियो। सायद १९६१ सालतिर हुनुपर्छ। त्यसपछि अर्को नाटक हेडमास्टर टिकाराम शर्माद्वारा लिखित नाटक 'आमाको पुकार' मञ्चन गरी पछि दार्जिलिङमा पनि प्रदर्शन गरियो। तिनताकका सरहरूमा भरत सर, शान्ता सर, देवान सर, सोङ्पाङ्बे सर, ग्यापन सर, पी.एल. सर, चन्द्रहाङ सर, खिदमत सर, पासाङ सर, गंगा पाखरिन गुरुमा, तिवारी सर, एम.बी. प्रधान सर, धनवीर सर आदि थिए।

कुमुदिनी विद्याश्रमको सम्पूर्ण निर्माणकार्यको भार टिकाराम सरको परिश्रमको देन हो। उहाँले विद्याश्रमलाई कालेबुङका स्कुलहरूमध्येका एउटा स्तरीय स्कुल बनाउनमा उहाँको लगनशीलता र परिश्रमको परिणाम हो र यसको श्रेय उहाँलाई जान्छ।

हेडमास्टर टिकाराम सरको कड़ा अनुशासनमा स्कुल सुचारू रूपले चलेको थियो। तर एउटा कुरा प्रशासक जत्तिनै कड़ा भए पनि केटाहरूको बदमासी पनि कम्ती थिएन। केटाहरूमा हुने उपद्रो गर्ने स्वभाव, उच्छृङ्खलता उनीहरूको युवापनको अधिकार जत्तिकै भएको कुरो अहिले आएर बुझिँदो रहेछ। यस्तै-यस्तै प्रकारले विद्याश्रमको पठन-पाठन कार्य सकिएपछि व्यावहारिक जीवनमा जीवन पाल्ने क्रम अहिलेसम्म चलिरहेछ।

■

खन्दै खोदल्दै जाँदा :
सम्झनाका गाड़धनहरू :-

कमल काफ्ले (भुतपूर्व छात्र)
लिङ्गे, पूर्व सिक्किम

जन-जिब्रोमा एकपटक प्रचलित भएको नाम हत्तपत्त नमेटिंदो रहेछ। कालेबुङ-सिलगढ़ीबिचमा पर्ने सिमेन्टको पुललाई हामी लोहापुल भनी चिन्ने गर्दछौं। कालेबुङ सहरको साइकल स्टोर्सबाट हामी स्कुलका खाता-किताब किन्ने गर्दथ्यौं। विशाल पूर्वाधारयुक्त शिक्षा-केन्द्र भइसकेर पनि ग्रामीण भेकतिर कुमुदिनी विद्याश्रमलाई टाउन स्कुलकै नामले त्यसताक चिनिने गरिन्थ्यो। जन-साधारणमाझ टाउन स्कुल र टिकाराम सर पर्याय नै बनिसकेका थिए।

'पढ़ी गुनी के काम, हलो जोती खायो माम' भन्ने समाजकै उपज थिएँ - म पनि। चौथो श्रेणीमा बोर्ड-परीक्षामा सफल भएपछि मात्र पाँचौं श्रेणीमा भर्ना पाइन्थ्यो त्यसताक। कुनै उद्देश्य प्रेरित भएर पनि होइन, जीवनको लक्ष्य खोजेर आत्म-उत्थान गर्न पनि होइन, समाज र राष्ट्रको विकासका निम्ति पनि होइन- होहो रे-मै सबैको देखासिकीमा 'गतिलो शिक्षा गतिलै काम, ठुलो कामको गोजीभरि दाम, कम परिश्रम सधैं आराम' उद्देश्यले नै डोऱ्याएर म पनि टाउन स्कुलमा भर्ना हुने भएको थिएँ।

यो थियो सन् १९६५ को फरवरी महिनाको कुरा। ग्रामीण पाठशालाको साना माचिसडिब्बे श्रेणी कोठामा पढ़ेको, जम्मा चार पाँचजना शिक्षक/शिक्षिका मात्र देखेको, पाठशालामा जम्मा तिस-पैंतिस विद्यार्थीहरू मात्र भेटेको अनि घरको सानो आँगनजत्रो खेल-मैदानमा 'अम्मल-डम्मल' र 'आम राइट्' मात्र खेलेको सोझो विद्यार्थी।

सहरको नामी टाउन-स्कुलमा प्रवेश गर्नु थियो। म दस वर्षको उमेर खाएर भर्ना हुन जाँदा टाउन-स्कुल ३१ वर्षको पौरखी व्यस्क भइसकेको रहेछ। स्तरीय शिक्षा, कठोर अनुशासन, विद्यार्थीको व्यक्तित्व विकास गराउन सबै उपादान प्रदान गर्न सक्षम, समर्पित शिक्षकवृन्द र सुलभ शुल्कमा शिक्षादान गर्न कटिवद्ध रहेको यस विद्यालयमा भर्ना हुन पिताजीको पछिपछि लुरुलुरु हिंड़ेर टाउन स्कुलको प्रवेश-द्वारमा पुगेको सम्झना अझ मनमा टड्कारो रूपमा रहेको छ।

प्रवेशद्वारको टुप्पामा झन्डै अन्डाकार आयतनभित्र झुल्किँदै गरेको घामको नक्सा र मुनिपट्टि नेपाली अक्षरमा ''चरित्रं हि बलम्'' लेखेको एक पङ्क्ति अर्थ नबुझी पढ़ें। त्यस मुनिल्तिर 'कुमुदिनी विद्याश्रम' लेखिएको नामपट पढ़ेपछि टाउन स्कुल भनेको कुमुदिनी विद्याश्रम, कुमुदिनी होम्स् रहेछ भन्ने थाहा लाग्यो।

त्यसताक सहर र गाउँमा औँसी-पुर्नेकै रातको अन्तर हुने गर्दथ्यो। गाउँ झुप्रे घरहरूको समूह हुन्थ्यो, घरमा घर बुई चढ़ाएर सहर बस्ने गर्दथ्यो। गाउँका

बाटाहरू पनि पट्पटी फुटेका हुन्थे र त्यसमा हिँड्ने पाइला र कुर्कुच्चा पनि धाँजा फुटेका नै हुने गर्दथे। प्रवेशद्वारबाट भित्र पस्ने बित्तिकै मेरा आँखा अघिल्तिर ठुलो फैलावट लिएर लम्पसार परेको खेलमैदान, चारै पाटा घड़ी जड़ान गरिएको, अग्लो सबैतिरबाट छर्लङ्ग देखिने धरहरा, भीमकाय भव्य विद्यालयभवन देखेर गाउँले कथा–पुराणमा सुनेका अट्ठासी हजार शौनकादि ऋषिमुनि पढ्ने त होइन? भन्ने विचार मनमा उब्जिएर म एकक्षण अलल्लिएको थिएँ।

केही क्षणपश्चात् शिरमा ढाका टोपी, दौरा–सुरुवाल कोट पहिरिएका व्यक्ति मैदानको दक्षिणतर्फबाट हिँड्दै आए। उनका लहलह मौलाएका आँखीभौं, ओठमाथि खापैखाप तेर्छिएका मुठे जुँघा, मध्यान्हको घामजस्ता जुधाउन नसकिने तेजिला आँखा, गोराखिलो मोहड़ा म एक टक लाएर हेरिरहेको थिएँ। सबै सतर्क भएर अभिवादन गर्न थाले, प्रधान अध्यापक टीकाराम सर उहाँ नै हुनुहुँदो रहेछ। प्रथम चोटि दर्शन हुन सक्यो।

हामी एकेक विद्यार्थी र अभिभावकलाई क्रमैसँग प्रधान अध्यापक कक्षमा बोलाइएपछि पिताजीले मलाई लिएर भित्र पस्नु भयो। पिताजीलाई आवश्यक निर्देश दिनु हुँदै गर्दा त्यस कक्षमा बाजा बजेझैं आवाज आएको मैले सुन्न सकें। मुन्टो नघुमाई छड्के आँखाले हेर्दा देवल घड़ी झुन्डाइएको भित्ताबाट यो मिठो धुन बजेको अन्दाज पाएँ... स्कुलको घन्टी ठोक्दा आएको आवाजजस्तो मात्र सुनेको थिएँ, घड़ीको घन्टी लागेको! छक्क पर्दै निस्किएँ प्रधान अध्यापकको कक्षबाट धेरै समयपछि स्कुलका ठुला दाजुहरूले प्रधान अध्यापकको प्रखर स्मरण शक्तिको कुरा गर्दा भन्ने गर्थे– भर्ना हुँदा एकपटक सोधेको नाम, पिताको नाम र ठेगाना प्रधानअध्यापकले ठुलो श्रेणीमा पुग्दा पनि पटक्क भुल्नुहुन्न थियो 'रे। सबै विद्यार्थीलाई एघारौं श्रेणी सकेर जाँदा उहाँले घरको ठेगानामा व्यक्तिगत चिट्ठी पठाउनु हुन्थ्यो 'रे भनी दाजुहरूको वार्तालापमा मैले कहीँ सुनेको थिएँ।

भर्ना भएको प्रथम ६ महिनासम्म शिक्षकले श्रेणीमा पढ़ाएका कुरा मैले केही बुझ्न, टिप्न सक्तिन थिएँ। आफ्नो कमजोरी लुकाउन म स्कुल परिसर वरिपरि घुम्ने गर्थें– छोटो इन्टर्भल र खाजा खाने छुट्टीमा, अहिले सम्झदा त्यो त पलायन रहेछ आफ्नै असमर्थता लुकाउन। यसरी घुम्दा धर्म हलको रङ्गमञ्च निर्माण हुँदै गरेको दृश्य मेरो मानसपटमा दोहोरिने गर्दछ। बाघधारा रोड निवासी (हाल भएको वृन्दावन मिठाइ दोकान अघिल्तिर बस्ने) एक वृद्ध नेपाली सूचिकारले सिलाइ मसिन धर्महलमै ल्याएर रङ्गमञ्चमा उँभो सर्ने बाहिरी पर्दा, पछिल्तिरको सेतो पर्दा, मञ्चको पार्श्वभागको पर्दा, झल्लरहरू र दुइपट्टिका विङ्गसमा कपड़ा मोहर्ने काम महिनौं लाएर गर्नु भएको थियो – यो काम रङ्गमञ्चको जीर्णोद्धार कार्य थियो त्यो।

त्यसताक कुमुदिनी विद्याश्रका विद्यार्थी आठवटा आश्रममा बाँड़िएका हुने गर्दथे। भानु, रवीन्द्र, गान्धी, राधाकृष्णन्, नेहरू, मालवीय, दोर्जी र डम्बर हाउसबिच तर्क तथा अन्य खेलकुद प्रतियोगिता राखिएको हुन्थ्यो।

कुमुदिनी विद्याश्रमको 'स्थापना दिवस' को रूपमा २४ मईमा भव्य कार्यक्रमहरू आयोजना गरी मनाइँदो रहेछ। विद्यालयकै प्रधान अध्यापकले लेख्नुभएको लोकलयका गीतिनाटकहरू धर्म हलको रङ्गमञ्चमा मञ्चन हुँदा रहेछन् – स्थापना दिवसको उपलक्ष्यमा। 'आमाको पुकार', 'चेली' र 'टुहुरी' मञ्चन गरिएका थिए टीकाराम सरको पालामा। शिक्षक रूपराम देवान सरको निर्देशन, मञ्च व्यवस्थापनमा प्रदर्शित आफ्नै विद्यार्थीहरूद्वारा यी सामाजिक कथानकमा उभिएका, नाटकहरूले समस्त दर्शकहरूको मन छुन्थे र आँखा भिजाउने गर्थे। राना सर प्रधान अध्यापक रहँदा 'लाली–गुराँस' गद्य नाटक भएको थियो– त्यसपछि नाटक मञ्चनको क्रम टुङ्गियो।

नाटकको प्रमुख भूमिका निर्वहन गर्ने उच्च श्रेणीका दाजु दिदीहरूमा ग्यामछो भुटिया, सोनाम डुक्पा, मेनुका

देवान, पुष्प शर्मा र पार्श्व गायिका रञ्जना गजमेर जसले 'कुमुदिनी कोकिला' को उपाधि पनि जितेकी थिइन्। स्थापना दिवस सम्पूर्ण विद्यार्थी र विद्याश्रम परिवारको एउटा भव्य चाढ़को रूपमा मनाइन्थ्यो। स्कुलको मुख्य भवन बेहुलीझैं सिँगारिएको हुन्थ्यो। दुई तीन दिनसम्म क्रमिक रूपमा यो चाढ़ विभिन्न कार्यक्रमका साथ सम्पन्न हुने गर्थ्यो। खेल मैदानमा प्रतियोगितात्मक खेलहरू, प्रदर्शनीहरू हुन्थे। तीमध्ये एउटा जुत्ता पालिस गर्ने स्टल पाण्डे सरले राख्नुभएको थियो। उहाँ हाल भएको कन्या उच्च पाठशालाको दक्षिणतिर स्थित सड़क किनारको क्वार्टरमा बस्नुहुन्थ्यो। चार आना तिरेर आमन्त्रित सज्जनवृन्द, शिक्षणगण तथा विद्यार्थीहरू सबैले जुत्ता पालिस गराउन सक्थे। पाण्डे सरलाई सघाउन केही विद्यार्थीहरू पनि त्यहाँ उपस्थित हुन्थे। सरले आफ्नो हातले जुत्तामा पालिस, टल्कने क्रिम लगाएर टलक्क टल्काइ दिनुहुन्थ्यो र भन्नुहुन्थ्यो ''काम गर्न लजाउनु पछौटेपन हो... काम नै पूजा हो, धर्म हो।'' त्यो चार आनाको दरले जम्मा गरेको पैसाको नाफाबाट उहाँले सिमेन्टमा लगाउने आकासे निलो रङ्ग किनेर ल्याउनु भयो। धर्म हलको रङ्गमञ्चको अघिल्तिर तिनवटा समानान्तर रेखाहरू खिँचेर मूलपर्दा बसेको बिटको वरिपरि चिटिक्क पारेर अग्लो बाँसको सिँढ़ीमा चड़ेर आफ्नै हातले समाप्त गर्नुभयो... समर्पित थिए शिक्षकहरू विद्यालय र विद्यार्थीका प्रगतिका निम्ति!

विचारहरू स्वच्छ थिए त्यसताक। उपभोक्तावादको होड्ग्रायो भोकले लोभ जन्माएको थिएन। सामग्रीहरू बजारमा सहज उपलब्ध भएर स्वाभिमान र स्वनिर्भरता लड्गड़ो भएका थिएनन्। हामी पनि त्यही भावना आत्मसात गरेर बसेका हुन्थ्यौं। कुमुदिनी हाम्रो परिवार, विद्यार्थी मात्र हाम्रो जात, शिक्षा आर्जन हाम्रो लक्ष्य, स्तरीय शिक्षा र उचित अनुशासन कायम गर्नु शिक्षकवृन्दको धर्म... यी परम्परा त्यसबेलासम्म अक्षुण्ण रहिआएका थिए। त्यसैकारण कुमुदिनी विद्याश्रमको सुयश त्यसताक उत्तर बङ्गाल, भुटान, नेपाल र सिक्किम चारैतिर फैलिएको थियो। विद्यालयमा विभिन्न राष्ट्र र स्थानबाट आएका विद्यार्थीले खचाखच भरिएका हुन्थे।

मेरो १९६५ सालको अर्धवार्षिक परीक्षाको परिणाम सन्तोषजनक थिएन माता-पिताको धेरै प्रयास, सहयोग र सुझाउले विद्यालयमा म टिक्न सकें - मेरो विद्यालय-परिवारसित समायोजन हुनसक्यो। वार्षिक परीक्षामा ४९वाँ स्थान पाएर म उत्तीर्ण भएँ। श्रेणीका तिनैवटा खण्डहरूको एकैठाउँ मिलाएर परिणाम निकालिन्थ्यो। नवौं श्रेणीदेखि कला, विज्ञान र वाणिज्य विभागको पनि एकै ठाउँ समेटेर सर्वोच्च अङ्क प्राप्त गर्नेलाई प्रथम स्थान दिइने चलन थियो। वार्षिक परीक्षा फल धर्महलमा टीकाराम सरको हातबाट बाँडिन्थ्यो। असफल विद्यार्थीको अङ्क तालिका दिँदा 'सरी, बस्नुपऱ्यो', सफल भएकाहरूलाई पनि 'गणित कमजोर छ', 'अझ मेहनत गर्नुपऱ्यो' जस्ता मन्तव्य दिँदै बाँड्ने काम गर्नुहुन्थ्यो।

१९६६ साल छैटौं श्रेणीमा प्रवेश। कुमुदिनी विद्याश्रमले विद्यार्थीको सर्वाङ्गीण विकास गराउन कुनै कसर नराखी ध्यान दिएको रहेछ भन्ने तथ्य अहिले आएर हामीलाई थाहा हुँदैछ। श्रेणीमा एकदिन शिक्षक महोदयले 'भोलि तिमीहरूलाई सिनेमा हेर्न (देखाउन) कन्चन हल लगिने छ। सस्तो मूल्यको टिकट पाइनेछ, पैसा लिएर आउनू' भन्ने घोषणा गर्नुभयो... हाम्रो खुसीको सीमा रहेन। कन्चन हलमा अङ्ग्रेजी चलचित्र 'हटारी' लागेको सबै विद्यार्थीलाई थाहा थियो। वन्यजन्तु जिउँदै पकड़िएर चिड़ियाखाना पुऱ्याउनलाई रोचक तकनिक प्रयोग गरिएको र सुन्दर दृश्य भएको चलचित्र रहेछ। हिउँदे छुट्टीमा घरका गाई-बाख्रा चराउन जाँदा 'हटारी' तकनिक ती घरेलु पशुहरूमा असफल प्रयोग पनि निकै गरिएको सम्झना मनमा रही रहेको छ।

धर्महलको पश्चिमी दैलोबाट निस्कँदा देब्रेतर्फ एउटा सिमेन्टको श्यामपट राखिएको थियो, सायद आज पनि त्यो श्यामपट त्यहीं नै हुनसक्छ। त्यस बोर्डमा प्रत्येक सोमबार 'अमर वाणी' लेखिइएको हुन्थ्यो। देवान सरले हामीलाई डायरी राख्न लगाउनु भएको थियो। त्यही डायरीमा दिइएका अमर वाणी सार्ने विद्यार्थीलाई बानी बसाउन देवान सरले धेरै प्रयास गर्नुभएको थियो। अमर वाणी अङ्ग्रेजी अथवा हिन्दीमा जुनै भाषामा लेखेको भए पनि नेपाली भाषामा त्यसको दुरुस्त अनुवाद त्यहीँ दिइएकै हुन्थ्यो। अमर वाणीमा भनिएका महत्त्वपूर्ण अर्थ बुझ्न त्यस अनुवादले प्रशस्त मद्दत पुऱ्याउने गर्थ्यो। "It is better to light a candle, than to curse the darkness" - A Chinese Proverb भनेर लेखिएको यो उखान मैले प्रथमपल्ट त्यस श्यामपटमा पढ़ेर सारेको थिएँ। त्यसको नेपाली अनुवाद यसरी गरिएको थियो 'अन्धकारलाई सराप्नुभन्दा एउटा मोमबत्ती सल्काउनु ज्यादा असल हो।' एउटा चिनियाँ उखान।

त्यसै साल कन्या कुमारीमा निर्माणाधीन विवेकानन्द स्मारकका निम्ति हामी सबै विद्यार्थीलाई एक रुपियाँ प्रति-विद्यार्थीको हिसाबले चन्दा सङ्ग्रह गरिएको थियो। यस परियोजनाको प्रारुपको पोस्टकार्ड हामी सबैलाई दिइएको थियो। देशको आर्थिक अवस्था त्यसताक सन्तोषजनक थिएन, त्यसैले नागरिक सहयोग सङ्ग्रह गरी परियोजना कार्यान्वयन गरिएको थियो कि भन्ने अनुमान लाउन सकिन्छ। विद्यालयबाट सङ्ग्रह भएको एक मुष्ट रकम यो परियोजनाको निम्ति हस्तान्तरण गरिएको थियो।

राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थानहरूबाट मनग्गे सहायता पाउने विद्यालयहरूमा पनि त्यसताक वाणिज्य विधा पढ़ाउने व्यवस्था थिएन। तर कुमुदिनी विद्याश्रममा यो प्रबन्ध थियो। वाणिज्य विधामा पेसागत (Professional Course) शिक्षाअन्तर्गत आशुलिपि र टङ्कण (Short hand & Typing) प्रशिक्षणको पनि व्यवस्था विद्यालयमै थियो। १४ वटा रेमिङ्टन टाइपराइटर विद्यार्थीहरूको तालिमका निम्ति श्रेणीमा राखिएका थिए। एम.के. शाहा सरले यो प्रशिक्षण दिनुहुन्थ्यो। गतिलो पुस्तकालय, सबै उपकरणहरूले परिपूर्ण थिए विज्ञान विषयका प्रयोगशाला, रसायन शास्त्रको प्रयोगशालाका विद्यार्थीहरूको प्रयोगका निम्ति टेबल-टेबलमा पानीकल, ग्यासबर्नर, रासायनिक सामग्री, काँचका जार, बिकर र चाहिने हाँड़ा-भाँड़ाको उचित व्यवस्था मिलाइएको थियो। जीव विज्ञान प्रयोगशालामा अनेकौँ प्रकारका अणुवीक्षण यन्त्रहरू, बाह्रैमास हाँसेझैं देखिने सिङ्गो नरकङ्काल, अङ्ग-प्रत्याङ्गका नमुनाहरू संरक्षण गरी राखिएका थिए। भौतिक शास्त्रको प्रयोगशाला पनि विभिन्न उपकरणहरूद्वारा भरिएको थियो।

साधारण विषयकै कुरा गर्नु हो भने पनि त्यसबेलासम्म ट्र्याक इभेन्ट (Track Event) मा हर्डल रेस (Hurdles Race) प्रतियोगिता कुमुदिनी विद्याश्रमको वार्षिक खेलकुद कार्यक्रममा मात्र समावेश भएको हुन्थ्यो, अरूतिर कतै देख्न पाइँदैनथ्यो। कुमुदिनीको ब्यान्डबाजा टोलीलाई भारतीय सेनाको ब्यान्ड बाजा टोलीले पनि स्वतन्त्रता दिवस कार्यक्रममा सराहना गरेको थियो। ब्यान्ड टोलीले बजाएका धुन र शंखमणि प्रधानले लट्ठी हल्लाउँदै सञ्चालन गरेको दृश्य मनमोहक हुने गर्दथ्यो।

१९६७ साल सातौँ श्रेणीमा अध्ययनरत रहेको वर्ष। सातौं श्रेणी, खण्ड 'ग' त्यस समय धर्महलको ग्यालेरीमा चलाइन्थ्यो। त्यस श्रेणीमा पढ्दा मैले रूपराम देवान सरको लगनशीलता देख्न सकैं, साथै देवान सरको बहुप्रतिभासित परिचित हुने मौका पाएँ।

ग्यालेरीको पछिल्तिर अलिकति अग्लो पारेर बाहिर निस्किन सक्ने ग्यालीदार ढाँचामामा झ्याल राखिएको थियो। कुनै दिन सिनेमा-प्रोजेक्टर राखेर

फिल्म देखाउनुपरे प्रयोगमा ल्याउने परिकल्पनामा त्यो खिड्की त्यसरी बनाइएको हुनुपर्छ। त्यहाँ बसेर टिफिनको छुट्टीमा पनि देवान सर विभिन्न कामहरू कलात्मक ढङ्गमा गरिरहनु हुन्थ्यो। विद्यालयमा मञ्चन गरिएका नाटकहरूको पात्र-परिचय (कास्टिङ) सुमधुर धुनसित पर्दामा देखाइन्थ्यो।

टिकाराम सरले लेख्नु भएको कुनै गीति नाटककै दृश्य हो- त्यसको सङ्लो हेक्का मलाई रहेको छैन। सपनामा छोरीले आफ्नी दिवङ्गत आमालाई स्वर्गमा भेटेर आमा-छोरीको गफ भएको दृश्य अवतरित गराएर दर्शकसमक्ष मञ्चन गर्नुपर्ने थियो। देवान सरले त्यस दृश्यको मञ्चन गर्न आफ्नो प्रशस्त मेहनत र सिर्जनात्मक दक्षता प्रयोग गर्नुभएथ्यो।

निःस्वार्थ र नवान्वेषक थिए शिक्षकहरू! शिक्षाको वाणिज्यीकरण भएको थिएन, शुद्ध र पवित्र भावना नै भेटिने गर्थ्यो समाज र स्थानीय परिवेशमा। आज यस्तो काम गर्नुपरे, कन्सलटेन्सी, टेन्डर र वैधानिक औपचारिकता पुरा गर्दा हजारौं रुपियाँ बाटो लाग्ने थियो।

टाउन स्कुललाई हुर्काई-बढ़ाई कुमुदिनी विद्याश्रमको रूपमा एक सबल र सफल शिक्षाकेन्द्र बनाउनु हुने अभिभावकतुल्य प्रधान-अध्यापकको विदाइको वर्ष - १९६७ साल। अर्धवार्षिक परीक्षापश्चात् उहाँलाई अश्रुपूर्ण विदाइ दिइने कार्यक्रम धर्महलमा आयोजना गरिएको थियो भन्ने सम्झना मनमा रहेको छ।

धर्महलमा भएका सबैका आँखा डबडबाएका थिए। भक्कानिएको स्वरमा कार्यक्रम सञ्चालन भइरहेको थियो। टीकाराम सरले कण्ठरुद्ध स्वरमा टाउन स्कुल र कुमुदिनी विद्याश्रम/होम्स्सित गरेको बिस वर्षको सहयात्रा, उतार-चढ़ाउ र सङ्घर्षको चित्रवत वर्णन गर्नुभयो। हामी मसिना विद्यार्थीले पनि बुझ्नसक्यौं- उहाँको मनभित्र एउटा पहाड़ नै भत्किएको थियो। कार्यक्रमको उत्तरार्द्धतिर, पदोन्नति भएर प्रधान अध्यापकको भार लिन लाग्नुहुने सी.बी. राना सरले दर्शकवृन्दलाई सम्बोधन गर्नुभएको थियो। अवरूद्ध गलाबाट निक्लिएका राना सरका शब्दहरू यसप्रकारले धर्म हलमा प्रतिध्वनित भएका थिए 'सूर्यको झैं प्रखर किरण प्रदान गर्न नसके तापनि म चन्द्रमाको धीमा प्रकाश दिन निरन्तर प्रयत्नशील रहने आश्वासन दिन चाहन्छु।' यी वाक्यहरू आज- पर्यन्त शब्दशः मेरो मनमा ताजा रहेका छन्। यसरी आफ्नै स्रष्टाको अश्रुपूर्ण बिदाइ बेहोरेको थियो- कुमुदिनी विद्याश्रमले।

त्यही धर्म हलमा दुःखद बिदाइको कार्यक्रम हुन्थ्यो, त्यहीँ नै दिवङ्गत भएकाहरूको शोक-सभा हुने गर्दथ्यो। हामी बर्सेनि त्यही हलमा बसेर परीक्षा दिँदै पढ़ाइको खुड्किलो उक्लिँदै जान्थ्यौं। त्यहीँबाट हामीले महान् साहित्यिक व्यक्तित्वका मुखारविन्दबाट महत्त्वपूर्ण व्याख्यानमालाहरू सुन्ने गर्थ्यौं। प्रसिद्ध गायक अम्बर गुरुङका स्वर सुन्यौं, मनबहादुर मुखियाका नाटक र उनका अभिनय कला हेर्‍यौं। विभिन्न सांस्कृतिक झलकहरू हेर्ने र चिन्ने मौका पायौं। ख्यातिप्राप्त गनु गिरीका शारीरिक गठन र मांशपेशी प्रदर्शन गरिएका रोमाञ्चक दृश्यहरू अवलोकन गर्‍यौं... भारत कै वरिष्ठ मानवका खिताब जितेका 'याङकाई नेपाली'-का भारोत्तोलन (Weight Lifting) का आश्चर्यजनक व्यायाम आँखाअघि देख्न पायौं। जीवन प्रधान र रबिन शर्माले भायलिन रेट्दा मनै रेटिएर रसिएका आँखा लिएर कान थापेर बस्यौं।

विद्यालयले एकपटक आशुचित्रकार निम्त्याएको थियो। तिनको उत्कृष्ट कार्यक्रममा हामी अचम्भित भएर हेरेको सम्झना छ। हलको मञ्चमा एउटा ब्ल्याकबोर्ड राखिएको थियो। ती दक्ष चित्रकारले जस्तोसुकै कोरकार गरेको रेखाबाट पनि सुन्दर चित्र बनाउँदा रहेछन्। हलको प्रथम पङ्क्तिमा शिक्षक-शिक्षिका बस्नुभएको थियो। चित्रकारले सर्वप्रथम एस.के. प्रधान सरलाई ब्ल्याकबोर्डमा केही कोरिदिने आग्रह गरे। एस.के. सरले आफ्नै नामको प्रथम अक्षर अंग्रेजीमा 'S' लेखिदिनु भयो। त्यस

अक्षरलाई कतै नबिगारी उनले हाँसको चित्र बनाइदिए। त्यसपछि पासाङ सरलाई उनले केही कोरिदिने आग्रह गरे। पासङ सरले नेपाली अक्षरमा पासङ छिरिङ शेर्पा पुरा नामको सही किरिङमिरिङ पारेर कोर्नुभयो। त्यही सहीलाई ब्ल्याकबोर्डको एक कुनादेखि अर्को कुनासम्म गरी त्यस मुनिपट्टि एउटा धर्को तानिदिनु भयो। हामी सोच्दै थियो, 'बल्ल भेटे चित्रकारले जोड़ी, अब उनलाई साह्रो पर्नेछ'... हामीले यति सोचि नसक्दै त्यो लामो नेपाली अक्षरको सही नबिगारी एउटा फटेङ्ग्राको चित्र उनले बनाए, मुनिल्तिरको धर्कोलाई झारको लामो पात बनाइदिए। थप्पड़ीमा गड़गड़ाहटले धर्महल थर्कियो। त्यसपछि विद्यार्थीहरू पनि एकेक गर्दै मञ्चमा गएर अर्थविहीन किरिङ-मिरिङ रेखा र आकृति बनाउँदै आए। त्यसैमा कुनै कोरमेट नगरी विभिन्न सुन्दर चित्र बनाएर उनले हामीलाई मन्त्रमुग्ध पारेका थिए।

नयाँ प्रधान अध्यापकद्वारा पूर्ण शैक्षिक सत्र परिचालन हुने वर्ष १९६८ साल। हामी थियौं आठौं श्रेणीका विद्यार्थी। एक कुशल वक्ताको रूपमा परिचित हुनुहुन्थ्यो राणा सर। बेजोड़ शैलीमा प्रभावोत्पादक वक्तव्य दिन समर्थ र खप्पिस हुनुहुन्थ्यो नयाँ प्रधान अध्यापक। विद्यार्थीहरूलाई 'मरेर पढ़, पढ़ेर मर' भनी एसेम्बलीमा झकझक्याई रहनुहुन्थ्यो। स्वास्थ्य र शिक्षालाई समानरूपले अघि बढ़ाउनुपर्छ भन्ने सन्देश बारम्बार दिन चुक्नुहुन्नथ्यो। पढ़िसकेर डाँड़ाको धजाजस्तो भयौ भने कसरी जीवन सङ्घर्षमा उत्रन सक्छौं! भनी स्वास्थ्यबारे सचेत रहने आदेश पनि दिइरहनु हुन्थ्यो।

कुमुदिनी विद्याश्रमका शिक्षकहरूले पाठ्यक्रमअनुसार नेपाली भाषामा तयार पारेका पुस्तकहरू स्तरीय थिए। पी.सी. अग्रवाल सरले सर्वप्रथम उच्च माध्यमिक स्तरको अर्थशास्त्र नेपाली भाषामा अनुवाद गरी प्रकाशन गराउनुभएको थियो। पासङ सरले त्यसरी नै जीवविज्ञान, अङ्कगणित, बीजगणित, र ज्यामितिका पुस्तकहरू उच्च माध्यमिक स्तरमा नेपाली भाषामा पढ्न/पढ़ाउन सकिने गरी तयार पार्नुभएको थियो। उच्च स्तरका विभिन्न विषयका अनिवार्य विषयहरूलाई नेपाली भाषामा प्रकाशन गरी यस्ता प्रभावशाली शिक्षकहरूले भाषिक क्रान्तिमा पनि अद्वितीय योगदान पुऱ्याएका थिए।

आठौं श्रेणीमा हामीलाई अङ्ग्रेजी व्याकरण रेन एन्ड मार्टिनको पुस्तकबाट सरले पढ़ाउनु हुँदैथियो। हाम्रो श्रेणीको माथिल्लो लहरका खिड़कीबाट कालेबुङ सहरबाट बमबस्तीतर्फ जाने सड़क छ्याङ्गै देखिन्थ्यो। चार पाँचजना अरू नै विद्यालयका छात्राहरू त्यही सडक भएर ओह्रालो जाँदै गर्दा हाम्रा एक सहपाठीले आँखाका नानी घुमाइघुमाइ चोरेर हेरेको कर्तुत् पढ़ाउदै गर्दा खगेन्द्र सोङ्पाङबे सरले थाहा पाउनुभएछ। 'ए! तेरो चौकी खिड़कीपट्टि फर्का!' भनी कड़ा स्वरमा आदेश दिनुभयो। फेरि ती सहपाठीलाई औंल्याएर 'तँ यो ग्रामर पिरियडभरि त्यो सड़क नै हेरेर बस्नू! यता मपट्टि र ब्ल्याकबोर्डतिर हेर्ने छैनस्!' भनी हाम्रा सहपाठीलाई खिड़कीबाट बाहिर हेर्न लाएर लगातार पाठ पढ़ाइरहनु भयो। पिरियड सकिएको घन्टी बज्यो। श्रेणीबाट निस्कनलाई रेजिस्टर काखीमुनि च्यापिसकेपश्चात्- 'अब धित् मऱ्यो भने यता फर्की! अहिले जुन कुराको तँ अनुरागी हुन चाहन्छस् त्यसैले तँलाई कुनै समयमा बैरागी बनाइदिन्छ'- भन्दै श्रेणीबाट बाहिरिनु भयो।

आज जीवनको यो मोड़मा आइपुगेर सोच्दा त्यो गाली जीवनमा भोगिँदै जाने तितो सत्य रहेछ। शरीरलाई कुनै यातना नदिई त्यो सजायले हामी सबैको मस्तिष्कमा पश्चात्ताप र मनमा ग्लानि नबिर्सने गरी भरिदियो। साधारण तकनिकहरूको उचित प्रयोग पनि सुधार ल्याउनमा सक्षम हुँदा रहेछन्। ठुलो ताला पनि सानो चाबीले नै खोल्ने गर्दछ। हामीले ठुलो व्यवहारिक ज्ञान सानो उदाहरणबाट पाउनसक्यौं। त्यस दिनदेखि हाम्रा आँखामा देवा लागेझैं भयो, सड़क चाहार्ने आँखा घुम्दै घुमेनन्।

१९६८ साल अक्टोबर महिना दसैँ-तिहारको छुट्टीमा विद्यालय बन्द थियो। अक्टोबर चार तारिक राति उत्तर बङ्गाल र सिक्किममा मुसलधार वर्षाले महाप्रलय गरायो। पहाड़का सबै ठाउँमा प्रत्येक दस कदममा भयानक पैह्रो तर्नुपर्ने अवस्था थियो। पहाड़ी खोला खोल्सा हिमाल नै उखेल्छ कि जस्तो आवेग निकालेर बौलाएका थिए। टिस्टा नदीको 'एन्डरसन पुल' र रङ्गीत नदीको 'चम्पा पुल' यसै भेलले बगाएर नामो निसान मेटाइदिएको थियो। गाउँगाउँ सम्पर्क विहीन टापुझैं अलग्गिएका थिए।

१९६७-६८ सालतिर भर्खर-भर्खर टेरेलिन र टेरिकटनका लुगाहरू फट्याकफुटुक आउनथालेका थिए- नेपालका बजारहरूबाट। सहर-बजारका पुगीसरी आउनेहरूले स्कुल-ड्रेसमा यी लुगा चलाउन सुरु गरेका थिए। विद्यालयमा सेतो सुती लुगाको कमिज र खद्दरे खस्रो खाकीको हाफ प्यान्ट स्कुल युनिफर्मका रूपमा त्यसबेला प्रचलनमा थियो। अँ, टल्किने खाकीसम्मलाई छुट भने दिइएको थियो ती दिनहरूमा। टेरिलिन र टेरिकटनका लुगाबाट बनाइएका स्कुल युनिफर्मलाई मान्यता नदिने घोषणा प्रधान अध्यापकद्वारा गरिएको थियो। गरिब र धनी विद्यार्थी लुगाफाटाद्वारा छुट्टिने र त्यसको मनोवैज्ञानिक प्रभाव विद्यार्थीहरूमा पर्नु जाने सम्भावनालाई हटाउन त्यो पाइला चालिएको कुरा हाम्रो जानकारीमा आएको थियो।

हामी नवौं श्रेणीमा प्रवेश गरेको वर्ष १९६९ साल। कला, विज्ञान र वाणिज्य विभागको कुनै एक शाखामा जानुपर्थ्यो नवौं श्रेणीदेखि। टिकाराम सरकै पालादेखि विज्ञान विभागमा नवौं श्रेणीदेखि सहशिक्षाको चलन चलेर आएको थियो। १९६९ सालदेखि वाणिज्य विभागमा पनि सहशिक्षा चालु गरियो।

शुभचिन्तक शिक्षकहरू र सहपाठीहरूले पनि मलाई विज्ञान विधामा प्रवेश लिने सुझाउ दिनुभएथ्यो तर मेरो आफ्नै बाध्यताको कारण, वाणिज्य शाखामा भर्ना लिएँ। एस.बी. पाण्डे सरले लेखा संरक्षण र अरू वाणिज्यिक विषयहरू पढ़ाउनु हुन्थ्यो। नेपाली माध्यममा आठौं श्रेणीसम्म अध्ययन गरेर नवौं श्रेणीदेखि अङ्ग्रेजी माध्यममा हामीलाई शिक्षा दिइन्थ्यो। पाण्डे सरले वाणिज्यिक विषयहरू पहिला सजिलो अङ्ग्रेजीमा बुझाउने गर्नुहुन्थ्यो, त्यसपछि त्यसै विषयका वाणिज्यिक शब्दावलीहरू पनि नेपाली समानार्थी शब्द र पदहरू प्रयोग गरी धाराप्रवाह व्याख्या गरीदिनुहुन्थ्यो।

१९६९ साल मानव जातिले अभूतपूर्व र ऐतिहासिक विजय हासिल गरेको वर्ष थियो। संयुक्त राष्ट्र अमेरिकाले अन्तरिक्ष यान-एप्पोलो-११ सफलतापूर्वक मानव यात्रीसहित चन्द्रमामा उतारेको थियो। प्रधान अध्यापक राणा सरले स्कुल एसेम्बली (२१ जुलाई १९६९ सोमबार परेको थियो)-मा 'आज सम्पूर्ण मानवजगत र मानव जातिले अविस्मरणीय विजय प्राप्त गरेको दिन हो। यो अन्तरिक्षको मात्र विजय नभएर ब्रह्माण्ड विजयको शङ्खघोष हो। ग्रह-नक्षत्रमा मानव अधिकारको प्रथम पाइला टेकिएको दिन हो- आजको दिन। यो घटनालाई वैज्ञानिक सोच र तकनिकी विकासको पराकाष्ठा मान्न सकिन्छ।' भनी हामी विद्यार्थीहरूलाई सम्बोधन गर्नुभएथ्यो। अझ यस विषयमा बोल्दै उहाँले 'आज सबै श्रेणीहरूमा दिनभर लाउडस्पिकरहरू खुला राखी यस महत्त्वपूर्ण दिनका 'समाचार बुलेटिनहरू' प्रसारित गरिनेछ, पढ़ाइ स्थगित राखेर त्यसै यो कार्यक्रम प्रसारण गरिएको छैन। सबैले ध्यानपूर्वक सुन्ने सुझाउ दिइन्छ' भन्नुभयो।

यसै वर्ष हाम्रा रवीन्द्र आश्रमका साथीहरूले धर्महलमा कविगुरु रवीन्द्रनाथ ठाकुरको जन्म जयन्ती मनाउने कार्यक्रम आयोजना गरेका थिए। प्रधान अध्यापक राणा सरलाई सभाध्यक्ष राखिएको थियो। कार्यक्रम सञ्चालन हाम्रै सहपाठीले गर्दै थिए। सञ्चालक ज्यादै सक्रिय र उत्तेजनायुक्त देखिँदै थिए। उद्घोषणाको क्रममा रवीन्द्र जयन्ती कार्यक्रम भन्नको सट्टा उनले दुइ तीन

पटक 'आजको यो भानु-जयन्ती कार्यक्रम' भनी उद्घोषणा गरे... धर्म हल ग...ल...ल हाँसोको कम्पन र प्रतिध्वनिमा गुन्जियो। साथी अझ रातो-पिरो भएर अत्तालिए, लाज र ग्लानिले उनको जोस र जाँगर लल्याक-लुलुक भएको स्पष्ट चाल पाउन सकिन्थ्यो। अध्यक्षीय सम्भाषणमा प्रधान अध्यापक महोदयले उद्घोषकको भुल यसरी सुधारिदिनुभयो- 'भानु नै रवि हुन् र रवि नै भानु हुन्। रवि नै कवि हुन् र कवि नै रवि हुन्। भानु पनि कवि, रवि पनि कवि! भानु र रवि एउटै शक्तिश्रोतका पर्याय हुन्। रवीन्द्र वङ्गला भाषाका उन्नायक, भानु नेपाली भाषाका संस्थापक! दुवै एउटै लक्ष्य र गन्तव्य लिएका वरद् पुत्रहरू! उद्घोषकले गल्ती गरेका छैनन् बरु कुरा बुझ्न र केलाउन नसक्नेहरूबाट बेसी गल्ती भएको म अनुभव गरिरहेछु'' भनेर खिल्ली उड़ाउन खोज्नेहरूलाई मौन बनाउनुभएको थियो। राणा सर हाजिर जवाफ, बेजोड़ वक्ता, उहाँको वक्तव्य तर्कसङ्गत र अनुपम शैलीमा प्रस्तुत हुने गर्दथ्यो। अब्बल दर्जाका शब्द समायोजन, छोटो वाक्याङ्श र शब्दहरूको पुनरावृत्तिमा अर्थ वैभिन्यको प्रतिपादन, प्रधान अध्यापकको धाराप्रवाह प्रस्तुति साँच्चै रोचक, ज्ञानवर्धक र व्यवहार-आधारित हुने गर्दथे। कुनै पनि समारोहमा वक्ताको रूपमा सुन्ने अवसर पाउँदा राणा सर र सरकारी उच्च माध्यमिक विद्यालयका प्रधान अध्यापक कमल शर्माका वक्तव्य सुन्न म लालायित हुनेगर्थे।

कालेबुङ सहरमा मनाइने स्वतन्त्रता दिवस कार्यक्रमले त्यसबेला प्रसिद्धि कमाएको थियो। उत्तर बङ्गाल, सिक्किम, भूटान र नेपालबाट हजारौंका सङ्ख्यामा दर्शकहरू १५ अगस्तका कार्यक्रम र फुटबल फाइनल हेर्न कालेबुङ आउने गर्थे। मेला ग्राउन्डमा बिहान आठ बजीदेखि बेलुकीसम्म विभिन्न कार्यक्रमहरू आयोजना गरिएका हुन्थे। सबै स्कुलका विद्यार्थीहरूको प्यारेड, सलामी र दिनभरका सांस्कृतिक कार्यक्रम हेर्न मानिसहरूको भिड़ लाग्ने गर्दथ्यो। कालेबुङले त्यस समय पनि स्वतन्त्रता दिवस महोत्सवका रूपमा मनाउने गर्थ्यो आजजस्तै।

बर्सेनि कुमुदिनी विद्याश्रमले धेरै विद्यार्थीहरूको सहभागितामा प्रस्तुत गरिने मौलिक सांस्कृतिक कार्यक्रम प्रदर्शन गराउने गर्थ्यो। १५ अगस्तको कार्यक्रममा सर्वप्रथम 'सामूहिक झाँक्री नाच', 'सामूहिक नागा नृत्य' र 'सामूहिक खुकुरी नाच' कुमुदिनी विद्याश्रमले नै प्रदर्शन गर्दथ्यो।

आज बसेर सोच्दा पनि त्यसताक हामीलाई पढ़ाउने शिक्षकहरू विशेषज्ञ नै थिए भन्ने लाग्छ। तिवारी सरलाई के.पी. बासुको बीजगणितका अभ्यासमालाहरूका प्रत्येक नम्बरका प्रश्न सबै मुखस्त थिए, किताब नखोली ब्ल्याकबोर्डमा लेख्न सुरु गर्नुहुन्थ्यो। के.बी. शिवाकोटी सर अङ्ग्रेजी पढ़ाउनु हुन्थ्यो, हामीले उहाँलाई 'अक्सफोर्ड डिक्सनरी' भनेर नाम राखेका थियौं। हुन पनि अङ्ग्रेजीका कुनै शब्दको अर्थ बुझाउनु परे अङ्ग्रेजीमै त्यसको पर्यायवाची शब्द, त्यस शब्दको व्युत्पत्ति र वाक्यमा र विभिन्न कालमा कालिक प्रयोग पनि सिकाउने गर्नुहुन्थ्यो। 'बैशाखी बनमा फूलको श्रृङ्गार, पातको क्रन्दन छ' यो त्यस समयको लोकप्रिय गीतका गायक अशोक राई सर स्वयं सङ्गीतका शिक्षक हुनुहुन्थ्यो र विद्यालयका सम्पूर्ण सांस्कृतिक, साङ्गीतिक कार्यक्रमको आयोजना उहाँबाटै हुने गर्थ्यो। पी.सी. अग्रवाल सर, पासङ सर, पूर्व प्रधान अध्यापक सबै उच्च श्रेणीमा चल्ने अनिवार्य विषयहरूका पुस्तक तयार पारेर प्रकाशित गर्नुहुन्थ्यो। यो लरतरो काम थिएन त्यस समयमा तर कुमुदिनी विद्याश्रमले गरेर देखाएको उदाहरण विद्यमान रहेको छ।

'गुगल' शिक्षक भएर जन्मेकै थिएन, शिक्षकहरू नै 'गुगल' थिए। अर्ब संख्याले खर्ब संख्याको गुणा गर्नु परे पनि क्यालकुलेटर थिएन त्यसताक, कागज र विद्यार्थीको मगज नै गुणनफल निकाल्ने यन्त्र थिए- आजका जस्ता नोट्स हुँदैनथिए हरेक विषयका शिक्षककै

ज्ञानको भरमा बुझ्नुपर्ने वाध्यता थियो। विगत दसौं वर्षका प्रश्नपत्रका समाधान र सम्भाव्य प्रश्नपत्रको ठेली पाइँदैनथिए बजारमा, पाठ्यक्रममा चामलमा चिलसा पसेझैं घुस्रिनुपर्थ्यो। साधन किंश्चित थिएन, साधना मात्र विकल्प थियो। यद्यपि शिक्षा र अनुशासनको स्तर समानान्तर रूपमा अडिग बसेका थिए। परिवार, समाज, परिवेश, शिक्षा र विद्यालयसित प्रत्यक्ष रूपमा सम्बद्ध रहनेगर्थे ती दिनहरूमा विद्यार्थीहरू। ट्युसनको देशान समाजमा माहामारी भएर फैलिन पाएको थिएन। मान्छेभित्रका संवेदनशीलता हराएको थिएन, बरु झाँङिदैथिए त्यस बखत। आजको झैं टेलिभिजन, मोबाइल फोन र कम्प्युटरमार्फत परोक्ष रूपमा समाज र परिवेशसित सम्बद्ध रहँदैन थिए 'सामाजिक प्राणी' को उपाधि धारण गरेका मानिसहरू।

आजको जस्तो विज्ञापनग्रस्त ९९.९ प्रतिशतका परिणाम निस्कनै सक्दैनथिए त्यस समयमा। हाम्रो युगकै कुरा गर्नु हो भने ३५ प्रतिशत र ५० प्रतिशत बिचकाहरू 'बीर', ५० प्रतिशतदेखि ६० प्रतिशत ल्याउने 'महाबीर' र ६० प्रतिशतबाट उँभो ल्याउनेहरू 'परमबीर' मानिन्थे। आज झैं ९० प्रतिशत प्राप्ताङ्क बोकेर पनि आफूले रोजेको महाविद्यालयमा प्रवेश पाउन नसकी झोक्राउनु पर्दैनथ्यो।

कुमुदिनी विद्याश्रमको धर्महलको त्यो रङ्गमञ्चले नै सर्वप्रथम श्रोता-समूहलाई सामना गरी बोल्न सिकायो... बोल्नसक्ने बनायो। अन्तरआश्रम तर्क प्रतियोगितामा भाग लिने आँट मैले यसै वर्ष कसेको थिएँ। तर्कको विषय थियो 'शिक्षाको माध्यम मातृभाषा हुनुपर्छ।' यस विषयको पक्षमा गान्धी आश्रमबाट म पनि तर्क प्रस्तुत गर्न जीवनमा प्रथमपल्ट माइक्रोफोनको फलामे डन्ठा पछिल्तिर उभिएको थिएँ। ओठ र स्वरमा कम्पन भए तापनि नियन्त्रित राख्न खोजेर बोलेको थिएँ... सोचेभन्दा परिणाम राम्रो नै भयो... बोहनी बिग्रिन पाएन।

कुमुदिनी विद्याश्रमको विद्यार्थी जीवनको अन्तिम वर्ष १९७१ साल। एघारौं श्रेणी पढ्दा कला, विज्ञान र वाणिज्य शाखाका सबै विद्यार्थीहरूलाई नेपाली र अङ्ग्रेजी विषय मात्र एउटै श्रेणी कक्षमा पढाइन्थ्यो। अरू शाखाका इलेक्टिव विषयहरू आफ्ना आफ्ना श्रेणीमा अलग-अलग पढाइन्थ्यो।

१९७१ साल पूर्व पाकिस्तान र पश्चिम पाकिस्तानबिच घमासान गृहयुद्ध मच्चियो। पूर्व पाकिस्तानका आफ्नै नागरिकहरूमाथि पश्चिम पाकिस्तानले सैन्य र हवाई आक्रमणसम्म गऱ्यो। दोस्रो विश्वयुद्धपछिको विभीषक नरसंहारको घटनाले विश्व नै तर्सियो। मानव अधिकार उल्लङ्घनको नयाँ इतिहास रचिन पुग्यो। हाम्रो राष्ट्र भारत यस घटनामा अछुतो रहन सकेन... प्रत्यक्ष र परोक्षरूपमा भारत सम्पूर्ण रूपले मुछिएको थियो। शरणार्थी समस्या चोटिमा पुगेको थियो, मुक्ति वाहिनी छिमेकी सघाउन निस्किसकेका थिए। भाग्यवश पूर्व पाकिस्तानले अन्त्यमा 'बाङ्ला देश' भएर नयाँ जन्म लियो, अन्तर्राष्ट्रिय मान्यता पनि पाउन सक्यो, परिणामस्वरूप युद्ध विराम हुन पुग्यो।

संयोग भनौं, १९६५ सालमा कुमुदिनी विद्याश्रममा म विद्यार्थी हुन जाँदा पनि भारत-पाकिस्तानकै युद्ध भएको वर्ष परेको थियो, विद्यार्थी जीवन सकेर निस्कन लाग्दा पनि भारत-पाकिस्तानको त्रिकोणीय युद्ध चलेकै वर्ष परेको थियो। यसले कतै अनवरत युद्ध नै जीवन हो भन्ने शिक्षा दिएको पो हो कि!

१९७१ सालको त्यो दिन विद्यालयमा विद्यार्थीको चिनारी लिएर रहने अन्तिम दिन थियो। भोलिपल्टदेखि जाडो महिनाको छुट्टी हुन गइरहेथ्यो। मेरो 'कुमुदिनी होम्स्को छात्र' भनिने चिनारी त्यस दिन स्कुल बन्द हुने घन्टीको अन्तिम ट्वाङ्गसँगै समाप्त हुँदै गइरहेको दृश्य आँखामा झलझली आइरहेथ्यो। नरमाइलो लाग्दै म केही समय पहिल्यै श्रेणीबाट बाहिरिएँ। विद्यालय प्राङ्गणको तल्लो छेउ जहाँ मन्टेस्सरी अनुभागको छानु जोडिएर प्राङ्गणको आयतन बढाएको थियो, त्यसै

छतको रेलिङ्गमा बसेर कालेबुङ सहर, डेलो डाँड़ातिर हेरिरहेको थिएँ। हावाले बिस्तारै उड़ाउँदै ल्याएका बादलका भुवाहरू गुन्टागुन्टा भएर डेलो डाँड़ामाथि आकाशमा मिसिँदै थिए। फेरि एकक्षणपश्चात् छुट्टिएर टुक्राटुक्रा हुँदै, छरिँदै क्षितिजतिर काँठो लाग्न उड्दै थिए। डेलो डाँड़ा अटल रही वरिपरिका मसिना डाँड़ा हेर्दै निस्तब्ध बसेझैं लाग्थ्यो। कुमुदिनी परिवारमा हामी विद्यार्थीहरू पनि चारैपट्टिबाट बादलका भुवाझैं उड्दै-सर्दै आएर गुन्टा बनिएका रहेछौं। बादलझैं टुक्रिंदै भोलिदेखि कुनै अज्ञात क्षितिजतिर भौंतारिदै काँठो लाग्नुपर्ने सोचले मन अमिलो भइरह्यो। त्यस दिनको अन्तिम घन्टी बज्यो... अन्तिम ट्वाङसितै मेरो विद्यार्थी जीवनको एक अध्याय समाप्त भयो। अनायासै उठेर यस्तै केही सोच्दै कुमुदिनी होम्स्को प्रवेशद्वारतिर लागें। जुन प्रवेशद्वारमा भर्ना हुनगएको दिन मेरो सातो हल्लिएको थियो। त्यसै प्रवेशद्वारको ''चरित्रं हि बलम्'' अङ्कित मनोग्राम मुनिबाट गह्रौं पाइला चाल्दै सदासदाको निम्ति म बाहिरिएँ... एक भूतपूर्व छात्र भएर... सात वर्ष आर्जन गरेका शिक्षा र अनुभवको कुम्लो बोकेर... अथाह भविष्यमा गोला खाँदै संघर्ष गर्नलाई!!

दौंतरी साथीहरू, दाजुहरू र सहपाठीहरू सबैमा २०३४ सालको 'कुमुदिनी विद्याश्रमको शत-वार्षिकी समारोह' मा सहभागिता जनाउन ईश्वरले सही-सलामत यसधरतीमा राखिदिऊन् भन्ने मेरो आन्तरिक शुभकामना।।

■

कुमुदिनी परिवारप्रति हार्दिक शुभेच्छाहरू

शेखर सुब्बा
कालेबुङ

कुमुदिनी परिवारप्रति मेरो अशेष शुभकामना

सुरेश बराईली
कालेबुङ

कुमुदिनी परिवारप्रति शुभकामना

पेम्बा शेर्पा
भारतीय जीवन् बीमा निगम,
कालेबुङ

Best wishes to Kumudini Pariwar

M/s. K. K. Hardware
9th Mile, Kalimpong

चरित्रको शुद्धता नै सबै ज्ञानको उद्देश्य हो।

-महात्मा गान्धी

बिरालोको अनुपस्थितिमा मुसाको पनि स्वर ठुलो हुन्छ।

-अङ्ग्रेजी उखान

सेल! सेल!! सेल!!!

ज्ञान सुतार

हाम्रो दार्जिलिङ, कालेबुङ र खरसाङ्का पहाड़ी क्षेत्रहरूतिर घरी घरी नै नाना किसिमको 'सेल' लागिरहन्छन्। हामी यस्ता सेल भनेपछि भुतुक्क हुन्छौं अनि पोल्टोमा नोटको बिटा खाँदेर कुद्छौं- यस्ता सेल लागेका ठाउँ र गल्ली खोज्दै। हाम्रो मानसिकता र मनोवैज्ञानिक विचारधाराले कुदाउँछ हामीलाई – यस्ता सेलहरूको खोजीमा। हाम्रो सेल–पापा र यस्ता सेलमाझ धेरै समानता पनि छ – यी दुईलाई पृथक गर्नका निम्ति पेन्सिलले एउटा पातलो रेखाधरि कोर्नु गाह्रो हुन्छ… हाम्रो सेल तेलमा पोल्नुपर्ने, पकाउनुपर्ने हुनाले चिल्लो हुन्छ। सबैले रुचाएर खान्छन् औ आकृतिमा शून्यजस्तै हुँदछ भने व्यापारीहरूले आफ्नो सेल पकाउँदा 'फरेन एक्सपोर्टको सरप्लस', 'क्लियरेन्स सेल', 'सेकेन्ड क्वालिटी' कम्पनीको प्रमोसनका निम्ति, 'कम्पनीको डाइरेक्ट मार्केटिङ पोलिसी' इत्यादि ब्रान्ड रिफाइन्ड तेलको प्रयोग गर्छन् औ हामीले रुचाएर नै काफल टिपाइ गरिदिन्छौं र यस्तो सेलबाट सस्तो सम्झिएर किनी ल्याइएका वस्तुहरूको गुणवत्ता र मूल्य बुझेपछि हामी लाभको रूपमा शून्य प्राप्त भएको बुझ्छौं अनि हुन्छौ सेलरोटीजस्तै। के फरक रह्यो त – खाने सेल र ठग्न लगाएका सेलमा? खाने सेल विशेष अवसरहरूमा पकाइन्छ, पोलिन्छ भने व्यापारीले पनि नववर्ष, दसैं-तिहार इत्यादि विशेष अवसरहरूमा आफ्नो सेल लगाउँछन् र सहजै हाम्रो तेल काड्छन्। हाम्रो सांस्कृतिक खानपिनको अभिन्न अङ्ग सेल हो र यही चिल्लो तेलको स्वाद खोज्दै व्यापारिक सेलको पछि घरी घरी कुदेर घरी घरी नै हिस्रिक्क पर्ने जाति हामी तर हाम्रो चालामाला नजाती भएकैले हामी हिस्रिन्छौं। हामीलाई घरी घरी हिस्राउनेहरू किसिमकिसिमका गुन्टा बोकेर चढ्छन् यही पहाड़ेकै पहाड़तिर। सजिलो छ नि त, पहाड़ेलाई तीन बल्ड्याङ लड़ाउनु, अन्त किन नचढ्नू पहाड़?'

उनीहरू राम्ररी बुझ्दछन्, शून्य आकार र जातीय पकवानको रूपमा सेल प्रसिद्ध छ भने सुझबुझ, बौद्धिक परिपक्वतामा पनि हाम्राहरू शून्य नै छन्। अन्त, मजस्तो शून्यवादी पहाड़ेलाई चिप्लो लगाएर ठग्न र लड़ाउनुको निम्ति राम्रो ब्रान्डको तेल खर्च गर्नैपर्दैन। सायद यही पहाड़ेले विश्वलाई निहिलिज्म दियो, अङ्कगणितीय शून्य चिनायो, ज्यामितिक वृत्त हातमा हालिदियो। अरूले त्यसलाई चिनेर गणितमा हाले, हामीले त्यसलाई घुलनशील बनाएर जीवनमा हुल्यौं।

अतः हाम्रो शून्यवादले सिकायो हामीलाई सेलतिर भौंतारिनु। व्यापारिक सेल! यस्ता व्यापारिक सेलहरूको सूची बनाउनु हो भने निकै लामो फुर्सद चाहिन्छ सूचीकारलाई। अत्यन्तै सङ्क्षेपमा उल्लेख गर्नु हो भने कालेबुङसम्म नै सीमित भइदिनुपर्छ मैले र यतै लागिसकेका, लाग्दै गरेका र भविष्यमा पनि लाग्ने सम्भावना भएका दुईचारवटा सेलहरूको प्रसङ्ग लेख्नु नै पर्याप्त र उल्टी आउन्जेल भइदिन्छ।

हाय शुभम्!! कतिले आज पनि छाती पिट्दैछन्। यस्ता छाती पिट्नेहरूमा सबै वर्गका व्यक्ति छन्- शिक्षित/अशिक्षित सब। पाँच हजारमा २१ इञ्चको रङ्गीन टी.भी. सेट, १० हजारमा पल्सर मोटर साइकल र २० हजारमा मारुती कारको सेल लगाएको थियो- शुभम्ले। क्या आकर्षक सो रुम खोलेर लगाएको थियो सेल। कुदे पहाड़ेहरू-नोटका बिटा थैलोमा खाँदेर। लोभले कुदाएको थियो कि दसाले कुत्कुताएथ्यो! सायद पैसा धेर भएकोले गर्दा पैसाले भत्भती पोलेकैले होला। नत्र भने कालेबुङमा शुभम् (कि अशुभम्)-ले आफ्नो पासो थाप्नुभन्दा केही अघि मात्र खरसाङमा यस्तै एउटा 'सेल'-ले धेरैको 'एडभान्स' पैसा गमर्काइवरि सुइटाप लगाएको समाचार सुनचरीले विस्तारपूर्वक छापेकै थियो। खुलेनन् त्यस समाचारले चिम्सा आँखा? हरे... राम!

हाम्रो कालेबुङमा नियमित रूपले लागिरहने यस्ता अन्य सेल मेलाहरूमा चाइना बजार, बैशाखी मेला, युपी ह्यान्डलुम सेल प्रमुख हुन्। चाइना बजारमा प्रायः जसो घरेलु आवश्यकताका सामानहरू पाइन्छन्- हरेक माल ७० रुपियाँ। त्यही माल बजारमा कम्ती नै मूल्यमा पाइए तापनि घरेलु बजटको अङ्कगणितमा को अल्झने? त्यही माल सिलगढ़ीमा 'साठी'-मा सेल लगाउँछन्- पहाड़ेको आँखामा धुलो हाल्ने ती 'ठेबा' हरू! मेलाटारमा लाग्ने बैशाखी मेलामा त झन् 'प्रवेश शुल्क'-बाट नै सुरू हुन्छ- लुटपाट। प्रत्येक व्यक्तिबाट तीन रुपियाँ लिँदै थिए पोहोरसम्म। अब उसो कति लिने हुन् - थाहा छैन। भित्र प्रवेश गर्नुहोस् तीन रुपियाँ बुझाएर अनि टिकटमा छापिएको 'लक्की ड्र' को पुरस्कार 'रङ्गीन टीभी' नै कल्पना गरेर मुख मिठाउनुहोस्। हाम्रो गाउँको छेउछाउ आजसम्म कसैले त्यो पुरस्कार थापेका छैनन्। छ त कोही सौभाग्यशाली व्यक्ति कालेबुङभरि नै? भित्र पस्नुहोस्-पस्ने बित्तिकै 'हावाको मेला' भनेर सबैलाई जनाउनका निम्ति गेटमै हावा मिठाई बनाएर बेचिरहेका हुन्छन्- हामी किनिरहेका हुन्छौं... अझभित्र पस्नुहोस् अल्छी नमानी। देख्नु हुनेछ- नानीहरूका निम्ति कतिपय महङ्गा खेलहरू अनि 'लक्की सेभेन' खेलाउने बङ्गाली दादाहरूको हुल। हाम्रो सहरमा यसरी 'खुलेआम' चल्दछ जुवा-तास मेलाको आड़मा। भित्र पस्दाका गह्रौं खल्तीहरू हलुङ्ग हुँदछन् बाहिर निस्कँदा। खल्तीको मालताल मेलाको सेलमा बुझाइवरि उँधो मुन्टो लाएर गान्धी गेटतिर निस्कने ती मानिसहरूको अनुहार हेरिदिनोस् - माछा मार्न भनी खोला गएको र जालसमेत खोलामा नै बगाइवरि फर्कनुपरेको विवश जालहारीको रुन्चे अनुहार हुन्छ त्यहाँ।

कुनै समयमा 'भिकार'-ले छोटो अवधिभित्र पैसा दोब्बर गरिदिने क्या गजबको 'सुपरसेल' लगाएको थियो- दार्जिलिङ सिक्किम भेकमा। अधिकाङ्श धनलोलुप र पुँजीवादका अर्थनैतिक सिद्धान्त बुझ्ने व्यक्तिहरूले हाले पैसा त्यहाँ। कतिले हाले-गन्ती छैन। प्रतिशत गालेर ती नियोजकरूलाई निवेशको राशिसम्बन्धी सोध्ने आँट छैन भने पनि शनिबार हाटको दिन कुनै घुइँचोभित्र पसेर एउटा सानो हल्ला गर्नुहोस् - 'भिकारले पैसा फर्काउँदैरहेछ त हगि सिलगढ़ी अफिसबाट।' भोलिपल्ट सिलगढ़ी जाने साना-ठुला सबै गाड़ीमा 'प्यासेन्जर'-को कमी भएछ भने मलाई भन्नुहोस्! बिचार्नुहोस्, शुभम् (फुइय्याँको शुभम् पहाड़ेको निम्ति लोदर र अशुभम् पो त)-ले मात्र कालेबुङबाट पचास-साठ लग्यो रे भने 'भिकार'-ले कति पचायो होला। क्या रमाइलो र अपत्यारो चालामा थाङनामा सुताइवरि गए ती 'सेल'-वालाहरू। त्यसपछि पनि यतातिर ग्वारग्वारती सारदा,

---

जो राम्रोसँग बाँच्न जान्दछ, त्यो कलाकार हो। - महात्मा गान्धी

नारदा, रोजभेल्लीजस्ता सेल लगाउनेहरू नआएका होइनन् र हाम्राहरूले शुभम् काण्ड बिर्सिएर फेरि पनि लगानी नगरेका होइनन्!

टाउन हलको बाहिरपट्टि घरी घरी लागिरहन्छन्– कतिपय सेलहरू। ह्यान्डलुम सेल त यहाँ वर्षमा एकपटक हुन्छै हुन्छ। जे जस्तै सेल लागे पनि कुरा उही हो। फरक उन्नाइस–बिसको मात्र हुन्छ। बुद्धि पुऱ्याउँछन् मोराहरू– 'डेड स्टक'–लाई टुङ्गो लगाउने अनि पत्रुवालालाई हामीले पत्रु बेचिदिएझैं जे पायो त्यही बेचिराख्छन् हामीलाई।

यो त थियो व्यापारिक 'सेल'–को कुरा। यसभन्दा अलिक भिन्न र अर्को किसिमको 'सेल'–बाट पनि बसैंपिच्छे लाभान्वित हुँदछौं हामी। त्यो हो– धार्मिक र आध्यात्मिक सेल। यो सेल पहाड़ेका निम्ति भनेर धेरजसो सिलगढ़ीमा लगाइन्छ र यसको मुख्य 'सिजन' हुन्छ– पहाड़ेले अदुवा, अलैंची, कुच्चो र सुन्तला बेचबाच गरेर पैसा खल्तीमा हालेर गजक्क परेको समयमा। त्यस समय पहाड़ेको पानी पँधेरो सिलगढी भएको हुन्छ। भोलिको चिन्ता हामीलाई छैन– अर्को वर्ष पनि सुन्तला, अलैंची, अदुवा र कुच्चो हुने नै हुन्। त्यस्तै परिहालेछ भने छँदैछ नि, पैसाका सेल लगाएर, हामीलाई नै पर्खिएर बसेका हाम्रा हितचिन्तक साहु महाजनहरू।

चिल्ला सेलले पल्काएका, फकाएका, फुस्लाएका हामी पहाड़ेलाई ठग्नु, लन्ड्याउनु र हिस्रिक्क पार्नु, मधेसतिरबाट पहाड़ चढ़िरहने सेलवाला 'भैया'–हरूले जानेका छन्, चिनेका छन् हामीलाई। हामीसँग सेल लाउने बुता पनि छैन, एकता पनि छैन। हामी त छक्याउने र लन्ड्याउने ती परचक्रीलाई रोक्नु, छेक्नु र छक्काउनु पनि जान्दैनौं। जान्दछौं त – खस्रा सेल टाढ़ैबाट देखाई आफ्नैहरूलाई छक्काउन। आफ्नैहरूलाई भुपार्न।

■

कुमुदिनी परिवारप्रति शुभकामना

प्रतिलिपी

तल्लो तला, मा सुपर मार्केट
थाना डाँड़ा, कालेबुङ

कुमुदिनी परिवारप्रति शुभकामना

गंगाराम प्रधान
कालेबुङ

कुखुराको
ताजा मासुका लागि



जे. भाइजान चिकन शप

हरिजन रोड, हाटबजार नजिक, कालेबुङ
सम्पर्क : ९८३२३२९५८८ (अर्शाद)
९९३३०६३८३१ (जमिल अख्तर)

हामीकहाँ कुखुरा, अण्डा, कुखुराको चारो पनि पाइन्छ।

छात्र जीवनका सम्झनाहरू

नयन कुमार रिजाल
भूतपूर्व छात्र

सन् १९६६ सालको अक्टोबर महिना। दसैंको छुट्टी। म त्यस बखत पशुपति पाठशाला इच्छे बस्तीको चौथो श्रेणीको छात्र। छ्योदोर्जी लेप्चा, हिरामणि प्रधान, विष्णु छेत्री, हर्कबहादुर थापा, नैनकला आचार्य र अरू पनि धेरै थिए तर स्मरणमा आएन मेरा अन्य समकक्षी साथीहरूबारे।

दसैंको छुट्टी सुरू मात्र भएको छ। हठात् हेड सर स्व. रामभक्त पराजुली हाम्रो घर आउनुहुन्छ। आतिथ्य सत्कारपश्चात् मेरा बुबा र सरमाझ मेरो विषय लिएर कुरा हुनथाल्छ। सानो ख्याउटे केटो, अब सरले मेरो पढ़ाइ विषय के पोल हाल्नुहुने हो र बेलुकी मलाई बुवाबाट कस्तो व्यवहार हुने हो, म त्रस्त छु। नभन्दै केही क्षणको पारिवारिक गफपछि हेड सर आफ्नो लामो काठको बिँड़ भएको छाता कुममा सिउरिएर घरतिर लाग्नुभयो।

मेरो मनमा तुलबुल भइरहेछ, सरले बुवालाई मेरो विषयमा के भन्नुभयो? साँझ झमक्क पर्छ। झ्याउँकिरी कराउन थाल्छ। मेरो मनमा भने कता कता डर लागिरहेछ। बेलुकीको खाना खाने बेला भएछ, मलाई पत्तै भएन। सबै बसेर खाना खान्छौं। लगत्तै पछि मलाई निर्देश हुन्छ ''झट्ट पढ़्न बस्, बिहान पनि चार बजी उठ्नुपर्छ''।

त्यसपछि म पढ़्न मेरो कोठातिर जान्छु तर मनमा तरङ्ग उठिरहेछ, 'आज सरले के भन्नुभयो र मलाई यो खालको फरमान जारी भयो' भनेर। म कनसुत्लो लागेर आमा बुवाको गफ सुन्नथाल्छु। तब पो मेरो शङ्का निवारण हुन्छ। सरले भन्नुभएछ ''केटाको पढ़ाइ राम्रो छ अलि मेहनत गरे फस्ट डिभिजनमा प्राइमेरी फाइनल पास गर्न सक्छ र यसलाई बजारमा टिकाराम शर्मा सरको स्कुलमा भर्ना गरिदिनुपर्छ।''

बजारमा... टिकाराम शर्मा सरको स्कुल सुन्ने बित्तिकै मेरो खुसी पराकाष्ठामा पुगेकाले म 'आहा' भनेर चिच्याएछु। 'ए, के भयो?' भनेर सोद्धा पो झसङ्ग भएर 'केही पनि होइन' भन्दै फेरि बरबराउँदै पाठ घोक्नथाल्छु।

समय बित्दै जान्छ। दिसम्बर महिनामा प्राइमेरी फाइनल आउँछ। गङ्गोत्री स्कुलमा गएर हामी सबै परीक्षा दिन्छौं। तर मनमा डर भने लागिरहेछ, 'फस्ट डिभिजनमा आउँछु कि आउँदिन' भनेर।

एवंरीतले ठन्डाको छुट्टी हुन्छ, गाउँबस्तीको परिवेश। छुट्टीमा कतै घुम्न जानुपर्छ भन्ने सोच पनि थिएन त्यस बखत। पारिवारिक व्यस्ततामा नै समय बित्छ। जनवरी महिना, कठिङ्ग्रिने जाड़ो, सिमसिम पानी पनि परिरहेछ। हामी सपरिवार अगेनोको ठेलाको वरिपरि बसेर चिलाउने रुखको मुढ़ा सल्काएर आगो ताप्दै भुटेको मकै र भटमासको खाजा खाँदै थियौं, बाहिर आवाज आउँछ। म झट्ट बाहिर निस्कन्छु। मलाई माया गर्ने सर त्यस्तो चिसोमा छाता ओढेर हाम्रोमा आइपुग्नुभएछ। म अतालिएर सरलाई शिर निहुराई ढोग गर्न पुग्छु अनि पो हर्षको सीमा रहेन मभित्र। ''श्याबास नयन, मैले भने झैं रिजल्ट भएछ। अब पढ़्न बजार स्कुल जानुपर्छ।'' बुवा र मुमा पनि हतार हतार बाहिर निस्किएर सरलाई स्वागत गर्दै भित्र लिएर जानुहुन्छ। थाहा लाग्छ, म फस्ट डिभिजनमा पास भएछु। त्यसपछि

उहाँहरूको के गफ भयो, मलाई थाहा भएन। मेरो खुसीको सीमा नै थिएन। म त कल्पनाको उड़ानमा बजार स्कुल पुगिसकेछु, पत्तै भएन।

मलाई 'अझ राम्रो पढ्नू, धेरै पढ्नू र असल मान्छे हुनू' भन्ने आशिष दिँदै सर आफ्नु घरतिर लाग्नुभयो। मैले आज्ञाकारी छात्रसरह सरलाई ढोग दिएर बिदा गरें।

फरवरी महिनाको २ तारिख सोमबारको दिन। मलाई अघिबाटै सोमबार स्कुल जानुपर्छ र नुहाइ धुवाइ सफा लुगा लाएर तयारी हुने बुवाले निर्देश दिनु भएथ्यो र आमाले पनि समयमा नै मलाई तयार पारिदिनु भयो। हामी बाबु–छोरा ८ बजी बिहान स्कुलतर्फ लाग्यौं। यसअघि कुनै दिन मैले त्यस स्कुलको दर्शन गर्न पाएको थिइँन। साँढ़े नौ बजी स्कुलको घन्टी लाग्दो रहेछ। पछि याद भयो, त्यो बागधारा रहेछ, त्यहाँ पुग्दा स्कुलको घन्टी लागेथ्यो। हामी केही क्षणपछि स्कुल पुग्यौं।

पहिलो दिनको अनुभव मेरो मानसपटमा नमेटिने छाप भएर रह्यो यस नयाँ पाठशालाप्रति। पस्दा पस्दै अर्धचन्द्रकार विशाल प्रवेशद्वार, त्यसमा अङ्कित ''चरित्रं हि बलम्'' लेखिएको मनोग्राम, गेटमा कुमुदिनी विद्याश्रम लेखिएको रहेछ, भित्रपट्टि अति सुन्दर ढाँचामा बनिएको भव्य महलजस्तो तिन तले पाठशाला, अगिल्तिर ठुलो खेल मैदान।

मलाई बुवाले सिधै प्रधान अध्यापकको कार्यालयमा लिएर जानुभयो। त्यसबेलाका प्रधानाध्यापक टिकाराम शर्मा सरसित बुवाको पहिलेदेखि नै परिचय रहेछ। मैले सरलाई शिर झुकाएर अभिवादन गरें। त्यसपछि मेरो प्राइमेरी फाइनलको रिजल्ट सरलाई दिँदै मलाई पाँचौं श्रेणीमा भर्ना गरिदिने आग्रह गर्नुभयो बुवाले। अहिलेजस्तो त्यस समय परीक्षा लिने चलन रहेनछ क्यार सरले रिजल्टको आधारमा मलाई पाँचौ श्रेणीमा भर्ना गर्ने स्वीकृति दिनुभयो र भन्नु भयो 'बस्तीको र यहाँको स्कुलमा धेरै अन्तर हुन्छ। यहाँ धेरै अब्बल दर्जाका छात्रहरू हुन्छन्, समय छँदै राम्ररी पढ्नथाल्नू, राम्रो रिजल्ट ल्याएर पास हुनुपर्छ।' मैले शिर हल्लाएर स्वीकृति दर्साएँ। एक हप्तापछि सूचनापटमा मेरो पनि नाम निस्किएछ। म पाँचौं श्रेणी 'ए' मा भर्ना भएँ। लगत्तै भोलिपल्टदेखि मेरो नयाँ शैक्षिक यात्रा सुरू हुन्छ, कुमुदिनी विद्याश्रममा।

नयाँ परिवेश, सबै नयाँ सहपाठीहरू, मेरानिम्ति अपरिचित र नौला थिए। तर सहरबाट आउने भन्दा गाउँबस्तीबाट आउने साथीहरूसित मेरो हेलमेल छिटो भयो। तीमध्ये श्री मणिकुमार रसाइली, जो बन विभागीय अधिकारी पदबाट सेवा निवृत्त भई सक्नुभएको छ, हामी एउटै बेन्चमा बसेको याद छ। चन्द्रमणि पौड्याल, कुबेर सिकतेल, शंकर कार्की, खगेन्द्र नेउपाने, दुर्गा दंगाल, लीला खत्री, बिमल खत्री हामी सबै एकै चोटि पाँचौं श्रेणीमा भर्ना भए झैं लाग्छ।

समयको घड़ी कति छिटो बितेछ, जुन महिनामा अर्धवार्षिक परीक्षा हुन्छ र जुलाई महिनाको दोस्रो साता टिकाराम शर्मा, प्रधान अध्यापक स्वयं परीक्षाफल लिएर हामी पढ्दै गरेको क्लास V 'A' मा आइपुग्नुहुन्छ अनि हात हातमा रिजल्ट दिनुहुन्छ। त्यस दिन सम्झदा अझै पनि आलो भएर आउँछ। लगत्तै भोलिपल्टदेखि गर्मीको छुट्टी। पछि पो थाहा लाग्छ, प्रधानाध्यापकका रूपमा कुमुदिनी विद्याश्रममा स्व. टिकाराम शर्माको त्यो दिन अन्तिम दिन रहेछ। पुगनपुग चार महिना मात्र हामीले सरको अनुशासनमा बस्न पाएछौं। त्यसमा पनि कलिला ठिटा अनुभव नै भएन। सोमबार सधैँ एसेम्बली हुन्थ्यो धर्महलमा। त्यस दिन नौ बजेर बिस मिनट भित्रमा हलभित्र पस्नैपर्ने। ठुला ठुला, 'मै हुँ' भन्ने दाज्यूहरू पनि कुद्दै कुद्दै आएर स्याँस्याँ हुँदै हलभित्र पसेको अझ याद आउँछ। पछि थाहा भयो, सरले हामीलाई समयको महत्त्व र अनुशासन समयदेखि नै सिकाउनु भएको रहेछ। सन् १९६७ साललाई कुमुदिनी विद्याश्रमको इतिहासमा एउटा दुःखद् वर्ष भन्नुपर्छ। हामी सबैले प्रधान अध्यापक स्व. टिकाराम शर्मालाई अश्रुपूर्ण विदाइ गर्नुपरेथ्यो त्यस साल।

छैटौं श्रेणीमा पुगेपछि हामी आधुनिक ढाँचामा बनिएको कुमुदिनी विद्याश्रमको मूल भवनमा प्रवेश गर्छौं। ध्वनि प्रसारण उपकरणजड़ित ठुला ठुला कक्षा, भित्तामा टाँसिएको चौड़ादार ब्ल्याक बोर्ड, बस्ने र लेख्ने सुन्दर टेबल चौकी, हामी खुब रमाएका थियौं, पाठशाला खुलेको दिन।

स्व. सी.बी. राणा सरले प्रधान अध्यापकको भार लिनुभयो टिकाराम शर्मा सरबाट। गोरो, हँसिलो मोहड़ा तर अनुशासन र बचनमा भने सम्झौता नगर्ने स्वभावको हुनुहुन्थ्यो राणा सर। पढ़ाइसँगै खेलकुदमा पनि अब्बल हुनुपर्छ र केटा भएर दुब्लो र मरन्च्याँसे प्रवृत्तिको हुनुहुँदैन भन्ने उहाँको सोच थियो।

एक दिनको घटना मलाई अझ पनि राम्ररी याद छ। म आठौं श्रेणी पार गरेर नवौँ श्रेणीमा पुगेको थिएँ। त्यस समय नवौँ श्रेणीमा विज्ञान, वाणिज्य र कला विषय छुट्याइन्थ्यो। मैले वाणिज्य लिएर पढ्ने सोच लिएर नवौँ 'सी' मा गएर बसें। श्रेणीमा बसेको केही क्षणमा नै स्व. सी.बी. राणा सर (प्रधान अध्यापक) र स्व. पासाङ सरले कोठामा प्रवेश गर्नुभयो अनि एक एक जनालाई उभ्याएर 'तिम्रो क्लास VIII मा हिसाबमा कति आयो र विज्ञानमा कति आयो' सोध्न थाल्नुभयो। मेरो पनि भन्ने पाली आयो। मेरो हिसाब र विज्ञानको प्राप्ताङ्क भनेको मात्र थिएँ, 'तँ गएर IX 'B' मा बस्नू, साइन्स लिनुपर्छ' भन्ने आदेश दिनुभयो। कति तर्क राख्ने कोसिस गर्दा पनि उहाँहरूसित मेरो केही चलेन, म विज्ञान विषय लिएर पढ्ने भएँ। पछि ज्ञात भयो उहाँहरूले दिनुभएको मार्गदर्शन मेरानिम्ति वरदान रहेछ। विद्यार्थी जीवनमा सठिक निर्णय लिने क्षमता थोरैमा मात्र हुन्छ, यसर्थ गुरुजनले प्रतिभा हेरेर विद्यार्थीहरूको मार्ग दर्शन गरिदिए तिनीहरूको भविष्य उज्ज्वल हुनेरहेछ भन्ने अनुभव भयो।

त्यसताक पाठशालामा समय सापेक्ष विभिन्न कार्यक्रमहरू हुन्थे। तर्क प्रतियोगिता, भलिबल, फुटबल आदि अन्तर-आश्रम प्रतियोगिताहरू हुन्थे र त्यसबाट छनौट गरी अन्तरविद्यालय स्तरमा प्रतियोगीहरूलाई पठाइन्थ्यो। १५ अगस्तको स्वाधीनता दिवसमा अन्तरविद्यालय फुटबल प्रतियोगिता हुँदा र टाउन हल (अहिलेको रामकृष्ण रङ्गमञ्च)-मा तर्क प्रतियोगिता हुँदा आफ्नो टिमलाई जिताउन सोर सुक्ने गरी कराएको र थप्पड़ी मारेको आजझैं लाग्छ।

रवीन्द्र जयन्ती, भानु जयन्ती, शिक्षक दिवस यथावत रूपले पालन भए पनि २४ मई पाठशालाको स्थापना दिवस एक चाड़को रूपमा मनाउन पाउँदा कति आनन्द लाग्थ्यो, वर्णन गरेर साध्य छैन। एक रुपियाँमा दसवटा टिकट (दस पैसा गोटा) किनेर VI A, VI B, VI C अनि बाहिर मैदानमा राखिएका विभिन्न खेलहरू खेल्न पाउँदा अनि तात्तातो सेलरोटी र आलुदमको स्वाद लिनपाउँदा पक्कै चाड़ नै आएको अनुभव हुन्थ्यो।

नरम माटोलाई केलाई कुलाई मूर्तिकारले सुन्दर मूर्ति बनाएझैं कलिलो दिमागलाई उचित मार्गदर्शन दिई शिक्षादान दिने श्रद्धेय गुरुजनमा तिवारी सर, पासाङ सर, एस.के. सर, महानन्द सर, सी.के. सर, भरत सर, जोन सर, टी.बी. सर, हरि सर, एम.के. शाह सर, सर्वश्री कुमार सर, सोङपाङबे सर, पी.एल. सर, पी.सी. अग्रवाल सर, गौतम सर, ब्लोन सर, श्रीमती केसाङ गुरुमा आदिको स्मरण हुन्छ। सर-गुरुमाहरू साह्रै अनुभवी र कर्त्तव्यपरायण हुनुहुन्थ्यो।

स्व. पासाङ सरले पढ़ाउनु भएको अङ्कगणित, केसाङ गुरुमाले पढ़ाउनु भएको जीवविज्ञान र स्व. पी.एन. तिवारी सरले पढ़ाउनु भएको रसायनविज्ञान आजसम्म सम्झनामा आलै छ।

श्री पी.एल. सुब्बा सरले पढ़ाएको 'परालको आगो'-मा चामे र गौंथलीको चरित्र चित्रण कहिल्यै बिर्सन सकिन्न। सोङपाङबे सरले सिकाउनु भएको अङ्ग्रेजी शुद्ध व्याकरणले अङ्ग्रेजी लेखाइमा सदैव साथ दियो भने स्व. एम.के. शाह सरले सिकाउनु भएको बङ्गला बोल्न र लेख्न पछि जागिरे जीवनमा कति लाभप्रद भयो, त्यसको वर्णन गरेर साध्य छैन।

अन्तमा ''चरित्रं हि बलम्''- को पाठ पढ़ाएर जीवनलाई आदर्श बनाउने कुमुदिनी विद्याश्रमको गौरवलाई आत्मसात् गर्दै आगामी दिनहरूमा यस पाठशालाले अझ नयाँ कीर्तिमान कायम गर्न सकोस् भन्ने शुभकामना राख्दछु।

■

आजको युगमा नेपाली

विजय नारायण प्रधान, कालेबुङ

एक्काइसौं शताब्दीको कोल्टे फेराइभित्र
नवीन मोड़को दिशाबोध गर्दै
आधुनिक सम्पदासँग आत्मसात् गर्दै
नेपाली पहिचानको परिभाषा दिनुछ।
आफ्नो अस्तित्व र साहित्यको परिचय बढ़ाउँदै
भौतारिन होइन तर...
नेपालीत्वको सारा संसारमा
स्व-अस्तित्व र संस्कृतिको पहिचान दिनुछ।
समसामयिक तक्निकको ज्ञान लिँदै
उच्च सोच र भावनाले साहित्य सिँगारी
नयाँ पिँढ़ीले विश्व प्रगति-पथमा
अग्रसर भई अघि बढ़नुछ।
आज युवा पिँढ़ीले बिर्सिसके शिरका टोपी,
दौरा सुरुवाल, चौबन्दी चोली र फरिया
त्यागिसके पहाड़-झरना, खोला-नाला, देवी-देउराली
अनि भन्ज्याङलाई।
नौलो वेश-भूषाको पहिरनमा पुर्खौली भेष मेटी
आफ्नो इतिहास मेटाई, यसैको अपमान जनाई
स्वयंलाई ढाँटी इतिहास साक्षी राखी
भन्छन् ... गर्छु आफ्नो देश संस्कृतिको सम्मान।
त्यसैले रुँदैछ यहाँ नेपाली समाज
भुलेको देखेर आज आफूलाई
जोगाइराखौं नेपाली समाज र साहित्य
गर्छु बिन्ती आज सबैलाई!

■



APPNIC SCHOOL OF MEDICAL SCRIBING PVT. LTD

East Main Road, Kalimpong

We provide training for the Certificate Program in Medical Scribing (CPMS) by CPMS India.

- ✓ CPMS is a 9 Months, 3 level certificate program.
- ✓ Guaranteed Industry Internship while studying.
- ✓ "Earn while you Leam" - Stipends from the 5th Month
- ✓ 100% Placement Guarantee
- ✓ Minimum starting monthly salary of Rs. 40.000/- post on job training

With best Compliments from :

Contact us for food and loadging with homely environment

With best Compliments from :

गोर्खा दुःख निवारक सम्मेलन कालेबुङ

स्थापित - १९३२

सेवा नै परम धर्म

Rekha Pradhan

Cell: 9832365316
9733475228
8972684461

Branch:
POKHREL LODGE
D. S. Gurung Road

Shringar

Ladies & Gents Beauty Saloon & Training Centre

H.O.: 10th Mile, Below Gramin Bank, Kalimpong

With best Compliments from :

Pranay Kumar Pradhan

Govt Contractor & General
Order Supplier
Mobile No. 9002580488

कुमुदिनी परिवारप्रति

शुभकामना



प्रभाकर देवान

कालेबुङ

FLAG -OFF POINT AT DAMBER CHOWK , KALIMPONG HALF MARATHON 2019

KUMUDINI PARIWAR MEMBERS WITH SENIOR MEMBER SRI. L.B .DIXIT AT HIS RESIDENCE AT GANTOK. 2019

GENERAL MEETING OF K. PARIWAR AT BIDHYANG RESORT 2019

सम्झनाका लहरहरू.....

मणि कुमार रसाइली,
बोङबस्ती, कालेबुङ

यस वर्ष वि.स. २०७६ को आषाढ़ ११ गते अनि २०१९ को २६ जुन बितिसक्दा पनि कालेबुङको सहर-बस्तीमा भनेजस्तो पानी परेको थिएन। ग्रीष्म ऋतु त ठहरियो घामको प्रकोप उखरमाउलो थियो। कृषक-बस्तीवालावर्ग अति चिन्तामा थिए- समयमा धान रोपाइँ गर्न सकिएला कि नसकिएला भनेर। नभन्दै भोलिपल्ट आषाढ़ १२ गते, २७ जुनमा ईश्वरको कृपाले आकाश कालो मेघले ढाकेर वातावरण चिसो भई पानी पर्नथाल्यो। पानी प्रायः दिनभरि नै परिरह्यो। यता गर्मीबाट मुक्ति मिल्यो, उता कृषकवर्गमा आशा जाग्यो। आज बल्ल आषाढ़ महिनाको प्रथम पानी-झरीको आगमन भयो।

यस्तै पानी-झरीको मौसममा साँझपख श्री टेकेन्द्र भण्डारी (शिक्षक) एक गाउँले अनि कुमुदिनी परिवारका एक जोसिला सदस्य हातमा कुमुदिनी परिवारको एउटा पत्र मलाई हस्तान्तरण गर्नहेतु मेरो वासस्थान आउनुभयो। उहाँले त्यस पत्रको औचित्यबारे बताउनुभयो कि कुमुदिनी परिवारको मुखपत्रका निम्ति एउटा रचना मैले तयार पारी पठाइदिने। पत्रलाई सरासर पढ्ने क्रममा प्रेषक वा संयोजक (मुखपत्र प्रकाशन उप-समिति, कुमुदिनी परिवार, कालेबुङ) को शुभनाम श्री नयन कुमार रिजाल रहेछ। त्यस साँझ दुवै 'कुमुदिनी' शब्दको पत्र साथै नयन रिजालको नाम दर्शनले फेरि एकपल्ट अनायासै अतीतका क्षण बल्झियो यसरी... झझल्को लिएर आएछ साउन फेरि आँखामा... बिर्सिदिने कथा होइन साउनको गीत, हार होइन जीत मेरो जीवनको प्रीत... बाँचुन्जेल साथ रहन्छ जिन्दगानीमा...।

कुमुदिनी विद्याश्रमले नै श्री नयन रिजाल अनि ममाझ आपस्तमा परिचय साटिदिएको थियो। म भन्ने गर्छु - कुमुदिनी विद्याश्रमको सम्झनाभित्रका सहपाठीहरूमध्ये पञ्चम श्रेणीदेखि एघारौं श्रेणीसम्म सँगै अध्ययन गर्ने मित्र श्री नयन रिजाल मेरो नयनदेखि ओझेल हुन सकेनन् अनि कोही समयको हाम्रो भेटमा नयनज्यू भन्नु हुन्छ... 'हामी त लँगौटी मित्र पो त। हुन पनि, हामी कालेबुङ कलेजसम्म सँगै अध्ययन गरेका थियौं। साउँ अक्षरको ज्ञानको आर्जनपछि चौथो श्रेणी सिध्याएर पञ्चम श्रेणीका निम्ति कुमुदिनी विद्याश्रमको शरण लिने भाग्य प्राप्त भयो। समयको निरन्तर बगाइसितै सात वर्ष क्रमशः पञ्चम, छैटौं, सातौं श्रेणी हुँदै एघारौं श्रेणीसम्मको शिक्षान्त पनि कुमुदिनी विद्याश्रममा नै भयो। यसरी जीवनमा शिक्षाको भाग्य कोरी दिने विद्याश्रम कुमुदिनी विद्याश्रमप्रति मेरो हृदयबाट कोटी प्रणाम एवं नमन।

बाल्यकालदेखि शिक्षाले,
तिमीले लगाएको मोहनी,
फुकाउन गाह्रो, सुशोभित कुमुदिनी।
शिक्षाले भाग्य, तिमीले लेखेको,
भुल्न गाह्रो, सम्झना मुटुको।

सम्झन्छु तिमीलाई नित्य बिहानी,
कोटी प्रणाम एवं नमन कुमुदिनी।

कालेबुङका शैक्षिक प्रतिष्ठानमध्ये कुमुदिनी विद्याश्रमलाई एक श्रेष्ठ, आदर्श अनि गरिमा बोकेको शैक्षिक प्रतिष्ठान मानिन्थ्यो। कालेबुङ सहरदेखि केही टाड़ा बाघधारा पथ हुँदै दक्षिण-पूर्व लागे विशाल भूमिको आयतनमा प्रकृतिको अनुपम छटामा स्वच्छ-शान्त परिवेशमा कुमुदिनी विद्याश्रम अवस्थित छ। विद्याश्रमको भूमिमा पाइलो टेक्ने बित्तिकै एक सुन्दर आकर्षक अर्धचन्द्रमाजस्तो आकारमा विद्याश्रमको प्रवेशद्वार पाइँन्छ। यस आकर्षक प्रवेशद्वारले सबै शिक्षा अनुरागी, आगन्तुकमा प्रतीक्षा साँची सदैव स्वागत व्यक्त गरिरहेको हुन्छ- भूत, वर्तमान अनि भविष्यसम्मलाई। प्रवेशद्वारको सिरानमा जड़ित एक सुन्दर ढाँचाको मोनोग्राममा आदर्श वाक्य 'चरित्रं हि बलम्' अनि पोखरीमा कमलको फूल, पहाड़ अनि क्षितिजमा झुल्के घामले एक अति मनोहर चित्र प्रस्तुत गर्दछ। साहित्यकार टी.एन. सुवेदी आफ्नो लेखमा भन्नुहुन्छ - 'चरित्रं हि बलम्' अर्थात् चरित्र नै बल हो। शिक्षाले विद्यार्थीमा असल चरित्र तथा सर्वाङ्गीण विकासको घड़ेरी निर्माण गर्दछ। शिक्षाले असल चरित्रको निर्माण गर्दछ जसले मानवलाई आत्मनिर्भर, सदाचरी, नीतिवान तथा गुणवान बनाउँछ।'

कुमुदिनी विद्याश्रमको प्रवेशद्वारसरह मुख्य आकर्षणका वस्तुमा राजा दोर्जे घन्टाघर हो। विद्याश्रमको धर्महलको पछिल्लो अङ्शदेखि धेरै माथि चुलिएर आकाशचुम्बी धरहराको रूपमा राजा दोर्जे घन्टाघर अवस्थित छ। सिमेन्टको चार कुना मिलेको फराकिलो देवल वर्गाकार रूपमा चुलिएर गएपछि शिरमा नयनाभिराम ढाँचाको जस्तापाता (सि.जी.आई. सिट)-ले ओढ़ो हालेको छ। यस ओढ़ोको मुन्तिर देवालमा चारैतिर ठुला ठुला गोलाकार घड़ीका डायल छन् जसले समयको पलपल सूचना दिने गर्छन्। विद्याश्रमको राजा दोर्जे घन्टाघर एक आकर्षणको केन्द्रविन्दु भएर श्रीपेचसरह सज्जिएको छ।

वर्तमान युगका निम्ति राजा दोर्जे घन्टाघर धरोहर नै मान्न सकिन्छ। राजा दोर्जे घन्टाघरलाई भुटानकी रानी स्व. चुनिदोर्जीले भुटानका स्व. एस.टी. दोर्जीको स्मृतिमा विद्याश्रमलाई दानस्वरूप प्रदान गरेकी थिइन्। राजा दोर्जे घन्टाघरको २४ मई १९५७ सालमा विधिवत् उद्घाटन भएको थियो।

(१) कुमुदिनी परिवारको स्मारिका - २००७ मा आफ्नो लेख - स्व. टिकाराम शर्माप्रति शीर्षकअन्तर्गत श्रद्धेय ज्ञान सुतार आफ्नो मन्तव्य यसरी व्यक्त गर्नु हुन्छ - 'स्व. टिकाराम सरको प्राचार्यकालीन अवधिलाई कुमुदिनी विद्याश्रमको स्वर्णिमयुग भन्न सकिन्छ।' (२) अर्कोतर्फ त्यसै स्मारिका मार्फत श्रद्धेय हर्कबहादुर परियार जनाउनु हुन्छ - 'सन् १९५३ देखि १९६३ सालसम्मका वर्षहरूलाई कुमुदिनी होम्स्को उत्थान र विकासको समय मानिन्छ।' (३) फेरि अर्कोतिर कुमुदिनी परिवारको स्मारिका २०११ अनुसार श्री हीरा छेत्री भन्नुहुन्छ - 'कुमुदिनी होम्स्को प्रारम्भिक जुगको शैक्षिक योगदान अविस्मरणीय र अतुलनीय छ। श्रद्धेय गुरुवर तथा कुमुदिनी विद्याश्रमका संस्थापक स्व. टिकाराम शर्माज्यूको अथक प्रयासको लगानीले यस स्कुलले पुरानो समयमा जुन गरिमा प्राप्त गर्नसकेको थियो, त्यो प्रशंसानीय छ।' (४) स्व. महानन्द पौड्याल - भूतपूर्व छात्र एवं शिक्षक आफ्नो लेख - गुरु टिकाराम शर्मा स्मृतिका पक्ष अनेकन मार्फत् भन्नुहुन्छ - 'गुरु टीकाराम शर्मा कर्मवीर हुनुहुन्थ्यो। कुमुदिनी होम्स्लाई शून्यप्रायः अवस्थाबाट उठाई उच्चताको जुन चुलीमा पुर्‍याउनुभयो, त्यसले उहाँको कार्यदक्षताको प्रमाण बोकेको छ।'

कुरा सत्य होला, उहाँको प्राचार्यकालीन अवधि (सायद अप्रेल १९४८ देखि अगस्त १९६७ सम्म)-मा विद्याश्रम परिसरमा ती मनमोहक प्रवेशद्वार, आधुनिक ढाँचाको विशाल तिनतले भवन, फराकिलो प्राङ्गण, खेलमैदान, राजा दोर्जे घन्टाघर, रङ्गमञ्चसितको विशाल धर्महल, सुव्यवस्थित छात्रावास इत्यादि निर्माण भएका थिए।

तिनताक मुख्य पाठशाला भवनअन्तर्गत ठुला ठुला फराकिला श्रेणीकक्ष, विज्ञान विषयको स्तरीय प्रयोगशाला, सङ्ग्रहालय, पुस्तकालय अनि हस्तकला कक्षासमेत समावेश गरिएका थिए। प्रत्येक श्रेणीमा चौड़ादार श्यामपट अनि ध्वनि प्रसारण यन्त्रहरू जड़ान गरिएका थिए। समय समयमा धर्म हलमा कतिपय ज्ञानमूलक वृत्तचित्र प्रदर्शन गरिन्थ्यो। यस्ता चलचित्र प्रदर्शन गर्ने सामग्री विद्याश्रममा नै स्थायी रूपमा उपलब्ध थिए। भूतपूर्व छात्र- श्री रोशन छेत्री, सिङ्फार्म निवासी, कुमुदिनी परिवारको स्मारिका २००७ मा भन्नु हुन्छ - 'अहिले पनि मलाई गर्व लाग्छ, हाम्रो स्कुलको हल दार्जिलिङ जिल्लामा 'सो पिस' हो। आफ्नै साउन्ड सिस्टम-वृत्तचित्र, चलचित्र चलाउने आफ्नै प्रोजेक्टर थियो। सबै स्कुलहरूमा सबैभन्दा राम्रो हल कुमुदिनी होम्स्को हल हो।'

कुमुदिनी विद्याश्रमको इतिहासमा नाटक मञ्चनका कुरा पनि स्वर्ण अक्षरले लेख्न सकिन्छ। यस विद्याश्रमको धर्म हलमा अनेकौं बहुचर्चित नाटकहरू शिक्षकगण तथा विद्यार्थीवर्गको सक्रियतामा अपार सफलतापूर्वक मञ्चित भएका थिए। यस विद्याश्रमको धर्महलमा मञ्चित नाटकका श्रृङ्खला यस प्रकार थिए- अमरसिंह थापा (१९५९) शाहजहाँ (१९६०), मुना-मदन (१९६१, १९६५), आमाको पुकार (१९६२), प्रह्लाद (१९६३), फ्रन्टियर (१९६४), चेली (१९६६) अनि टुहुरी (१९६७)। यस्तै अन्य नाटक-मुकुन्द इन्दिरा, शकुन्तला, ध्रुव इत्यादि थिए। यी नाटकहरूमध्ये आमाको पुकार, चेली, टुहुरी इत्यादि प्राचार्य स्व. टिकाराम शर्माका मौलिक कृतिहरू थिए। यसअतिरिक्त कुमुदिनी विद्याश्रमका भूतपूर्व छात्र अनि वर्तमान सिक्किमका एक सुपरिचित नेपाली चलचित्रका निर्देशक, कथाकार, अभिनय कलाकार, नाट्य कलाकार श्री चुनिलाल घिमिरेले पनि युवास्थामा यसै धर्महलमा एउटा नाटकमा नायकको भूमिका निर्वाह गर्नुभएको थियो। तिनताक विद्याश्रमको धर्महल-रङ्गमञ्चमा सञ्चालित कति शैक्षिक, साहित्यिक, साङ्गीतिक, सांस्कृतिक, सामाजिक कार्यक्रमले क्षेत्रहरुमा धेरै योगदान पुऱ्याएको थियो।

तिनताक यस विद्याश्रममा भानु जयन्ती, रवीन्द्र जयन्ती, शिक्षक दिवस, स्वतन्त्रता दिवसलगायत अन्य विविध कार्यक्रम ठुलै रूपमा पालन गरिन्थ्यो। शिक्षक दिवसको सम्झनाक्रममा- साल १९७०-७१ को शिक्षक दिवस पनि गत वर्षझैं ठुलै रूपमा पालन गरिएको थियो। यस पुनीत उपलक्ष्यमा विद्याश्रमका सबै गुरुजनलाई विद्यार्थीवर्गले श्रद्धापूर्वक धर्महलमा स्वागत जनाएका थिए। त्यसपछि विद्यार्थीका पक्षबाट सबै गुरुजनमा खदा-माला गरेर श्रद्धा अर्पण गरी गुरुजनलाई सुसज्जित पारिएको मञ्चमा राखेर विद्याश्रमको एक चित्रकार विद्यार्थीले फ्रेममा सजाइएका विभिन्न चित्रहरू प्रत्येक गुरुजनमा गुरुदक्षिणास्वरूप अर्पण गरेका थिए। ती अर्पण गरिएका चित्र विद्यार्थी स्वयंले बनाएका (कोरेका) थिए। उनै चित्रकार विद्यार्थी थिए- वर्तमान सिक्किमका समाज सेवक, योगगुरु, सिक्किम सरकार वनविभागका भूतपूर्व वनमन्त्री - श्री थुकचुक लाचुङपा-तत्कालीन नवौं श्रेणीका छात्र।

भनिन्छ, २४ मई १९५५ सालका दिन कुमुदिनी विद्याश्रमको इतिहासमा स्थापना दिवस धर्महलमा विविध कार्यक्रमबिच अति भव्यतापूर्वक श्रीगणेश भएको थियो। त्यस दिन धेरै शिक्षानुरागी, गुरुजन, विद्यार्थी, अभिभावक, अतिथि, शुभचिन्तकको बाक्लो उपस्थिति थियो। त्यसपछि कुमुदिनी विद्याश्रमको स्थापना दिवस प्रत्येक वर्ष २४ मईको दिन विशेष पर्वझैं विशेष उत्साह र हर्ष उल्लासपूर्वक अति भव्यताको साथमा पालन गरिन थाल्यो। जुन परम्परा आजपर्यन्त कायम छ। विगतमा २४ मईका दिन, स्थापना दिवसका विशेष कार्यक्रमहरू खेलमैदान, धर्महलमा सम्पन्न गरिन्थ्यो भने कतिपय मनोरञ्जनात्मक खेल विभिन्न कक्षामा गरिन्थ्यो। अतिथि सत्कारसितै उपस्थित सबैमा स्थानीय ग्रामवासीद्वारा सेलरोटी अनि अन्य मिठा मिठा पकवान तयार पारी भोजन उपलब्ध

गराइन्थ्यो। धर्महल अनि प्राङ्गणको सम्मुख रहेको मुख्य कक्षा भवनलाई विशेष रूपमा रङ्ग-बिरङ्गी सुगन्धित फूलहरूले सजाइने गरिन्थ्यो। मुख्य कक्षा भवनको बाहिरी भागमा ताँबाका चम्किला गाग्रीहरूमा फूल भरेर कुनै बिहेको मण्डपसरह सजाइने गरिन्थ्यो। स्थापना दिवसको दिनभरिको कार्यक्रम सम्पन्न भएपछि पनि साँझपख फेरि धर्महलमा नाटक वा अन्य साङ्गीतिक कार्यक्रम मानिसहरूको अपार उपस्थितिमा सम्पन्न हुने गर्थ्यो। ती दृश्यहरू आजपर्यन्त आँखाबाट ओझेल हुनसकेको छैन।

प्राचार्य स्व. टिकाराम शर्माको कुशल नेतृत्व एवम् अपूर्व प्रशासनिक दक्षतामार्फत् कुमुदिनी विद्याश्रमलाई निम्न अवस्थादेखि डोऱ्याएर प्रगतिको शिखरसम्म पुऱ्याउने कार्य भयो। समर्पित र प्रतिभायुक्त, गुरुजनगणको उपस्थितिले गर्दा कुमुदिनी विद्याश्रमको नाम सुवास, यश-कीर्ति तिनताक चारैतिर फैलिएर एउटा आदर्श विद्याश्रम बन्नपुगेको थियो। तिनताक कुमुदिनी विद्याश्रममा विद्यार्थीहरू यसै भेकका मात्र नभएर दार्जिलिङ, खरसाङ, सिलगढ़ी, डुवर्स, कलकत्ता, सिक्किम अनि छिमेकी मुलुक भुटान अनि नेपालबाट पनि शिक्षार्जन गर्न आउने गर्थे। कुमुदिनी विद्याश्रमले पाठ्यपुस्तक आधारित उत्कृष्ट शिक्षासितै विद्यार्थीवर्गको सर्वाङ्गीण विकासहेतु खेलकुद, फुटबल, भलिबल, वाद-विवाद, एन.सी.सी., स्काउट्स इत्यादि विषयमा पनि सुअवसर प्रदान गर्न सक्षम भएको थियो।

कालेबुङको प्राकृतिक सौन्दर्य र शान्त परिवेशमा कुमुदिनी विद्याश्रम एक आदर्श विद्याश्रम भएकोले सम्पूर्ण भूतपूर्व विद्यार्थीवर्ग यस सुविख्यात विद्याश्रमप्रति ऋणी भई नतमस्तक रहन्छन्। सम्पूर्ण भूतपूर्व विद्यार्थीका हृदयमा विद्याश्रमप्रति प्रगाढ़ प्रेम, श्रद्धा रहने गर्दछ। यसै सन्दर्भमा विद्याश्रमको वार्षिक स्मारिकामार्फत एक भूतपूर्व छात्र श्री धनपति आचार्य भन्नु हुन्छ – 'कुमुदिनी विद्याश्रममा बिताएका अविस्मरणीय दुई वर्षहरू मेरालागि जीवनपर्यन्त सम्झनाको दीयो बनेर बलिरहने छन्। ममा कुमुदिनी विद्याश्रमको एउटा अमिट छाप परेको छ। जीवनलाई एक सफल गोरेटोमा हिँडाउन मार्गदर्शन यसै विद्याश्रमले प्रदान गरेको हो।'

यस्तै सन्दर्भमा कुमुदिनी परिवार- भूतपूर्व विद्यार्थीवर्गको संगठन १९५७ सालमा नै अङ्कुरित भएको हो। भनौ नै भने, विद्याश्रमप्रतिको माथि उल्लेखित भावना-सङ्गमको प्रतीक होला- कुमुदिनी परिवार। बर्सौंदेखि छुट्टिएका हजारौं भूतपूर्व विद्यार्थीका पुनर्मिलनको टुङ्गो पनि हो- कुमुदिनी परिवार। कुमुदिनी परिवार आफ्नो सङ्गठनको आचार संहिताबमोजिम विद्याश्रमको पूर्व गरिमा, प्रतिष्ठालाई निरन्तरता दिने मार्गतर्फ सदैव चिन्तनशील रही कार्यशील बनेको पाइन्छ। कुमुदिनी परिवारले वर्तमान अध्ययनरत विद्यार्थीको सहयोग र विद्याश्रमको प्रगतिमा टेवा पुऱ्याउन कतिपय सहयोग र सेवाका कार्य पनि गरिरहेको छ। विगतका दिनहरूमा कुमुदिनी परिवारले कुमुदिनीमा अध्ययनरत उच्च माध्यमिक, माध्यमिक परीक्षामा सर्वाधिक अङ्क प्राप्त गर्ने विद्यार्थी, सर्वश्रेष्ठ एन.सी.सी. क्याडेट, खेलकुदमा उत्कृष्ट रहेका विद्यार्थीमा साथै आर्थिक रूपले विपन्नावस्थाका कतिपय अध्ययनरत मेधावी विद्यार्थीलाई सहायता राशि प्रदान गरेको थियो। यसरी नै विद्याश्रमको नाम उच्च गर्ने गरी उत्कृष्ट कार्य गर्ने कतिपय भूतपूर्व विद्यार्थी साथै विद्याश्रमका भूतपूर्व गुरुजनका सम्वर्द्धना कार्यक्रमको पनि आयोजन गऱ्यो। यसरी नै खेलकुदप्रति प्रोत्साहन दिनका लागि म्याराथन दौड़ आयोजन गऱ्यो अनि भविष्यमा पनि गर्नेछ। यसरी नै ख्यातिप्राप्त कलाकार- एल्ड्रीन प्रधान अनि टोलीलाई लिएर एउटा साङ्गीतिक कार्यक्रम पनि आयोजन गरेको थियो। कुमुदिनी परिवारले धेरै वर्षसम्म चकमन्न भई सुप्त अवस्थामा रहेको अमूल्य राजा दोर्जे घन्टाघरमा जड़ित घड़ीलाई पुनः जीवित पार्ने महत् कार्य गऱ्यो जो प्रशंसनीय कार्य थियो।

कुमुदिनी परिवारका यी सम्पूर्ण कार्यहरू केवल विद्याश्रमप्रतिको प्रगाढ़ प्रेम, सद्भावना अनि श्रद्धाका प्रतीक हुन् जो अजम्बरी भई विद्याश्रमको इतिहासमा सदैव फुलिरहने छन्। ■

अर्गेली (DAPHNE) को खेती

सोनाम छिरिङ भोटिया
प्रिमताम पथ, कालेबुङ

वर्तमान समयमा गाउँबस्तीका दाजु–भाइ तथा खेती गर्ने खेतीवालाहरूलाई आर्थिक बोझले चाप्दै लगेको हाम्रो दृष्टिबाट लुक्नसकेको छैन। दिनदिनै उनीहरूको आर्थिक अवस्था शोचनीय हुँदै गइरहेको छ।

अघि अघि जुन प्रकारले नगदे बाली अँलैची, सुन्तला, अदुवा र कुचोको खेती हुन्थ्यो, अब यी नगदे बालीको फसल दिन दिनै कम्ती कम्ती हुँदै गइरहेको छ। अलैँचीलाई बिमार लागेको धेरै भयो। फल्ने बेलामा बिमारीले बर्बाद बनाइदिन्छ। अदुवाको पनि यही हालत छ। रमाइ रमाइ फल्ने सुन्तलाका बोटहरू सुकेनासले बर्बाद नै बनायो। अब रह्यो कुचो। यो पनि महाजनहरूको दाममा बेच्नुपर्छ।

स्पर्धा रहेको आजको आधुनिक समाजमा गाउँले दाजु–भाइहरूलाई आफ्नो घर–परिवार चलाउन हम्मे–हम्मे परिरहेको छ। हातमुख जोगार्न कठिन भएको समयमा छोरा–छोरीलाई राम्रै स्कुल कलेज पढ़ाउनु पऱ्यो। त्यसका लागि एक मुष्ठ धन सधैं अलैँची, अदुवा, सुन्तला र कुचोले दिन्थ्यो भने आज गाउँले दाजु–भाइहरू महाजन र विभिन्न सरकारी तथा गैर सरकारी ब्याङ्कहरूको ऋणको बोझले दबाइएका छन्।

यी आर्थिक बोझबाट माथि उठ्नका निम्ति अब गाउँले दाजु–भाइहरू तयार हुनुपर्छ। यसको सरल र सही उपाय उनीहरूसमक्ष यसरी राख्न चाहन्छु।

माथि बताइएका चारवटा नगदे बालीको वैकल्पिक नगदे बाली सबैको बारीमा पाइन्छ। यसको नाम अर्गेली (Daphne) हो। गाउँ–बस्तीमा यसलाई 'लोकता' पनि भनिन्छ। यसको खेती गर्दा अलैँची, अदुवा र सुन्तलाजति मेहनत गर्नुपर्दैन। यो अलैँची बारीको बिच बिचमा रोप्दा पनि हुन्छ।

अर्गेली विश्वको सबै देशहरूमा पाइँदैन। यो वनस्पति विशेष गरी मध्य र दक्षिण युरोप, जापान साथै भारत देशको उत्तर–पूर्वीका केही राज्यहरूको पहाड़ी भेकहरूमा मात्र पाइन्छ। अर्गेली धेरै प्रजातिको पाइन्छ। तर अहिलेसम्म पहाड़ी भेकमा पाइने अर्गेली मात्र चलनमा आएको जानकारी उपलब्ध रहेको छ।

अर्गेलीको बोट औसतन १२.५ फिटदेखि १४.५ फिटसम्म अग्लो हुने गर्दछ। औसतन २००० फिटदेखि ४००० फिटसम्म यसको खेती गर्न सकिने छ। यसको खेती गर्दा कुनै रासायनिक मलको आवश्यकता पर्दैन। यसको खेती गर्नाले पहाड़ी भेकमा भल पैहोको रोकथाम साथै पिउने पानीको पनि जगेरा गर्नमा मदत मिल्दछ।

अर्गेलीले अक्टोबर महिनादेखि फुल्न सुरू गर्दछ। यसको रङ्ग पहेंलो हुन्छ भने यसको सुगन्धले हामीलाई

प्रतिभा एक प्रतिशत प्रेरणा र उनान्सय प्रतिशत परिश्रम हो। - एडिसन

केही गर्ने जाँगर पनि प्रदान गर्दछ। अर्गेलीको फूलबाट नै बिउको उत्पादन गरिन्छ। यसको बिउ छिप्पिएपछि फरवरी महिनाको अन्तदेखि मार्च महिनाको अन्तसम्म माटोको 'बेड' बनाएर बिउ उमार्नुपर्छ। यसको बिरुवा जुनदेखि जुलाई महिनाभित्रमा सारी सक्नुपर्छ। यसलाई रोप्दा ५–५ फुटको अन्तरालमा रोप्नुपर्छ। पुरानो बोटबाट कलम काटेर पनि नयाँ ठाउँमा रोप्न सकिन्छ।

अर्गेलीबाट बनिएको कागज बर्सौं खप्ने, किरा नलाग्ने, नसड्ने प्वाँखभन्दा हल्का भएको कारण यसबाट आधुनिक सञ्चार माध्यममा चाहिने वस्तुदेखि घरको सजावटको वस्तु साथै स्वास्थ्य–सम्बन्धी चाहिने वस्तुहरू तयार पारिन्छ। यसका विभिन्न उपयोगहरूमध्ये केही यस प्रकार छन्ः–

(१) यसको कागजबाट स्पिकर कोणमा प्रयोग हुने, केबलको तारहरूमा प्रयोग हुने तथा आधुनिक सञ्चार माध्यममा प्रयोगमा ल्याइने वस्तु तयार गरिन्छ।

(२) यसबाट स्वास्थ्य उपचारको लागि चाहिने कतिपय आवश्यक सामग्री तयार पारिन्छ। यसबाट बनिएको वस्तु विशेष गरी शरीरबाट निस्किने तरल पदार्थ र रक्त स्रावलाई रोकथाम र चुस्ने काममा प्रयोग गरिन्छ।

(३) यसबाट चियापत्तीका मसिना थैला, कफि फिल्टर र मिठाइहरू पोको पार्ने वस्तु विशेष रूपमा तयार गरिन्छ।

(४) यसबाट चित्रकलामा प्रयोग गरिने कागज, देवलमा टाँस्ने कागज, बत्तीको सेड, झोला, रेमन कागज साथै विभिन्न पर्वमा चाहिने वस्तुहरू तयार पारिन्छ।

ग्याङजोङ ह्यान्डमेड् पेपर इन्डस्ट्रीले गत २० (बिस) वर्षदेखि अर्गेलीबाट कागज र विभिन्न प्रकारको दैनिक जीवनमा प्रयोग हुने कागज तयार गर्दै आइरहेको सर्वविदितै छ।

हाम्रो प्रत्येक घरका शिक्षित भाइ–बहिनीहरू नोकरीको खोजीमा देशभित्रैका विभिन्न सहरहरूमा पलायन भइसकेका छन् भने विदेशमा पनि सीमित तलबमा काम गर्न बाध्य भएका छन्। गाउँ–घरमा बेरोजगार समस्याले विस्फोटक स्थिति उत्पन्न भइसकेको छ।

यस्तो स्थितिमा यदि हामीले नगदे बाली अर्गेलीको खेतीलाई व्यावसायिक रूपमा गर्‍यौं भने यस व्यवसायबाट स्वरोजगारको व्यवस्था हुन सक्छ।

अर्गेलीबाट तयार पारिएको कागजको ब्याग र खपत देशभित्र जति छ, त्यो भन्दा बढी आज यो कागजको माग र खपत विदेशमा रहेको छ। काँचो मालको कमीले गर्दा देशभित्रका धेरै कागज बनाउने कल–कारखानाहरू रुग्ण अवस्थामा रहेका छन् भने धेरै कल–कारखाना बन्द हुने अवस्थामा पुगेका छन्। यसको खेतीबाट हामीले हाम्रो रुग्ण अर्थ व्यवस्थालाई सही दिशा दिने काम र हाम्रो आर्थिक अवस्था पनि सुधार्ने ठुलो मौका पाउनेछौं।

(अर्गेली–बोक्राको पाट काटेर नेपाली कागज बनाउने काममा प्रयोग गरिने एक प्रकारको, बुटो, कागजी पाट।)

धर्ममा हिंसाको निम्ति कुनै स्थान छैन।

–गौतम बुद्ध

दुष्टको घरमा बस्नुभन्दा नरकमा बस्नु धेरै कल्याणकारक हुन्छ।

–वेदव्यास

कुमुदिनी परिवार : केही टिपोट

डा. इस्माएल मंग्राती,
सभापति, कुमुदिनी परिवार।

पाठशाला, जहाँ मानिसले आफ्नो चरित्र अनि नैतिक विकासको जरा बसालेका हुन्छन् र नै सुखद् पनि हुन्छ स्कुले जीवन। गुरुजनहरूको शिक्षा अनि दीक्षाको प्रभावले कलिलो मस्तिष्कमा सही-गलतको ज्ञान बिस्तारै फस्टिने गर्दछ। फलतः स्कुल छिचोलेपछि उचित मार्ग निर्देश, अनुकूल सामाजिक परिवेश, व्यक्तिगत चरित्र एवं नैतिक विकासको बलियो धरातलको आड़मा असल चरित्रले सम्पन्न व्यक्तित्वको सृजना हुन्छ समाजमा अनि त समाजको मूलधारामा सजिलै मिसिने र बग्ने योग्यका हुन्छन्, ती व्यक्तिहरूका विविध पृष्ठभूमि अनि चरित्रद्वारा एउटा समाजको निर्माण हुँदछ, जहाँ सम्बन्ध सधैं पारस्परिक हुँदछ। अत्याधिक आधुनिक समाजका मान्छेहरू सानो र सङ्कुचित मनोवृत्तिको सिमानाभित्र सीमित बस्नु पटक्कै रुचाउदैन, फराकिलो विचारधारा अनि उस्तै मनोवृत्ति वहन गरेको क्रियाशील समाजको तृष्णा हुँदछ त्यस्ता व्यक्तिलाई।

सचेत अनि विकासमुखी समाजको अङ्ग भएपछि समाजप्रति कर्तव्यपरायण त्यसै बन्छौं हामी। समाजमा केही असल बिउहरू छरिराख्नुपर्छ भन्ने कर्तव्यवोध भएरै होला, अनेकौं थरीका सङ्घ-संस्थाहरूको जन्म अनि विस्तार हुनेगर्छ। त्यस्ता सङ्घ-संस्थाहरूको परिचय, उद्देश्य, कार्यक्रम अनि सिद्धान्तहरू बेग्ला-बेग्लै भए पनि ठोस उद्देश्य भने चेतनशील समाजको निर्माण, विकास एवं हित नै हुन्छ। कुमुदिनी परिवार एउटा त्यस्तै संस्था हो।

सम्भवतः ६-७ दशक अघि अस्तित्वमा आएको कुमुदिनी परिवारलाई सक्रियताको तराजुमा तौलँदा सन् २००० पछिको समयहरूलाई 'सुनौलो काल' मात्र सकिन्छ। कुमुदिनी परिवारको यो बिस वर्ष (२०००-२०१९)-को भौतिक यात्रालाई केन्द्रबिन्दु बनाएर इतिहास लेख्नु हो भने यस स्मारिकाका पृष्ठहरू यथेष्ट हुँदैनन् वास्तवमा।

अघिको इतिहास विषयक पर्याप्त दस्तावेजहरू प्राप्त नभए पनि यो स्मारिकामा समावेश पुराना पत्रिकाको प्रतिलिपिद्वारा तत्कालीन कुमुदिनी परिवारको गतिविधि अनि सामाजिक सक्रियताको सम्झनाहरू मनको कोठामा सिउन सकिन्छ। निश्चय नै त्यतिखेरका दाज्यू-दिदीहरूको मन अनि बिचार खुल्ला आकाशझैं स्वच्छ अनि फाँटिला रहेछन्। एक हातको औंलामा गन्नसकिने पत्र-पत्रिकाहरूको प्रकाशन हुनेगर्थ्यो होला सायद, त्यो पनि प्रायः हस्तलिखित। त्यस युगमा कुमुदिनी परिवारले आफ्नै बलबुतामा पत्रिकाका संस्करणहरू प्रकाशित गरेर लोकार्पण गर्नु भनेको 'फलामको चिउरा चपाउनु बराबर' नै थियो पक्कै। त्यतिखेरका आदरणीय दाज्यू-दिदीहरूको आँट अनि मन नै वर्तमान कुमुदिनी परिवारका निम्ति बहुमूल्य प्रेरणाको अविरल स्रोत बनेका छन्, हाम्रो आदर्श हुन् उनीहरू।

निष्क्रिय बसेछन् केही दशक। कुमुदिनी

विद्याश्रमको स्वर्ण-जयन्तीको सुनौलो उपलक्ष्यमा कुमुदिनी परिवार पुनः सक्रिय भएछ वर्ष १९९७ मा। चारै दिशामा फैलिएर फुलेका भूतपूर्व छात्र-छात्राहरूको सशरीर उपस्थिति र सहभागिता अनि आर्थिक सहयोगद्वारा कुमुदिनी विद्याश्रमको स्वर्ण-जयन्ती भव्यता साथ सुसम्पन्न अनि समापन भयो अरे। राम्रा-नराम्रा सबै कार्य आलोचनाका विषय-वस्तु हुन्छन्, त्यसैले सकारात्मक अनि नकारात्मक आलोचनाको निम्ति सधैं तयार बस्नुपर्छ- मानिस अनि सङ्घ-संस्थाहरू। सङ्गठनभित्रकै कथित कलहले कुमुदिनी परिवारको भौतिक जीवनयात्रामा बर्खे झरीझैं केही समस्या आएको थियो वर्ष २००० मा। मरणासन्न अवस्थामा थियो सायद तर मरिहालेन।

भर्खरै (२०१९) लोकार्पण गरिएको नेपाली गीति सङ्गालो 'आफ्नोपन'-मा मधुसूदन लामाज्यूको अभिव्यक्तिलाई थुप्देन भुटियाले मिठो स्वर भरेको गीतको एक पद यहाँ सुहाउँदिलो लाग्यो...

''धेरै म्वाँइ र धेरै गुलियोझैं
सुख पनि धेरै भए दिक्क हुन्छ,
गोरो गालाको कालो कोठीझैं,
दुःख बरु सुहाउने गरी ठिक्क हुन्छ।''

अर्थहीन आरोप-प्रत्यारोपले अनि आलोचनाहरू सुहाउने गरी नभएरै होला परिवारमा समस्या आएको। 'परिवार' हो, झगड़ा नभए माया बढ्दैन पनि। जे भयो, त्यो बितेर गयो भने झैं बितेका कुरालाई रामकृष्ण रङ्गमञ्चको सभागृहमा भेला भएको कुमुदिनी परिवारका सदस्यहरूले त्यही बेला मेटमाट गरिदिएर नै कुमुदिनी परिवार मरणासन्न अवस्थाबाट बौरिएर उठेको हो।

बिसाउँदैन समय, अविरल बगिरहन्छ उँभो-उँभो शिखरदेखि तलतल झरेको खहरे खोलाजस्तै। बितेको समय कालान्तरमा सम्झना अनि पछि इतिहास बन्दछ। हेर्दा-हेर्दै कुमुदिनी परिवारले काँचुली फेरेको पनि ठ्याक्क बिस बसन्त भएछ। आफ्नै उमेरको पनि झस्को भो मलाइ!

यस बिस वर्षको अवधिमा कुमुदिनी परिवारले कमाएको ऐतिहासिक उपलब्धिहरू, परिवारको क्रियाकलाप एवं भविष्यका कार्यक्रमहरू विषय जानकारीमूलक तथ्यहरूको प्रस्तुति मात्र हो यो लेखको अभिप्राय। लक्ष्य हो कुमुदिनी विद्याश्रमका वर्तमान अनि भूतपूर्व छात्र-छात्राहरू। प्रस्तुत लेख कालान्तरमा ऐतिहासिक दस्तावेज हुनसक्ने पनि ठानेको छु।

हिजको स्वर्णिम संध्या नभएको भए आजको सुनौलो बिहानी पनि निश्चय हुने थिएन। बितेको समयहरूको सम्झना नरहे मानिसको जीवन अर्थहीन बन्दछ कारण भविष्य त अनिश्चित हुन्छ। कुमुदिनी परिवारलाई विभिन्न समय एवं कालमा एकाधिक व्यक्तित्वहरूले मार्गनिर्देश गरेका थिए, निःस्वार्थ सेवा पुऱ्याएर बलियो धरातलमा उभ्याएका थिए वा छन्। ती व्यक्तिहरू सँगै धेरैले विभिन्न तरिका वा माध्यमद्वारा कुमुदिनी परिवारलाई बलियो टेवा दिएका छन्, सम्मान गरेका छौ उहाँहरूको योगदानको। सबैको नाउँ यहाँ उल्लेख गर्न नसकिने हो यद्यपि उल्लेखनीय अग्रजहरूलाई यहाँ यसरी अटाउने प्रयास गरेको छुः-

हाम्रा पूर्व अध्यक्षहरू :

१. स्व. भानुभक्त शर्मा.
२. डी.एस.पी. (अ.प्रा.) सी.के. प्रधान
३. स्व. भुवनसिंह थापा
४. कर्नल (अ.प्रा.) ध्रुव कुमार प्रधान
५. स्व. तारा पी. राई
६. श्री उदयकुमार कुमाई
७. श्री तपन कुमार प्रधान

जबसम्म बोली तिम्रो मुखबाट निस्कँदैन तबसम्म त्यो बोली तिम्रो अधीन छ। जब त्यो मुखबाट निस्कन्छ, तिमी त्यसको अधीन हुनेछौ।- सुकरात

८. श्री दिनेशचन्द्र पौड्याल

हाम्रा पूर्व सचिवहरू :

१. श्री प्रभाकर देवान,
२. श्री त्रिरत्न राई
३. श्री दिनेशचन्द्र पौड्याल
४. डा. इस्माएल मंग्राती
५. श्री अनुप तामाङ
६. श्री दिलीप भुजेल
७. श्री प्रवीण राई

हाम्रा कोषाध्यक्षहरू :

१. श्री संजय मिंत्री
२. श्री महेन्द्र अग्रवाल
३. श्री नयन कुमार रिजाल
४. श्री मणि भुजेल
५. श्री दिनेश खाती
६. श्री विजय आनन्द प्रधान

हाम्रा संरक्षकहरू :

१. श्री थुकचुक लाचुङपा, सिक्किम
२. डा. एच.पी. छेत्री, सिक्किम
३. श्री मणि कुमार राई, भुटान
४. श्री गायत्री प्रसाद शर्मा, भुटान
५. श्री जेम छिरिङ डुक्पा, भुटान
६. श्री कोनचुक छिरिङ डुक्पा, भुटान
७. श्री उदयकुमार कुमाई, कालेबुङ
८. श्री दिनेशचन्द्र पौड्याल, कालेबुङ

क्रियाकलापबिनाको अथवा सामाजिक दायित्व वहन नगर्ने संस्था अर्थहीन हुँदछ। कुमुदिनी परिवार क्रियाशील छ। यसका निम्ति भूतपूर्व विद्यार्थीहरूको व्यक्तिगत सहभागिता, सहयोग अनि सुझाउ प्राप्त भए सामाजिक हितार्थ गर्नुपर्ने कुनै कार्य पनि असम्भव हुँदैन रहेछ। जे होस्, दुःख अनि सुख दुवैमा रमाउँदै कतिपय कार्यहरू आँट्यौ, गऱ्यौं पनि।

कुमुदिनी विद्याश्रम नहुँदो हो त कुमुदिनी परिवारको जन्म अनि अस्तित्व हुने थिएन। त्यसर्थ कुमुदिनी परिवारको सामाजिक कार्य कुमुदिनी विद्याश्रमतिरै केन्द्रित हुनु अनिवार्य ठहर्दछ वास्तवमा नै। हो, न्यानो सम्बन्ध गाँसिएको छ कुमुदिनी विद्याश्रम अनि परिवारमाझ अहिले। अनि हाम्रो मूल उद्देश्य पनि स्कुलको विकास एवं उत्थान नै हो।

हाम्रा उपलब्धिहरू (२०००-२०१९) :-

१. कुमुदिनी विद्याश्रमको धरोहर घड़ीको जीर्णोद्धार (२००७)
२. कुमुदिनी विद्याश्रमका संस्थापक स्व. टिकाराम शर्माको सालिग निर्माण। (२००८)
३. कुमुदिनी विद्याश्रमका छात्र-छात्राका निम्ति बसगाड़ी किन्न आर्थिक सहयोग (२०१५)
४. कुमुदिनी परिवार च्यारिटेबल ट्रस्ट गठन।
५. स्व. छिरिङ डोमा शर्मा च्यारिटेबल ट्रस्टसम्बन्धी कानुनी अधिकार प्राप्ति।
६. कुमुदिनी परिवारको मुख-पत्र वा स्मारिकाका तीन संस्करण प्रकाशन (२००७, २०११, २०२०)
७. कुमुदिनी परिवारको पञ्जीयनको नवीकरण (२०१९)
८. दुई सयभन्दा अधिक सदस्यहरूद्वारा आजीवन सदस्यता ग्रहण।
९. कुमुदिनी विद्याश्रम प्रबन्ध समितिमा कुमुदिनी परिवारको प्रतिनिधित्व।
१०. कालेबुङ हाफ् म्याराथन्को आरम्भ (वर्ष २००० देखि वर्तमानसम्म)

मानिसको इच्छा अनि कल्पना असीमित हुन्छ। चिताएरै इच्छाहरू पुरा हुँदा हुन् त भौतिक संसारमा भएको कुनै थोकको मूल्य रहँदैन। अनेक असाधारण सृजनात्मक विचारहरू जन्मछन्, कुमुदिनी परिवारको सानो कोठे बैठकमा। आकाश छुने इच्छा जाग्छ मनमा

तर लिखुरे आर्थिक स्थितिले अरकच्च पार्छ। जे जति स्रोत अनि साधन छन्, तीहरूकै भरमा थुप्रै कार्यहरू गरिराखेका छौं 'आँट पुग्छ' भनेझैं। पत्यार गर्दैनन् देख्नेहरू। 'धन हुनेहरूको मन हुँदैन' भन्ने उक्ति झुटो लाग्छ मलाई। बारम्बार टिस्टा काटेर पारि रङ्गीत अनि तोर्साको भिरालो पाखाहरूतिर त कहिले आफ्नै आँगनमा देउसी खेल्छौं, जहिले पनि सबैले रमाउँदै स्वागत गर्छन्। धन्य हुन् ती व्यक्तिहरू। कुमुदिनी परिवारको प्रत्येक सदस्यको प्रेरणादायक सहयोगद्वारा प्रतिपालन गर्न सकेका हाम्रा क्रियाकलापहरू हुन् –

(क) अन्तर–विद्यालय कालेबुङ हाफ् म्याराथन :

सत्तर–अस्सीको दशकतिर सन्त अगस्टिन स्कुलले आफ्नो वार्षिक खेलकुद दिवसअन्तर्गत 'अन्तर विद्यालय म्याराथन दौड़' प्रतियोगिता पनि आयोजन गर्ने गर्थ्यो। त्यस्ता प्रतियोगिताहरूमा कुमुदिनी विद्याश्रमको प्रायः नै जित हुन्थ्यो। गर्वले छाती निक्कै चौड़ा हुन्थ्यो हामी फुच्चेहरूको पनि। ठुलो 'पित्तले कप' बोकेर कालेबुङ सहरको परिक्रमा गर्थ्यौं 'यो कप कसको? कुमुदिनी होम्स्को' भन्दै।

स्व. हरि थापा, स्व. नरबहादुर छेत्री, श्री मणि परियार, श्री मंगलसिंह राई, स्व. राजेश गुप्त (झामु), श्री मणि कुमार छेत्री, श्री प्रसाद सुब्बा, श्री दो छिरिङ लेप्चा, श्री दोर्जी सिमिक, श्री बसन्त राई आदिका केही धमिला नक्साहरू आँखामा कोरिन्छन् आज पनि। त्यही इतिहास अनि गरिमालाई आलो राख्न वर्ष २००० देखि यस प्रतियोगिताको आयोजना गर्दै आएका छौं। सुरुमा कर्नेल (अ.प्र) डी.के. प्रधानको भूमिका खुबै महत्त्वपूर्ण अनि प्रशंसनीय रहेको छ। कालेबुङ क्षेत्रको प्रायः २०–२५ वटा स्कुलहरूले बड़ो उत्साहसँग यस प्रतियोगितामा अङ्श ग्रहण गर्ने गर्छन्। कालेबुङबासीका निम्ति त यो प्रतियोगिता एउटा वार्षिक आकर्षण पनि हुन गएको छ। गर्व गर्नसक्छौं हामी।

(ख) अन्तरविद्यालय खेलकुद प्रतियोगिता (Athletic Meet):

स्कुले विद्यार्थीहरूलाई शिक्षाबाहेक शारीरिक अनि नैतिक विकासविषयक ज्ञानको उतिकै आवश्यकता पर्दछ। खेल–कुदद्वारा युवा पिँढ़ीको मन–मस्तिष्कलाई सही दिशा दिन सकिन्छ।

कालेबुङमा विद्यार्थीवर्गमाझ स्तरीय अन्तर-विद्यालय खेलकुद प्रतियोगिता हुन्छ तर कहिलेकाहीं। अतः यस्तो मञ्चको कमीलाई पूर्ण गर्ने उत्तरदायित्व सम्भवतः कुमुदिनी परिवारले लिएको छ वर्ष २००९ देखि।

केटाकेटी दुवै वर्गमा यो प्रतियोगिता खुबै रोमाञ्चक अनि उत्साहपूर्वक हुँदछ।

(ग) नेपाली नाटकहरूको मञ्चन :

नेपाली नाटकको विशाल परिधिमा कुमुदिनी विद्याश्रमको भूमिका अतुलनीय छ। पचास–साठीको दशकतिर कुमुदिनी विद्याश्रमको प्रस्तुति गीति नाटक 'मुना–मदन'–ले देश–विदेशमा धेरै यश कमाएको हो। चौबिस मईमा अन्तरसदन नाटक प्रतियोगिता हुने गर्थ्यो।

(घ) मेधावी छात्रहरूको अभिनन्दन :

हिजआज गाउँ–ठाउँमा मेधावी छात्र-छात्राहरूलाई अभिनन्दनसहित आर्थिक सहयोग प्रदान गर्ने चलन खुब चलेको छ। हामी पनि यस्ता कार्यमा पछि छैनौं। कुमुदिनी विद्याश्रमका मेधावी अनि विभिन्न क्षेत्रमा उत्कृष्ट कार्य गर्ने विद्यार्थीहरूलाई नगद पुरस्कारहरू दिएर उनीहरूको मनोबलमा थप ऊर्जा भर्ने कार्य गर्दै आएका छौं। स्व. छिरिङ डोमा स्मारक च्यारिटेबल ट्रस्ट, कुमुदिनी परिवार च्यारिटेबल् ट्रस्ट अनि सर्वाधिक जमा राशिबाट प्राप्त ब्याजद्वारा उक्त कार्यहरू टार्ने काम भइरहेको छ। ती बाहेक परिवारकै सदस्यहरूले पनि उत्कृष्ट परीक्षाफल ल्याउने छात्रहरूलाई नगद पुरस्कार दिँदै आएका छन्।

हाम्रा भावी योजनाहरू:

१. कुमुदिनी परिवारको कार्यालय भवनको निर्माण।
२. अन्तरविद्यालय तर्क प्रतियोगिताको आयोजना।
३. कुमुदिनी विद्याश्रमको उन्नतिका लागि अझ बढी सहयोग गर्ने।
४. सदस्यता वृद्धिका निम्ति अभियान गर्ने।
५. कुमुदिनी परिवारको स्थापना दिवस (२७ मई) बर्सेनि पालन गर्ने।
६. छिमेकी राज्य वा देशहरूमा रहेका भूतपूर्व छात्र-छात्राहरूसँग सम्पर्क अभियान सुरु गर्ने।
७. छात्र-छात्राहरूका निम्ति छात्रवृत्ति कार्यक्रमहरूको आयोजना।
८. सकारी वा गैर-सरकारी सङ्घ-संस्थाहरूलाई आवश्यक परे सहयोग गर्ने।

कुमुदिनी परिवार एउटा पञ्जीकृत, अराजनैतिक, जात-धर्म निरपेक्ष अनि प्रतिष्ठित सामाजिक संस्था हो। कुमुदिनी विद्याश्रमका सबै भूतपूर्व छात्र-छात्राहरूले आधिकारिक रूपमा संस्थाको सदस्यता ग्रहण गर्न सक्छन्, सदस्य हुनुपर्ने पनि हो। कुमुदिनी विद्याश्रमलाई आवश्यकता परे सहयोग पुऱ्याउने माध्यम मात्र नभएर स्कुलको विकास अनि गरिमालाई अझ अग्ल्याउने पनि हो कुमुदिनी परिवारको प्रमुख उद्देश्य।

नयाँ विचार, सृजनात्मक सोच अनि सामाजिक सेवाको भावना राख्ने नयाँ पिँढीको खाँचो छ परिवारलाई। कार्यक्षमता, प्रतिभा, कार्य प्रणाली, शारीरिक क्षमता अनि उत्साहका अद्भूत स्रोत हुन् नवपिँढी। यसर्थ मुक्त हृदयले नयाँ पिँढीको स्वागत गर्न सदा तयार छ परिवार।

परोपकार नै सबैभन्दा ठुलो धर्म हो, कर्म पनि हो। आफ्ना हितका निम्ति सधैं नै चिन्तित हुन्छौं तर महान् व्यक्ति त्यही हुन्छ जसले अरूको पनि चिन्ता गर्दछ, अरूको भलो चिताउँदछ। समाज अनि छिमेकी खुसी र सुखी भएको हेर्न चाहने नै परोपकारी हुन्। ■

With best compliments from :

Raju Poddar
Dodla Ghee
Parasram Mahabir
R.C.M. Road, Kalimpong

With best compliments from :

M/s. Lakpa Tshering Restaurant
We serve Veg. & Non-Veg Food Items and we accept order for Meeting and Programme
Near Darjeeling Booking Counter
Motor Stand, Kalimpong
Contact : 9932745064

योग - एक जीवनशैली

हर्कमान तामाङ, (भूतपूर्व छात्र)
कुमुदिनी विद्याश्रम

मानव जीवन पाएपश्चात् बालककालदेखि नै आफ्ना माता-पिता एवं परिवारको सहायताले सामर्थ्यवान् बन्दछ। पालन-पोषण मात्र नभएर उसलाई चाहिने आवश्यक तत्त्वहरूमा शिक्षाको पनि आवश्यकता पर्दछ। यसै गरी प्राचीनकालदेखि नै शरीरलाई पनि स्वस्थ्य राख्ने प्रकृतिको सहायता लिएर, जीवनमा कामहरू गरेर बिताउने विधिहरू सिकेका हुन् भनी तिनताकका मानिसहरूले विश्वास गरेर आएका थिए।

योगासनमा सुरुमा प्रकृति अनि पशु-पंक्षीहरूको भाव-भङ्गी मानिसहरूले अनुकरण गरेका हुन्। जस्तै- वृक्ष, कुकुर, बिरालो, सिंह, बाँदर, खरायो, फूल, हावा, सर्प इत्यादि जनावरहरूको उदाहरण लिनसक्ने मानिसहरूले बताएका छन्। कति मानिसहरूमा भगवान शङ्कर वा शिवजी स्वयंले योगासन सुरु गरेको भन्ने धारणा पनि छ। पौराणिक कालमा ऋषिहरूले पनि योगासन सुरु गरेका थिए।

भारतबाटै योगासनको प्रारम्भ भएको हो अनि वेद-पुराण र रामायण, महाभारत यसका आदि स्रोत ग्रन्थ हुन्। धेरै ऋषि-महाऋषिहरूले योगलाई दर्शनको रूपमा पनि लिएको ठानिन्छ। शास्त्रमा उल्लेखित छवटा दर्शन-न्याय, वैशिका, शाङ्कार्य, योग, मीमांसा, वेदान्त योग पनि सम्मिलित छन्। आठ प्रकारको अभ्यासको चर्चा छ। ऋष्टांग योगमा- यम, नियम, आसत, प्रणायाम, धारण, ध्यान, प्रत्याहार अनि समाधिजस्ता अभ्यासले उत्कृष्ट जीवन निर्वाह गर्न सकिन्छ।

योगासन गर्न सूर्य उदाउनअघि ब्रह्ममुहूर्तमा प्राणायाम गर्नुपर्छ। ऋषिहरूको प्रयोग र अन्वेषणअनुसार प्रणायामको विधिद्वारा जीवमा श्वास-प्रश्वास ठिकसँग सञ्चालन गर्नु हो। श्वासलाई नियन्त्रित गर्नुमा ध्यान लगाए शारीरिक एवं मानसिक चेतनामा पनि समय लामो हुन्छ वा जीवन दीर्घायु हुन्छ। प्राणायामद्वारा नै शरीरलाई विनाशक प्रभावद्वारा बचाउन सकिन्छ। ऋषिमुनिहरूको जीवन वा आयु अवधि धेरै भएको पनि प्राणायामले गर्दा नै हो।

यथार्थमा भन्नु हो भने- योग-जोड्नु हो। यो शब्दलाई अंग्रेजीमा 'योगा' पनि भनिन्छ। व्यायामले शरीरलाई स्वस्थ राख्छ साथै मानसिक, बौद्धिक र आत्मिक शक्ति प्रदान गर्छ।

अर्को बिचारमा योगको अर्थ मनलाई आत्मालाई अर्को परमात्मासँग जोड्नु हो। शारीरिक व्यायामको समयमा मनलाई पनि ईश्वरीय रूपमा समाहित गर्नु नै योग भनिन्छ।

प्रधानमन्त्री नरेन्द्र दामोदरदास मोदीज्यूको भनाइअनुसार "योग केवल एउटा अभ्यास होइन तर शरीर अनि मनलाई योगद्वारा स्वस्थ राख्न सकिन्छ।"

योगले बालक-बालिकाहरूलाई बलियो र फुर्तिलो, अनुशासित, कर्तव्यशील, लगनशील र शिष्टाचारी पनि बनाउन सक्छ। यसले उनीहरूलाई एकाग्र र धैर्यशील पनि अवश्य बनाउँछ। उनीहरूलाई नियमित रूपमा योग प्राणायाम र ध्यान गराउने जिम्मेवारी अभिभावकहरूको

हुँदछ। बाल-बालिकाहरूमा मात्र नभएर तरुण-तन्नेरी अवस्थामा पनि अध्ययनशीलता, इमान्दारी र जिम्मेवारीजस्ता गुणहरूको वृद्धि पनि हुन्छ। राम्रा-राम्रा पत्र-पत्रिकाहरू अध्ययन गर्ने बानी बसाउँछ। विशेष शरीर सबल-सुगठित भएको हुनाले उसको मस्तिष्क अनि सोच-बिचारमा पनि परिवर्तन योगले नै ल्याउँछ।

सिद्धार्थ गौतमले पनि ध्यानबाटै बुद्धत्व प्राप्त गरेका थिए। महात्मा बुद्धको भनाइअनुसार 'बाहिर मात्र हेर्न होइन आफूभित्र पनि हेर्ने अभ्यास गर्नुपर्छ। आफूभित्र हेर्नु भनेकै 'ध्यान' हो। जीवनमा सन्तुलन, विकास र प्रगतिका लागि योग अभ्यास गर्न जरुरी छ साथै मन, शारीरिक स्वास्थ्य बौद्धिक विकास र रचनात्मक क्षमताका लागि योग, ध्यान, प्राणायाम मुख्य साधन हुन्। बाल-बालिकाका लागि मात्र नभएर मनुष्य जीवनमा उमेरअनुसार योगाभ्यास उपयोगी हुँदछ।

योगासन धेरै प्रकारका हुन्छन्। विभिन्न प्रकारका योगासन, यिनीहरूका आदि स्रोत र ती योगासनबाट हुने लाभहरूको सङ्क्षिप्त विवरण निम्नवत छ :-

नाम		आदि स्रोत		लाभ
क) पद्मासन (फूल)	–	बुद्ध भगवान	–	बातरोग, मोटोपन
ख) वज्रासन	–	थकाइ,	–	साइटिका जाती हुने
ग) त्रिकोणासन	–	त्रिकोण	–	कम्मर, मेरुदण्ड दुःख्ने जाती पार्ने
घ) अर्धचन्द्रासन	–	चन्द्रमा	–	कम्मरको जोर्नीको हाड़लाई बलियो राख्ने
ङ) नावकासन	–	हलो	–	पेटको मोटोपन, ग्यासबाट छुटकारा हुने
च) शशकासन	–	खरायो	–	मन शान्त राख्ने, बुद्धि बढ़ाउने, सासको दुर्गन्ध हटाउने
छ) भुजङ्गासन	–	सर्प	–	ढाड़ दुःख्ने, मोटोपन, पेटको बिमार हट्ने
ज) श्वानासन	–	कुकुर	–	मस्तिष्कलाई शान्त राख्ने थकाइ मेट्ने आनन्दित तुल्याउने
झ) सिंहासन	–	सिंह	–	नाक, कान, गलाको बिमार नलाग्ने, टन्सिल नहुने।
ञ) ताड़ासन	–	वृक्ष	–	स्त्री-पुरुषहरूको शरीरको लमाइ बढ्ने स्पोन्डिलाइटस निको पार्ने। अन्य रोगहरूको पनि उपचार हुने।
ट) पवनासन	–	हावा	–	पेटको हावा, बोसो बाहिर निकाल्ने। कम्मर, गर्दनको हड्डी बलियो हुने।
ठ) धनुरासन	–	धनुकाँड़	–	कुरकुरे हाड़ बलियो, पेटको प्रत्येक बिमारलाई उपचार अनि स्त्रीहरूको मासिक धर्म र गर्भाशय रोगको उपचार।
ढ) उत्कटासन	–			हर्निया, साइटिका कम्मर-शरीरमा भएका गाँठाहरूको उपचार।

ड) सिद्धासन - भगवान शङ्कर - हृदय रोग, श्वास रोग, यौन रोग, पाचन क्रियामा गड़बड़ ठिक हुनसक्ने, आँखाको ज्योति बड़ाउने।

ण) मन्डुकासन, योगमुद्रा आसन - - मधुमेहको उपचार।

उपर्युक्त आसनहरूमध्ये नावकासन - (हलासन) र भुजङ्गासन सर्वश्रेष्ठ मानिन्छ। उक्त आसनहरूको अभ्यास गर्ने समय नभए, प्राणायाम, आलोम-बिलोम अनि सूर्य नमस्कारको अभ्यास गर्नुपर्छ। खाना खाएपश्चात् बज्रासनको अभ्यास गर्न सकिन्छ।

उपर्युक्त आसनहरूको विषयमा सङ्क्षिप्त वर्णन गरिएको छ। धेरै मानिसहरूले योगासनद्वारा आफ्नो बिमारको उपचार भएको बताएका पनि छन्।

यसर्थ, हामीले स्वास्थ्य हुने हाम्रो मौलिक तरिका विज्ञानले मानेको यौगिक जीवन अपनाउनु वर्तमान समयमा जरुरी भइसकेको छ।

योग गरौं - जीवन बदलौं।

■

With best compliments from :

M/s. Kalimpong Communications

Deals in Mobile Phones (Samsung, Oppo, Vivo, MI,)

E.M.I. & Exchange facilities also available with 0% Interest
Near Union Bank, Kalimpong
Contact : 9932489648 / 9832304933

हँस्यौली...

घरकी श्रीमतीको साँझमा घरदेखि निस्की आधा रातमा फर्की आउने बानी थियो, यसमा दिक्क लागेर एकदिन पतिले पत्नीसँग रिसाउँदै आफ्नो रोष प्रकट गरे।

पति-तँ सँधै रातभरि कहाँ जान्छेस्? तेरो चाला-माला मलाई ठिक लागेको छैन है। भोलिदेखि जा त...खुट्टा भाँचिदिन्छु।

पत्नी-ठीकै छ नि त...। म भोलिदेखि बाहिर निस्किदिन नि, तर मलाई भेट्नको लागि 'ऊ' त आउन सक्छ होला नि...।

KUMUDINI HOMES SCHOOL BAND AT MELA GROUND 15.08.2011

SCHOOL BUS , A JOINT VENTURE OF KUMUDINI PARIWAR WITH KUMUDINI HOMES K.P.G

FELICITATION OF SRI. AMAR SUBBA MARATHON MAN OF SIKKIM 2018

FELICITATION PROGRAMME OF EX- PRESIDENT, K. PARIWAR DURING A.G.M 01.06.2019

MEMBERS OF K. PARIWAR WITH YOGA GURU THUKCHUK LACHUNGPA DURING YOYASIBIR 28.06.2019

MEMBERS OF K. PARIWAR SIKKIM VISIT 2019

Kumudini Pariwar Members with Bhutan Chapter during Half Marathan-2018

Annual General Meeting of Kumudini Pariwar in Progress-2019

विषय : 'चरित्रं हि बलम्'

तारानाथ सिंह
भू.पू. छात्र, इस्ट मेन रोड, कालेबुङ

चरित्रको क्षेत्र विस्तृत एवं व्यापक छ। साधारण भाषामा भन्नुपर्दा असल बानी व्यवहार एवं मानवीय सद्गुणहरूको धनपुञ्जलाई सद्चरित्रको समूहमा सामेल गर्न सकिन्छ। त्यसको ठिक विपरीत कुबानी, कुभावना, कुसंस्कार अनि दुर्गुणयुक्त व्यक्तिलाई दुष्चरित्र व्यक्तिहरूको समूहमा अन्तर्भुक्त गर्न सकिन्छ। यसर्थ चरित्र मात्र भन्दा सद्चरित्र अनि दुष्चरित्र दुइवटै बुझिन्छ। पुरुषोत्तम रामलाई सद्चरित्रको प्रतिमूर्ति मानिन्छ भने रावणलाई दुष्चरित्रका पुत्ला मानिन्छ।

कुनै व्यक्ति विशेष, उत्तम हुनु या नहुनुमा उसका सद्गुण र दुर्गुणमाझको चयन गराइ अनि त्यसको सठिक अनुशीलन गराइमाथि निर्भर गर्दछ। 'असल सङ्गत गरे गुवा पान, नराम्रो सङ्गत गरे नाक–कान' भनेजस्तै। यसर्थ चरित्रको आधारमा व्यक्तिको चिन्हारी तथा परिचय हुँदछ। जुन व्यक्तिले स्वयंको चरित्रलाई सद्गुणहरूद्वारा अलङ्कृत गरेको छ, उसको चरित्र बलको आभाद्वारा विश्वका मानिसहरूले अभिप्रेरणा प्राप्त गरी आफ्नो भावी जीवनलाई पनि सार्थक बनाउने बाटो पाउँछन्। महात्मा गान्धी, अब्राहम लिङ्कन, नेल्सल मण्डेला, मदर टेरेसा, मार्टिन लुथर आदि सद्चरित्रवान् र अत्यन्त शक्तिशाली एवं बलवान चरित्रका व्यक्ति थिए। उनीहरूको प्रबल चरित्रको प्रभाव र आधारमा विश्वका पीड़ित मानिसहरूले धेरै सार्थक उपलब्धिहरू प्राप्त गरेका छन्। सद्चरित्रवान् पुरुष एवं महिलाहरू त्यसै बनेका होइनन्। उनीहरूले स्वअध्ययन, गहन मनन चिन्तन गरेर अनुभव गरे कि व्यक्तिमा साँचो एवं वास्तविक शक्ति र ओज असल चरित्र निर्माणद्वारा मात्र प्राप्त गर्न सकिन्छ। यसर्थ सद्चरित्र निर्माण गर्न उनीहरूले स्वयंभित्र रहेका दिव्य गुणहरू जस्तै सत्य, धर्म, प्रेम, शान्ति र अहिंसाजस्ता सात्विक गुणहरू व्यावहारिक रूपले अनुशीलन गर्दै विचार, वचन र कर्ममा सामाञ्जस्य स्थापित गरी मानव कल्याणहेतु स्वयंलाई माधव तुल्य बनाएका हुन्। सद्चरित्र जसरी कसैलाई बेच्न कसैबाट किन्न सकिन्दैन, त्यस्तै प्रकारले दुष्चरित्र पनि कसैबाट किन्न र कसैलाई बेच्न पनि सकिन्दैन। यो त साधनाद्वारा स्वयं बन्ने र बनाउने प्रक्रिया हो। विष्णुगुप्त चाणक्यले स्वयंलाई सद्चरित्रवान् बनाउँदै, उनका शिष्य चन्द्रगुप्त मौर्यलाई पनि एक शक्तिशाली बलवान् चरित्रका राजा बनाएका थिए। तर काम, क्रोध, लोभ, मोह र अहङ्कारले मातिएका धेरै धन–सम्पत्तिका राजा भए तापनि मगधपति धनानन्दले सद्चरित्रता किन्न सकेनन्। त्यस्ता व्यक्ति राजा नै किन नहुन् सबैले छि... छि... र दुँदुर गर्छन् तर चरित्रवान व्यक्तिप्रति सबै आकर्षित हुन्छन्। उनीहरू चुम्बकसरह हुन्छन्। सद्चरित्रवान पुरुष/स्त्री शक्तिशाली बिजुलीघरजस्तै हुन्छन् जहाँबाट धेरै घरहरू प्रकाशित हुन्छन्। यसैकारण त भनिन्छ 'चरित्रं हि बलम्'।

स्वामी विवेकानन्द जो सद्चरित्रका प्रतिमूर्ति थिए, उनले भनेका छन् – 'शिक्षाको अन्तिम लक्ष्य

चरित्र निर्माण हो।' यसो हो भने विद्यार्थीवर्गले आफ्नो उज्ज्वल भविष्यका निम्ति स्वचरित्र सबल तथा बलियो राख्नुपर्छ। विद्यार्थी जीवनमा आउने आँधी-तुफान, भल-पैह्रोजस्ता नकारात्मक विचारधारा, सोच, कुसङ्गत, कुकार्य र कुलतहरूबाट आफूलाई सुरक्षित राख्दै शिक्षाको अन्तिम लक्ष्य सद्चरित्र निर्माण गर्न नितान्त आवश्यक देखिन्छ। एकपल्ट चरित्रमा दाग लागेपछि सपार्न धेरै गाह्रो पर्छ। भनिन्छ- 'चरित्रहीनं न पुण्यति वेद।' अर्थात् चरित्रहीन व्यक्तिलाई वेदले पनि शुद्ध गर्न सक्दैन। तथापि अथक परिश्रम साधना र मानसिक शक्तिद्वारा प्रयास गर्न सके हीन चरित्रका रत्नाकर डाकुबाट ऋषि बाल्मीकि पनि बन्न सकिन्छ। अनपढ़ र गवाँर कालीदास, तुलसीदास पनि बन्न सक्छन्। असम्भव केही छैन। सद्चरित्रवान् व्यक्ति नै विश्वमा पूज्य हुन्छन् तर चरित्रहीन व्यक्ति पशुतुल्य र पृथ्वीलाई भार मात्र हुन्छ। सद्चरित्रवान् पुरुष/स्त्रीहरूको प्रत्येक कार्यको पार्श्वमा दिव्य एवं सकारात्मक सोच लुकेको हुन्छ। यसैकारण उनीहरूको प्रत्येक कार्यमा इमान्दारिता, सत्यता, कर्तव्यपरायणता, नैतिकता, निर्भीकता, अनुशासनवद्धता, निष्पक्षताजस्ता विशेष गुणहरू परिलक्षित भएको देखिन्छ। यसैकारण उनीहरू बितेर गए तापनि सर्वदा पूज्य र अमर रहन्छन्। तर सर्वगुण सम्पन्न छु भन्ने दुष्चरित्रवान् अनि ढोंगी पुरुष/स्त्रीहरू अन्तमा राम-रहिम बाबा, हनिप्रीत, आशाराम बाबा आदि जस्तै घृणाको पात्र भएर अधोगतिमा पर्छन्।

वर्तमान परिप्रेक्ष्यमा भन्नुपर्दा आज विश्वको मानव समाजमा सद्चरित्रवान् पुरुष/स्त्रीहरूको धेरै कमी छ। यसैकारण वर्तमान समयमा चोरी, डकैती, व्यभिचार, भ्रष्टाचार, बलात्कार, नारी तस्करी, हत्या, नसाखोरी, घुसखोरी आदि नकारात्मक क्रियाकलापमा धेरै बढ़ोत्तरी भएको पाइन्छ। अरू त के कुरा, शिक्षा, स्वास्थ्य, धार्मिक र सामाजिक क्षेत्रसम्ममा भ्रष्टाचार भएका प्रमाणहरू प्रशस्त पाइन्छ। यी सब हुनको मूल कारण समाजमा चरित्रहीन, निर्बल मानिसहरूको स्वार्थी र हिंसात्मक विचारधारा र क्रियाकलापले गर्दा हो। वास्तवमा भन्नु हो भने वर्तमान संसार, केही असल सद्चरित्रवान् स्त्री/पुरुष तथा नेताहरूको निःस्वार्थ सेवाद्वारा चलिरहेको जस्तो भान हुन्छ। तर देश र विश्वको नै सर्वाङ्गीण विकास र कल्याण गर्नु हो भने समाजका प्रत्येक मानिसहरूले नै आफ्नो चरित्रलाई सद्गुणहरूद्वारा अलङ्कृत गराई सबल बनाउनैपर्छ। नत्र चरित्रहीन व्यक्तिले आफ्नै पत्नी र छोरा-छोरीको प्रेम पनि गुमाउनुपर्दछ। यसर्थ, मानवले यो मन्दिररूपी शरीरलाई सुन्दर, उपयोगी र अर्थपूर्ण बनाउनहेतु सद्चरित्रवान् बनाउनैपर्दछ। त्यसका निम्ति उसले आफ्नो रहन-सहन, भोजन, दैनन्दिनी, आध्यात्मिक साधना आदि महत्त्वपूर्ण विषयमा खुबै सचेत रहनु नितान्त आवश्यक हुन्छ कारण ती सबको गहन प्रभाव उसको मन-मस्तिष्क, चरित्र एवं भावी जीवनमा पर्दछ। चरित्र बलवान् बनाउन ती सब नियमित रूपले पालन गर्न नितान्त आवश्यक छ।

अब अन्तमा, विगतमा मैले अध्ययन गरेको प्रिय पाठशाला 'कुमुदिनी विद्याश्रम'-को अर्ध चन्द्रकार प्रवेशद्वारको शीर्ष स्थानमा जड़ेको स्कुलको प्रतीक चिन्हको ठिक मुनिपट्टि लेखिएको आदर्श वाक्य 'चरित्रं हि बलम्' विषयबारे भन्नुपर्दा, प्रथम म १९६७ सालमा भर्ना भएर जाँदा त्यस विषय केही थाहा थिएन। त्यस समय तत्कालीन प्रधानाचार्य टिकाराम शर्मा पाठशाला छोड़ेर जान लागेका थिए। उहाँले नै एक दिन स्कुलको भव्य धर्महलभित्र स्कुलको प्रातःकालीन सभा (Assembly) मा 'चरित्रं हि बलम्' विषय हामीलाई अवगत गराउँदै भन्नुभयो, हाम्रो स्कुलको आदर्श वाक्य हो। यसको अर्थ अंग्रेजीमा Character is power हुन्छ अर्थात् चरित्र मानवका निम्ति सबैभन्दा ठुलो शक्ति हो। यसर्थ तिमीहरूले आफ्नो चरित्र असल बनाउनसक्यौ भने जीवनमा शिक्षा, दीक्षा, धन-सम्पत्ति,

मान-सम्मान सबै प्राप्त गर्नसक्छौ अनि तिमी समाज र देशका निम्ति उपयोगी र अर्थपूर्ण हुनसक्छौ। त्यस्ता धेरै कुराहरू उहाँले हामीलाई उदाहरणसहित अवगत गराउनु भयो। कतिपय कुराहरू मेरो स्मृतिपटलबाट विस्मृत भएर गए।

'चरित्रं हि बलम्', वेद वाक्य चयन गरी कुमुदिनी विद्याश्रमको आदर्श वाक्य राख्नुमा सायद उहाँकै प्रमुख भूमिका रहेको हुनुपर्छ। उहाँ स्वयं पनि एक सद्चरित्रवान् आदर्श प्रधानाचार्य हुनुहुन्थ्यो। उहाँको ओजपूर्ण व्यक्तित्व, उत्कृष्ट क्षमता, श्रेष्ठ सोच र प्रस्तुतिकरण उनकै, सद्चरित्रको कारणले भएको आभास हुन्छ। स्वयं पनि अनुशासनवद्ध भई पाठशालाको शिक्षण, प्रशिक्षण साथै अन्य कार्यक्रम खुबै दक्षतापूर्ण ढङ्गले सञ्चालन गर्नुहुन्थ्यो।

उहाँले जति पनि कार्यक्रमहरू गर्नुहुन्थ्यो ती सब कार्य त्यही मार्गदर्शक आदर्शमन्त्र 'चरित्रं हि बलम्'-लाई आत्मसात गरी गर्नुहुन्थ्यो। त्यस्ता गुणवान् आदर्श पुरुषको नेतृत्वमा हामी मात्र नभएर तत्कालीन सम्पूर्ण शिक्षक-शिक्षिकावृन्दले आफ्नो स्कुलको आदर्श वाक्य 'चरित्रं हि बलम्'-लाई मध्यनजर राखी आफ्नो जीवनको मार्ग दर्शिका बनाएर स्कुलको उत्तरोत्तर एवं सर्वाङ्गीण विकासतर्फ अग्रसर भई ठुलो योगदान पुऱ्याएको तथ्य हाम्रो भूतपूर्व छात्र सङ्गठन कुमुदिनी परिवारको पत्रिकाको अङ्क चारमा मैले सङ्क्षिप्त रूपमा उल्लेख गरेको छु।

हामी भूतपूर्व छात्र-छात्राहरू ज-जसले 'चरित्रं हि बलम्'-को सूत्रमा आफूलाई बद्ध गरेर, आफ्नो स्वर्णिम जीवनलाई अर्थपूर्ण र धन्य बनाए, उनीहरूको उपलब्धिसहितको नामावली फोटोसहित उक्त पत्रिकामा प्रकाशित गरिएको छ। सायद छुट्टिएका कतिपय नामहरू फोटोसहित आगामी पाचौं अङ्कमा प्रस्तुत हुने नै छ।

'कुमुदिनी परिवार' बाँचेको छ अनि हाम्रो चरित्र बाँचेको छ- त्यही प्रवेशद्वारमा अङ्कित पथ प्रदर्शक मूलमन्त्र 'चरित्रं हि बलम्'-मा। ■

के आफ्नो इच्छाको मालिक आफै बनी... समाज र देशको सेवा गर्दै प्रत्येक महिना राम्रो रकम कमाउन चाहनुहुन्छ?

सम्पर्क गर्नुहवस्

डी. के. मण्डल

विकास अधिकारी

LIC

भारतीय जीवन बीमा निगम

LIFE INSURANCE CORPORATION OF INDIA

भारतीय जीवन वीमा निगम

कालेबुङ शाखा

लक्ष्मी मेडीकल स्टोरको माथिल्लो तल्ला

रिसी पथ, कालेबुङ

चलितभाष : ९८३२०७८०७२, ९३८२८३४४४८

कुमुदिनी परिवारको उत्तरोत्तर प्रगतिको मंगलमय कामना गर्दछु।

श्री पेमा सामन्डुप भोटिया

प्रबन्धक

LIC

भारतीय जीवन बीमा निगम

LIFE INSURANCE CORPORATION OF INDIA

भारतीय जीवन वीमा निगम

कालेबुङ शाखा

लक्ष्मी मेडीकल स्टोरको माथिल्लो तल्ला

रिसी पथ, कालेबुङ

लेखल भावी, मेटल को?

सी.के. प्रधान
अ.प्रा. डि.एस.पी.

लेखल भावी मेटल को?

लिखितम् अपि ललाटे प्रोजितुम कवः समर्थ?

उपर्युक्त उक्ति जनमासको मुखबाट सुनिन्छ प्रायः नै औ पुस्तक पत्रिकातिर पनि पढ्न पाइन्छ अनि धेरैजनाको जीवनमा चरितार्थ भएको पनि पाइन्छ परोक्ष वा प्रत्यक्ष रूपमा। मेरो जीवनमा पनि त्यस्तै पो भयो कि?

१९५३ सालमा मार्च महिनातिर होला, कुमुदिनी होम्स् कालेबुङबाट पहिलो ब्याचमा १७ जना विद्यार्थीहरू म्याट्रिक फाइनल परीक्षाका निम्ति छनौट भएका थिए। यद्यपि दसौं श्रेणीमा ४७ जना छात्रहरू थिए। त्यस समयसम्म स्कुलले हाइ स्कुलको मान्यता प्राप्त गरेको थिएन। स्व. टिकाराम सर (हेड मास्टर) को सपना थियो १९५३ सालमा नै स्कुललाई हाइ स्कुलको दर्जा प्राप्त गराउने अनि त्यस निर्णयमा उनी अचल, अडिग लगनशील एवं कटिवद्ध थिए। हामी दसौं श्रेणीका छात्रहरूलाई सुरुमै कड़ा वार्निङ दिएका थिए कि वार्षिक परीक्षामा ६० % अंक ल्याउने छात्रले मात्र म्याट्रिक फाइनलमा बस्न पाउने, नत्र दसौं श्रेणी मै बस्नुपर्ने अथवा स्कुल छाड़ेर जानुपर्ने। त्यसको निम्ति साप्ताहिक, मासिक, त्रयमासिक, अर्द्धवार्षिक जाँच नियमित रूपमा भइरहन्थ्यो। १९५२ सालको नोभेम्बर महिनातिर Annual Exam/Sent up Exam भयो जसमा दसौं श्रेणीमा भएका ४७ मध्ये १७ जना मात्र फाइनलको लागि छनौट भए। त्यसमध्ये म एकजना थिएँ। परीक्षा केन्द्र एस.यु.एम.आई. मा।

१९५३ साल मार्चको २०/२२ तारिकतिर, म्याट्रिक परीक्षा समाप्त भएपछि, हेड सरले फाइनल दिने सबैलाई एकसाथ राखेर खाना खुवाउन अनि कस-कसले कस्तो गरे भनी परीक्षाको प्रश्नपत्र हातमा लिए केटाहरूलाई सोधपुछ गरे अनि उहाँले भने, 'केटाहरू हो, प्रश्न पत्र ता अति नै कठिन आयो यसपालि, तिमीहरू पास चैं सबैजना नै हुन्छौ, तिमीहरूमध्ये ९/१० जना चाहिँ सेकेन्ड डिभिजन पक्का नै छ, अरू रहलको चाहिँ रोयल डिभिजन (थर्ड डिभिजन) कहीं जाँदैन। जे होस्, १००% हुन्छ र स्कुलले मान्यता प्राप्त गर्छ। अब तिमीहरू को कता जान्छौ, सम्पर्क राख्दै गर है, केटा हो। तिमीहरूको उज्ज्वल भविष्य होस्' भनेर आशीर्वाद दिएर हामीलाई बिदा दिए।

म अलगड़ा बजारसम्म एउटा मिनी बसमा चड़ेर गएँ। अलगड़ादेखि आफ्नो बेडिङ र बक्सा आफैले बोकेर पैदल हिंड़ेर पेदोंग हुँदै कागे बस्ती (लगभग १३ माइल) पार हुँदै घर पुगेँ। घर पुग्दा साँझ रिमझिम हुँदै थियो। घर-घरमा ढिब्री-लाल्टेन बाल्न लागेका थिए। मुमा-बुबा, भाइ-बहिनीहरू सबै प्रतीक्षामा छट्पटिँदै बसिरहेका थिए। घर पुगेर आफ्नो भारी बिसाएर औपचारिक ढोग गरी चिया-चमेना लिएपछि बुबाले 'फाइनल परीक्षा कस्तो गरिस् भनी सोध्नुभयो, 'राम्रो

गरें, पास हुन्छु' भनी छोटकरीमा जवाब दिएँ।'

त्यसताक बुबा त्यही कागे खासमहल बस्तीका मन्डल थिए। सबैले 'मन्डल सहाब' भनी इज्जत गर्थे। बुबा कठोर स्वभावकै भए तापनि कसैलाई अन्याय अत्याचार भने गर्नु हुन्नथ्यो। गाउँमा उहाँलाई सबले आदर गर्थे।

त्यसताक गाउँमा आइलागेका सबै झै-झमेला र समस्याको समाधान गर्ने दायित्व गाउँका मन्डलमाथि नै हुने गर्दथ्यो। मानौ त्यसताक मन्डलको दफ्तर नै थाना-कचहरी थियो। सानो-तिनो सामाजिक अपराधहरूको सुनवाइ, पञ्चायतकै माध्यमबाट निर्णय गरी सजाइ या जरिमाना गरिने व्यवस्था थियो। मन्डलको जिम्मावारी अहिले बिचार गर्दा धेरै महत्त्वपूर्ण थियो। सरकारी अफिसरहरू गाउँ-बस्ती भ्रमणमा जाँदा मन्डल साहाबकै घरमा बास गर्थे।

घर पुगेको भोलिपल्ट बुबाको मुड अनि व्यस्तता हेरेर- कुरा गर्ने आँट गरें। मुमालाई पनि छेउमा राखें। बुबा अति व्यस्त रहनुहुन्थ्यो। बुबाको कठोर स्वभावले गर्दा घरका अन्य सदस्यहरू उहाँबाट टाढै रहन खोज्थे। म चाहिँ अलिक पढ्नमा ध्यान दिने हुनाले बुबाको प्यारो भए पनि उहाँसँग अलिक जोगिन्थें नै।

मलाई छेवैमा उभिएको देखेर, यसो मेरो मुखमा हेरेर, 'के भन्नु छ? यहाँ बस्!' भन्नुभयो, म बसें अनि मैले भनें, 'बुबा म केही गर्न चाहन्छु- म्याट्रिकसम्म ता जसोतसो गरें त्यही कुराको फसेला गर्नु छ, तपाईं के भन्नुहुन्छ? अब म्याट्रिक पास गरेर कामतिर लाग्नुपर्‍यो भन्ने सोच्दैछु। कालेबुङमा कलेज छैन, दार्जिलिङ कलेज पढ्नु धेरै खर्च लाग्छ, भाइ-बहिनीलाई पनि म्याट्रिकसम्म ता पढ़ाउनु नै पर्छ।' मैले वायु सेना, जल सेना अनि थल सेनामध्ये कुनैमा जाने इच्छा प्रकट गर्दा बुबाले थरी थरीका कारण देखाई मलाई हतोत्साहित तुल्याउनु भयो, स्वीकृति दिनु त परै जावोस्।

मैले सोचेको त्यति नै थियो अरूतिरको कुरा सोचेको थिइन। अकमक्क परें धेर गलफती गर्ने साहस नभए पनि अब के गर्नु त, बरु बस्तीवाला भएर गोरु नै जोतूँला त भन्दा 'तँलाइ गोरु नै जोताउने भए यत्रो पढ़ाउने थिइनँ बुझिस्' भन्दा 'लौ त, तपाईं आफै भनिदिनोस् म के चाहिँ गरूँ त?' भन्दा 'तँ पुलिसमा जा' भन्नुभयो। मलाई 'पुलिस' भन्ने बित्तिकै एकदमै नमिठो लाग्यो। त्यसो भन्नुहुन्छ होला भन्ने कल्पना पनि थिएन, सोचेको पनि थिइनँ। जवाब पनि नदिई उठेर हिँड़े। म सानैदेखि मुमा बुबालाई माया गर्ने, अति नै आज्ञाकारी थिएँ। ठुलो दाइ घरबाट कसैलाई नभनी एक समय भागेर मिल्ट्रीमा गएका थिए। त्यसबेला मुमाले धेरै दिनसम्म सुर्ता गरेर रुँदै दिन बिताएकी थिइन्। त्यो सम्झेर घरबाट भागेर कतै जाने पनि आँट गरिनँ। निर्णय लिन नसकेर अरकच्च परेर चिन्तामा दिन बित्न थाल्यो। गाँउ वरपरका कतिपय ठिटाहरू भागेर मलाया भर्तीतिर गएको कुरा पनि सुन्दै थिएँ। म पनि त्यसै पो गरूँ कि जस्तो लाग्दै थियो। त्यहीबिचमा एक दिन बुबाले बोलाएर भन्नु भयो "तँ तयार बस्, मसँग दार्जिलिङ जानुपर्छ। उहाँ मेरा मित एकजना सुबेदार साहब छन्, उनकै घरमा एक दुई दिन बिताउनुपर्छ।"

दार्जिलिङको नाम सुन्ने बित्तिकै खुसीले गद्गद भएँ। सानैमा पढ़िएको थियो, दार्जिलिङको सानो रेल, हिँड्नलाई अब तयारी छ, साना साना डब्बामा यात्रीहरू भरी छन् इत्यादि। कहिले दार्जिलिङ पुगेर त्यो सब कुरा हेर्नपाउनु भनी मन चौपट्टै चञ्चल भइरहेको थियो। बुबाले ज्योतिषीलाई सोधेर दिन ठिक गर्नुभयो अप्रेल १५ तारिक १९५३, बिहीबारको दिन।

१५ तारिक अप्रेल, बाबुछोरा घरबाट हिँड़ेर कालेबुङ आई एक रात बास बस्यौं। भोलिपल्ट सिलगढ़ी जाने सानो मिनिबसमा चढ़ेर दिउँसो एक बजीतिर सिलगढ़ी नर्थ जङ्क्सन पुग्यौं। कहिले पनि यति लामो बस यात्रा गरिएको थिएन, उल्टी गर्दा गर्दा अधमरो अवस्था

भइसकेको थियो, त्यसमाथि गर्मी त्यस्तै। त्यहाँबाट एउटा ल्यान्डरोभरमा चढ़ेर बेलुकी साँझमा दार्जिलिङ डाली पुलिस लाइनमुन्तिर मितबाबुको घर रहेछ। त्यहाँ पुगेर बास गरियो। मितबाबु दार्जिलिङ डिस्ट्रिक आर्म्ड पुलिसमा सिपाहीको दर्जामा भर्ती भएर सुबेदारको पदमा सेवा निवृत्त भएका रहेछन्। दुइजना बुढ़ाहरू धेरै दिनपछि भेट भएको खुसीमा पुलिस कान्टिनबाट रम ल्याएर, कुखुरा काटेर मज्जाले खाएर राति निकैबेरसम्म गफ गर्दै थिए। म ता थाकेकोले भुसुक्क निदाएछु। एकैचोटि बिहान सात बजीतिर मात्र बिउँझेछु।

भोलिपल्ट मित बाबुले हामी बाबु–छोरालाई डाली पुलिस लाइनदेखि हिँड़ाउँदै दार्जिलिङ सहर पुऱ्याए। जाँदै गर्दा त्यो सानो रेल छुक्छुक् गर्दै धुवाँ छोड्दै घुम स्टेसनतिर गएको रमाइलो दृश्य देखाए, रेलवे स्टेशन पनि देखाए अनि माल रोड एक चक्कर लगाएर महाकाल बाबाको दर्शन गराए, ग्लेनरी लगेर मिठामिठा खाना खुवाए अनि क्यापिटल थिएटर सिनेमा हलमा लगेर हिन्दी, 'देवर भावी' पिक्चर देखाएर फेरि बिस्तारै हिँड्दै डाली घरमा ल्याए।

भोलिपल्ट बिहानको खाना खाएपछि मितबाबु र बुबा बात गर्दै गरेको ठाउँमा मलाई बोलाएर मितबाबुले छेउमा बसाएर उनको पुलिस अफिसरको ड्रेस लगाएको ठुलो फोटो फ्रेम देखाएर भन्नुभयो 'हेर् छोरा! तिमीले मेट्रिकसम्म पढ़ेछौ। तिमी पुलिसमा भर्ती हुनुपर्छ, पछि तिमी ठुलो अफिसर बन्नसक्छौ। हेर! म त क्लास टुसम्म मात्र पढ़ेको मान्छे हुँ र पनि, फोटो देखाउँदै, यस्तो अफिसर भएर रिटायर भएँ, भोलि माथि पुलिस लाइनमा पुलिस भर्ती छ, जानुपर्छ है! म साँच्ची नै मितबाबुको युनिफर्म लगाएको फोटो देखेर प्रभावित भइसकेको थिएँ र पुलिसमा जान कम्मर कसें। बाबुको सल्लाह र इच्छा पनि त्यस्तै थियो।

भोलिपल्ट बिहान ८ बजी मितबाबु र बुबाले मलाई पुलिस लाइन परेड ग्राउन्डमा लगेर गए अनि त्यहाँ भर्ती हुन आउने केटाहरूको लाइनमा उभ्याए। केही बेरपछि पुलिसका एस.पी., डी.एस.पी. हरू ग्राउन्डमा आई भर्ती गर्ने काम सुरु गरे। कम्मरदेखि उँभोको लुगा खोलेर छाती नाप्ने, उँचाई नाप्ने, ओजन हेर्ने र ग्राउन्डमा पाँच फन्को दगुराउने काम सकियो। त्यसपछि स्कुल सर्टिफिकेट जाँच गरेर त्यस दिन म लगायत ६० जना केटाहरू छनौट भए। लगत्तै भोलिपल्ट हामी सबैको डाक्टरी जाँच गराइयो र 'फिट' भनी घोषणा गरियो। त्यसपछि हामी सबैलाई मई महिनाको सात तारिकभित्रमा ट्रेनिङ कलेज, ब्यारेकपुर जानलाई 'तयार भई आउनू' भन्ने हुकुम भयो।

त्यसपछि म बुबासँग घर फर्केर आई केही दिन घरमा बसी तम्तयार भएर मई महिनाको सात तारिक पुलिस लाइनमा पुग्ने हिसाबले घरबाट बिदा लिएँ अनि ठिक समयमा रिपोर्ट गरें। अरू साथीहरू पनि सबै आइपुगे र हामी सबैलाई डाली पुलिस लाइनको ६ नम्बर ब्यारेकमा राखियो। त्यसपछि लगत्तै मई महिनाको १० तारिक हामी ब्यारेकपुरको लागि बिदा भयौं। दार्जीलिङको छुक्छुक् गर्ने रेल चढ़ेर सिलगढ़ी जङ्क्सन पुगियो अनि त्यहाँबाट ठुलो रेलमा चढ़ेर कलकत्ता ब्यारेकपुर पुगियो।

ब्यारेकपुर पुगेपछि, ट्रेनिङ कलेजको दिनचर्या लेक्चर इत्यादि दिने काम भएपछि १५ तारिकदेखि पी.टी., प्यारेड क्लास इत्यादि सुरु भयो। ९ महिने ट्रेनिङको कष्ट र ब्यारेकपुरको गरम, लामखुट्टे र उड़ुसको टोकाइको वर्णन गरेर साध्य छैन। दिसम्बरसम्ममा सबै ट्रेनिङ कोर्सहरू सकेर सबै विषयहरूका परीक्षाहरूसमेत सकेर प्यारेड भयो। अन्तमा दीक्षान्त शपथ ग्रहण गर्ने कार्य पनि सकेर सबै आ–आफ्ना जिल्लामा फर्केर जाने हुकुम भयो र हामी ६० जना दार्जिलिङेहरू ब्यारेकपुरबाट बिदा लिएर १९५४ को ३ तारिक जनवरी दार्जिलिङको डाली पुलिस लाइनमा आइपुग्यौं। भोलिपल्ट सबैजनाको भिन्न भिन्न जगगामा पोस्टिङ् अर्डर हुँदा मेरो चाहिँ

सुकियापोखरी थानामा पोस्टिङ् भयो र लगत्तै जनवरी ५ तारिक म वहाँ पुगेर ड्युटीमा तैनात भएँ।

त्यस समय त्यहाँका ओ.सी. थिए श्री सी.बी. लामा जसलाई सबैले गान्धी बुढ़ा भन्थे। अत्यन्तै सरल, कम्ती बोल्ने, कसैलाई हकारपकार नगर्ने, दयालु स्वभाव भएका थिए। उनले पनि मलाई सम्झाउँथे 'हेर नानी, तिमी ता म्याट्रिक पास गरेका रहेछौ, ५ वर्ष ता सिपाहीको दर्जामा बस्नैपर्छ, राम्रोसँग काम सिक, कानुन र पुलिसका नियमहरू पढ्दै गर, ५ वर्षपछि अफिसर पदकालागि परीक्षा हुन्छ। त्यसमा उत्तीर्ण भयौ भने एसिस्टेन्ट सब्-इन्सपेक्टर हुन्छौ अनि पछि पछि काम राम्रो गर्दै गयौ र आफ्नो सर्भिस रेकर्ड राम्रो राख्दै गयौ भने मजस्तै ओ.सी. पनि बन्नेछौ। म पनि तिमीजस्तै सिपाहीबाट नै काम गर्दै गर्दै थाना प्रभारी भएको।' उनको कुराले मेरो मनमा आशाको दीप जलाइदियो अनि उमङ्ग र उत्साह पनि ममा जाग्यो।

थानामा नयाँ जोइन गरेर ६ महिनाभित्रमा थानाको अधिकार क्षेत्र, भौगोलिक सीमा र पुलिस डिपार्टले याद गर्नुपर्ने सबै कुराहरूको जानकारी लिइसकेको थिएँ। अचानक बड़ा साहाब त्यस क्षेत्रको आपराधिक विवरण लिन थानामा हठात् निरीक्षण गर्दा म ड्युटीमा थिएँ, ओ.सी. थानामा थिएन, एस.पी. लाई मैले रिसिभ गरें अनि एस.पी.ले थानाभित्रको अफिसको रेजिस्टर-फाइलहरू देखेर खुब खुसी भएर मसँग निकै बेर बात गरेर-मेरो नाम नम्बर नोट गरेर लगे। मैले उनलाई बिदा दिएपछि थाना प्रभारी पनि आइपुगे। पछि अगस्ट महिनाको मासिक बैठकमा थाना प्रभारी साहब गएका थिए। त्यहाँ बातचित हुँदा जिल्लामा १० जना एसिस्टेन्ट सब-इन्सपेक्टरहरूको संख्या बढ़ाउनुपर्ने कुरा हुँदा छनौटको लागि ५० जनाको नाम परीक्षाका लागि सिफारिस गर्नुपर्ने भएछ र ५० जनामध्ये पुलिस अधीक्षक आफैले मेरो नाम पनि उच्चारण गर्दा एकजना अफिसरले 'त्यसको ता एक साल पनि नौकरी पुरा भएको छैन', भन्दा त्यसलाई मैले स्वयं हेरेको छु, त्यो राम्रो अफिसर हुन्छ। त्यसलाई म परीक्षा दिने मौका दिन्छु भन्नुभएछ। बेलुकी उनी थानामा फर्केर आएपछि मलाई यो कुरा सुनाउनुभयो।

पछिबाट ओ.सी. ले एस.पी. ले भनेअनुसार मेरो नाम पनि सूचीमा हालिदिनु भएछ। परीक्षामा बसेका ५० जनाहरूमा २० जना उत्तीर्ण हुँदा मैले प्रथम स्थान ओगटेको थिएँ भने त्यसपछि भएको अन्तर्वार्ता र ड्रिल परीक्षामा उत्तीर्ण हुने दस जनामा मेरो नाउँ पनि थियो।

सन् १९५५ मा पदोन्नति भएर सह-उपनिरीक्षक भएपछि टिस्टा 'चेक पोस्ट'-को प्रभारीको दायित्व दिई मलाई पठाइयो। टिस्टाको निर्धारित कार्यकाल सिद्धिएपछि अन्यत्र खटिएको बेला सन् १९६० मा उपनिरीक्षक पदका लागि परीक्षा दिने ५० जनामा म पनि थिएँ र सफल हुने २० जना परीक्षार्थीहरूको सूचीमा मेरो पनि नाम थियो। त्यही वर्ष काँधमा एउटा तारा थपियो। तर अझ सिँढ़ी चढ्ने लक्ष्य लिई सन् १९७० मा म फेरि पदोन्नतिको परीक्षामा बसेँ। यो परीक्षा भने त्यति सहज र सरल थिएन किनभने यस परीक्षामा विभागीय परीक्षार्थीहरू मात्र नभई नागरिक समाजका उच्च शिक्षाप्राप्त परीक्षार्थीहरू पनि थिए। यस परीक्षामा सफल हुने ५० जना परीक्षार्थीहरूमा म पनि थिएँ, रहल २५० जना भने गुल्टिएका रहेछन्। केही समय नबित्दै पदोन्नति भयो र जलपाइगुड़ी सदरको 'सर्कल इन्सपेक्टर'- को पदभार मलाई दिइयो। त्यसपछि सन् १९८९ मा पुलिस डी.एस.पी. भएर कुचबिहार जिल्लाको अपराध शाखाको उत्तरदायित्व मलाई दिइयो। पुग अपुग दुई वर्ष नबित्दै जलपाइगुड़ीको प्रवर्तन शाखाको प्रभारीको रूपमा मलाई स्थानान्तरित गरियो र सन् १९९२ मा त्यहींबाट म सेवानिवृत्त भएँ- सेवाकाल अझ एक वर्ष बढ़ाउने विभागीय प्रस्ताव मैले अस्वीकार गरेको थिएँ।

पुलिस विभागमा जागिरे छँदा टिस्टा, सुकेपोखरी, खरसाङ, गोरुबथान, सिलगढ़ी, कुचबिहार, जलपाइगढ़ी प्रभृति स्थानहरूमा तैनात भएको भए तापनि खरसाङमा हुँदा सन् १९८४ मा राष्ट्रपतिद्वारा पुलिस पदकले सम्मानित हुनु मेरो सेवाकालको विशेष र महत्त्वपूर्ण

उपलब्धि थियो।

आज सम्झन्छु म – पुलिस विभागमा जागिर खानु त्यति सहज र सरल छैन रहेछ। त्यसमाथि पनि १९८६ को आन्दोलनको समय आफू पुलिस विभागमा भएकोले गर्दा अचानो नै भएर बाँच्नुपरेथ्यो। कसलाई भन्ने त्यस समय– सबै त खुकुरी भएका थिए!!

यसरी आफ्नो इच्छाविरूद्ध आरम्भ गरेको पुलिस विभागको चाकरीमा इमान्दार, सोझो, कर्त्तव्यपरायण र कर्मठ भई खटेकै फलस्वरूप आज यस उमेरमा एउटा सम्मानजनक सामाजिक जीवन बिताउने अवसर जुर्नसक्यो तथा ईश्वरको अनुकम्पाले गर्दा मेरा पुत्र-पुत्रीहरू, आ–आफ्ना परिवारसँग सुखपूर्वक आनन्दमय जीवन यापन गरिरहेका छन्– ९० वर्षको उमेर टेक्न लागेको मान्छेलाई यसभन्दा बढ़ी के चाहिन्छ र? ■

With best compliments from :

M/s. Yelung Diagnostic and Polyclinic

Dr. S. B. Rai's Clinic

A Computerised Diagnostic Center

Diagnostic Services Provided :

USG, X-RAY DIGITAL, HSG, ECG, and all kinds of Pathology Test (Blood, Stool, Urine, Biopsy, Bone Marrow, Culture, FNAC, PAP Smear)

We also give Home Services on ECG & Blood Collection

Working Hours : 7.30 am to 5.00 pm (Monday to Saturday)

Damber Chowk, Kalimpong, Contact : 9933999238/9832031859

सुरक्षित भविष्य र निश्चिन्त जीवनका लागि जीवन बीमा अप्नाउनुहोस् र यसका लागि सम्पर्क गर्नुहोस्।

दिनेश खाती

स्वर्ण पदक प्रापक अभिकर्ता

LIC

भारतीय जीवन बीमा निगम

LIFE INSURANCE CORPORATION OF INDIA

भारतीय जीवन वीमा निगम

कालेबुङ शाखा

लक्ष्मी मेडीकल स्टोरको माथिल्लो तल्ला

रिसी पथ, कालेबुङ

चलितभाष : ९८३२४३८०४०, ९९३३४०४२८४

सलवार सुट, कुर्ती, साड़ी, स्विटर, शाल आदिका लागि सम्झनुहोस्:

मेघा कलेक्सन

डम्बर चोक, कालेबुङ

प्रो. अशोक कुमार अग्रवाल

मो. नं. ९४३४३०८७६१

हार्दिक श्रद्धाञ्जली

'कुमुदिनी परिवार'-को चौथो अङ्कको प्रकाशन भएपछि दिवङ्गत भएका परिवारका निम्न सदस्यहरूप्रति हार्दिक शोक प्रकट गर्दै उहाँहरूको आत्मा चिरशान्तिमा लीन होऊन् भन्ने प्रार्थना ईश्वरसँग गर्दछौं



१. स्व.महानन्द पौड्याल
२. स्व. बी.बी. प्रधान
३. स्व. महेन्द्र लोहार
४. स्व. सी.बी. तामाङ
५. स्व. बीरबल सेर्पा
६. स्व. विनोद कुमार महत
७. स्व. सोनाम छिरिङ
८. स्व.अगय छिरिङ लेप्चा
९. स्व. ए.बी. सुब्बा
१०. स्व. ओम प्रकाश अग्रवाल
११. स्व. बी.के. सिलाल
१२. स्व. छिरिङ भोटिया
१३. स्व. लीलाबल घिमिरे
१४. स्व. डा. सी. के. सुब्बा
१५. स्व. नन्दकिशोर प्रसाद

- कुमुदिनी परिवार, कालेबुङ

सचिवको प्रतिवेदन

कुमुदिनी परिवारले वर्ष २०१८-२०१९ मा गरेको कार्यहरूको सङ्क्षिप्त विवरण :-

कुमुदिनी होम्स् पाठशालाको भू.पू. विद्यार्थीहरूका सङ्गठन 'कुमुदिनी परिवार'। यस सङ्गठनको नाम स्व. टिकाराम सरले १९५७ सालमा नै राखिदिनु भएको कुरो वरिष्ठ सदस्यहरूबाट जान्न पायौं।

कुमुदिनी परिवारको निर्माणको मूल उद्देश्य नै पाठशालाको हितलाई समानरूपमा ध्यानमा राख्दै शैक्षिक, सामाजिक, बौद्धिक एवं खेलकुदका क्षेत्रहरूमा विभिन्न पाठशालाका नानीहरूलाई साथमा लिएर उनीहरूको प्रगति र उन्नतिका कार्य गर्नु हो।

१. परिवारले एक ऐतहासिक निर्णय लिंदै, अबोप्रान्त परिवारको 'स्थापना दिवस' २७ मईलाई मान्दै यसै दिनाङ्कमा स्थापना दिवस मनाउने निर्णय लियो। यसैको आधारमा २७ मई २०१८ का दिन परिवारको '६१ औं स्थापना दिवस' कुमुदिनी पाठशालाको धर्म हलमा भव्यताको साथमा सम्पन्न गरियो। उक्त अवसरमा कालेबुङ जिल्लामा शिक्षाको क्षेत्रमा योगदान पुर्‍याउनु हुने तीन विभिन्न पाठशालाका प्रधान अध्यापकहरू क्रमैले श्री याङ्देन घिसिङ, कुमुदिनी पाठशाला, श्री नवरत्न प्रधान, एस.यु.एम.आई अनि श्री मणीन्द्र भुजेल, बि.टी. कलेजलाई 'शिक्षारत्न' द्वारा अलङ्कृत गर्दै सम्वर्द्धना जनाइयो। यसै कार्यक्रममा पाठशालाबाट अवकाश ग्रहण गरिसकेका ११ जना श्रद्धेय गुरुजनहरूलाई पनि सम्वर्द्धना जनाउने कार्य भयो।

२७ मई २०१८ देखि यता १८ जुन २०१९ सम्म सम्पन्न गरिएका कार्यहरू :-

१. १४ जुलाई २०१८ - फरेस्ट विभागद्वारा आयोजित 'अरण्य सप्ताह' को अवसरमा परिवारका सदस्यगणले सहभागिता जनाउदै कुमुदिनी पाठशाला वरिपरि वृक्ष रोपन कार्य सम्पन्न गर्‍यो।

२. ११, १२ मई २०१८ = 'भानु र पाला भाग - ४' नाटक, रामकृष्ण रङ्गमंचमा मञ्चन गर्न सफल बन्यो।

३. २० सितम्वर २०१८ = '१६ औं कालेबुङ हाफ म्याराथन एवं एथलेटिक मिट - २०१८' भव्यताको साथमा मेलाटारमा आयोजना गरियो। उक्त प्रतियोगितामा विभिन्न क्षेत्रका २७ वटा पाठशालाहरूको सहभागिता रहेको थियो। यसै अवसरमा सिक्किमका अन्तर्राष्ट्रिय म्याराथन धावक श्री अमर सुब्बा, (म्याराथन मेन)-लाई सम्वर्द्धना जनायौं साथै विगत दशकहरूमा कुमुदिनी पाठशालालाई म्याराथान दौड़मा प्रतिनिधित्व प्रदान गर्ने पाँच धावकहरूलाई पनि सम्वर्द्धना जनाउने कार्य भयो।

४. २३ नोभेम्वर २०१८ - कालेबुङ जिल्ला पुलिसद्वारा आयोजना गरिएको 'स्पोर्टस मिट' सम्पन्न गर्न, सम्पूर्ण अभिभारा परिवारलाई दिइएकोले यस कार्यलाई असल प्रकारले सम्पन्न गर्न सफल बन्यौं।

५. २१, २२ अनि २३ फरवरी २०१८ - 'कालेबुङ जिल्ला खेलकुद संस्था'-द्वारा आयोजना गरिएको प्रथम कालेबुङ ओलम्पिक मीट - २०१९' सञ्चालन गर्न फेरि पनि परिवारलाई नै भार सुम्पिंदा यस कार्यलाई पनि परिवारले असल प्रकारले सम्पन्न गर्‍यो।

६. परिवारको पञ्जीकरण - १८ वर्ष अघि नै समाप्त भएकोले यसको नवीकरणको प्रक्रिया अघि बढ्दै जनवरी महिनामा नवीकरणको प्रमाण पत्र प्राप्त भयो।

७. '६२ औं स्थापना दिवस'- परिवार अफिस, डम्बर चौकमा सम्पन्न गर्‍यौं। यस अवसरमा परिवारका वरिष्ठ सदस्यहरू श्री उदय कुमाई अनि कर्णल डी.के. प्रधानले सम्बोधन राखे भने श्री ज्ञान सुतारले परिवारको

ऐतहासिक पृष्ठभूमिमाथि प्रकाश पारेका थिए।

८. १ जुन, २०१९ - परिवारको ६२ औं वार्षिक सभा स्थानीय पुदुङ स्थित ' सेन्टर फर माउन्टेन डायनामिक'-मा सदस्यगणको बाक्लो उपस्थितिमा सम्पन्न भयो। आफ्नो बहुमूल्य समय दिँदै, परिवारलाई यस उच्च-अवस्थामा ल्याई पुर्‍याउन हुने भूतपूर्व सभापतिहरू क्रमैले - डी.एस.पी. (रि.) सी.के. प्रधान, कर्णल (रि.) डी.के. प्रधान, श्री उदय कुमाई अनि श्री तपन कुमार प्रधानलाई ससम्मान सम्वर्द्धना जनायो। यसै अवसरमा हैदराबाद म्याराथनमा कालेबुङबाट भाग लिन जाने विभिन्न पाठशालाका सात धावकहरूलाई पनि स्मृति चिन्ह प्रदान गरियो।

९. नयाँ कार्यकारी सदस्यहरूको निर्वाचन :-

कार्यकारी समितिको २ वर्षको कार्यावधि पुरा भएकोले डा. एच.पी. छेत्रीको अध्यक्षतामा नयाँ कार्यकारी समितिको निर्वाचन गरियो :-

क) सभापति : डा. इस्माएल मंग्राती

ख) उप-सभापतिद्वयः श्री किरण प्रधान, श्री पी. टी. भोटिया

ग) मूल-सचिव : श्री प्रवीण राई

घ) सह-सचिव : श्री सतीश कुमार सुब्बा

ङ) कोषाध्यक्ष : श्री विजय आनन्द प्रधान

च) सह-कोषाध्यक्ष : श्री दिपेन कालीकोटे

साथै २१ जना कार्यकारी सदस्यहरूको निर्वाचन गरियो।

१०. १४ जुन २०१९ : कतिपय कारणले गर्दा कुमुदिनी पाठशालाले आफ्नो 'पाठशाला दिवस' २४ मईमा सम्पन्न गर्न असक्षम रहेकोले उक्त कार्यक्रम १४ जुनमा धर्म हलमा आयोजना भयो। यस कार्यक्रममा परिवारले बर्सेनि प्रदान गर्ने प्रोत्साहन पुरस्कार कुमुदिनी पाठशालाका विद्यार्थीहरूलाई प्रदान गर्‍यो :-

क) डस्क होल्डर : रु. ५,०००.०० नगद,

ख) सर्वश्रेष्ठ एन.सी.सी. क्याडेट : रु. २,०००.०० नगद,

ग) सर्वश्रेष्ठ स्काउट : रु. २,०००.०० नगद,

घ) खेलकुदमा उत्कृष्ट विद्यार्थी : रु. २,०००.०० नगद।

विशेष धन्यवाद : परिवारलाई यस गरिमामय अवस्थासम्म ल्याउनका लागि वरिष्ठ सदस्यलगायत अन्य सदस्यहरूले पुर्‍याउनुभएको सहयोगको हामी सराहना गर्दछौं। उहाँहरूले व्यक्तिगत रूपमा हामीलाई प्रोत्साहन प्रदान गर्दै मार्गदर्शन गरिदिनु भएको छ। हामीहरू उहाँहरूकै आड़ र आशीर्वादमा अघि बढ़दैछौं। उहाँहरूको आर्थिक सहयोग हामीलाई प्राप्त छ। उहाँहरूप्रति कृतज्ञता प्रकट गर्दै भविष्यमा यस्तै मार्गदर्शन र सहयोगको अपेक्षा राख्छौं।

धन्यवाद।

मूल सचिव

प्रवीण राई

कुमुदिनी परिवार, कालेबुङ।

CULTURAL PROGRAMME DURING 61st FOUNDATION DAY K. PARIWAR 25.05.2018

61st FOUNDATION DAY K. PARIWAR WITH CHIEF GUEST SRI. THUKCHUK LACHUNGPA 25.05.2018

HALF MARATHON FLAG- OFF AT DAMBER CHOWK 2018

INTERACTION WITH GUESTS AT SILVER OAKS KPG DURING HALF MARATHON 2018

Winner of Independence Day Shield 1955 Football,
Kumudini Homes High School, Kalimpong

Headmaster, Teachers & Staff 1968
Kumudini Homes, Kalimpong

HIGHLANDERS BAND OF KUMUDINI HOMES AT MELA GROUND 15.08.1965

MARCHPAST BY STUDENTS AT MELA GROUND 15.08.1974

SUMIT S . JINDAL & ASSOCIATES
CHARTERED ACCOUNTANTS

JOPA SHOPPING COMPLEX , MAIN ROAD , KALIMPONG
MOBILE NO. 9832078011

KUMUDINI PARIWAR

REGN. NO. S / 96087 OF 1999 - 2000

BALANCE SHEET
AS ON 31ST MARCH 2019

LIABILITIES		AMOUNT	ASSETS		AMOUNT
General Fund					
Previous Balance b/f	Rs.	538,837.19	New Fixed Deposit - SBI - 8003	Rs.	300,000.00
Add :- Surplus During			Fixed Deposit - DDCCBL - 77026	Rs.	200,000.00
The Year	Rs.	232,989.00	Fixed Deposit - DDCCBL - 77106	Rs.	100,000.00
	Rs.	771,826.19			
			Cash in Hand	Rs.	2,703.00
			Cash at Bank , SBI KPG	Rs.	12,714.19
			Cash at Bank - DDCCBL	Rs.	156,409.00
TOTAL	Rs.	771,826.19	TOTAL	Rs.	771,826.19

For ,

Sumit S. Jindal & Associates

(Chartered Accountants)

CA Sumit Jindal

(Proprietor)

M.NO. 065909

SUMIT S. JINDAL & ASSOCIATES KALIMPONG CHARTERED ACCOUNTANTS

KUMUDINI PARIWAR

PRESIDENT ... President KUMUDINI PARIWAR Kalimpong

SECRETARY ... Secretary Kumudini Pariwar Kalimpong

TREASURER ... Treasurer KUMUDINI PARIWAR Kalimpong

UMIT S . JINDAL & ASSOCIATES
;HARTERED ACCOUNTANTS
JOPA SHOPPING COMPLEX , MAIN ROAD , KALIMPONG
MOBILE NO. 9832078011

KUMUDINI PARIWAR

REGN. NO. S / 96087 OF 1999 - 2000

Income & Expenditure Account for the year ended 31-03-2019

Expenditure		Amount	Income		Amount
To Various Incomes			By Various Receipts		
Bhanu & Pala Natak Expenses	Rs	246,260.00	Bhanu & Pala Natak Collection	Rs	393,900.00
Foundation Day & A.G.M Expenses	Rs	131,258.00	16th Marathon Race Collection	Rs	131,000.00
16th Marathon Race Expenses	Rs	197,742.00	Grant from Govt. of West Bengal	Rs	200,000.00
Audit & Renewal	Rs	57,000.00	Other Donations	Rs	150,000.00
Transportation	Rs	6,000.00			
Print & Media	Rs	7,000.00	By Bank Interest - SBI	Rs.	1,441.00
Sound System	Rs	7,000.00	By Bank Interest - DDCCBL	Rs.	1,705.00
Hall / Room Rent	Rs	2,250.00			
Refreshment	Rs	2,700.00	By FD Interest - SBI	Rs.	3,272.00
Bank Charges - DDCCBL	Rs	50.00	By FD Interest - 8003 - SBI	Rs.	8,931.00
To Surplus (Excess of Income Over Expenditure)	Rs.	232,989.00			
	Rs.	890,249.00		Rs.	890,249.00

For ,
Sumit S. Jindal & Associates
(Chartered Accountants)

CA Sumit Jindal
(Proprietor)
M.NO. 065909

SUMIT S. JINDAL & ASSOCIATES KALIMPONG CHARTERED ACCOUNTANTS

KUMUDINI PARIWAR

PRESIDENT .. President KUMUDINI PARIWAR Kalimpong

SECRETARY .... Secretary Kumudini Pariwa Kalimpong

TREASURER ...... Treasurer ....
KUMUDINI PARIWAR
Kalimpong

SUMIT S . JINDAL & ASSOCIATES
CHARTERED ACCOUNTANTS

JOPA SHOPPING COMPLEX , MAIN ROAD , KALIMPONG
MOBILE NO. 9832078011

KUMUDINI PARIWAR

REGN. NO. S / 96087 OF 1999 - 2000

Receipts & Payments Account for the year ended 31-03-2019

Receipts		Amount	Payments		Amount
To Opening Balance			By Various Payments		
Cash in Hand	Rs.	1,513.00	Bhanu & Pala Natak Expenses	Rs	246,280.00
Cash at Bank - DDCCBL	Rs.	41,754.00	Foundation Day & A.G.M Expenses	Rs	131,258.00
Cash at Bank - SBI , KPG	Rs.	35,570.19	16th Marathon Race Expenses	Rs	197,742.00
			Audit & Renewal	Rs	57,000.00
To Various Receipts			Transportation	Rs	6,000.00
Bhanu & Pala Natak Collection	Rs	393,900.00	Print & Media	Rs	7,000.00
16th Marathon Race Collection	Rs	131,000.00	Sound System	Rs	7,000.00
Grant from Govt. of West Bengal	Rs	200,000.00	Hall / Room Rent	Rs	2,250.00
Other Donations	Rs	150,000.00	Refreshment	Rs	2,700.00
			Bank Charges - DDCCBL	Rs	50.00
To SBI , FD Matured	Rs	160,000.00	By New FD on SBI - 8003	Rs	300,000.00
To Bank Interest - SBI	Rs.	1,441.00	By Closing Balance		
To Bank Interest - DDCCBL	Rs.	1,705.00	Cash in Hand	Rs.	2,703.00
To FD Interest - SBI	Rs.	3,272.00	Cash at Bank - DDCCBL	Rs.	156,409.00
To FD Interest - 8003 - SBI	Rs.	8,931.00	Cash at Bank - SBI , KPG	Rs.	12,714.19
	Rs.	1,129,086.19		Rs.	1,129,086.19

For ,

Sumit S. Jindal & Associates

(Chartered Accountants)

KUMUDINI PARIWAR

PRESIDENT .... President KUMUDINI PARIWAR Kalimpong

CA Sumit Jindal
(Proprietor)
M.NO. 065909

SECRETARY .... Secretary Kumudini Pariwar Kalimpong

SUMIT S. JINDAL & ASSOCIATES KALIMPONG CHARTERED ACCOUNTANTS

TREASURER .... Treasurer
KUMUDINI PARIWAR
Kalimpong

SUMIT S. JINDAL & ASSOCIATES
CHARTERED ACCOUNTANTS

JOPA SHOPPING COMPLEX , MAIN ROAD
KALIMPONG - 734301
MOBILE NO. 9832078011

KUMUDINI PARIWAR CHARITABLE TRUST

KALIMPONG, 734301

BALANCE SHEET AS ON 31ST MARCH , 2019

LIABILITIES		AMOUNT	ASSETS		AMOUNT
General Fund					
Previous Balance b/f	Rs.	168,581.89	F.D A/C No.-37802684644	Rs.	200,000.00
Add:- Surplus During The Year	Rs.	38,778.15			
BALANCE	Rs.	207,360.04			
			Cash in Hand	Rs.	-
			Cash at Bank SBI KPG A/C No.-11283936249	Rs.	7,360.04
TOTAL	Rs.	207,360.04	TOTAL	Rs.	207,360.04

For ,
Sumit S. Jindal & Associates
(Chartered Accountants)

For, Kumudini Pariwar Charitable Trust

CA Sumit Jindal
(Proprietor)
M.NO. 065909

SUMIT S. JINDAL & ASSOCIATES KALIMPONG CHARTERED ACCOUNTANTS

SUMIT S. JINDAL & ASSOCIATES
CHARTERED ACCOUNTANTS

JOPA SHOPPING COMPLEX , MAIN ROAD
KALIMPONG - 734301
MOBILE NO. 9832078011

KUMUDINI PARIWAR CHARITABLE TRUST

KALIMPONG, 734301

Income & Expenditure Account for the year ended 31-03-2019

Expenditure		Amount	Income		Amount
TO VARIOUS EXPENSES			BY VARIOUS INCOME		
Cash Award to Meritorious Student	Rs.	3,000.00	F.D Interest A/C No.-37802684644	Rs.	5,756.00
Bank Charge	Rs.	8.85	F.D Interest A/C No.-11284174028	Rs.	4,675.00
			F.D Interest A/C No.-34946627728	Rs.	591.00
			Kumudini Pariwar Collection	Rs.	30,000.00
			SBI Savings Interest	Rs.	765.00
To Surplus (Excess of Income Over Expenditure)	Rs.	38,778.15			
	Rs.	41,787.00		Rs.	41,787.00

For ,
Sumit S. Jindal & Associates
(Chartered Accountants)

For, Kumudini Pariwar Charitable Trust

CA Sumit Jindal
(Proprietor)
M.NO. 065909

SUMIT S. JINDAL & ASSOCIATES KALIMPONG CHARTERED ACCOUNTANTS

SUMIT S. JINDAL & ASSOCIATES
CHARTERED ACCOUNTANTS

JOPA SHOPPING COMPLEX , MAIN ROAD
KALIMPONG - 734301
MOBILE NO. 9832078011

KUMUDINI PARIWAR CHARITABLE TRUST

KALIMPONG, 734301

Receipts & Payments Account for the year ended 31-03-2019
Corresponding to assesment year 2019 - 2020

Receipts		Amount	Payments		Amount
To Opening Balance			**BY VARIOUS PAYMENTS**		
Cash in Hand	Rs.	-	Cash Award to Meritorious Student	Rs.	3,000.00
Cash at Bank SBI KPG A/C No.-11283936249	Rs.	30,485.89	Bank Charges	Rs.	8.85
			3,008.85		
TO VARIOUS RECEIPTS			By New F.D A/C No.-37802684644	Rs.	200,000.00
F.D Interest A/C No.-37802684644	Rs.	5,756.00			
F.D Interest A/C No.-11284174028	Rs.	4,675.00			
F.D Interest A/C No.-34946627728	Rs.	591.00			
Kumudini Pariwar Collection	Rs.	30,000.00			
SBI Savings Interest	Rs.	765.00			
41787.00					
			By Closing Balance		
To F.D Matured A/c No.-11284174028	Rs.	107,913.00	Cash in Hand	Rs.	-
To F.D Matured A/c No.-34946627728	Rs.	30,183.00	Cash at Bank SBI KPG A/C No.-11283936249	Rs.	7360.04
	Rs.	210,368.89		Rs.	210,368.89

For ,
Sumit S. Jindal & Associates
(Chartered Accountants)

CA Sumit Jindal
(Proprietor)
M.NO. 065909

SUMIT S. JINDAL & ASSOCIATES • KALIMPONG • CHARTERED ACCOUNTANTS •

For , kumudini Pariwar Charitable Trust

TREASURER

SUMIT S. JINDAL & ASSOCIATES
CHARTERED ACCOUNTANTS

JOPA SHOPPING COMPLEX , MAIN ROAD
KALIMPONG - 734301
MOBILE NO. 9832078011

TSHERING DOMA SHARMA MEMORIAL TRUST

KALIMPONG, 734301

BALANCE SHEET AS ON 31ST MARCH , 2019

LIABILITIES		AMOUNT	ASSETS		AMOUNT
General Fund					
Previous Balance b/f	Rs.	123,983.50	New F.D A/C No.- 037802729596	Rs	100,000.00
Add:- Surplus During The Year	Rs.	1,074.00			
BALANCE	Rs.	125,057.50			
			Cash in Hand	Rs.	-
			Cash at Bank SBI KPG A/C No.-11283934548	Rs.	25,057.50
TOTAL	Rs.	125,057.50	TOTAL	Rs.	125,057.50

For ,

Sumit S. Jindal & Associates

(Chartered Accountants)

CA Sumit Jindal

(Proprietor)

M.NO. 065909

SUMIT S. JINDAL & ASSOCIATES KALIMPONG CHARTERED ACCOUNTANTS

For , Tshering Doma Sharma Memorial Trust

SUMIT S. JINDAL & ASSOCIATES
CHARTERED ACCOUNTANTS

JOPA SHOPPING COMPLEX , MAIN ROAD
KALIMPONG - 734301
MOBILE NO. 9832078011

TSHERING DOMA SHARMA MEMORIAL TRUST

KALIMPONG, 734301

Income & Expenditure Account for the year ended 31-03-2019

Expenditure		Amount	Income		Amount
TO VARIOUS EXPENSES			BY VARIOUS INCOME		
Cash Award to Dux Holder	Rs.	5,000.00	F.D Interest A/C No.-34946640331	Rs.	619.00
			F.D Interest A/C No.-31671496106	Rs.	1,267.00
			SBI Saving Interest	Rs.	838.00
			New F.D. Int. A/C No.-37802729596	Rs.	3,350.00
To Surplus (Excess of Income Over Expenditure)	Rs.	1,074.00			
	Rs.	6,074.00		Rs.	6,074.00

For ,
Sumit S. Jindal & Associates
(Chartered Accountants)

CA Sumit Jindal
(Proprietor)
M.NO. 065909

SUMIT S. JINDAL & ASSOCIATES KALIMPONG CHARTERED ACCOUNTANTS

For , Tshering Doma Sharma Memorial Trust

SUMIT S. JINDAL & ASSOCIATES
CHARTERED ACCOUNTANTS

JOPA SHOPPING COMPLEX , MAIN ROAD
KALIMPONG - 734301
MOBILE NO. 9832078011

TSHERING DOMA SHARMA MEMORIAL TRUST

KALIMPONG, 734301

Receipts & Payments Account for the year ended 31-03-2019
Corresponding to assesment year 2019 - 2020

Receipts		Amount	Payments		Amount
To Opening Balance			BY VARIOUS PAYMENTS		
Cash in Hand	Rs.	-	Cash Award to Dux Holder	Rs.	5,000.00
Cash at Bank SBI KPG A/C No.-11283934548	Rs.	23,453.50			
			By New F.D A/C No.- 037802729596	Rs	100,000.00
TO VARIOUS RECEIPTS					
F.D Interest A/C No.-34946640331	Rs.	619.00			
F.D Interest A/C No.-31671496106	Rs.	1,267.00			
SBI Saving Interest	Rs.	838.00			
New F.D. Int. A/C No.-37802729596	Rs.	3,350.00			
			By Closing Balance		
By F.D. Matured A/C No.-34946640331	Rs.	30,183.00	Cash in Hand	Rs.	-
By F.D Matured A/C No.-31671496106	Rs.	70,347.00	Cash at Bank SBI KPG A/C No.-11283934548	Rs.	25,057.50
	Rs.	130,057.50		Rs.	130,057.50

For ,
Sumit S. Jindal & Associates
(Chartered Accountants)

CA Sumit Jindal
(Proprietor)
M.NO. 065909

SUMIT S. JINDAL & ASSOCIATES KALIMPONG CHARTERED ACCOUNTANTS

For , Tshering Doma Sharma Memorial Trust

TREASURER.